प्यूठान नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

विजुवार, प्यूठान

५ नं. प्रदेश, नेपाल

# पार्श्वचित्र



**२०७४ असार**

# दुई शब्द

राज्यको पुनर्संरचनाका सिलसिलामा स्थापित यस प्यूठान नगरपालिका पहिलो प्रकाशित दस्तावेजको रूपमा आउन लागेको पार्श्वचित्र छोटो समयमै तयारी गर्न पाउँदा अत्यन्तै खुसी लागेको छ।

नगरपालिको यथार्थ विद्यमान अवस्था झल्काउन पार्श्वचित्र तयारीले नगरपालिका विकासका वर्तमान अवस्थालाई चित्रित गरेको छ। यस्तो चित्रणले आगामी दिनमा हामीले तर्जुमा गर्नुपर्ने नीति तथा कार्यक्रमहरूलाई प्राथमिकिकरण गरी हामीलाई उपलब्ध सीमित श्रोत र साधनको अधिकतम सदुपयोग गरी नगरपालिकाको विकासलाई गति प्रदान गर्न अवश्य पनि सहयोग पुऱ्याउने आशा तथा विश्वास लिएको छु। यस अध्ययन प्रतिवेदनले प्रायः सबै क्षेत्र तथा वस्तुगत यथार्थलाई समेट्ने प्रयास गरेको भएतापनि सीमित समय र स्रोत साधनको सीमाभित्र गरिएको अध्ययन आफैमा पूर्ण नहुन सक्छ। यसलाई समय सन्दर्भअनुसार परिष्कृत र परिमार्जित गर्ने दायित्व हाम्रो काँधमा आएको महशुस हामी सबैले गरेका छौं ।

योजनावद्ध विकासको आधारको रूपमा रहने यो पार्श्वचित्र समयमै तयार गर्न लगाउने नगरपालिकाका सम्पूर्ण टिम, कार्यकारी अधिकृत तथा अन्य वडा तहमा महत्वपूर्ण जिम्मेवारी पुरा गर्ने कर्मचारी एवं निर्वाचित जनप्रतिनिधि लगायत तथ्याङ्क उपलब्ध गराउने सम्पूर्ण विषयगत कार्यालय, संघसंस्था तथा अन्य सबैमा नगरपालिको तर्फबाट आभार प्रकट गर्न चाहन्छु। साथै अध्ययन प्रतिवेदन समयमै सम्पन्न गर्ने इन्टेन्सिभ स्टडी एण्ड रिसर्च सेन्टर प्रा.लि. काठमाडौँलाई हार्दिक धन्यबाद दिन चाहन्छु।

अन्तमा समग्र नगरपालिकाको विकासको आधार चित्र कोर्न यो प्रतिवेदन सहयोगी बनोस र दीर्घकालिन सोचका साथ अगाडि बढ्न यसबाट हामी सबैलाई आधार प्राप्त होस भन्ने शुभेच्छा प्रकट गर्दछु।

अर्जुन कुमार कक्षपती
नगर प्रमुख

# मेरो दुई शब्द

दिगो र योजनाबद्ध विकासलाई अगाडि बढाउनका लागि नगरको समग्र तथ्याङ्क आवश्यक पर्दछ । यसै आवश्यकतालाई मध्य नजर गरी नगरपालिका पार्श्वचित्र तयार गरिएको छ । जसमा नगरपालिको विभिन्न विषय समावेश गरिएको श्रोत नक्साहरू विषयगत कार्यालयहरूबाट सङ्कलन गरिएका तथ्यहरूमा आधारित भई उपलब्ध भएसम्मका कृषि, शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, वन, सिंचाई, खानेपानी, विद्युत आदिका तथ्याङ्क समावेश गरी नगर पार्श्वचित्र तयारी गरिएको छ ।

यस नगरपालिकाको अध्ययन गर्न चाहने विद्यार्थी, अनुसन्धानकर्ता, योजना निर्माणकर्ता तथा नगरवासीहरूलाई पार्श्वचित्रले सूचना प्रदान गर्न सहयोग पुग्ने छ भन्न मैले आशा लिएको छु। पार्श्वचित्रमा उल्लेखित विवरणमा नगरपालिको राजनैतिक तथा प्रशासनिक विवरण छुट्टिने नक्सा, भू-वर्गीकरण तथा भू-उपयोग नक्साका साथै पछिल्लो राष्ट्रिय जनगणना २०६८ का विविध पक्षहरू समावेश गरिएका छन् ।

अन्तमा प्रस्तुत पार्श्वचित्र तयारी गर्ने सिलसिलामा सूचना संकलन गर्न प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग गर्नु हुने सम्पूर्ण विषयगत कार्यालय, संघ/संस्था, सामाजिक परिचालक, वडा सचिवहरू, नगर/गाउँ कार्यपालिकाका कर्मचारीहरू, कार्यकारी अधिकृत तथा शुरुदेखि तथ्याङ्क संकलन, प्रशोधन गरी पार्श्वचित्रलाई यो रूप दिने परामर्शदाता श्री इन्टेन्सिभ स्टडी एण्ड रिसर्च सेन्टर प्रा.लि. काठमाडौंलाई विशेष धन्यबाद दिन चाहन्छु ।

शान्ता आचार्य<br>
नगर उपप्रमुख

# मेरो भन्नु

कुनै पनि विकासको मार्ग तयार गर्ने उद्देश्यका लागि योजनाको सही छनोट, प्रभावकारी कार्यान्वयन, सरोकारवालाहरूको चासो त्यसको निरन्तर अनुगमन एवं मूल्याङ्कन र दिगोपनाका लागि सही र वस्तुनिष्ठ निर्णय लिन तथ्याङ्कको आवश्यकता पर्दछ। विगतबाट पाठ सिकेर वर्तमानको भोगाईका आधारमा भविष्यका लागि योजना तर्जुमा गर्नु वर्तमान पुनर्संरचित स्थानीय तहको पहिलो आवश्यकता हो भन्नेमा दुईमत हुन सक्दैन।

आवश्यकताअनुसार योजना तथा कार्ययोजनाहरू अगाडि बढाउन नसकिएमा जनताले स्थानीय तहबाट राखेका अपेक्षा पुरा हुन सक्दैनन्। यसैकारण वर्तमानका हाम्रा धरातलीय, सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्थाका पहिचान गरी भविष्यका आवश्यकता आँकलन गर्ने उद्देश्यका साथ यो अध्ययन प्रतिवेदन (पार्श्वचित्र) सीमित समय तथा स्रोत र सीमाभित्र रही तयार गरिएको हो। पार्श्वचित्रलाई सामान्य रूपमा अध्ययन गर्ने जो कोहीले पनि यस नगरपालिकाको वर्तमान अवस्था सहजै आँकलन गर्न सक्ने देखिन्छ। यो पार्श्वचित्रलाई एकातिर नगरको सम्पूर्ण चिनारीका रूपमा हेर्न सकिन्छ भने अर्कोतर्फ हाम्रा सम्भावना र चुनौतिहरूलाई पहिचान गर्न सकिन्छ।

पार्श्वचित्र तयारीको क्रममा आफ्नो महत्वपूर्ण समय प्रदान गर्ने नगरपालिकाका अध्यक्षज्यू, उपाध्यक्षज्यू विषयगत कार्यालयका प्रमुख लगायत सम्पूर्ण कर्मचारी, वडाध्यक्षज्यूहरू, वडा सचिव साथीहरू, सामाजिक परिचालकहरू विभिन्न संघ/संस्थाका प्रमुख तथा अन्य कर्मचारीहरू तथा पार्श्वचित्रलाई यो रूप दिन सहयोग पुर्‍याउनु हुने परामर्शदाता श्री इन्टेन्सिभ स्टडी एण्ड रिसर्च सेन्टर प्रा.लि. काठमाडौंलाई हार्दिक आभार व्यक्त गर्दछु।

अन्तमा, यो पार्श्वचित्र आफ्नो उद्देश्य प्राप्तिमा सफल रहोस भन्ने शुभेच्छा व्यक्त गर्दछु।

नारायण प्रसाद भण्डारी
कार्यकारी अधिकृत

# विषयसूची


**खण्ड १ : भूमिका** १

१.१ पृष्ठभूमि १

१.२ अध्ययनको उद्देश्य १

१.३ अध्ययनको महत्व २

१.४ अध्ययनको औचित्य २

१.५ अध्ययन विधि २

१.६ अध्ययनका सीमाहरू ३

**खण्ड २ : प्यूठान नगरपालिकाको परिचय** ४

२.१ संक्षिप्त परिचय ५

२.२ भौगोलिक अवस्थिति ६

२.३ राजनैतिक तथा प्रशासनिक केन्द्र ६

२.४ भूक्षेत्र (टोपोग्राफी) १०

२.४.१ माटोको बनावट र उर्वराशक्ति ११

२.४.२ भू-आकृति तथा माटोको बनोट ११

२.४.३ हावापानी १२

२.५ भू-क्षेत्रको वर्गीकरण १३

२.६ नगरपालिकामा रहेका संभ्भाव्यता र अवसरहरु १६

२.७ नगरपालिकाको समस्या, चुनौती, अवसर र संम्भावनाहरू १७

२.८ नगरपालिकाको अन्य गाउँपालिका/नगरपालिकासँग सम्बन्ध १८

२.९ सिमसार क्षेत्र १८

२.१० नदी तथा ताल तलैयाहरू १९

२.११ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरू २१

२.१२ मुख्य चाडपर्वहरू २५

२.१३ संस्कृति, कला, भाषा र साहित्य २६

**खण्ड ३ : जनसाङ्खिक विवरण** २८

३.१ जनसंख्याको विवरण २८

३.२ वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण ३३

३.३ घरमूलीको लैङ्गिक विवरण ३४

३.४ १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण ३५

| | | |
|---|---|---|
| ३.५ | उमेर समूहअनुसार पहिलो विवाह गर्दाको उमेरको विवरण | ३७ |
| ३.६ | उमेर समूहअनुसार जनसख्याको विवरण | ३८ |
| ३.७ | जातजाती समूहअनुसार जनसंख्याको विवरण | ४० |
| ३.८ | मातृभाषाअनुसार जनसंख्याको विवरण | ४१ |
| ३.९ | धर्मअनुसार जनसंख्याको विवरण | ४३ |
| ३.१० | परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण | ४५ |
| ३.११ | महिलाका नाममा भएको घरको स्वामित्वको विवरण | ४६ |
| ३.१२ | महिलाका नाममा भएको जग्गाको स्वामित्वको विवरण | ४७ |
| ३.१३ | अनुपस्थित घरधुरी र जनसंख्याको विवरण | ४८ |
| ३.१४ | बाहिरी गारोको आधारमा घरको बनोटको विवरण | ४८ |
| ३.१५ | छानाको आधारमा घरको बनोटको विवरण | ४९ |
| ३.१६ | जगको आधारमा घरको बनोटको विवरण | ५१ |
| ३.१७ | बसाई सराईको अवस्था | ५३ |
| ३.१८ | व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण | ५४ |
| ३.१९ | मतदाता सम्बन्धी विवरण | ५५ |
| **खण्ड ४ : भू-उपयोग** | | **५७** |
| ४.१ | नगरपालिकाका भू-उपयोगको विवरण | ५८ |
| | ४.१.१ सार्वजनिक जग्गाको विवरण | ५९ |
| ४.२ | बस्ती विकासको स्वरूप | ५९ |
| ४.३ | क्रमिक विकास भैरहेको बस्तीहरूको वर्तमान स्वरूप | ६० |
| ४.४ | बस्ती विकासमा देखिएका चुनौतीहरू | ६१ |
| ४.५ | भू-क्षय सम्भावित क्षेत्र | ६२ |
| ४.६ | नगरपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण | ६३ |
| **खण्ड ५ : आर्थिक क्षेत्र तथा रोजगार स्थिति** | | **६४** |
| ५.१ | नगरपालिका अर्थतन्त्रको संरचनात्मक स्वरूप | ६४ |
| ५.२ | आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था | ६४ |
| ५.३ | आश्रित जनसंख्याको विवरण | ६५ |
| ५.४ | कृषि | ६५ |
| ५.५ | सिंचाइ | ७६ |
| ५.६ | पशुपालन | ७८ |
| ५.७ | उद्योग | ८४ |
| ५.८ | व्यापार तथा उद्योगको विवरण | ८५ |
| ५.९ | थोक तथा खुद्रा व्यापार | ८७ |

५.१० अन्य आर्थिक विकासका संभावनाहरू ८८
५.११ खानीको स्रोत र उपयोगको स्थिति ९०
५.१२ नगरपालिकाको अर्थतन्त्रको विशिष्टिकरण ९०
५.१३ बैंकको विवरण ९१
५.१४ सहकारी संस्थाको विवरण ९१
५.१५ संघ संस्था तथा विभिन्न समुहहरू ९३
**खण्ड ६ : भौतिक तथा सार्वजनिक पूर्वाधार ९७**
६.१ यातायात ९८
६.२ संचार १००
६.२.१ नगरपालिकामा रहेका एफ.एम. रेडियोहरू तथा टेलिभिजन १००
६.२.२ टेलिफोन/मोबाइल १०१
६.२.३ हूलाक सेवा १०१
६.२.४ पत्रपत्रिका १०२
६.३ विद्युत १०२
६.३.१ बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण १०२
६.३.२ खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण १०४
६.४ परिवारमा सुविधाको उपलब्धताको अवस्था १०५
६.५ अन्य भौतिक पूर्वाधारहरु १०६
**खण्ड ७ : सामाजिक पूर्वाधार तथा सेवा १०७**
७.१ शिक्षा १०७
७.२ साक्षरताको स्थिति १०७
७.२.१ शैक्षिक जनशक्तिको विवरण १०९
७.२.२ विषयगत शैक्षिक जनशक्तिको विवरण ११०
७.२.३ उमेर समूहअनुसार जनसंख्याको र विद्यालय गइरहेको जनसंख्या विवरण १११
७.२.४ नगरपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण ११२
७.२.५ शिक्षण संस्थाहरूमा कार्यरत शिक्षक/शिक्षिकाहरूको विवरण ११४
७.२.६ शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू ११५
७.३ स्वास्थ्य ११६
७.३.१ परिवार नियोजन सम्बन्धी विवरण १२०
७.३.२ महिला स्वास्थ्य स्वयंसेविकाहरू १२०
७.३.३ गाउँघर क्लिनीक र नियमित खोप १२१
७.३.४ एच. आई. भी./एडसको अवस्था १२१
७.३.५ क्षय रोगको अवस्था १२२

७.३.६ सुरक्षित मातृत्वको अवस्थाको विवरण १२२

७.३.७ खोपको विवरण १२३

७.३.८ बाल्यकालमा हुने रोगका जोखिम १२४

७.३.९ शिशु तथा ५ वर्ष मुनिको बाल मृत्युदर १२६

७.३.१० बालपोषण सम्वन्धी विवरण १२६

७.४ खेलकुद तथा मनोरञ्जन १२८

७.५ सामाजिक सूरक्षा १२९

७.५.१ शान्ति सूरक्षा १२९

७.५.२ सामाजिक सूरक्षा भत्ता १३०

७.५.३ बृद्धबृद्धाहरूको अवस्था १३०

७.६ महिला तथा बालबालिका १३१

७.६.१ महिला सम्बन्धी विवरण १३१

७.६.२ महिला विकास कार्यक्रम १३२

७.६.३ महिला तथा बालिबालिका कार्यालय प्यूठानको संक्षिप्त परीचय १३३

७.६.४ बालश्रमको अवस्था १३४

७.६.५ जिल्ला बालकल्याण समिति (DCWB) १३४

७.६.६ नगरपालिकामा बालमैत्री स्थानिय शासन गतिविधि १३६

७.६.७ बालक्लब १३६

७.७ अपाङ्गगताको विवरण १३७

७.८ खानेपानी तथा सरसफाई १३९

७.८.१ परिवारले प्रयोग गर्ने पिउने पानीको मुख्य श्रोतको विवरण १३९

७.८.२ खानेपानीको विवरण १४०

७.८.३ शौचालयको विवरण १४२

७.८.४ वडागत शौचालयको संख्याको विवरण १४३

७.९ सर सफाईको अवस्था १४३

७.१० फोहोर मैला व्यवस्थापन १४५

७.११ शव दाह स्थानको अवस्था र साम्भाव्यता १४५

**खण्ड ८ : वन तथा वातावरण** **१४६**

८.१ प्राकृतिक वन तथा वनस्पती १४६

८.२ जैविक विविधता सम्वन्धी विवरण १४७

८.३ नगरपालिकामा पाईने वन्यजन्तु १४९

८.४ वनजंगल १४९

८.४.१ सामुदायिक वन १५०

८.४.२ धार्मिक वन १५३

८.४.३ सरकारद्वारा व्यवस्थित वन १५३

८.५ निजी आवादीमा रहेका रुख विरुवाहरूको अवस्था १५३
८.६ वन पैदावरको माग र आपूर्ति १५४
८.७ जडिबुटी सम्बन्धी विवरण १५४
८.८ वन पैदावरमा आधारित उद्योगहरूको विवरण १५४
८.९ वन संरक्षणका लागि चाल्नु पर्ने कदम १५५

**खण्ड ९ : विकास सूचकाङ्क र गरिवीको स्थिति १५७**

९.१ मानव विकास सूचकको विवरण (HDI) १५७
९.२ मानव गरिवी सूचकाङ्क (Human Poverty Index) १५८
९.३ मानव विकास र गरिवी १५८
९.४ गरिवी न्यूनीकरण १५८
९.५ समग्र विकास स्थिति १५९

# तालिका सूची


| | | | |
|---|---|---|---|
| तालिका नं. १ | : | नगरपालिकामा गाभिने गा.विस./न.पा.हरूको विवरण | ६ |
| तालिका नं. २ | : | प्यूठान नगरपालिकाको वडा विभाजन | ७ |
| तालिका नं. ३ | : | प्यूठान नगरपालिकाको मौसमको विवरण | १२ |
| तालिका नं. ४ | : | नगरपालिकामा भएका जलाधारहरूको विवरण | २० |
| तालिका नं. ५ | : | नगरपालिकामा रहेको मठ, मन्दिर प्राकृतिक, साँकृतिक तथा ऐतिहासिक स्थानहरू | २५ |
| तालिका नं. ६ | : | जनसंख्याको विवरण | २८ |
| तालिका नं. ७ | : | वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण | ३३ |
| तालिका नं. ८ | : | घरमूलीको लैङ्गिक विवरण | ३४ |
| तालिका नं. ९ | : | १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण | ३६ |
| तालिका नं. १० | : | उमेर समूहअनुसार पहिलो विवाह गर्दाको उमेरको विवरण | ३७ |
| तालिका नं. ११ | : | उमेर समूहअनुसार जनसंख्याको विवरण | ३९ |
| तालिका नं. १२ | : | प्यूठान नगरपालिकाको जनसंख्या र जातजातिको विवरण | ४० |
| तालिका नं. १३ | : | मातृभाषाअनुसार जनसंख्याको विवरण | ४१ |
| तालिका नं. १४ | : | धर्मअनुसार जनसंख्याको विवरण | ४४ |
| तालिका नं. १५ | : | परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण | ४५ |
| तालिका नं. १६ | : | महिलाको नाममा भएको घरधुरीको विवरण | ४६ |
| तालिका नं. १७ | : | महिलाको नाममा भएको जग्गाको स्वामित्वको विवरण | ४७ |
| तालिका नं. १८ | : | अनुपस्थित घरधुरी र जनसंख्याको विवरण | ४८ |
| तालिका नं. १९ | : | बाहिरी गारोका आधारमा घरको बनोटको विवरण | ४८ |
| तालिका नं. २० | : | छानाको आधारमा घरको बनोटको विवरण | ४९ |
| तालिका नं. २१ | : | जगको आधारमा घरको बनोटको विवरण | ५१ |
| तालिका नं. २२ | : | नगरपालिकाको भवनहरूको विवरण | ५२ |
| तालिका नं. २३ | : | व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण | ५४ |
| तालिका नं. २४ | : | मतदाता संख्या | ५५ |
| तालिका नं. २५ | : | भू-उपयोग विश्लेषण | ५८ |
| तालिका नं. २६ | : | सार्वजनिक तथा सरकारी जग्गाको विवरण | ५९ |
| तालिका नं. २७ | : | नगरपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण | ६३ |
| तालिका नं. २८ | : | आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था | ६४ |
| तालिका नं. २९ | : | आश्रित जनसंख्याको विवरण | ६५ |
| तालिका नं. ३० | : | कृषिजन्य बाली सम्बन्धी विवरण | ६७ |
| तालिका नं. ३१ | : | कृषक समूहको विवरण | ६८ |
| तालिका नं. ३२ | : | कृषक समूहको नामावली विवरण | ६८ |
| तालिका नं. ३३ | : | बालीमा लाग्ने रोग विवरण | ७१ |
| तालिका नं. ३४ | : | कृषि सेवा केन्द्र तथा उपकेन्द्रहरूको विवरण | ७१ |
| तालिका नं. ३५ | : | बाली पात्रो | ७२ |

| | | | |
|---|---|---|---|
| तालिका नं. ३६ | : | बजारको नाम र प्रकृति (थोक, हाट, संकलन केन्द्र) | ७३ |
| तालिका नं. ३७ | : | कृषि पकेट क्षेत्रको विवरण | ७३ |
| तालिका नं. ३८ | : | खेतियोग्य जमिनको विवरण | ७४ |
| तालिका नं. ३९ | : | एग्रोभेट सम्बन्धि विवरण | ७४ |
| तालिका नं. ४० | : | कृषि सहकारी संस्थाहरूको विवरण | ७५ |
| तालिका नं. ४१ | : | प्यूठान नगरपालिकामा  सिंचाई स्थिति | ७७ |
| तालिका नं. ४२ | : | पशु सेवा केन्द्र तथा उपकेन्द्रहरु | ७८ |
| तालिका नं. ४३ | : | पशुमा देखिएको रोगहरूको विवरण | ८० |
| तालिका नं. ४४ | : | पशुपन्छी फर्मको विवरण | ८१ |
| तालिका नं. ४५ | : | नगरमा भएका पशुको विवरण | ८२ |
| तालिका नं. ४६ | : | मासु विक्रेताको विवरण | ८३ |
| तालिका नं. ४७ | : | पशुपंक्षी पालनतर्फ सहकार्य गर्ने विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरू | ८४ |
| तालिका नं. ४८ | : | प्यूठान नगरपालिकामा रहेको उद्योगको विवरण | ८६ |
| तालिका नं. ४९ | : | मुख्य व्यपारिक क्षेत्र | ८६ |
| तालिका नं. ५० | : | बैंकहरूको विवरण | ९१ |
| तालिका नं. ५१ | : | सहकारी संस्थाको नामावली | ९२ |
| तालिका नं. ५२ | : | संघ संस्थाहरूको विवरण | ९३ |
| तालिका नं. ५३ | : | बिद्यमान सडक सञ्जाल | ९८ |
| तालिका नं. ५४ | : | नगरपालिका केन्द्रसम्म पुग्न लाग्ने अनुमानित समय | ९९ |
| तालिका नं. ५५ | : | बसपार्क तथा स्टेशनको विवरण | ९९ |
| तालिका नं. ५६ | : | झोलुङ्गे पूल सम्बन्धी विवरण | १०० |
| तालिका नं. ५७ | : | एफ.एम. रेडियो सम्बन्धी विवरण | १०१ |
| तालिका नं. ५८ | : | नगरपालिकामा उपलब्ध हूलाको सेवाको स्थिती | १०१ |
| तालिका नं. ५९ | : | पत्रपत्रिकाहरूको विवरण | १०२ |
| तालिका नं. ६० | : | नगरपालिकामा प्रकाशित पत्रपत्रिकाहरूको विवरण | १०२ |
| तालिका नं. ६१ | : | बत्ती बाल्न प्रयोग गरिने श्रोत | १०३ |
| तालिका नं. ६२ | : | विद्युत सेवको विवरण | १०४ |
| तालिका नं. ६३ | : | खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण | १०४ |
| तालिका नं. ६४ | : | परिवारमा सुविधाको उपलब्धताको अवस्था | १०५ |
| तालिका नं. ६५ | : | अन्य भौतिक पूर्वाधारहरु | १०६ |
| तालिका नं. ६६ | : | साक्षरता दर | १०८ |
| तालिका नं. ६७ | : | शैक्षिक जनशक्तिको विवरण | १०९ |
| तालिका नं. ६८ | : | विषयगत शैक्षिक जनशक्तिको विवरण | ११० |
| तालिका नं. ६९ | : | उमेर समूहअनुसार जनसंख्याको र विद्यालय गइरहेको जनसंख्या विवरण | १११ |
| तालिका नं. ७० | : | उमेर समूहअनुसार जनसंख्याको र विद्यालय गईरहेको जनसंख्या | १११ |
| तालिका नं. ७१ | : | नगरपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण | ११२ |
| तालिका नं. ७२ | : | साविकको गा.वि.स/नपा अनुसार शिक्षण संस्थाहरुको विवरण | ११३ |
| तालिका नं. ७३ | : | प्राविधिक शिक्षा अध्ययनरत विद्यार्थीको विवरण | ११४ |

| | | | |
|---|---|---|---|
| तालिका नं. ७४ | : | क्याम्पस तथा प्राविधिक शिक्षालय | ११४ |
| तालिका नं. ७५ | : | स्वीकृत शिक्षक दरवन्दीमा कार्यरत श्रेणीगत शिक्षक विवरण | ११४ |
| तालिका नं. ७६ | : | नगरपालिकामा रहेका स्वास्थ्य संस्थाहरूको विवरण | ११८ |
| तालिका नं. ७७ | : | प्यूठान नगरपालिकामा देखिएका प्रमुख रोगहरूको विवरण | ११८ |
| तालिका नं. ७८ | : | स्वास्थ्य संस्थानबाट विभिन्न स्वास्थ्य सेवा पाउने व्यक्तिहरुको विवरण | ११९ |
| तालिका नं. ७९ | : | नगरपालिकामा परिवार नियोजन सम्बन्धी विवरण | १२० |
| तालिका नं. ८० | : | नगरपालिकामा एच.आई.भी./एडसको विवरण | १२१ |
| तालिका नं. ८१ | : | प्यूठान नगरपालिकामा क्षयरोगको विवरण | १२२ |
| तालिका नं. ८२ | : | सूरक्षित मातृत्व सम्बन्धी विवरण | १२३ |
| तालिका नं. ८३ | : | बालबालिकामा लगाईएको खोपको विवरण | १२४ |
| तालिका नं. ८४ | : | बालबालीकालाई देखा परेको रोगको विवरण | १२५ |
| तालिका नं. ८५ | : | नगरमा झाडापखालाको विवरण | १२६ |
| तालिका नं. ८६ | : | नगरपालिकामा रहेका बालबालिकाहरूको पोषण विवरण | १२७ |
| तालिका नं. ८७ | : | खेलकुद मैदानको विवरण | १२८ |
| तालिका नं. ८८ | : | पार्क तथा उद्यानको विवरण | १२९ |
| तालिका नं. ८९ | : | प्रहरी कार्यालयको विवरण | १२९ |
| तालिका नं. ९० | : | नगरपालिकामा सामाजिक सूरक्षा भत्ता पाएका व्यक्तिहरुको विवरण | १३० |
| तालिका नं. ९१ | : | कर्मचारीको विवरण (२०७१ असार सम्म) | १३४ |
| तालिका नं. ९२ | : | बालक्लबको विवरण | १३७ |
| तालिका नं. ९३ | : | अपाङ्गताको विवरण | १३७ |
| तालिका नं. ९४ | : | परिवारले प्रयोग गर्ने पानीको मुख्य श्रोत | १३९ |
| तालिका नं. ९५ | : | नगरपालिका प्रयोग भएको खानेपानीको स्रोतको वडागत विवरण | १४० |
| तालिका नं. ९६ | : | नगरमा खानेपानी प्रयोगको अवस्था | १४१ |
| तालिका नं. ९७ | : | नगरपालिकामा निर्माणधीन र सम्पन्न खानेपानी आयोजनाको विवरण | १४१ |
| तालिका नं. ९८ | : | शौचालयको प्रकार | १४२ |
| तालिका नं. ९९ | : | वडागत शौचालय संख्याको विवरण | १४३ |
| तालिका नं. १०० | : | सरसफाईको विवरण | १४४ |
| तालिका नं. १०१ | : | नगरपालिकाका विभिन्न वडाहरू खुला दिशामुक्त क्षेत्र विवरण | १४४ |
| तालिका नं. १०२ | : | फोहोरमैला प्रशोधन/ल्यांडफिल्ड साईट | १४५ |
| तालिका नं. १०३ | : | शव दाह स्थानको अवस्था र साम्भाव्यता | १४५ |
| तालिका नं. १०४ | : | नगरपालिकामा उपलब्ध गैरकाष्ठ वन पैदावारहरूको सूची | १४८ |
| तालिका नं. १०५ | : | सामुदायिक वन व्यवस्थापनको विवरण | १५२ |
| तालिका नं. १०६ | : | पछिल्लो तथ्याङ्क अनुसार सामुदायिक तथा कबुलियति वनको विवरण | १५३ |
| तालिका नं. १०७ | : | उद्योगहरूको विवरण | १५५ |
| तालिका नं. १०८ | : | मानव विकास सुचकको विवरण (HDI) | १५७ |
| तालिका नं. १०९ | : | गरीबीको दरको विवरण | १५८ |

# नक्सा सूची


| | | |
|---|---|---|
| नक्सा नं १ | : प्यूठान नगरपालिकाको समग्र वस्तुगत विभाजन | ४ |
| नक्सा नं २ | : प्यूठान नगरपालिकाको वडा विभाजन | ८ |
| नक्सा नं ३ | : प्यूठान नगरपालिकाको नाम सहितको वडा विभाजन | ९ |
| नक्सा नं ४ | : प्यूठान नगरपालिकाको उचाइ विवरण | १० |
| नक्सा नं ५ | : प्यूठान नगरपालिकाको भिरालोपन | १५ |
| नक्सा नं ६ | : प्यूठान नगरपालिकामा रहेको नदी सञ्जाल | १९ |
| नक्सा नं ७ | : प्यूठान नगरपालिकामा रहेको धार्मिक स्थलहरू | २१ |
| नक्सा नं ८ | : प्यूठान नगरपालिकाको जनसंख्या विवरण | २९ |
| नक्सा नं ९ | : प्यूठान नगरपालिकाको वडागत क्षेत्रफल विभाजन | ३० |
| नक्सा नं १० | : प्यूठान नगरपालिकाको वडागत जनसंख्या विभाजन | ३१ |
| नक्सा नं ११ | : प्यूठान नगरपालिकाको वडागत घरधुरी विभाजन | ३२ |
| नक्सा नं १२ | : प्यूठान नगरपालिकाको वडागत क्षेत्रफल विभाजन | ३८ |
| नक्सा नं १३ | : प्यूठान नगरपालिकाको बसाई अवस्था | ५३ |
| नक्सा नं १४ | : प्यूठान नगरपालिकाको भू-उपयोग | ५७ |
| नक्सा नं १५ | : प्यूठान नगरपालिकामा रहेको सडक सञ्जाल | ९७ |

# खण्ड १ : भूमिका

## १.१ पृष्ठभूमि

दिगो र योजनाबद्ध विकासलाई अगाडि बढाउनका लागि वैज्ञानिक योजना पद्धतिको आवश्कता पर्दछ । वैज्ञानिक योजना पद्धति निर्माणका लागि भरपर्दो तथ्याङ्क अपरिहार्यता हुन्छ । त्यसैले तुलनात्मक अध्ययन, अनुसन्धान, विश्लेषण, विवेचना गर्न, सम्भावनाहरूको खोजी गर्न सही तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्दछ । कुनै पनि स्थानीय तहमा रहेका विषयगत कार्यालयहरू तथा अन्य संघसंस्थाहरूको तथ्यगत स्थिति झल्कने गरी उपलब्ध भएसम्मका सूचनाहरूलाई व्यवस्थित ढंगले संकलन गरी यो नगरपालिकाको पार्श्वचित्र तयार गरिएको छ ।

नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्देशन गरेबमोजिम नगरपालिकाहरूले आफ्नो क्षेत्रको विकासको लागि भरपर्दो तथ्याङ्कीय आधार तयार गर्नुपर्ने प्रावधान रहेको छ । चौधौँ योजना (२०७३/७४-२०७५/७६) ले समेत नगरपालिकाहरूको तथ्याङ्कीय आधार तयार गर्ने कार्यलाई नीतिगत प्राथमिकता दिएको र नगरपालिकाहरूले भौगोलिक सूचना केन्द्र स्थापना र मानव स्रोत विकास योजना तर्जुमा गर्नुपर्ने थप दायित्व उल्लेख गरेको छ । यसै प्रयोजनको लागि नगरपालिकाको वस्तुस्थिति झल्कने गरी यो पार्श्वचित्र (Profile) तयार गरिएको हो ।

## १.२ अध्ययनको उद्देश्य

यस अध्ययनका मुख्य उद्देश्यहरू निम्नानुसार छन् ।

क) नगरपालिका क्षेत्रभित्र रहेका सेवा सुविधाहरूको बारेमा जानकारी गराउने ।

ख) नगरपालिका क्षेत्रभित्रको सम्भावना र समस्याहरूको अवगत गराउने ।

ग) स्थानीय आवश्यकता र स्रोत साधनको विनियोजनको अवस्थाको जानकारी गराउने ।

घ) नगरपालिकाको जनसंख्या तथा विकासात्मक वस्तुस्थिति औँल्याउने ।

ङ) नगरपालिका भित्र बसोवास गर्ने मानिसहरूको आर्थिक, सामाजिक, धार्मिक, शैक्षिक, तथा पेशागत स्थितिको बारेमा जानकारी गराउने ।

च) नगरपालिका क्षेत्रभित्र रहेका प्राकृतिक स्रोत, साधन तथा सीपको पहिचान गरी समष्टिगत विवरण प्रस्तुत गर्ने ।

छ) नगरपालिकाको वास्तविक र वस्तुगत सूचना संकलन तथा व्यवस्थापनमा सहयोग गर्ने ।

ज) नगरपालिका क्षेत्रको तथ्याङ्कको आधारमा जिल्ला तथा राष्ट्रिय स्तरसम्म सूचना उपलब्ध गराई व्यवस्थापनमा सहयोग गर्ने ।

झ) नगरपालिकास्तरमा सञ्चालित कार्यक्रमको पृष्ठपोषण (Feedback) प्रदान गरी आगामी कार्यक्रमको लागि मार्गनिर्देश गर्न सहयोग पुऱ्याउने ।

ञ) नगरपालिकाको भावी योजना तथा कार्यक्रम र नीति निर्माणको कामलाई आधार प्रदान गर्ने ।

## १.३ अध्ययनको महत्व

नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्देशन गरे बमोजिम गाउँपालिका/नगरपालिकाहरूले आफ्नो क्षेत्रको विकासको लागि भरपर्दो तथ्याङ्कीय आधार तयार गर्नुपर्ने प्रावधान रहेको छ। नगरपालिकाको भावी योजना तथा कार्यक्रम र नीति निर्माणको कामलाई आधार प्रदान गर्ने उद्देश्यका साथ तयार गरिएको पार्श्वचित्रले तुलनात्मक मूल्याङ्कनका लागि त्यस ठाउँको वस्तुस्थिति सम्वन्धी जानकारी स्पष्ट प्रस्तुत गर्दछ। विभिन्न स्थानको आवश्यकतामा आधारित विकासका कार्यक्रम तथा रणनैतिक योजना तर्जुमा गर्न यस अध्ययनले प्यूठान नगरपालिकालाई सहयोग गर्नुका साथै समावेशी समानुपातिक र समन्यायिक विकासमा अन्य सरोकारवालाहरूलाई समेत यस क्षेत्रको तथ्यपरक जानकारी प्रदान गर्दछ। यसका अलावा नगरपालिका पार्श्वचित्रको यो अध्ययन सम्बन्धित क्षेत्रका संघ संस्था एवं अनुसन्धानकर्ता, योजनाकार, शिक्षाकर्मी, समाजसेवी लगायत सरोकारवालाहरूलाई उपयोगी हुने भएकोले यस अध्ययनको महत्व रहेको विषय प्रस्ट हुन्छ।

## १.४ अध्ययनको औचित्य

स्थानीय आवश्यकता तथा सहभागितामा आधारित विकासका कार्यक्रमलाई प्रोत्साहन गर्न नेपाल सरकारले स्थानीय तह अन्तर्गत नगरपालिकाहरूलाई दिँदै आएको अनुदानहरूमा क्रमश वृद्धि गर्दै लगेको देखिन्छ। विकास खर्च थप गर्नुका साथै नेपाल सरकारले नगरपालिकाहरूको न्यूनतम शर्त मापनका सूचकहरू पनि निर्धारण गरेको छ। ती सूचकहरू मध्ये हरेक नगरपालिकाले आ-आफ्नो क्षेत्रको वस्तुगत विवरणमा आधारित Municipality Profile तयार गर्नु पनि एक हो। पूर्वाधार विकासका दृष्टिले कमजोर स्थितिमा रहेको नेपालको सन्दर्भमा Profile तयार गर्ने कार्यले विशेष महत्व राख्दछ। यसले वर्तमानको यथार्थलाई विश्लेषण गरी सोको आधारमा नगरपालिकाले उपलब्ध स्रोत साधनको व्यवस्थापन र उचित कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन एवम् अनुगमन मुल्यांकनका निम्ति मार्गदर्शकको काम गर्ने हुनाले यो औचित्यपूर्ण रहन्छ.

## १.५ अध्ययन विधि

यस नगरपालिकाको पार्श्वचित्रका तयारी गर्दा प्रयोग गरिएका विधिहरू निम्नानुसार छन् –

- ✓ यसमा विषयगत कार्यालय तथा विभिन्न संघसंस्थाहरूबाट उपलब्ध तथ्यांकहरू समावेश गरी विश्लेषण गरिएको छ।
- ✓ राष्ट्रिय जनगणना, विभिन्न सर्वेक्षण आदिका नतिजाहरू समावेश गरिएको छ।
- ✓ यस अध्ययन प्रतिवेदनमा तथ्याङ्को विश्लेषणका क्रममा विभिन्न तालिकाहरू, चित्र तथा नक्साको प्रयोग गरी वर्णनात्मक तथा तुलनात्मक रूपमा विश्लेषण गरिएको छ।


पार्श्वचित्र तयार गर्ने कार्य प्राथमिक (Primary) तथा द्वित्तीय (Secondary) सूचना संकलन गरी गरिएको छ। भू-उपयोग, सडकहरू र सोको गुणस्तर तथा वातावरणीय समस्याहरूजस्ता प्राथमिक

तथ्याङ्कहरू, डिजिटल तथ्याङ्क (GIS data), स्थलस्वरूप नक्शा, हवाई नक्शा, नापी नक्शा, स्थलगत निरीक्षण तथा अन्तरर्वाता गरी संकलन गरिएको छ। वडा तहका समस्याहरू र खाँचोहरू वडा बासीहरूबीच सहभागितामूलक छरितो मूल्याङ्कन पद्दति (Participatory Rapid Appraisal) अपनाई जानकारी लिइएको छ। यसका साथै नगरपालिकाको स्थितिको जानकारी लिन, विभिन्न सरकारी एवं गैरसरकारी निकायहरूका पदाधिकारीहरू, वुद्धिजिवीहरू उपलब्ध प्रतिष्ठित व्यक्तित्वहरूसंग छलफल एवं अर्न्तवार्ता गरी नगरपालिकाका प्रमुख समस्या एवं विकासका सम्भावनाहरू माथि जानकारी लिईएको छ। नगरपालिकाका समग्र तथ्याङ्कहरू जस्तै भौतिक, वातावरणीय, सामाजिक, आर्थिक, वित्तीय एवं संस्थागत तथ्याङ्कहरू नगरपालिका कार्यालय लगायत नगरपालिका स्थित सरकारी एवं गैरसरकारी कार्यालयहरूको रेकर्डबाट र केही तथ्याङ्कहरू विभाग तथा अन्य निकायहरूबाट प्रकाशित प्रतिवेदन एवं पुस्तकहरू अध्ययन गरी संकलन गरिएको छ।

## १.६ अध्ययनका सीमाहरू

राष्ट्रिय योजना आयोग र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्धारण गरेको ढाँचा बमोजिम नगरपालिका पार्श्वचित्र तयार गर्दा प्रयोग गरिएका तथ्यांकहरूको स्रोत र आधार वर्ष खुलाईएको छ। नगरपालिकाका विभिन्न सरकारी तथा गैरसरकारी कार्यालय, अन्य संघसंस्थाले उपलब्ध गराएका तथ्याङ्क, केन्द्रीय तथ्याङ्क विभाग, विभिन्न मन्त्रालय, विभागहरू, सम्बन्धीत नगरपालिका आदि स्रोतहरूबाट उपलब्ध तथ्याङ्कको आधारमा यो वस्तुगत विवरण तयार गरिएको छ। पार्श्वचित्रको अवधारणाअनुसार यसले प्यूठान नगरपालिकाको सम्पूर्ण पक्षको यथार्थ जानकारी सरल एवं स्पष्ट रूपमा दिन्छ। अध्ययनलाई यथासक्य वस्तुगत बनाउने प्रयास गरिएको छ। तथापि स्रोत, साधन तथा समयको परिधीले यस अध्ययनलाई केही सीमिततामा बाँधेको छ। तथापी अध्ययनमा निर्धारित उद्देश्यहरूलाई मध्यनजर गर्दै आवश्यकताअनुसार तथ्याङ्क संकलन गरिएको छ।

# खण्ड २ : प्यूठान नगरपालिकाको परिचय




नक्सा नं १ : प्यूठान नगरपालिकाको समग्र वस्तुगत विभाजन

## २.१ संक्षिप्त परिचय

प्यूठान नगरपालिका नेपालको पुरानो प्रशासनिक विभाजनअनुसार मध्यपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत प्यूठान जिल्लामा र हाल ५ नं प्रदेश मा पर्दछ । भौगोलिक हिसाबले यस नगरपालिका राप्ती अञ्चल, प्यूठान जिल्लाको मध्य भागमा ८२° ४६' ३०" देखि ८२° ५७' ३०" पूर्वी देशान्तर र २८° ३' ३०" देखि २८° ११' उत्तरी अक्षांशसम्म फैलिएर रहेको छ ।

१२८.९६ वर्ग कि.मि. क्षेत्रफल रहेको यस प्यूठान नगरपालिका उत्तरमा नौबहिनी गाउँपालिका र रोल्पा जिल्ला, पश्चिमतिर स्वर्गद्धारी नगरपालिका र माण्डवी गाउँपालिका, दक्षिणमा मल्लरानी गाउँपालिका र माण्डवी गाउँपालिका र पूर्वमा झिमरुक गाउँपालिका रही संरचित छ । नेपाल सरकारको निर्णयअनुसार २०७३/११/२० साविकका गाविसहरू प्यूठान न.पा.(४,६–१७,१९), माझकोट र जुम्रीकाँडा गा.वि.स. हरू समेटेर प्यूठान नगरपालिका घोषणा गरिएको थियो । प्यूठान नगरपालिकाको अधिकतम औषत तापक्रम ३२.० डिग्री सेल्सियस र न्यूनतम औषत तापक्रम ८.० डिग्री सेल्सियस रहेको पाईन्छ । शैक्षिक तर्फ प्रा.वि सङ्ख्या ४०, नि.मा.वि. ११, मावि ९ गरी जम्मा ६० वटा शिक्षण संस्थाहरू संचालित छन् यस मध्ये ११ निजी शैक्षिक संस्था रहेका छन् । प्राकृतिक श्रोतको दृष्टिकोणले संभावनायुक्त, मानविय श्रोतको दृष्टिकोणबाट नेतृत्व क्षमतायुक्त, राजनैतिक दल र सचेत एवं उत्प्रेरित नगरपालिकाबासी यस नगरपालिकाको दिगो विकासका आधारस्तम्भका रूपमा रहेका छन् । यस नगरपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरूको बसोबास रहेको छ । राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्कअनुसार सबैभन्दा बढी क्षेत्री जाति ११,९६७ जना (३१.१२%), दोस्रोमा मगर ८,१९० जना (२१.३० प्रतिशत) र तेस्रोमा पहाडी ब्राम्हण ५,०३५ (१३.१० प्रतिशत ) हरूको बसोबास रहेको छ । केही भाग ऐतिहासिक तथा शहरी क्षेत्रको रूपमा रहेको नगरपालिकामा ब्यापार, उद्योग, कलकारखाना, प्राकृतिक श्रोत तथा सामाजिक महत्वका क्षेत्रहरू रहेका छन् । औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अर्को मुख्य श्रोतको रूपमा वैदेशिक रोजगारी पनि एक हो । परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक जीवनशैलीमा समेत अपनाएका छन् । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम अत्यधिक बढिरहेको छ । यस नगरपालिकामा आधारभूतदेखि माध्यमिक तहसम्म शिक्षा प्रदान गर्ने शैक्षिक संस्था उल्लेख्य मात्रामा रहेका छन् । अध्ययनका लागि यस नगरपालिकाको शैक्षिक संस्थाहरूमा स्थानीय विद्यार्थीका अलावा अन्य छिमेकी गाउँपालिका/ नगरपालिकाबाट आउने गरेका छन् । अधिकांश घरमा विद्युतीकरण भएको भएतापनि केही सिमान्तकृत वर्गमा रहेका नागरिक भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन् । योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस नगरपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन । विभिन्न समुदाय, जातजातीका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ । दशैं, तिहार, तीज, होली, महाशिवरात्री, चैते दशै, रामनवमी, कृष्णजन्माष्टमी, बकरइद, छठपर्व, बुद्धजयन्ती, क्रिष्मस आदि यहाँका प्रमुख चाडपर्वको रूपमा रहेको पाईन्छ ।

## २.२ भौगोलिक अवस्थिति

भौगोलिक हिसाबले यस नगरपालिका राप्ती अञ्चल, प्यूठान जिल्लाको मध्य भागमा ८२० ४६' ३०" देखि ८२० ५७' ३०" पूर्वी देशान्तर र २८० ३' ३०" देखि २८० ११' उत्तरी अक्षांशसम्म फैलिएर रहेको छ। समुद्री सतहबाट ५४१ मि.देखि २४२६ मि. को उचाईमा अवस्थित यस नगरपालिकाको क्षेत्रफल १२८.९६ व.कि.मी. रहेको छ। नगरपालिकाको उत्तरमा नौबहिनी गाउँपालिका र रोल्पा जिल्ला, पश्चिमतिर स्वर्गद्वारी नगरपालिका र माण्डवी गाउँपालिका, दक्षिणमा मल्लरानी र माण्डवी गाउँपालिका र पूर्वमा झिमरुक गाउँपालिका रहेका छन्। पहाडी क्षेत्रमा पर्ने नगरपालिकाको ३९.९९ प्रतिशत भूभाग खेतियोग्य जमीनले ओगटेको भए पनि पछिल्ला वर्षहरूमा केही सहरीकरणको प्रभाव, जनसंख्या वृद्धि र बाँझो रहने साथै भू-खण्डीकरण बढेको छ। जंगल तथा जलाधार क्षेत्रको प्रचुरता भएको यस नगरपालिका भएर परिसरमा सानाठूला गरी आधा दर्जन भन्दा बढी खोला तथा नदीहरू बग्ने गर्दछन्। यो प्यूठान नगरपालिका मिती २०७३/११/२२ गते नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयबाट प्यूठान नगरपालिका घोषणा भएको हो।

## २.३ राजनैतिक तथा प्रशासनिक केन्द्र

नेपाल सरकारले स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ७२ र ७३ ले दिएको अधिकार प्रयोग गरी मिति २०७१ साल बैशाख २५ गते देहाय बमोजिमका न.पा./गा.वि.स.हरू समेटेर १९ वडाहरू सहितको प्यूठान नगरपालिका घोषणा भएको थियो। जसको संरचना देहाय बमोजिम रहेको थियो।

**तालिका नं. १ :** नगरपालिकामा गाभिने गा.विस./न.पा.हरूको विवरण


| जिल्ला | नगरपलिकाको नाम | वडा संख्या | नगरपालिकाको केन्द्र | नगरपालिकामा गाभिने गा.विस./न.पा.हरू | वडा विभाजन | |
|---|---|---|---|---|---|---|
| | | | | | साविक गा.पा.स.र वडाहरू | नगरपीलिकामा कायम हुने वडा |
| प्यूठान | प्यूठान नगरपालिका | १९ | खलाङ्गा | प्यूठान खलाङ्गा | प्यूठान खलाङ्गा -१,२ | १ |
| | | | | | प्यूठान खलाङ्गा -३,४,५ | २ |
| | | | | | प्यूठान खलाङ्गा -६,७ | ३ |
| | | | | | प्यूठान खलाङ्गा -८ | ४ |
| | | | | विजुवार | विजुवार -६ | |
| | | | | प्यूठान खलाङ्गा | प्यूठान खलाङ्गा -९ | ५ |
| | | | | विजुवार | विजुवार -७,८ | ६ |
| | | | | | विजुवार -९,५ | ७ |
| | | | | | विजुवार -२,४ | ८ |
| | | | | | विजुवार -१,३ | ९ |
| | | | | दाखाक्वाडी | दाखाक्वाडी -१,२,४ | १० |
| | | | | | दाखाक्वाडी -३,८,९ | ११ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | दाखाक्वाडी -५,६,७ | १२ |
| | | | | विजयनगर | विजयनगर १ -९ | १३ |
| | | | | धर्मावाती | धर्मावती-१,२,३,९ | १४ |
| | | | | | धर्मावती-४,५,६,७,८ | १५ |
| | | | | मरन्ठाना | मरन्ठाना-१,२,३,४ | १६ |
| | | | | | मरन्ठाना-५,६,७,८,९, | १७ |
| | | | | खैरा | खैरा- १,२,४,५,९ | १८ |
| | | | | | खैरा- ३,६,७,८ | १९ |


माथिको तालिकामा २०७१ साल बैशाख २५ गतेमा भएको घोषणा अनुसार प्यूठान नगरपालिकाको संरचाना रहेको तत्पश्चात फेरि राज्यको पुनसंरचना सँगै नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सिमाना निर्धारण आयोगले मिति २०७३ पुस २२ मा पेश गरेको प्रतिवेदनअनुसार माननीय संघीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा देहाय बमोजिम साविकका प्यूठान नगरपालिका (४,६–१७,१९), माझकोट र जुम्रीकाँडा गाविसहरू समेटेर प्यूठान नगरपालिका स्थापना गरिएको थियो भने थप गरिएका वडाहरूलाई समावेश गरी हाल यस नगरपालिकालाई १० वटा वडाहरू कायम गरिएको छ । हाल प्यूठान नगरपलिकाको संरचना यस प्रकार रहेको छ ।

**तालिका नं. २** : प्यूठान नगरपालिकाको वडा विभाजन

| वडा नं. | समावेश भएका साविक गाविस/न.पा.हरू | साविकको वडा नं. |
|---|---|---|
| १ | प्यूठान | ११, १९ |
| २ | प्यूठान | १०, १२ |
| ३ | प्यूठान | १३ |
| ४ | प्यूठान | ४, ६, ७ |
| ५ | जुम्रीकाँडा | १–९ |
| ६ | माझकोट | १–९ |
| ७ | प्यूठान | ८, ९ |
| ८ | प्यूठान | १४, १५ |
| ९ | प्यूठान | १६ |
| १० | प्यूठान | १७ |





नक्सा नं २ : प्यूठान नगरपालिकाको वडा विभाजन




नक्सा नं ३ : प्यूठान नगरपालिकाको नाम सहितको वडा विभाजन

## २.४ भूक्षेत्र (टोपोग्राफी)




नक्सा नं ४ : प्यूठान नगरपालिकाको उचाइ विवरण

### २.४.१ माटोको बनावट र उर्वराशक्ति

प्यूठान नगरपालिका रहेको समग्र प्यूठान जिल्लाको अवस्था हेर्दा नगरपालिकाको कुल क्षेत्रफल १२८.९६ वर्ग कि.मि. मा ५१.५७ वर्ग कि.मि. खेतियोग्य जमिनले ओगटेको छ। त्यस्तै ५४.७८ वर्ग कि.मि. जमिन वनजंगलले ओगटेको छ भने ०.७८ वर्ग कि. मि. जलक्षेत्रले ओगटेको छ। नगरपालिकाको प्रमुख खाद्यान्न तथा अन्न बालीमा धान, गहुँ, मकै, मास, रहर आदि हुन्।

### २.४.२ भू-आकृति तथा माटोको बनोट

प्यूठान नगरपालिका नेपालको पूर्व संरचना अनुरूप मध्यपश्चिमाञ्चल विकास क्षेत्र अर्थात हालको नयाँ संरचना अनुसार प्रदेश नं. ५ अन्तर्गत रहेको पहाडी जिल्ला प्यूठानमा पर्दछ। यो नगरपालिका समुद्री सतहबाट ५४१ मिटर उचाइदेखि २४२६ मिटर सम्म उचाइमा फैलिएर रहेको छ। यो नगरपालिकाको दक्षिणका केहि भागमा चुरे क्षेत्र, पश्चिम तथा उत्तरमा महाभारत क्षेत्र पर्दछ भने उत्तरी भू-भाग लेकाली क्षेत्र पर्दछ।

अन्य स्थानमा जस्तै प्यूठान नगरपालिकाको भौगलिक संरचना अनुसार भु -आकृतिमा विविधता पाईन्छ। उक्त विविधताअनुसार प्यूठान नगरपालिकालाई निम्न तीन भागमा विभाजन गरिएको छ, जुन देहायअनुसार रहेको छ :

#### (क) लेकाली भाग (२१३४ मि.भन्दा माथि)

२१३४ मि.भन्दा माथिको भागलाई लेकाली भागमा विभाजित गरिएको छ। यो भाग सामान्यतया २१३४ मीटर भन्दा अग्लो, हिउँदमा निकै जाडो हुने, हिंउ पर्ने तथा ग्रेनाईट ढुङ्गा, दर्शन ढुङ्गा आदि प्रशस्त पाईने गर्दछ। अन्य जातजातिको वसोवास कम भएको यस क्षेत्रमा अधिकांश मगर वस्ती छन्। अन्न उत्पादन कम हुने यस क्षेत्रमा भेंडा, बाखा, चौंरी आदि पशुपालन प्रमुख रहेको छ। अन्नमा आलु, मकै, फापर, कोदो, मात्र उत्पादन हुने यस क्षेत्रमा सल्लो गुराँस, धुपी, खर्सु, बाँझ आदि रुख विरुवा पाईन्छन।

#### (ख) पहाडी भाग (१०६१-२१३४)

१०६१ मिटर उचाईदेखि २१३४ मीटर सम्मको भूभाग पहाडी भागमा पर्दछ। स्वस्थ्यकर हावापानी समेत भएको यस भेगमा पाखो बारीमा समेत राम्रो खेती हुन्छ। घनावस्ती भएको यस भागमा मकै, गहुँ, धान, कोदो, आलु उत्पादन गरिन्छ। यस भेगको जंगलमा कटुस, चाप, ओखर, चिउरी, पिपल, टिमुर, चिलाउने, साल आदिका रुख पाईन्छन्। यस क्षेत्रमा सबै किसिमका जातजातिका वसोवास रहेको पाईन्छ।

#### (ग) बेशी (५४१-९१५)

समुद्री सतहबाट ५४१ देखि ९१५ मि. उचाई सम्मको भाग लाई प्यूठान नगरपालिकाको बेशी भाग हो। तराई तथा भित्री मधेशको समेत हावापानी पाउने यस भेगमा समथर खेतबारी रहेको र राम्रो खेती हुन्छ। घनाबस्ती समेत रहेको यस क्षेत्रमा व्यापारिक कृयाकलाप फस्टाउनुको साथै साना घरेलु उद्योगहरू समेत रहेका छन। साल, शिरीस, वैदार, बाँस, निगालो, चिउरी आदिका रुखहरू पाइन्छन्। मकै, गहुँ, धान ,तोरीको खेती गरिन्छ। सामान्यतया ९१५ मीटर भन्दा होचो धर्मावती (झिम्रुक),

माण्डवी , राप्ती र यिनका सहायक नदीका आसपासका समतल भुभागहरू यस अन्तर्गत पर्दछन । यस क्षेत्रमा गर्मीमा वढी गर्मी र हिंउदमा न्यानो हावापानी कायम हुन्छ । जनघनत्व तथा उत्पादनको हिसावले महत्वपुर्ण यो भागमा वाग्दुला, पुण्यखोला, विजुवार, क्वाडी, रातामाटा, खैरा, भिmम्रुकखोला, गुरीगांउ, धर्मावती, सारीवाङ आदि घनावस्ती भएका स्थानहरू पर्दछन । प्यूठान नगरपालिकाको अधिकाशं भु-भागले यस बेशी क्षेत्रको प्रतिनिधित्व गर्दछ ।


## २.४.३ हावापानी

भौगोलिक असमानता भएकोले नेपालको विभिन्न ठाउँहरूमा भिन्न भिन्न हावा पानी रहेको छ त्यस्तै प्यूठान जिल्लामा अवस्थित प्युठान नगरपालिकाको उत्तरीभागमा हिमालको हावाको प्रभावले साथै उचाइपनि धेरै भएको कारण ज्यादा जाडो हुने र दक्षिणी भाग भित्रीमधेश सँग जोडिएको र बेशी भाग भएकोले चैत्रदेखि जेठसम्म गर्मी हुन्छ । यहाँ लेकाली, समशितोष्ण र अर्ध-उष्ण हावापानी पाइन्छ । यो हावापानी स्वास्थ्यका दृष्टीकोणले उपयुक्त हावापानी हो । चैत्र महिनादेखि आश्विनको सुरुसम्म गर्मी हुन्छ । आश्विन, कार्तिक र फागुनमा यहाँको हावापानी समशितोष्ण हुन्छ भने मंसिर, पौष र माघमा निकै जाडो हुन्छ । जेष्ठको अन्त्यदेखि आश्विनको सुरुसम्म मनसुनी वायुका कारण प्रशस्त वर्षा हुने गर्छ । गर्मीयाममा यहाँको ताफक्रम अधिकतम ३२.४ डिग्री सेल्सियससम्म पुग्छ भने हिउँदमा न्यूनतम ८ डिग्री सेल्सियससम्म पुग्न जान्छ। यस नगरपालिकाको हावापानीको अवस्था बुझ्न तल प्यूठान नगरपालिकाको १२ महिनाको औषत तापक्रम र वर्षाको विवरण दिइएको छ ।

तालिका नं. ३ : प्यूठान नगरपालिकाको मौसमको विवरण

| सि.न. | महिना | औषत अधिकतम तापक्रम | औषत न्यूनतम तापक्रम | वर्षा मि.मि. | सापेक्षिक आर्द्रता |
|---|---|---|---|---|---|
| १ | बैशाख | ३२.४ | १९.३ | ८८.३ | ४६.९ |
| २ | जेष्ठ | ३१.२ | २३.१ | २४७.८ | ८७.८ |
| ३ | आषाढ | ३१.२ | २३.५ | ४४८.७ | ९०.१ |
| ४ | श्रावण | ३०.१ | २२.७ | ४३३.३ | ९०.८ |
| ७ | भाद्र | ३२.३ | २१.० | १४८.५ | ८९.५ |
| ६ | आश्विन | २४.० | १७.५ | ७२.६ | ८४.५ |
| ७ | कार्तिक | २६.५ | ११.० | ०.० | ७८.४ |
| ८ | मंशिर | २२.८ | ८.२ | ०.० | ८७.० |
| ९ | पुष | २१.६ | ८.० | २२.३ | ८५.९ |
| १० | माघ | २२.५ | ९.४ | ३१.० | ८४.९ |
| ११ | फाल्गुण | २४.८ | १२.० | ०.० | ७८.१ |
| १२ | चैत्र | ३०.७ | १४.८ | ६५.९ | ७४.५ |

*स्रोतः जल तथा मौसम विज्ञान विभाग, काठमाडौँ २०७३*




## २.५ भू-क्षेत्रको वर्गीकरण

प्यूठान नगरपालिकाको भूमिलाई भू-बनौट, पारिस्थितिक प्रणाली, तथा भू-स्खलनजस्ता तत्वका आधारमा अध्ययन गर्दा भूमिको बर्गीकरणलाई त्यसको उपयोगको सम्भाव्यता र सघनता घट्दै जाने (Degrading) क्रममा राखिएको छ। अर्को शब्दमा, भू-स्खलन वा भू-क्षयीकरणको प्रवृत्ति भूबनोट अनुसार फरक पर्दै जान्छ तसर्थ यस क्रमले भूमीको स्थायित्वलाई मजबुत बनाउने उपाय सहित भौतिक लक्षण (Physical characteristics) का आधारमा निम्न बमोजिम प्रस्तुत गरिएको छ-:

**(क) Slope 1°-5° (माटोको गहिराई पर्याप्त भएको, पानीको निकास राम्रोगरी हुने कान्ला बनाई खेती गर्न सकिने)**

यस्तो जमिनमा माटोको गहिराई पर्याप्त हुन्छ र पानी सतहमा तथा अर्धभूमिगत अवस्थामा समेत सजिलै निकास हुन्छ। मनसुनी खेती गर्नका लागि यस्तो भूमिमा गह्राहरू बनाउनु पर्दछ। सतहगत जलप्रवाह एवं अर्धभूमिगत पानीको निकासलाई भू-क्षय हुन नपाओस भनी नियन्त्रणका उपायहरू अपनाउनु पर्दछ। माटोका भौतिक गुणहरू तथा जमिनको भिरालोपनका कारण वर्षाको पानीबाट नयाँ खोल्सीहरू बन्ने र ती खोल्सीहरू प्रकारान्तरमा चौडा हुँदै गएर भू-क्षयको प्रवृत्ति बढ्ने हुनाले यस वर्गको जमिनको संरक्षण गर्न विशेष ध्यान दिनु पर्दछ। यस वर्गको जमिनमा परम्परागत, मध्यम वा आधुनिक विधिबाट खेती गर्न सकिन्छ। मनसुनको समयमा हुने वर्षाका कारण चरन क्षेत्र तथा वनस्पतिलाई पनि मनग्गे फाइदा पुग्दछ। यस्तो जमिनमा धान खेती गर्न सकिन्छ। सिंचाई सुविधा उपलब्ध भएको अवस्थामा माटो दानादार भएको अवस्थामा समेत धानबाली लगाउन सकिन्छ। सिंचाइ भएमा हिउँदे एवं बसन्ते बाली पनि लगाउन सकिन्छ।

**(ख) Slope 5-30$^{0}$ (माटोको गहिराई ५०-१०० से.मी. भएको, पानीको निकास राम्रो हुने, कान्ला बनाएर मात्र खेती गर्न सकिने)**

५°-३०° स्लोप रहेको, पानीको निकास राम्रो हुने गरेको तथा माटोको पत्रको गहिराई ५० से.मी.देखि १०० से.मी.सम्म रहेको जग्गा यस वर्गमा पर्दछ। यस वर्गको जमिनमा पहिरो जाने, जमिन

भासिनेजस्ता भू-क्षयीकरणका प्रवृत्तिहरू सामान्यरूपमा देखा परिरहन्छन्। त्यसैले जमिनलाई सामान्यरूपमा व्यवस्थापन नगरिएमा यस्ता प्रवृत्तिमा झन् वृद्धि हुन्छ। वन, वनस्पतिका लागि यो जमिन त्यति उपयुक्त हुँदैन। पशु चरन र आवत-जावतबाट भू-क्षयीकरणमा वृद्धि हुने हुनाले चरन क्षेत्र विकासलाई यस प्रकारको जमिनमा प्रश्रय दिन ठीक हुँदैन। तर, पालैपालो निश्चित स्थानहरूमा गाईबस्तु थुनेर चराउने हो भने त्यसले जमिनको उत्पादकत्वमा सघाउ पनि पुऱ्याउँछ । यस प्रकारको जमिनमा विशेष गरी मनसुन खेतीका लागि भू-क्षय रोक्न गह्राहरू बनाउन अनिवार्य हुन्छ। यसमा खेतीका परम्परागत र मध्यमस्तरीय प्रविधि नै अपनाउनुपर्ने हुन्छ। यस प्रकारको भिरालोपन भएको जमिनमा खेती गर्दा माटोको भौतिक गुणहरूसँग व्यवस्थापन सिपको सम्मिश्रणले मुख्य भूमिका खेलेको हुन्छ। सिंचाइको प्रयोग नियमित रूपमा भइरहेको खण्डमा सिंचाइ गर्दा भू-क्षयको समस्या आउँदैन, तर नयाँ सिंचाइ प्रणाली शुरु गर्ने हो भने शुरुमा विशेष सावधानी अपनाउनु पर्दछ। अलिकती पनि बढी सिंचाइ भएको खण्डमा भू-क्षयीकरणको प्रवृत्ति तुरुन्त शुरु हुन सक्दछ।


**(ग) Slope = $30^0$–$40^0$ माटोको गहिराई २० से.मी. मात्र भएको, पानीको निकाससहज भएको तथा जमिनको भिरालोपन ३०° (१.७ मिटरमा १ मी.) भन्दा बढी भएको, काठ दाउरा उत्पादन गर्न उपयुक्त।**

माटोको पत्र २० से.मी. मात्र गहिराई भएको पानीको निकास सहज भएको तथा जमिनको भिरालोपन ३०° (१.७ मिटरमा १ मि.) भन्दा बढी भएको जमिन यस वर्गमा पर्दछ। यस प्रकारको ज्यादा भिरालोपन भएको जग्गामा गह्रा बनाएर खेती गर्नु फाइदाजनक देखिँदैन। यस प्रकारको जनिमनमा वर्षाको पानीबाट छिटो खोल्सीहरू बन्ने वा बाढीले क्षती पुऱ्याउने ठूलो सम्भावना रहन्छ । यस प्रकारको जमिनमा बनस्पतीहरू लगाउन उपयुक्त हुन्छ। यहाँ काठ र इन्धनका लागि वन पैदावारको उत्पादन बृद्धि गर्न उपयुक्त हुन्छ। पहिरो जाने वा बाढीबाट क्षति हुने प्रवृत्ति यस प्रकारको जमिनका सामान्य लक्षण हुन्। यस्तो क्षेत्रमा जङ्गलको विकास गरी इन्धन, पशु आहार तथा काठ उत्पादन गर्न सकिन्छ। जङ्गल विनाश भएको स्थानमा बोटविरुवालाई पुनः हुर्काउन वा वृक्षारोपण गर्न सकिन्छ। यस वर्गमा पर्ने जमिनहरूमा गाईबस्तुलाई चराउने चलन कडाइकासाथ नियन्त्रण गर्नुपर्छ। यदि इन्धन, पशु, आहार तथा चरनको लागि उपयोग गर्ने हो भने पनि वार्षिक उपयोगले भविष्यको उत्पादकत्वलाई जोखिममा पार्ने खालको हुनुहुँदैन। यस प्रकारको क्षेत्रमा यस्तो वन पैदावार उपयोग गर्ने तरिका, स्थान र पहुँचको लागि सडक विस्तारका विशेष र सुरक्षित योजना बनाउनु पर्दछ। यस्तो जमिन खेतिको लागि उपयुक्त हुँदैन।

**(घ) Slope >$40^0$ माटोको गहिराई २० से.मी. भन्दा कम भएको, भु-क्षय भइरहने पुनरुत्पादनको संभावना कम भएको**

ज्यादै भिरालो भएको, मध्यम भिरालोपन भए पनि माटो पत्र (तह) २० से.मी. भन्दा कम भएको वा जस्तोसुकै भिरालोपन भए पनि वर्षे पानीबाट क्षति भएको, धेरै खोल्सीहरू सिर्जना भएको जमिन यस वर्गमा पर्दछ। यस प्रकारको जमिन अति नै कमजोर, भू-क्षयीकरणको प्रवृत्ति भएको तथा पुनर्निर्माण र पुनर्स्थायीकरणको सम्भावना पनि अत्यन्त कम भएको कारण अन्न एवं वनस्पती खेतीका लागि अनुपयुक्त मानिन्छ। यस प्रकारको जमिनलाई घाँस वा बोट-विरुवा लगाएर हराभरा बनाइराख्नु पर्छ,

किनभने माथि उल्लेख गरिए जस्तै एकातिर यस्तो जमिनमा भू-क्षयीकरणको प्रवृत्ति तीव्र रहेको हुन्छ भने अर्कातिर एकतर्फ भू-स्खलन भइसकेको क्षेत्रलाई पुनः अधिग्रहण (reclaim) गर्न असम्भव नै हुन्छ। उच्च भू-भागमा माटोको तापक्रम कम रहने भएबाट तथा भिरालोपन भएबाट माटो सजिलैसँग बग्दछ।




नक्सा नं ५ : प्यूठान नगरपालिकाको भिरालोपन

## २.६ नगरपालिकामा रहेका संम्भाव्यता र अवसरहरु

नगरपालिका क्षेत्रमा यातायात सेवा, सूचना प्रविधि, शैक्षिक प्रशिक्षण केन्द्र, वित्तीय सेवा, तालतलैया तथा नदीनालाहरूमा माछापालन व्यवसाय, आधुनिक कृषि व्यवसाय, व्यापार जस्ता थप आर्थिक विकासका संम्भाव्य क्षेत्रहरू रहेका छन्।

यस प्यूठान नगरपालिका क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या उच्च रहेको छ। नगरपालिकामा रहेको खेती योग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, तोरी, मसला तथा जडीबुटी र पशुजन्य उत्पादन वृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि, विउ विजन तथा मल र कृषि औजारको अभाव हुनु र उपलब्ध भएतापनि अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकताअनुसार वृद्धि हुन सकेको छैन। जनचेतना, सीप तथा व्यवसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, बीउ बिजन तथा मल, कर्जा उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावना रहेको छ।

पुराना परम्परागत कुलोहरूको मर्मत सुधार गरी माटोको उर्वराशक्ति बढाई वातावरणीय सन्तुलन कायम गर्न सकेमा भावी पुस्ताको लागि एउटा अनुकुल र सुरक्षित जीवन्त स्थानको जोहो गर्न सकिन्छ।

नगरपालिकाको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपञ्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई विस्तार गर्नुको साथै यातायात सेवालाई सर्वसुलभ तरिकाले कृषकको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा विभिन्न स्थानहरूमा दुध चिस्यान केन्द्र, कोल्ड स्टोर खोल्न, मासुजन्य उद्योग, आदि विकास गर्न सकिनेछ। जसबाट रोजगार श्रृजना हुन गई समग्र नगरपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ।

यस नगरपालिकामा भएका प्राकृतिक स्रोत र साधनलाई  व्यवस्थित तथा वातावरणमैत्री प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारीको श्रृजना हुनुका साथै स्थानीय स्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ।

नगरपालिका क्षेत्रमा प्राकृतिक नदी तथा खोलाहरू भएको र थप केही अन्य ठाउँहरूमा स-साना पोखरी निर्माण गरी माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र यसले उपलब्ध श्रोतको अधिकतम परिचालन भई आयात समेतमा प्रतिस्थापन हुन जान्छ ।

नगरपालिकाको सामुदायिक वन उपभोक्ता समूहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरूमा जडिबुटी खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारीकरण गर्न सकेमा सोक्षेत्रको आर्थिक उन्नति गर्न थप टेवा पुग्ने देखिन्छ।

प्यूठान जिल्लामा केहि पर्यटकिय क्षेत्र लिस्ने पहाड, शिवालाय, गणेश मन्दिर, भिमसेन मन्दिर, विजुवारको कालिका मन्दिर, जाल्पाथान, सिद्धमेहेल थानजस्ता साँस्कृतिक, प्राकृतिक तथा ऐतिहासिक एवं पुरातात्विक महत्वका स्थलहरू रहेको यो नगरपालिका गहनाको रूपमा यहाँको लोक संस्कृति रहेको छ । यी

स्थानहरूलाई व्यवस्थित गर्न सकेको खण्डमा निश्चित रूपले आन्तरिक तथा बाह्य पर्यटकहरू बढ्न गई थप आर्थिक अवसरहरू श्रृजना गर्न सकिने देखिन्छ।

सिपयुक्त जनशक्तिको कमी, उद्योग व्यवसायको धरासायी अवस्था, उद्यमी सोच भएका युवा शक्तिको अभाव भएको परिदृश्यमा क्षमता विकास र सिपमुलक तालिम कार्यक्रम सञ्चालन गर्न सकेमा स्वरोजगारको अवसर सृजना हुन जान्छ भने वैदेशिक रोजगारीमा जाने जनशक्ति पनि दक्ष हुनेहुँदा आय वृद्धिमा बढोत्तरी हुन्छ जसले समग्र नगरपालिकाको आर्थिक अवस्थामा सुधार आउँछ ।

यसका अतिरिक्त प्यूठान नगरपालिकाको विकासका लागि विभिन्न सम्भावनामूलक उपायहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- नगरपालिका क्षेत्रभित्र रहेका नदी तथा स-साना खोलाहरूबाट आधुनिक कुलो मार्फत् सिंचाई गरी व्यवसायीक रूपमा खेती गर्न सके कृषि उत्पादनमा उल्लेखनीय वृद्धि हुन सक्छ ।
- स्थानीय कच्ची सडकको स्तरोन्नती गर्न सकेमा जनस्वास्थ्यमा सुधार, पर्यावरण तथा सहज परिवहन सुबिधा उपलब्ध हुन सक्छ ।
- तरकारी, पशुपालन तथा अन्य कृषि उत्पादनको बजारको लागि समस्या नभएकोले ब्यवसायिक कृषि उत्पादनलाई नै जोड दिनु सहज तथा उचित देखिन्छ ।
- यस नगरपालिका क्षेत्रमा साना घरेलु उद्योगको विस्तार गर्न सके स्थानीय स्तरमा रोजगारी बृद्धि गर्न सक्ने प्रशस्त सम्भावना देखिन्छ ।
- यस क्षेत्रमा विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक स्थानहरू रहेकाले पर्यटन विकास मार्फत आर्य आर्जन वृद्धि नागरिकको जीवन स्तरमा सुधार गर्न सकिन्छ ।
- नगरपालिकाको विकासमा सरकारी, गैरसरकारी, सहकारी निजी र नागरिक समाज लगायतको साझेदारीमा सहभागितामुलक र दिगो बिकास गर्न सकिछ ।
- नगरपालिका क्षेत्रमा उपभोक्ता समूहहरूको वृद्धि भैरहेको सन्दर्भमा उद्योग, व्यापार र वाणिज्यको विकास हुन सक्ने संम्भावना देखिन्छ ।

## २.७ नगरपालिकाको समस्या, चुनौती, अवसर र संम्भावनाहरू

यस प्यूठान नगरपालिकाको सामाजिक तथा भौतिक विकासका लागि विद्यमान चुनौती तथा समस्याहरूलाई निम्न बुँदामा संक्षेपिकरण गर्न सकिन्छ ।

### क) अवसर तथा संम्भावनाहरू

- वन, उर्बर कृषि जमिन, नदी नाला र जैविक विविधताजस्ता प्राकृतिक सम्पदाको यथेष्ट उपलब्धता देखिन्छ ।
- शिक्षित मानविय स्रोतमा वृद्धि हुँदै गएको देखिन्छ ।
- जनसांख्यिक लाभांशको अवसर उपलब्ध हुनु ।
- शैक्षिक तालिम केन्द्रहरूको संचालनमा व्यवस्था ।

### ख) समस्या तथा चुनौतीहरू

- पर्यटन क्षेत्रको विकासका लागि ठोस योजना नहुनु ।
- विकास निर्माणको काममा जनसहभागिताको कमी हुनु ।
- नगरपालिकाको क्षेत्रभित्र आवश्यक रोजगारमुलक उद्योगधन्दा, कलकारखाना नहुनु ।
- नगरपालिका क्षेत्रमा खानेपानी तथा सार्वजनिक चर्पीको अझै पनि उचित व्यवस्थापन हुन नसक्नु ।
- नगरपालिका क्षेत्र भित्रका धेरै सडकहरू कच्ची तथा कम गुणस्तरको रहनु ।
- कृषियोग्य भएतापनि आधुनिक तथा व्यवसायिक खेतीको विकास हुन नसक्नु ।
- आयस्रोतको कमीले नगरपालिकाको स्तरीय विकास प्रकृयामा समस्या उत्पन्न हुनु ।
- आकासे पानीमा निर्भर सिचाई
- परम्परागत कृषि प्रणाली
- वर्षेनी ढुवान तथा कटानको समस्या कृषियोग्य भूमि खण्डिकृत हुदै प्रयोग बिहीन हुनु ।

## २.८ नगरपालिकाको अन्य गाउँपालिका/नगरपालिकासँग सम्बन्ध


कुनै एउटा नगरपालिका तथा गाउँपालिकाको अर्को नगरपालिका अथवा गाउँपालिकासँग कुनै न कुनै रूपमा एक आपसमा सम्बन्ध रहेको हुन्छ। सम्बन्धको प्रकृति र दुरी नगरपालिकाहरू तथा गाउँपालिकाहरू बिच फरक-फरक हुन सक्छ। पारस्परिक विकासका निम्ति सामाजिक आर्थिक पूर्वाधारमा अन्तरसम्बन्ध र अन्तरनिर्भरता, भौगोलिक सन्निकटताले महत्वपूर्ण भूमिका खेल्दछ । ती अन्तरनिर्भताका मुख्य क्षेत्रहरू, यातायात, बसाईसराई, कृषि तथा पशु उपज, वन पैदावार, पर्यटन, रोजगारी, प्राकृतिक स्रोत उपयोग एवं व्यवस्थापन, शिक्षा, स्वास्थ्य आदि हुन्। यस नगरपालिकामा भएका विविध खाले सुविधा प्राप्त गर्न अन्य नगरपालिकाबाट आउने गरेको देखिन्छ। अन्य पहाडी/तराई क्षेत्रबाट कृषि र वनजन्य उत्पादनहरू यस नगरपालिकामा भित्रिने गर्दछन् र यहाँको विभिन्न घरेलु उद्योगबाट उत्पादित वस्तु तथा विभिन्न सेवाहरू अन्य गाउँपालिका/नगरपालिकासम्म निर्यात गर्ने गरेको पाइन्छ जसले गर्दा यहाँका स्थानीय बासिन्दाको आयस्तरमा बृद्धि हुन पुगेको छ । यी विविध कारणले अन्तर नगरपालिका/गाउँपालिका सम्बन्ध अझ बढी सुदृढ भएको देखिन्छ।

प्यूठान नगरपालिकाको छिमेकी नगरपालिका, गाउँपालिका तथा जिल्ला समन्वय समितिजस्ता सरकारी निकायहरूसँग राम्रो सम्बन्ध रहेको छ । फलतः यस क्षेत्रको विकासात्मक कृयाकलापको सञ्चालनमा समन्वय गर्ने गरिएको छ । त्यसैगरी विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थासँग समेत राम्रो सम्वन्ध रहेको छ ।

## २.९ सिमसार क्षेत्र

नदी, नाला, तलाउ, पोखरी, कुवा, धाप तथा दलदले क्षेत्रहरू खासगरी जहाँ जमिन लुक्दैन पानी सुक्दैन त्यस्ता क्षेत्रहरूलाई सिमसार भनिन्छ। पर्वतीय भू-बनावट रहेको यस नगरपालिकामा प्रशस्त मात्रामा नदी तथा खोला-नालाहरू रहेका छन् । साविकको गा.वि.स. बिजुवारको भौका क्षेत्रमा सिमसार क्षेत्र भएपनि उक्त क्षेत्र स्थानीय जनताको नम्वरी आवादी भएको हुँदा वालीनाली लगाउने गरेको पाईएको छ ।

## २.१० नदी तथा ताल तलैयाहरू




नक्सा नं ६ : प्यूठान नगरपालिकामा रहेको नदी सञ्जाल




जल सम्पदाको दृष्टिले नेपाल ब्राजिलपछि विश्वको दोस्रो सबैभन्दा समृद्ध राष्ट्र र एसियामा पहिलो राष्ट्र मानिन्छ । नेपालमा ६ हजारभन्दा बढी नदिनालाहरू रहेका छन् । यी नदीनालाहरूबाट सिँचाई सुविधा, खानेपानीको आपूर्ति, जल यातायात, पर्यटन र मत्स्य पालनको क्षेत्रमा बहुआयामिक रूपले प्रयोग गर्न सकिने देखिन्छ । तर समग्रमा जल उपयोग ज्यादै न्यून भई इन्धनका विविध साधनको प्रयोग गरिरहनु परेको कुरालाई नकार्न सकिन्न । जल सम्पदाको हिसाबले यस प्यूठान नगरपालिका एकदमै समृद्ध नगरपालिकाको रूपमा रहेको छ । यस नगरपालिकामा रहेका विभिन्न नदी नालाहरूको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ४ :** नगरपालिकामा भएका जलाधारहरूको विवरण

| सि. नं. | जालाधारको नाम | क्षेत्रफल कि.मी. | समेटिएको क्षेत्र वा ठाउँ | प्राथमिकताक्रम | कैफियत |
|---|---|---|---|---|---|
| १ | लुङ्ग खोला | ४०.४४ | धर्मावती ४,५,७, माझकोट ५,६ | १० | |
| २ | चुदरी खोला | २६.३३ | मरन्ठाना १,२,३,४,५,६,७, | २ | आ.व.६९/०७० उपजलाधार योजन तयार भएको |
| ३ | माझिल्लो झिमरुक २ | ३७.१२ | विजुवार १,२,३,४,५,६,७ धर्मावती १,२,३,६,७,८,९ खैरा १ खलंगा १,३,४,५,६,७,८,९ माझकोट १,२,३,४,५,६,७,९ मरन्ठाना १,६,७,८,९ | १ | |
| ४ | झिमरुक खोला जलाधार | ४३.०३ | विजयनगर १,२,३,४,५,६,७,८,९ विजुवार ३,४,५,६,७,८,९ दाखाक्वाडी ६,७ जुमुकाडा १,२,३,४,५,६,७,८,९, माझकोट ४,७,८,९ | ५ | |
| ५ | तल्लो झिमरुक १ | २१.९१ | विजुवार ७ दाखाक्वाडी १,२,३,४,५,६,७,९ खैरा ३,४,५,६,७,८,९ | १३ | |
| ६ | काक्रे खोला जलाधार | १६.७९ | खैरा १,२,३,४,५ खलंगा १,२,३,४,५, | ४ | आ.व.७२/०७३ उपजलाधार योजना तयार भएको |
| ७ | तल्लो झिमरुक २ | ८०.३९ | खैरा २,५ | १४ | |
| ८ | माडी खोला ४ | ६५.५४ | विजयनगर ८ दाखाक्वाडी ३,५,७,८,९ | २२ | |
| ९ | खपिङ्ग खोला | | धर्मावती ८ | | |

*श्रोत: जिल्ला समन्वय समिति, प्यूठान २०७४*

## २.११ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरू




नक्सा नं ७ : प्यूठान नगरपालिकामा रहेको धार्मिक स्थलहरू

अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषीय, बहुधर्म र सामाजिक विविधता एवं ऐतिहासिक तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण नेपाल विश्व पर्यटन मानचित्रमा प्रमुख पर्यटकीय गन्तव्यस्थलको रूपमा सुपरिचित छ । विज्ञान, प्रविधि र सञ्चार प्रणालीमा भएको अभूतपूर्व विकासले सम्पूर्ण विश्व नै एउटा गाउँको रूपमा परिणत हुँदै गइरहेको अवस्थामा नेपालले यस्ता राष्ट्रिय सम्पदालाई विश्व साम् प्रस्तुत गर्दै विश्व पर्यटन बजारलाई आकर्षित गरी अत्यधिक लाभ लिन सक्ने क्षमता अभिवृद्धि गर्नु आवश्यक छ । पर्यटन व्यवसाय आफैंमा राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधार भएकोले यस व्यवसायको विविधीकरण र विस्तारद्वारा आम नागरिकको जीविकोपार्जन र रोजगारीका अवसरमा वृद्धि गरी जनताको जीवनस्तरमा सुधार गर्नु अपरिहार्य भएको छ । यस प्रयोजनार्थ एकातर्फ नेपालका यी विविध सम्पदाको समुचित संरक्षण र सम्वर्द्धन गर्नु अत्यावश्यक भएको छ भने अर्कोतर्फ अन्तर्राष्ट्रिय हवाई यातायात सेवा लगायत पर्यटन सेवासँग सम्बद्ध सबै प्रकारका पूर्वाधार विकास गर्दै पर्यटन सेवा उद्योगको संख्यात्मक एवं गुणात्मक वृद्धि गर्नु आवश्यक छ ।

प्यूठान नगरपालिकाको प्राकृतिक सौन्दर्यता, नदीहरू र हरियाली, अत्यन्तै नजिकबाट अवलोकन गर्न सकिने हिमश्रृंखलाहरुको रमणीयतामा आन्तरिक तथा बाह्य पर्यटकहरूको आकर्षण हुने गर्दछ । प्यूठान नगरपालिकामा रहेको साँस्कृतिक विविधता र प्राकृतिक सौन्दर्यता पर्यटक आकर्षण हो । जुम्रीकाँडामा पर्ने लिस्ने पहाड, शिवालाय, गणेश मन्दिर, भिमसेन मन्दिर, विजुवारको कालिका मन्दिर, जाल्पाथान, सिद्धमेहेल थानजस्ता साँस्कृतिक, प्राकृतिक तथा ऐतिहासिक आकर्षणका क्षेत्रहरूले यस नगरपालिका लाई मनोरम र पर्यटकीय बनाएको छ ।

### क) भित्रिकोट



प्राचिन प्यूठानमा चन्द्रवंशी राजाहरूले राज्य गरेको ऐतिहासिक कथन पाइन्छ। तसर्थ खलंगाबाट ९ कि.मी. उत्तर-पश्चिममा अवस्थित माझकोट एक प्राचिन दरवार थियो जहाँबाट चन्द्रवंशी राजाहरूले प्रशासनिक कार्यहरू संचालन गर्दथे। राजकाजमा आवश्यक सबै वस्तुहरू तथा प्राचिन हातहतियारको व्यवस्था र भण्डारण गर्ने, भाइभारदारहरू भेलाभई राजकाजको सरसल्लाह गर्ने एक सामरिक महत्वको ठाउँको रूपमा यो क्षेत्र चर्चित थियो। सबै हिसाबले सूरक्षित एक किल्लाको रूपमा विकसित यस स्थानमा शत्रुहरूले आक्रमण गर्न सहज थिएन। यसै स्थान भएर चारैतिर आवतजावत गर्ने बाटोहरू भएकोले यहाँ सूरक्षाको लागि सूरक्षा पोष्टको निर्माण गरिएको थियो जसलाई हाल समेत ठानकोट वा ठानाचौर नामले चिनिन्छ।

त्यस ठानाकोटदेखि केहि माथि शंख आकारको पोखरी छ जसलाई रक्तेपोखरी भनिन्छ। किंम्वदन्तीअनुसार यस रक्तेपोखरी शत्रुहरूको रगत जमेर बन्न गएको साथै लासहरूलाई त्यसै पोखरी वरपर गाडिएको भन्ने भनाई छ। यस ठानकोटदेखि दरबारसम्म करिब ६ फिट चौडाइको ढुङ्गाको बाटो बनाइएको छ। यस किल्लाको वरपर बलियो र सूरक्षित पर्खाल थियो यद्यपि त्यो हाल जीर्ण भैसकेको छ। यहाँ रहेका क्षेत्रपाल र खड्गथान मन्दिरहरू सम्पूर्णतः लोपहुने अवस्थामा छन्। क्षेत्रपाल मन्दिरको प्राचिन काष्ठकला महत्वको भएतापनि त्यसको संरक्षण अभावले बहुमूल्य निधि खतरामा परेको छ। यो क्षेत्र एउटा सबल सूरक्षा किल्ला नै थियो भन्ने तथ्य यसको अवस्थितिले नै जनाउँछ। यो एक पहाडको टाकुरामा अवस्थित छ। यहा सिंहबाहिनी देवीको मूर्तिको साथै घण्ट, मूर्ती ध्वजा आदि छन्। विशेषतः यस स्थानमा दशैको अवसरमा नवदुर्गा भवानिको पूजाआजा गर्ने र जमरा राख्ने चलन छ। पर्यटकीय हिसाबले समेत यो निकै मनोरम स्थल भएकोले यहाँबाट हिमश्रृंखलाहरूको दृश्यअवलोकन गर्न सकिन्छ।

### ख) बिजुवार कालिका मन्दिर



बिजुवार बजारमा अवस्थित कालिका मन्दिर एक प्राचीन मन्दिर हो । यस मन्दिर बारेको प्रचलित अभिलेख वि.सं. १९६७ को गुठिपत्रमा भेटिएपनि सो भन्दा अगाडिदेखि नै यसको संरक्षण राज्यस्तरबाट गरिएको पाइन्छ । यहाँ चढाइएका सबैभन्दा पुराना घण्टहरूमा वि.स. १९४४ र वि.स. १९६० को अभिलेख पाइन्छ ।

यस मन्दिरमा भक्तजनहरूको मनोकामना पूर्ण हुने भन्ने जनविश्वासका कारण भत्तजनहरूको आस्था बढेको पाइन्छ । तसर्थ छिमेकी जिल्लाबाट समेत यहाँ भत्तजनहरू आउने गर्दछन् । पुरानो मन्दिरको जिर्णोद्धार भएर नयाँ स्वरूपमा विकसित भएकोले केहि परिवर्तनहरू भएका छन् । भित्तामा टुडाँहरू सजाई त्यसमा सिंह, वृक्ष, पुष्प, अप्सरा आदिका तस्वीर अंकित गरिएको छ ।

### ग) बिजुवार जाल्पाथान

जाल्पादेवीको थान एक रमणिय प्राकृतिक स्थानमा अवस्थित छ । यो विजुवार बजारदेखि पश्चिमतर्फ पर्दछ । मन्दिर नेपाली कलात्मक शैलीमा निर्माण गरिएको छ । यस मन्दिरको रेखदेख गर्न गुठीको जग्गा राखी व्यवस्थित गरिएको छ । यस मन्दिरको गर्भमा ढुङ्गाको मूर्तीहरू राखिएका छन् । नगरपालिकाको पर्यटकिय तथा धार्मिक दृष्टिले यो एउटा महत्वपूर्ण केन्द्र हो ।

### घ) बिजुवार सिद्धमेहेलनाथ थान

बाग्दुला तालमा अवस्थित यो थान एक महत्वपूर्ण धार्मिक स्थल हो । यसको गर्भ गृहमा चर्तुमुख शिवलिङ्ग साथै सिद्धको समाधि राखिएको छ । यसको ऐैतिहासिकतालाई अध्ययन गर्दा प्राचिन प्यूठानी राजा मणिक चन्दले वि.स. १८३२ मा मन्दिर स्थान निर्माण गर्ने लगाई नित्य पूजा गर्ने व्यवस्था गरेको भन्ने पाइन्छ । यसै स्थानमा सिद्ध मेहेलनाथले समाधि लिएको भन्ने भनाई छ । हाल यस थानमा दैनिक पूजाआजा गरिन्छ । यहाँ विशेषत: फाल्गुन शुक्ल चतुर्दशी र मंसिर पूर्णिमाका दिन विशेष पूजाआजा गरी न्वागी चढाएर मात्र नयां अन्न ग्रहण गर्ने स्थानियवासीहरूको चलन छ । यस थानको माथिल्लो भागमा एउटा प्राचिन गुफा समेत रहेको छ ।

### ङ) झिमरुक फाँट



झट्ट हेर्दा झिमरुक फाँट एउटा शान्त, रमणिय पहाडी उपत्यकाजस्तो प्रतित हुन्छ । यो झिमरुक नदीको अविच्छिन्न वहावले बनाएको प्राकृतिक बेसी हो । प्यूठान जिल्लाको प्रमुख उत्पादनशिल क्षेत्र समेत यहि हो । यस फाँटलाई बाह्रै महिना झिमरुक नदीले सिंचित गर्ने हुँदा यो अत्यन्त उर्वर छ । यस क्षेत्रलाई व्यवस्थित गर्न प्यूठान नगरपालिकाले विशेष गुरुयोजना बनाएको छ । यसको सुन्दरता नै यस क्षेत्रको पर्यटन विकासमा महत्पूर्ण रहन्छ ।

**तालिका नं. ५ :** प्यूठान नगरपालिकामा रहेको मठ, मन्दिर प्राकृतिक, साँकृतिक तथा ऐतिहासिक स्थानहरू

| प्रमुख धार्मिक तीर्थस्थल एवंम धार्मिक मन्दिरहरू | | |
|---|---|---|
| क्र.सं. | तीर्थस्थल/मन्दिर | स्थान |
| १ | कालिका मन्दिर | विजुवार |
| २ | भिमसेन मन्दिर | विजुवार |
| ३ | शिवालय मन्दिर | विजयनगर |
| ४ | खैराकोट | खैरा |
| ५ | राजुराथान मन्दिर/क्षेत्रपाल मन्दिर | वडा नं ७ |
| ६ | शिवगोपाल मन्दिर | वडा नं २ |
| ७ | जाल्पास्थान | टारी |
| ८ | सिद्धमेहेलथान | धर्मावती |
| ९ | भूमिस्थाना मन्दिर | वडा नं १ |
| १० | भूमेथान मन्दिर | वडा नं ९ |
| **प्राकृतिक दृश्यावलोकनका स्थानहरू** | | |
| क्र.सं. | प्राकृतिक दृष्य | स्थान |
| १ | लिस्ने पहाड | जुम्रीकाँडा |
| २ | संगुरखाल हलहले डाँडा | विजयनगर |
| ३ | साततले डाँडा | मरन्ठाना |
| ४ | झुलेनी लेक | माझकोट |
| ५ | भित्रीकोट | |
| ६ | गोरखपुरे भीर | मरन्ठाना |
| ७ | मरन्ठाना कोट | |

| प्राकृतिक गुफाहरू | | |
|---|---|---|
| क्र.सं. | गुफाको नाम | स्थान |
| १ | सिद्धढुला गुफा | जुम्रीकाँडा |
| २ | सुडानी गुफा | मरन्ठाना |
| ३ | जोगी गुफा | मंग्रा |
| ४ | चमेरी गुफा | मरन्ठाना |
| ५ | रानी गुफा | भित्रिकोट |
| ६ | सिन्धुला गुफा | मरन्ठाना |
| ८ | बुलबुले धारा | मरन्ठाना |
| | | |
| **ऐतिहासिक महत्वका स्थानहरू** | | |
| क्र.सं. | ऐतिहासिक ठाउँ | स्थान |
| १ | दाख्वाकोट दरबार | वडा नं २ |
| २ | राजुराथान दरवार | वडा नं ७ |
| ३ | वराहथान | वडा नं ७ |

## २.१२ मुख्य चाडपर्वहरू

यस प्यूठान नगरपालिकामा विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरू बसोबास गर्दछन् । यहाँ अधिकांश हिन्दू धर्म मान्ने पहाडी मूलका मानिसहरू रहेका छन् भने बौद्ध, इस्लाम र क्रिस्चियन धर्म मान्ने मानिसहरू पनि छन् । सबै जातजाती र सम्प्रदायका आ-आफ्नै खाले धर्म संस्कृति र चालचलनहरू छन् । जसमा बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह

पञ्चमी, होली, चैते दशैं, साउने-माघे संक्रान्ति, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, श्री स्वस्थानी पूर्णिमा, अंग्रेजी नयाँ वर्ष कर्कट संक्रान्ति, बुद्धजयन्ती, विभिन्न ल्होसार पर्वहरू, ईद, वकरईद, इदुलफितर, क्रिशमस डे, अंग्रेजी नयाँ वर्ष, असारे १५ आदि चाडपर्वहरू रहेका छन् ।

## २.१३ संस्कृति, कला, भाषा र साहित्य



प्यूठान नगरपालिका सँस्कृति, कला, भाषा तथा साहित्यका दृष्टिकोणले धनी नगरपालिकाको रूपमा रहेको छ । नगरपालिकामा विभिन्न किसिमका जातजाति, धर्म र भाषाभाषी बोल्ने परिवारहरूको बसोबास रहेको छ । परम्परागत संस्कृतिमा आधारित असारे गीत, तीज गीत, झ्याउरे भाका र दोहोरी गीत आदि यस नगरपालिकामा सर्वाधिक लोकप्रिय छन् । बैशाख पूर्णिमा, असार १५ मा दही चिउरा खाने, श्रावण १५ मा खिर खाने, बैशाख संक्रान्ति, जेठ पूर्णिमा, भदौरे औँसी, साउने संक्रान्ति, नागपञ्चमी, ऋषितर्पणी पूर्णिमा, बडा दशैं, सराय, तिहार, देउली, कार्त्तिक पूर्णिमा, माघे संक्रान्ति, फागु पूर्णिमा (होली), रामनवमी, ठूलो एकादशी यहाँका जनमानसले मनाउने मुख्य पर्वहरू हुन् । रजवारा मेला, लम्छ्याङ देवाली मेला, खैरा, फूलबारीको मेला, गुरुङ्गको घाँटु नाच आदि नृत्य एवं पर्वहरू भव्यताका साथ मनाइन्छ । यस वाहेक, भाइटिकाको अर्को दिन तृतीयादेखि पञ्चमीसम्म डल्ले सराया (बिजुवार नजिक) उल्लासजनक रूपमा मनाइन्छ भने दाखाक्वाडीको हिक्मतेश्वर मेला पनि उत्तिकै महत्वका साथ लिइन्छ । यी अवसर एवं पर्वहरूमा लट्ठी र तरवारको रोमाञ्चक खेल देखाइन्छ । बिजुलीकोट जात्रा, मसानपाटी (सारिवांग) को कात्तिके जात्रा र मरन्ठानाको ठूलासिम मेला पनि उत्तिकै हर्षोल्लासका साथ मनाइन्छ । खलंगामा घण्टाकर्णदेखि ऋषितर्पणी पूर्णिमासम्म लाखे नाच, गाईजात्रा, पल्टन जात्रा, गणेश जात्रा र माघे पूर्णिमामा मनाइने खरजात्रा पनि लोकप्रिय छन् । यस्तै, भुइँकला, वेदी, नाग, अष्टदल, ज्योति कला, टोटमवादी कला, गाँज (पुत्ला, देवीको प्रतीक पुत्ला), विजय सालको गिलाँस, काष्ठ कला, तेल हाल्ने चाडी, पाल्लो, कोशी, छाप्रो, ढकिया, डोको, नाम्लो, ढकिया, गिलाँस लगायत विभिन्न किसिमका कला, सँस्कृतिहरू प्रचलनमा रहेका छन् । विद्यमान सबै कला, सँस्कृतिको अध्ययन र संरक्षणको अभावका कारण कतिपय कला, सँस्कृति, परम्परा अमूर्त र लोपोन्मुख अवस्थामा रहेका छन ।

यस नगरपालिकामा रहेको स्थानीय कला तथा संस्कृतिको जगेर्ना गर्दै यहाँको प्राकृतिक र पर्यटकीय आर्कषणलाई व्यवस्थित बनाउँदै आन्तरिक र बाह्य पर्यटनलाई प्रोत्साहन गर्न सकिएको खण्डमा नगरको पर्यटकीय विकास भई आर्थिक सबलतासंगै प्यूठान नगरपालिकाको एक बेग्लै पहिचान स्थापित हुन सक्छ ।

### क) डल्ले सराय



यो एक प्राचिन सराय हो । सामान्यतया सराय एक खुशियालीमा रमाउँदै र नाच्दै प्रदर्शन गर्ने कला हो । यसमा तरवार वा तरवार आकारको वस्तुलाई नचाउँदै नाच्ने र अघि बढ्ने चलन हुन्छ । कथनअनुसार भित्रिकोटका राजालाई आक्रमण गर्न आएको शत्रुपक्षको सेनाका प्रमुखलाई राजाका सेनाले मार्ने हेतुले खोज्दै लखेटेको र 'उ' (सेना प्रमुख) 'खोई' भनि कराउँदै लखेटेकोले सराय नाच्दा 'वा खोइ' भन्ने गरिन्छ । त्यसरी लखेट्ने क्रममा 'डल्ले' भन्ने स्थानमा मारेकोले त्यसरी नाच्दै त्यस 'डल्ले' भन्ने स्थानमा भेला भई मेला भर्ने गरिन्छ साथसाथै यो नाँच नगरपालिकाको सबै वडाहरुमा भेला भइ नाँच्ने गर्दछन् र जसले राम्रो प्रस्तुती देखाउँछ उसलाई पुरस्कार पनि व्यवस्था छ । यो सराय सुरु भएको यकिन समय थाहा नभएपनि यसलाई सबैभन्दा प्राचिन सराय भनिन्छ ।



# खण्ड ३ : जनसाङ्खिक विवरण

## ३.१ जनसंख्याको विवरण


कुनैपनि स्थानको जनसंख्या विकासको साधन र साध्य दुवैको रूपमा रहेको हुन्छ। विकासको लागि आवश्यक अन्य आर्थिक, भौतिक साधनहरूको परिचालन मानव श्रोतबाट नै हुने भएकाले विकास योजना तर्जुमा गर्दा यसको बनावटको विविध पक्षहरूको अध्ययन र विश्लेषण आवश्यक हुन्छ। नेपालमा नगरपालिका स्तरमा जनसंख्याको विविध पक्षको तथ्याङ्क प्रत्येक १० वर्षमा हुने राष्ट्रिय जनगणनाको साथै नगरपालिका स्तरमा घरधुरी सर्वेक्षण मार्फत समेत प्राप्त हुने गरेको छ। यहाँ राष्ट्रिय जनगणनाबाट प्राप्त नतिजाको आधारमा जनसंख्याका विविध पक्षहरूको विश्लेषण गरिएको छ।

तालिका नं. ६ : जनसंख्याको विवरण


| विवरण | २०६८ | प्रतिशत |
|---|---|---|
| जम्मा जनसंख्या | ३८४४९ | १००.०० |
| पुरुष | १६८१३ | ४३.७३ |
| महिला | २१६३६ | ५६.२७ |
| लैंगिक दर | ७७.७१ | |
| जम्मा घरधुरी | ८,९६४ | |
| औषत परिवार आकार | ४.२९ | |
| ६ वर्ष र सोभन्दा माथिको साक्षरता दर | ७१.८५ | |
| जनघनत्व (प्रतिवर्ग कि.मी.) | २९८ | |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*


माथिको तालिकामा प्यूठान नगरपालिकाको जनसंख्याको विवरण प्रस्तुत गरिएको छ। राष्ट्रिय जनगणना, २०६८ अनुसार प्यूठान नगरपालिकाको जनसंख्या ३८,४४९ रहेको छ जस मध्ये पुरुष ४३.७३ प्रतिशत (१६,८१३ जना) र महिला ५६.२७ प्रतिशत (२१,६३६ जना) रहेका छन्। सोहीअनुसार लैंगिक अनुपात (Sex Ratio) अर्थात् प्रति १०० महिलामा पुरुषको संख्या ७७.७१ रहेको छ। जनघनत्व २९८ जना प्रति वर्ग किलोमिटर रहेको छ। राष्ट्रिय जनगणना २०६८ अनुसार यस नगरपालिकाका कुल जनसंख्या मध्ये ५१.७५ प्रतिशत १५ देखि ५९ वर्ष उमेर समूहका, ४०.११ प्रतिशत १४ वर्ष वा सो भन्दा कम उमेरका, र ८.१४ प्रतिशत ६० वर्ष वा सो भन्दा माथिल्लो उमेर समूहका रहेका छन्। राष्ट्रिय जनगणना, २०६८ अनुसार प्यूठान नगरपालिकामा ८,९६४ घरपरिवार रहेका छन्। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ बमोजिम यस नगरपालिकाको कुल जनसंख्या मध्ये २.६२ प्रतिशत (१,००६ जना) अपाङ्गता भएकाहरू रहेका छन्। जसमध्ये ५३४ जना पुरुष र ४७२ जना महिला छन्। नेपालमा परिवारको औषत आकार ४.८८ रहेको छ। देशमा सबैभन्दा बढी रौतहट जिल्लामा ६.४४ र सबैभन्दा कम कास्कीमा ३.९२ रहेको देखिन्छ। हाल यस नगरपालिकामा प्रति परिवार औषत ४.२९ जना सदस्य रहेको देखिन्छ।





नक्सा नं ८ : प्यूठान नगरपालिकाको जनसंख्या विवरण




नक्सा नं ९ : प्यूठान नगरपालिकाको वडागत क्षेत्रफल विभाजन




नक्सा नं १० : प्यूठान नगरपालिकाको वडागत जनसंख्या विभाजन




नक्सा नं ११ : प्यूठान नगरपालिकाको वडागत घरधुरी विभाजन


## ३.२ वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण

तालिका नं. ७ : वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण

| वडा नं. | जम्मा क्षेत्रफल | औषत परिवार आकार | जम्मा घरधुरी संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | जनघनत्व |
|---|---|---|---|---|---|---|---|
| १ | १४.९५ | ४.२४ | ८३९ | ३,५५६ | १४८० | २०७६ | २३८ |
| २ | १४.८६ | ४.१९ | ९७७ | ४,०९० | १६७३ | २४१७ | २७५ |
| ३ | १०.६८ | ४.२६ | ९३७ | ३,९९३ | १७०६ | २२८७ | ३७४ |
| ४ | ११.६३ | ३.९९ | १२८६ | ५,१२९ | २३६२ | २७६७ | ४४१ |
| ५ | २१.५९ | ४.७९ | ८९८ | ४,३०१ | १८८९ | २४१२ | १९९ |
| ६ | १२.६७ | ४.६३ | ६९७ | ३,२३० | १४५१ | १७७९ | २५५ |
| ७ | ४.९८ | ४.०१ | ७४३ | २,९८२ | १३३१ | १६५१ | ५९९ |
| ८ | १३.०४ | ४.३१ | ११३२ | ४,८८३ | २२३४ | २६४९ | ३७४ |
| ९ | १३.३५ | ४.२६ | ७२० | ३,०६८ | १३०६ | १७६२ | २३० |
| १० | ११.२ | ४.३८ | ७३५ | ३,२१७ | १३८१ | १८३६ | २८७ |
| जम्मा | १२८.९६ | ४.२९ | ८,९६४ | ३८,४४९ | १६,८१३ | २१,६३६ | २९८ |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

कुल १० वडामा संरचित यस प्यूठान नगरपालिकाको वडागत जनसंख्याको तुलनात्मक विश्लेषण गर्दा सबैभन्दा धेरै जनसंख्या भएको वडा नं ४ रहेको छ जसमा जम्मा जनसंख्या ५,१२९ जहाँ पुरुषको २,३६२ जना र महिलाको २,७६७ जना रहेका छन्। यस वडाको औसत परिवार आकार ३.९९ र घरधुरी संख्या १,२८६ रहेको छ। त्यस्तै सबैभन्दा थोरै जनसंख्या भएको वडा नं.७ रहेको छ जसको जनसंख्या २,९८२ (पुरुष १,३३१ जना र महिलाको १,६५१ जना) रहेको छ भने घरधुरी संख्या ७४३ र औषत परिवार संख्या ४.०१ रहेको छ। सबै भन्दा बढी जनघनत्व भएको वडा नं ७ रहेको छ जसको जनघनत्व ५९९ व्यक्ति प्रति वर्ग कि.मी. रहेको छ भने वडा नं ५ मा सबैभन्दा कम जनघनत्व १९९ व्यक्ति प्रति वर्ग कि.मी. रहेको छ। जसको विस्तृत विवरण माथि तालिकामा उल्लेख गरिएको छ भने उक्त तालिका लाई तल स्पष्ट स्तम्भ चित्रमा देखाईएको छ।




## ३.३ घरमूलीको लैङ्गिक विवरण


चौधौं योजनामा उल्लेख भए अनुसार महिला घरमूली २५.७ प्रतिशत, सम्पतिमाथि महिलाको स्वामित्व २६ प्रतिशत, महिला साक्षरता दर ५७.४ प्रतिशत र श्रम सहभागिता दर ५४ प्रतिशत रहेको छ । यसै तथ्यांकलाई आधार मानी स्थानिय सरकारको रुपमा गठित गाउँपालिका/नगरपालिकाको महिला घरमूलिको विवरण उल्लेख गरिएको छ ।

**तालिका नं. ८ :** घरमूलीको लैङ्गिक विवरण

| वडा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | ३५१ | ३५४ | ४५१ | ७०१ | ५५१ | ३३४ | ४०५ | ६७६ | ३०१ | ३७१ | **४,४९५** | **५०.१५** |
| महिला | ४८८ | ६२३ | ४८६ | ५८५ | ३४७ | ३६३ | ३३८ | ४५६ | ४१९ | ३६४ | **४,४६९** | **४९.८५** |
| जम्मा | ८३९ | ९७७ | ९३७ | **१,२८६** | ८९८ | ६९७ | ७४३ | **१,१३२** | ७२० | ७३५ | **८,९६४** | **१००.००** |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

२०६८ को केन्द्रीय तथ्यांक विभागको नतिजाअनुसार जम्मा ८,९६४ घरधुरी संख्या रहेको यस नगरपालिकामा ५०.१५ प्रतिशत घरमा पुरुषहरू नै घरमुली भएर घरको मुख्य जिम्मेवारी लिइएको पाइन्छ भने ४९.८५ प्रतिशत घरमा महिलाहरू घरमुली भई घरको मुख्य जिम्मेवारी लिइएको देखिन्छ । यो अवस्था समग्र देशको अवस्था भन्दा अलिक फरक छ यस नगरपालिकामा महिला र पुरुष झण्डै बराबर घरमूलीको रूपमा रहेका छन् । यसले प्यूठान नगरपालिकामा महिला पनि पुरुष बराबर भएर जिम्मेवारी लिएको देखिन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।




## ३.४ १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको वैवाहिक स्थितिको विवरण

कुनै पनि देशले विवाहका लागि कानूनमै न्यूनतम उमेर तोकेको हुन्छ। उक्त उमेर नपुग्दै विवाह गरिन्छ भने त्यसलाई बालविवाहको रूपमा तथा कम उमेरमा गरेको विवाहका रूपमा लिने गरिन्छ। नेपालमा मुलुकी ऐन २०२० (एघारौं संशोधन २०५८) ले विवाह गर्दा महिला र पुरुषको उमेर संरक्षकको मञ्जुरी भए अठार वर्ष र संरक्षकको मञ्जुरी नभए वीस वर्ष नपुगी विवाहवारी गर्न नहुने कानून व्यवस्था गरेको छ। वर्तमान समयमा शिक्षाको प्रचारप्रसारका कारणले गर्दा व्यक्तिहरूमा विस्तारै चेतनामा अभिवृद्धि हुँदै आएको कारण वालविवाहको चलन घट्दै गैरहेको पाइन्छ। तापनि अझै केही स्थानहरूमा गलत सामाजिक परम्परा र मूल्य मान्यताका कारण नाबालक अवस्थामै विवाह गरिदिने चलन रहेको देखिन्छ। साथै पछिल्लो समयमा सूचना प्रविधि र सामाजिक सञ्जालको प्रभावले आफुखुसी विवाह गरेका घटनाहरू पनि छन्।

राष्ट्रिय जनसाङ्खीक तथा स्वास्थ्य सर्भेक्षणअनुसार बाल विवाह गर्ने क्रममा १५ देखि १९ वर्षका किशोरीको प्रतिशत तुलनात्मक रूपमा बढ्दै गएको देखिन्छ। प्लान नेपाल लगायत अन्य संस्थाहरू मिलेर गरेको अध्ययन प्रतिवेदन सन् २०१२ अनुसार २६.७ प्रतिशत किशोरीहरू र ५.८ प्रतिशत किशोरहरूले बाल विवाह गरेको देखिन्छ। जुन २०६८ को जनसाङ्खिक तथा स्वास्थ्य सर्भेक्षण भन्दा घट्दो क्रममा देखिन्छ। यस प्यूठान नगरपालिकाको वैवाहिक स्थितिको तल विश्लेषण गरिएको छ ।


तालिका नं. ९ : १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण

| लिङ्ग | कहिल्यै विवाह नभएको | एक विवाह | बहु विवाह भएको | पुनः विवाह भएको | विधवा/ विधुर | पारपाचुके भएको | छुट्टिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| पुरुष | ५११६ | ५४९९ | २६० | ५२१ | २९९ | २३ | ४२ | ११७६० |
| महिला | ५०६४ | ९६०१ | ६१ | ७०० | १३५७ | २६ | १०८ | १६९१७ |
| जम्मा | १०१८० | १५१०० | ३२१ | १२२१ | १६५६ | ४९ | १५० | २८६७७ |
| प्रतिशत | ३५.५० | ५२.६६ | १.१२ | ४.२६ | ५.७७ | ०.१७ | ०.५२ | १०० |

*स्रोतः राष्ट्रिय जनगणना २०६८*

माथिको तालिका यस नगरपालिकामा १० वर्ष वा सोभन्दा माथिल्लो उमेरका विवाहित व्यक्तिहरूको वैवाहिक स्थितिको अवस्था देखाइएको छ। माथिको आँकडामा प्यूठान नगरपालिकामा १० वर्ष माथिको उमेर समुहका व्यक्तिहरूमा गरिएको सर्वेक्षणमा कुल २८,६७७ मध्ये १०,१८० अर्थात ( ३५.५० प्रतिशत) अविवाहित छन् भने यस नगरपालिकामा कुल जनसंख्याको ६४.५० प्रतिशत विवाहित छन् । जसमा १५,१०० जना ( ५२.६६ प्रतिशत) एक विवाह गर्नेको संख्या र बहु विवाह गर्ने ३२१ जना (१.१२ प्रतिशत) रहेको छ। पुनः विवाह गर्ने १,२२१ जना (४.२६ प्रतिशत), विधुवा/विधुर १,६५६ जना (५.७७ प्रतिशत), पारपाचुके भएका ४९ जना (०.१७ प्रतिशत) र छुट्टिएका १५० जना (०.५२ प्रतिशत) रहेका छन्।

नगरपालिकामा एक विवाह गर्ने महिलाको संख्या एक विवाह गर्ने पुरुषको भन्दा २७.१९ प्रतिशतले बढी रहेको छ भने बहु विवाह गर्ने पुरुषको संख्या २६० हुँदा बहु विवाह गर्ने महिलाको संख्या ६१ रहेको देखिन्छ जहाँ ६१.९९ प्रतिशतले अन्तर देखिन्छ भने विदुर पुरुषको संख्या २९९ र विधवा महिलाको संख्या १,३५७ रहेको छ यसले समाजिक रूपमा महिला र पुरुषको वैवाहिक अवस्था असमान देखिन्छ यसको साथै नेपाली समाजमा रहेको पितृसत्तात्मक सोच हावी भएको देखिन्छ । उल्लेखित विवरणलाई तल बार ग्राफ बाट प्रस्तुत गरिएको छ।




## ३.५ उमेर समूहअनुसार पहिलो विवाह गर्दाको उमेरको विवरण

**तालिका नं. १० :** उमेर समूहअनुसार पहिलो विवाह गर्दाको उमेरको विवरण


| लिङ्ग | १० वर्ष सम्ममा | १०-१४ वर्ष | १५-१९ वर्ष | २०-२४ वर्ष | २५-२९ वर्ष | ३०-३४ वर्ष | ३५-३९ वर्ष | ४०-४४ वर्ष | ४५-५० वर्ष | ५० वर्ष माथि | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | १० | २०४ | २७७६ | २५५० | ८६४ | १८४ | ३९ | १३ | ५ | १ | ६,६४६ |
| महिला | १३३ | १७५९ | ७९५८ | १७८७ | १९४ | ५५ | १२ | ४ | १ | १ | ११,९०४ |
| जम्मा | १४३ | १,९६३ | १०,७३४ | ४,३३७ | १,०५८ | २३९ | ५१ | १७ | ६ | २ | १८,५५० |
| प्रतिशत | ०.७७ | १०.५८ | ५७.८७ | २३.३८ | ५.७० | १.२९ | ०.२७ | ०.०९ | ०.०३ | ०.०१ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

माथिको उल्लेखित तालिकामा १० वर्ष वा सोभन्दा माथिल्लो उमेरका विवाहित व्यक्तिहरूको पहिलो विवाह गर्दाको उमेरको विवरण देखाइएको छ। (१५ वर्षदेखि १९ वर्षसम्म) को उमेर समूहमा विवाह गर्नेको संख्या १०,७३४ अर्थात् सबैभन्दा बढी (५७.८७ प्रतिशत) देखिन्छ भने त्यसपछि २० वर्षदेखि २४ वर्षसम्मको उमेर समूहको संख्या ४,३३७ (२३.३८ प्रतिशत) देखिन्छ। तेस्रोमा १० देखि १४ वर्ष उमेरसमूहको संख्या १,९६३ (१०.५८ प्रतिशत) रहेको छ भने १० बर्षसम्मका उमेरसमूहका बालबालिकाको पनि पहिलो विवाह गर्दाको जनसंख्या १४३ (०.७७ प्रतिशत) रहेको देखिन्छ। नेपालको मुलुकी ऐन, २०२० को(एघारौं संशोधन २०५८) भएको व्यवस्था र व्याख्याअनुसार अभिभावकको मञ्जुरीमा विवाह गर्ने उमेर १८ वर्ष पुरा हुनुपर्ने र आफुखुसी विवाहको उमेर २० वर्ष पुरा भनिएता पनि हाल कुल जनसंख्याको ६०.५० प्रतिशत व्यक्तिको विवाह १५ वर्षदेखि १९ वर्षभित्र भइसकेको देखिन्छ। उल्लेखित विवरणलाई तल स्तम्भ चित्रमा देखाइएको छ।



## ३.६ उमेर समूहअनुसार जनसख्याको विवरण




नक्सा नं १२ : प्यूठान नगरपालिकाको वडागत क्षेत्रफल विभाजन


तालिका नं. ११ : उमेर समूहअनुसार जनसंख्याको विवरण

| उमेर समूह | पुरुष | महिला | जम्मा | प्रतिशत | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|
| ०–४ | २२७० | २०९२ | ४,३६२ | ११.३४ | १.०९ |
| ५–९ | २७८३ | २६२७ | ५,४१० | १४.०७ | १.०६ |
| १०–१४ | २८४० | २८११ | ५,६५१ | १४.७० | १.०१ |
| १५–१९ | १७४९ | २४४३ | ४,१९२ | १०.९० | ०.७२ |
| २०–२४ | ९४५ | २०६० | ३,००५ | ७.८२ | ०.४६ |
| २५–२९ | ७८४ | १७२० | २,५०४ | ६.५१ | ०.४६ |
| ३०–३४ | ७६३ | १३४३ | २,१०६ | ५.४८ | ०.५७ |
| ३५–३९ | ७०४ | १२७६ | १,९८० | ५.१५ | ०.५५ |
| ४०–४४ | ६७८ | १०९६ | १,७७४ | ४.६१ | ०.६२ |
| ४५–४९ | ६६५ | ९१४ | १,५७९ | ४.११ | ०.७३ |
| ५०–५४ | ६२४ | ८३९ | १,४६३ | ३.८१ | ०.७४ |
| ५५–५९ | ५७७ | ७१६ | १,२९३ | ३.३६ | ०.८१ |
| ६०–६४ | ५१४ | ६७५ | १,१८९ | ३.०९ | ०.७६ |
| ६५–६९ | ४०२ | ४४२ | ८४४ | २.२० | ०.९१ |
| ७०–७४ | २६८ | २८५ | ५५३ | १.४४ | ०.९४ |
| ७५–७९ | १५० | १६३ | ३१३ | ०.८१ | ०.९२ |
| ८०–८४ | ७० | ९४ | १६४ | ०.४३ | ०.७४ |
| ८५–८९ | १८ | ३० | ४८ | ०.१२ | ०.६० |
| ९०–९४ | ५ | ५ | १० | ०.०३ | १.०० |
| ९५+ | ४ | ५ | ९ | ०.०२ | ०.८० |
| **जम्मा** | **१६,८१३** | **२१,६३६** | **३८,४४९** | १००.०० | ०.७८ |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

यस नगरपालिकामा २०६८ को जनगणना अनुसार, ०-१४ वर्ष उमेर समूहको संख्या १५,४२३ ( ४०.११ प्रतिशत) रहेको छ, १५-४५ वर्ष उमेर समूहको जनसंख्या १५,५६१ (४०.४६ प्रतिशत) छ, १५ देखि ५९ वर्षको सकृय जनसंख्या १९,८९६ (५१.७५ प्रतिशत) रहेको छ। ६० वर्ष भन्दा माथि उमेर समूहको संख्या १,०५० (६.९७ प्रतिशत) रहेको छ। तथ्याङ्कले नगरपालिकामा उर्जावान मानव स्रोतको प्रशस्तमात्रामा सम्भावना रहेको तथ्य तथ्याङ्कले देखाउँछ। साथै बालबालिकाको संख्या पनि उच्च हुनुले आगामी दिनहरूमा पनि यस नगरपालिकामा मानव स्रोतको कमी नहुने देखाउँछ। जसलाई स्तम्भ चित्रमा देखाइएको छ।

उमेर समूहअनुसार जनसख्याको विवरण




## ३.७ जातजाती समूहअनुसार जनसंख्याको विवरण

प्यूठान जिल्लामा ब्राम्हण, क्षेत्री, मगर, सुनार, कामी, सन्यासी, सार्की, दमाई, नेवार, ठकुरी, दमाई, थकाली, तामाङ्ग आदि जातका मानिसहरू वसोवास गर्दछन । प्यूठान नगरपालिकासँग पहाड तथा तराईको सम्पर्क भएको हुँदा यहाँको सामाजिक जनजीवन तथा पद्धतिमा पनि आफ्नै विशेषताहरू छन् । ऐतिहासिक रूपले पनि मर्स्याङ्गदी नदी देखि प्यूठान सम्मको प्रदेश मगरातमा पर्ने हुँदा मगर यहाँको प्रमुख जाति हो । यहाँ प्रशस्त मगर वस्तीहरू छन । यहाँको जनसंख्यामा मगर जातिको प्रतिशत २०४८ सालमा ३१.३४ र २०५८ मा ३१ प्रतिशत र २०६८ मा ३२.५८ देखिन्छ । यसैगरी प्यूठान नगरपालिकाको जातजातिअनुसार जनसंख्याको विवरणलाई तल तालिकामा देखाईएको छ ।


**तालिका नं. १२ :** प्यूठान नगरपालिकाको जनसंख्या र जातजातिको विवरण

| क्र.सं. | जातजाति | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | क्षेत्री | ११,९६७ | ३१.१२ |
| २ | मगर | ८,१९० | २१.३० |
| ३ | ब्राम्हण पहाडी | ५,०३५ | १३.१० |
| ४ | कामी | ४,२१२ | १०.९५ |
| ५ | सार्की | ३,२२६ | ८.३९ |
| ६ | कुमाल | १,७४२ | ४.५३ |
| ७ | सन्याशी/दशनामी | १,०२० | २.६५ |
| ८ | दमाई/ढोली | ९५६ | २.४९ |
| ९ | नेवार | ५९८ | १.५६ |
| १० | थारु | ४९८ | १.३० |
| ११ | गुरुङ | ४९८ | १.३० |
| १२ | अन्य | ५०९ | १.३२ |
| | जम्मा | ३८,४४९ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

माथिको तालिका अनुसार प्यूठान नगरपालिकाको सामाजिक संरचनाको दृष्टिकोणबाट विविधतायुक्त रहेको पाईन्छ। राष्ट्रिय जनगणना, २०६८ अनुसार प्यूठान जिल्लामा कुल २० किसिमका जातजातिको बसोबास रहेको पाईन्छ। यसरी प्यूठान जिल्लामा अवस्थित प्यूठान नगरपालिकामा विभिन्न जातजाति, समूहअनुसार जनसंख्याको अवस्थालाई हेर्दा सबैभन्दा बढी जाति क्षेत्री ११,९६७ जना (३१.१२%), दोस्रोमा मगर ८,१९० (२१.३०%) र तेस्रोमा ब्राम्हण ५,०३५ (१३.१०%), कामी ४,२१२ (१०.९५%) सार्की ३,२२६ ( ८.३९ %),सन्यासी /दशनामी १,०२० (२.६५%) दमाई/ढोली ९५६ (२.४९%) रहेका छन् भने सबै भन्दा कम ठकुरी, मुसलमान, गाईने, ब्राम्ह्ण तराई, दलित अन्य रहेका छन् घर्ती भुजेल गुरुङ, नेवार लगायतका जातजातिको बसोबास रहेको छ जसको विस्तृत विवरण माथि तालिकामा साथै तल स्तम्भमा प्रस्तुत गरिएको छ ।

जातजाति समूहको जनसंख्याको विवरण





## ३.८ मातृभाषाअनुसार जनसंख्याको विवरण

**तालिका नं. १३ :** मातृभाषाअनुसार जनसंख्याको विवरण

| क्र.सं. | भाषा | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | नेपाली | ३७,५६४ | ९७.७० |
| २ | नेवार | ४४२ | १.१५ |
| ३ | अन्य | ४४० | १.१४ |
| ४ | उल्लेख नगरिएको | ३ | ०.०१ |
| | जम्मा | **३८,४४९** | **१००.००** |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

मातृभाषाअनुसार जनसंख्याको तुलनात्मक अध्ययन गर्दा यस नगरपालिकामा अधिकाशंले नेपाली भाषा नै बोल्नेहरूको संख्या सबैभन्दा बढी अर्थात ३७,५६४ (९७.७० प्रतिशत) रहेको देखिन्छ। नेपाली भाषाको बर्चस्व रहेको यस प्यूठान नगरपालिकामा नेपाली बाहेक नेवारी, मगर, भोजपुरी, हिन्दी, मैथली, डोटेली, तामाङ र सांकेतिक भाषा बोल्नेहरूको संख्या न्यून छ। कामकाजको भाषा भने नेपाली भाषा प्रयोग हुने गरेको छ । यसलाई तल स्तम्भ चित्र बाट प्रष्ट्याईएको छ।




## क) आदीवासी

आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ अनुसार आदिवासी जनजाती भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै साँस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएका ५८ जाति वा समुदायलाई बुझिन्छ।

यस नगरपालिकाको कुल जनसंख्या ३८,४४९ मध्ये २५.९१ प्रतिशत (९,९६१ जना) जनसंख्या आदिवासी (मगर, नेवार, गुरुङ, तामाङ, आदि) रहेको छ। जसमा सबैभन्दा बढी मगर जातिको संख्या ८,१९० अर्थात कुल जनसंख्याको (२१.३० प्रतिशत) जनसंख्या रहेको पाइन्छ। मुख्यतः कृषि पेशामा संलग्न यी समुदायमा साक्षरता प्रतिशत तुलनात्मक रूपमा न्यून रहेको छ। यी समुदायद्वारा प्यूठान नगरपालिकाको मौलिक संस्कृतिलाई जिवन्त राख्न सहयोग पुऱ्याएको देखिन्छ। यो समुदाय सामाजिक, राजनैतिक र आर्थिक विकासको दृष्टिकोणले समेत तुलनात्मक रुपमा पछाडि परेको देखिन्छ। प्यूठान नगरपालिकाको विकासको लागि यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन क्षमता विकास, सशक्तिकरण जस्ता विशेष कार्यहरूको पहल गर्नु पर्ने देखिन्छ।

### ख) सिमान्तकृत तथा उत्पीडित समुदाय (कामी, दमाई, सार्की, दलित अन्य)

नेपालको संविधान (२०७२) को भाग ३४ को धारा ३०६ को (५) मा सिमान्तकृत जनसंख्या भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रुपले पछाडि पारेका, विभेद र उत्पीडित तथा भौगोलिक विकटताको कारणले सेवा सुबिधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघिय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिका समुदाय भनेर परिभाषित गरेको छ ।

नेपालको संविधान (२०७२) को भाग ३४ को धारा ३०६ को (५) मा सिमान्तकृत जनसंख्या भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि पारेका, विभेद र उत्पीडित तथा भौगोलिक विकटताको कारणले सेवा सुबिधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघिय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिका समुदाय भनेर परिभाषित गरेको छ ।

जात जातिको हिसावले प्यूठान नगरपालिकामा दोस्रो ठुलो समुदायको रूपमा रहेको उत्पीडितहरूले लगभग २६.५३ प्रतिशत हिस्सा ओगटेको छ। सामाजिक विभेदका रूपमा छुवाछुतजस्तो अमानवीय भेदभाव भोगिरहेको यो समुदायले राजनितिक, आर्थिक र सामाजिक क्षेत्रमा समेत उपेक्षाको सिकार हुनु परेको छ। यस समुदायका प्रा.वि., निमावि, र मा.वि.मा अध्ययनरत छात्रछात्राहरूको संख्या तुलनात्मक रूपमा कम रहेको छ। परम्परागत शिल्पको धनी यो समुदायले आफ्नो सिपलाई आर्थिक विपन्नता र सामाजिक उपेक्षाका कारण पनि अघि बढाउन नसकेको पाइन्छ। मुलुकी ऐन २०२० को कानूनी व्यवस्था अन्तर्गत जातिय छुवाछुतलाई  कानूनी अपराधको रूपमा परिभाषित गरिएको झण्डै ५ दशक भएपनि उत्पीडित र अपेक्षित समुदायले अद्यापि सार्वजनिक स्थल (मन्दिर) मा प्रवेशका लागि स्थानीय निकायहरूसँग मिलेर चरणबद्ध अभियान संचालन गर्नुपर्ने अवस्था कायमै रहेको छ। सार्वजनिक सेवा र गैर सरकारी सेवामा पनि यो समुदायको उपस्थिति अत्यन्तै न्यून छ। त्यसै गरी राजनितिक क्षेत्रमा २०४६ साल यता यो समुदायले आफ्ना सामुदायिक संगठनहरू समेत निर्माण गरेको पाइन्छ। राजनितिक नेतृत्वमा भने सीमित व्यक्तिहरूमात्र यस समुदायको प्रतिनिधित्व गरिरहेका छन्। यस समुदायका अधिकांश व्यक्तिहरू अदक्ष र अर्धदक्ष जनशक्ति कै रूपमा ज्याला, मजदुरी गरेर जीवनयापन गरिरहेको पाइन्छ। नगरपालिकाको विकासको लागि यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन विशेष अभियानको नै थालनी गर्नुपर्ने अवस्था देखिन्छ।

## ३.९ धर्मअनुसार जनसंख्याको विवरण

यस नगरपालिकाकामा ९८.३३ प्रतिशत मानिसहरूले सनातन हिन्दु धर्मलाई अपनाएको देखिन्छ भने अन्य धर्ममा बौद्ध, क्रिश्चियन र इस्लाम अपनाएको देखिन्छ । क्रिश्चियन, किंरात, मुस्लिमजस्ता धर्मावलम्बी तुलनात्मक रूपमा कम देखिन्छन् । आर्य-संस्कृतिका विधि-विधान र धर्म शास्त्र रामायण, महाभारत, पूराण आदि ग्रन्थहरूको आधार मानी ती बिषयवस्तुहरूलाई लोकभाषा, लोकलय, लोकधुन, र लोकशैलीमा ढालेर लोकजीवनको सेरोफेरोसित तादात्म्य मिलाई आफ्नोपन झल्काउने गरी दोहोरी, लोकगीत आदिको रूपमा विभिन्न विशिष्ट अवसरहरूमा प्रस्तुत गरिन्छ। नगरपालिकामा विभिन्न समुदायका मानिसहरूको बसोबास रहेका हुनाले उनीहरूका आ-आफ्नै चाडपर्वहरू छन् । जस्तै हिन्दू धर्मावलम्बीहरूले बडादशैं, तिहार,


रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, होली, चैते दशैं, साउने-माघे संक्रान्ती, गोठधूप, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, श्री स्वस्थानी पूर्णिमा, नयाँ वर्ष सोह्रश्राद्ध, आदि चाडपर्वहरू मनाउँने गर्दछन् । बौद्ध धर्मावलम्बीहरूले बुद्धजयन्ती, विभिन्न ल्होसार पर्वहरू, तिहार आदि मनाउने गरेको पाइएको छ । क्रिश्चियनहरूले क्रिशमस डे, अंग्रेजी नयाँ वर्ष, भ्यालेनटाइन डे आदि मनाउने गर्दछन् ।

**तालिका नं. १४ :** धर्मअनुसार जनसंख्याको विवरण

| धर्म | हिन्दु | बौद्ध | क्रिश्चियन | इस्लाम | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| संख्या | ३७८०६ | ३६५ | १९४ | ५५ | २९ | **३८४४९** |
| प्रतिशत | ९८.३३ | ०.९५ | ०.५० | ०.१४ | ०.०८ | **१००.००** |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

माथिको तालिकामा प्यूठान नगरपालिकाको धर्मगत जनसंख्याको तथ्यांकलाई देखाइएको छ । धार्मिक दृष्टिकोणले हेर्दा यस नगरपालिकामा अधिकांश हिन्दु धर्मावलम्बीहरू रहेका छन्। पछिल्लो जनगणनाअनुसार यहाँको कुल जनसंख्या ३८,४४९ जनामा ९८.३३ प्रतिशत (३७,८०६ जना) हिन्दु धर्मावलम्बीहरू रहेका छन् भने बौद्ध, क्रिश्चियन, ईस्लाम मान्ने क्रमश ३६५ (०.९५ प्रतिशत), १९४ (०.५० प्रतिशत) र ५५(०.१४ प्रतिशत) जना रहेका छन् र उल्लेख नगरिएको २९ (०.०८ प्रतिशत) जना रहेका छन् । यी विविध तथ्यबाट नगरपालिकामा धार्मिक संरचनाको दृष्टिकोणबाट विविधता सहित हिन्दु बाहुल्यता रहेको देखिन्छ ।




## ३.१० परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण

तालिका नं. १५ : परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण

| वडा नं. | निजी | भाडा | संस्थागत | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| १ | ८१६ | १८ | ० | ५ | ८३९ |
| २ | ९२६ | ४२ | ० | ९ | ९७७ |
| ३ | ८९१ | ३९ | ३ | ४ | ९३७ |
| ४ | ९६७ | २६१ | ४१ | १७ | १,२८६ |
| ५ | ८८८ | ५ | १ | ४ | ८९८ |
| ६ | ६८८ | ८ | ० | १ | ६९७ |
| ७ | ६४२ | ८३ | ४ | १४ | ७४३ |
| ८ | १०३१ | ९६ | ३ | २ | १,१३२ |
| ९ | ६९४ | २१ | ० | ५ | ७२० |
| १० | ७०९ | २१ | ० | ५ | ७३५ |
| जम्मा | ८,२५२ | ५९४ | ५२ | ६६ | ८,९६४ |
| प्रतिशत | ९२.०६ | ६.६३ | ०.५८ | ०.७४ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

माथिको तालिकामा प्यूठान नगरपालिकामा परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण देखाइएको छ। यस नगरपालिकामा जम्मा ८,९६४ घरधुरीहरूमध्ये आफ्नो स्वामित्वमा रहेको घरधुरी संख्या ८,२५२ (९२.०६ प्रतिशत), भाडामा बस्ने घरधुरी संख्या ५९४ (६.६३) प्रतिशत रहेको देखिन्छ । त्यस्तै संस्थागत घरधुरी ५२ (०.५८ प्रतिशत) र अन्य घरधुरीको संख्या ६६ (०.७४ प्रतिशत) रहेका छन्। त्यस्तै परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरणलाई वडागत रूपमा तुलना गर्दा वडा नं. ४ मा भाडाको र संस्थागत घरधुरी अन्य वडाहरूको तुलनामा बढी देखिन्छ भने अन्य सबै वडाहरूमा निजी स्वामित्वको घरहरू धेरै देखिन्छ। यसको विस्तृत विवरण माथि तालिकामा उल्लेख गरिएको छ साथसाथै तल स्तम्भ चित्रमा पनि देखाईएको छ ।




## ३.११ महिलाका नाममा भएको घरको स्वामित्वको विवरण

तालिका नं. १६ : महिलाको नाममा भएको घरधुरीको विवरण

| वडा नं. | भएको | नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|
| १ | १३५ | ७०४ | ० | ८३९ |
| २ | १६० | ८१३ | ४ | ९७७ |
| ३ | १६६ | ७६४ | ७ | ९३७ |
| ४ | १७८ | ११०२ | ६ | १,२८६ |
| ५ | ३४ | ८६३ | १ | ८९८ |
| ६ | ४३ | ६५२ | २ | ६९७ |
| ७ | १४७ | ५७९ | १७ | ७४३ |
| ८ | १८८ | ९३२ | १२ | १,१३२ |
| ९ | ८२ | ६३६ | २ | ७२० |
| १० | १७७ | ५५३ | ५ | ७३५ |
| जम्मा | १,३१० | ७,५९८ | ५६ | ८,९६४ |
| प्रतिशत | १४.६१ | ८४.७६ | ०.६२ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

माथिको तालिकामा प्यूठान नगरपालिकामा महिलाका नाममा भएको घरको स्वामित्वको विवरण देखाइएको छ। नगरपाललिकाको कुल घरधुरी संख्या ८,९६४ रहेको छ । जसमा महिलाको स्वामित्वमा नभएको घरधुरी संख्या ७,५९८ (८४.७६ प्रतिशत) र स्वामित्व भएको घरधुरी संख्या १,३१० (१४.६१ प्रतिशत) रहेको छ भने स्वामित्व उल्लेख नगरिएको घरधुरी संख्या ५६ (०.६२ प्रतिशत) रहेको छ । अझै पनि महिलाको घरमा स्वमित्व नगन्य छ जबकी जनसंख्यको हिसाबमा १२.५४ प्रतिशत महिलाको संख्या बढी छ । प्यूठान नगरपलिकाको यो तथ्याकंले सम्पतिमा महिलाको स्वामित्वमा प्रश्न चिन्ह् खडा गरेको छ । यो तालिका लाई अझ प्रष्ट बनाउन स्तम्भमा प्रस्तुत गरिएको छ ।




माथिको विवरण र स्तम्भलाई हेर्दा सम्पतिमा लैङ्गिक स्वामित्वको असमान स्थिति रहेको छ । प्यूठान नगरपालिकाको विवरणले आजको समयमा समेत लैङ्गिक असमानताको चरम स्थिति चित्रण गर्दछ । घरमा महिलाको स्वामित्व पुरुषको तुलनामा अत्यन्तै कम रहेको देखिन्छ । यस्तो खालको अन्तरलाई कम गर्न राज्यले विशेष खालका कार्यक्रमहरू ल्याउनु पर्ने तथा जनचेतना अभिवृद्धि गर्नुपर्ने देखिन्छ ।


## ३.१२ महिलाका नाममा भएको जग्गाको स्वामित्वको विवरण

**तालिका नं. १७ :** महिलाको नाममा भएको जग्गाको स्वामित्वको विवरण

| वडा नं. | भएको | नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|
| १ | १९९ | ६४० | ० | ८३९ |
| २ | २६६ | ७०७ | ४ | ९७७ |
| ३ | २१५ | ७१५ | ७ | ९३७ |
| ४ | २८० | १००० | ६ | १,२८६ |
| ५ | १०७ | ७९० | १ | ८९८ |
| ६ | ६७ | ६२८ | २ | ६९७ |
| ७ | २३० | ४९६ | १७ | ७४३ |
| ८ | २७९ | ८४१ | १२ | १,१३२ |
| ९ | १२४ | ५९४ | २ | ७२० |
| १० | २१५ | ५१५ | ५ | ७३५ |
| जम्मा | १,९८२ | ६,९२६ | ५६ | ८,९६४ |
| प्रतिशत | २२.११ | ७७.२६ | ०.६२ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

यस प्यूठान नगरपालिकामा जग्गामा महिलाको स्वामित्व भएको विवरणअनुसार जग्गामा स्वामित्व भएको महिलाको संख्या १,९८२ (२२.११ प्रतिशत) र जग्गामा स्वामित्व नभएको महिलाको संख्या ६,९२६ (७७.२६ प्रतिशत) रहेको छ । विवरणले घरमा महिलाको स्वामित्व भन्दा तुलनात्मकरूपमा जमिनमा महिलाको स्वामित्व केही बढी देखिन्छ । माथिको तालिकालाई तल स्तम्भ प्रस्तुत गरिएको छ ।



माथिको विवरण र स्तम्भलाई अध्ययन गर्दा महिला समानता कायम गर्न नेपाल सरकारले महिलाको नाममा जग्गा रजिष्ट्रेसन गर्दा राजस्वमा छुट दिएको छ यसले जमिनको स्वामित्वमा केही परिवर्तन भएको पाइन्छ। घरमा महिलाको स्वामित्व १४.६१ प्रतिशत रहेको मा जमिन प्रतिको स्वामित्व २२.११ प्रतिशत रहेको छ यसको प्रमुख कारण महिलाको नाममा कारोबार गर्दा हुने छुट नीति हो, यद्यपि लैङ्गिक आधारमा जग्गाको स्वामित्व पुरुषको तुलनामा महिलाको अत्यन्त कम देखिन्छ। यस ठुलो अन्तरलाई कम गर्न विशेष खालका कार्यक्रमहरू ल्याउनु पर्ने देखिन्छ जसले नेपालको विकासमा तगारो बनेर रहेको लैङ्गिक असमानतालाई सुधारको बाटो तर्फ अग्रसर गराओस्।

## ३.१३ अनुपस्थित घरधुरी र जनसंख्याको विवरण

तालिका नं. १८ : अनुपस्थित घरधुरी र जनसंख्याको विवरण

| उपस्थित घरधुरी | अनुपस्थित घरधुरी | थाहा नभएको | जम्मा घरधुी |
|---|---|---|---|
| ४१२१ | ४८३३ | १० | ८९६४ |
| ४५.९७ | ५३.९२ | ०.११ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

माथिको तालिकामा सर्वेक्षण गरिएको घरधुरीको विवरण देखाईएको छ। अनुपस्थित घरधुरी संख्या ५३.९२ प्रतिशत अर्थात ४,८३३ घरधुरी रहेको देखिन्छ।


## ३.१४ बाहिरी गारोको आधारमा घरको बनोटको विवरण

तालिका नं. १९ : बाहिरी गारोका आधारमा घरको बनोटको विवरण

| वडा नं. | माटोको जोडाइ भएको ईँटा/ढुङ्गा | सिमेन्टको जोडाइ भएको ईँटा/ढुंगा | काठ/फल्याक | बाँसजन्य सामग्री | काँचो ईँटा | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | ८०५ | २९ | १ | ३ | ० | ० | १ | ८३९ |
| २ | ७२५ | ९९ | २ | १३ | १३३ | १ | ४ | ९७७ |
| ३ | ८५९ | ७० | १ | ६ | ० | ० | १ | ९३७ |
| ४ | ९११ | ३५४ | १ | १७ | ० | ० | ३ | १,२८६ |
| ५ | ८४९ | १२ | ४ | ३२ | ० | १ | ० | ८९८ |
| ६ | ६८५ | २ | ० | ८ | ० | ० | २ | ६९७ |
| ७ | ६१२ | ११५ | १ | ३ | १ | ० | ११ | ७४३ |
| ८ | ९४६ | १५४ | २ | १ | ० | ० | २९ | १,१३२ |
| ९ | ६६९ | ४५ | १ | ३ | ० | ० | २ | ७२० |
| १० | ६८३ | ३७ | २ | १० | ० | ० | ३ | ७३५ |
| जम्मा | ७,७४४ | ९१७ | १५ | ९६ | १३४ | २ | ५६ | ८,९६४ |
| प्रतिशत | ८६.३९ | १०.२३ | ०.१७ | १.०७ | १.४९ | ०.०२ | ०.६२ | १०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

माथिको तथ्यांकलाई हेर्दा यस प्यूठान नगरपालिकामा परिवारले प्रयोग गरेको घरको बाहिरी गारोको आधारमा माटोको जोडाइ बाट बनेको सबैभन्दा धेरै घरधुरी संख्या ७,७४४ (८६.३९ प्रतिशत) छ भने सबैभन्दा कम काँचो ईटाबाट बनेको घरधुरी संख्या १३४ (१.४९ प्रतिशत) रहेको छ। यसैगरी काठ तथा फल्याकको बाहिरी गारो भएको घरधुरी संख्या १५ (०.१७ प्रतिशत), सिमेन्टको जोडाई भएको ईटा ढुङ्गाबाट बनेको घरधुरी संख्या ९१७ (१०.२३ प्रतिशत),बाँसजन्य समाग्रीबाट बनेको घरधुरी संख्या ९६ (१.०७ प्रतिशत), रहेको छ भने अन्य २ (०.०२ प्रतिशत) र उल्लेख नगरिएको ५६ (०.६२ प्रतिशत) घरधुरी संख्या रहेको देखिन्छ। त्यस्तै वडागत रूपमा घरको बाहिरी गारोको आधारमा संरचना हेर्ने हो भने सबैभन्दा बढी सिमेन्टको जोडाई भएको ईँटा तथा ढुंगाबाट बनेको बाहिरी गारो भएको घरधुरी संख्या ३५४ वडा नं. ४ मा रहेको देखिन्छ भने सबैभन्दा कम वडा नं. १ र ६ मा रहेको पाईयो। यो विवरणलाई तल स्तम्भ चार्टमा प्रस्तुत गरिएको छ।




यस क्षेत्रमा परम्परागत कौशल प्रयोग गरी निर्माण गरिएका घरधुरी अधिक रहेका छन्।

## ३.१५ छानाको आधारमा घरको बनोटको विवरण


**तालिका नं. २०** : छानाको आधारमा घरको बनोटको विवरण

| वडा नं. | खर/पराल/छ्वाली | जस्ता/टिन /च्यादर | टायल/खपडा/झिँगटी/ ढुङ्गा | सिमेन्ट/ढलान | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | १६२ | ३७० | २८० | २५ | १ | ० | १ |
| २ | २०० | ४५० | २१९ | १०१ | ० | २ | ५ |
| ३ | २३६ | ३३३ | ३११ | ५४ | ० | ० | ३ |
| ४ | २०७ | ५०५ | २७३ | २९४ | ३ | १ | ३ |
| ५ | ५७९ | ५७ | २५० | १० | ० | ० | २ |

| वडा नं. | खर/पराल/ छ्वाली | जस्ता/टिन /च्यादर | टायल/खपडा/ झिँगटी/ ढुङ्गा | सिमेन्ट/ ढलान | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| ६ | ३३७ | १६९ | १८९ | ० | ० | ० | २ |
| ७ | ११८ | २६० | २२४ | १२९ | ० | ० | १२ |
| ८ | ३३३ | ३८६ | २४५ | १३६ | ० | १ | ३१ |
| ९ | २५२ | ३४२ | ८२ | ४२ | ० | ० | २ |
| १० | २३१ | ३९० | ७१ | ३९ | १ | ० | ३ |
| जम्मा | २,६५५ | ३,२६२ | २,१४४ | ८३० | ५ | ४ | ६४ |
| प्रतिशत | २९.६२ | ३६.३९ | २३.९२ | ९.२६ | ०.०६ | ०.०४ | ०७१ |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

यस प्यूठान  नगरपालिकामा भएका घरधुरीहरूलाई छानाको बनोटको आधारमा छुट्याउँदा जस्ता टिन च्यादरको छाना रहेको घर धुरी संख्या ३,२६२ (३६.३९ प्रतिशत), खर,पराल छ्वाली को छाना भएको घरधुरी २,६५५ (२९.६२ प्रतिशत), टायल, खपडा, झिँगटी तथा ढुङ्गाको छाना भएको घरको संख्या २,१४४ ( २३.९२ प्रतिशत) रहेको छ भन सिमेन्टेट ढलान भएको घरधुरी ८३० (९.२६ प्रतिशत) रहेको छ भने काठको प्रयोग गर्ने घरधुरी ५ (०.०६ प्रतिशत) सबैभन्दा कम रहेको छ । जुन स्तम्भ चित्रमा तल प्रस्तुत गरिएको छ ।




## ३.१६ जगको आधारमा घरको बनोटको विवरण

तालिका नं. २१ : जगको आधारमा घरको बनोटको विवरण

| वडा नं. | माटोको जोडाइ भएको ईँटा/ढुङ्गा | सिमेन्टको जोडाइ भएको ईँटा/ढुंगा | ढलान पिल्लर सहितको | काठको खम्बा गाडेको | उल्लेख नगरिएको | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ८११ | १२ | १२ | ३ | ० | १ | ८३९ |
| २ | ८६१ | १६ | ८४ | ११ | १ | ४ | ९७७ |
| ३ | ८६८ | १७ | ४४ | ७ | ० | १ | ९३७ |
| ४ | ९१० | १०६ | २४९ | १८ | ० | ३ | १,२८६ |
| ५ | ८५६ | १ | १० | ३१ | ० | ० | ८९८ |
| ६ | ६८७ | ० | ० | ८ | ० | २ | ६९७ |
| ७ | ६०५ | ४७ | ७८ | २ | ० | ११ | ७४३ |
| ८ | ९५२ | ११४ | ३३ | ५ | ० | २८ | १,१३२ |
| ९ | ६७४ | ७ | ३४ | ३ | ० | २ | ७२० |
| १० | ६८५ | १२ | २५ | १० | ० | ३ | ७३५ |
| जम्मा | ७,९०९ | ३३२ | ५६९ | ९८ | १ | ५५ | ८,९६४ |
| प्रतिशत | ८८.२३ | ३.७० | ६.३५ | १.०९ | ०.०१ | ०.६१ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

माथिको तालिकामा प्यूठान नगरपालिकामा रहेका घरको जगमा प्रयोग भएको सामाग्री के कस्ता छन् भन्ने विवरण प्रस्तुत भएको छ। प्यूठान नगरपालिकामा घरको जगको बनावट हेर्दा माटोको जोडाई भएको ईटा ढुङ्गाको जग भएको घर धुरी ७,९०९ (८८.२३ प्रतिशत) सबैभन्दा बढी रहेको छ भने काठको खम्बा गाडेको जग भएका घरधुरी संख्या सबैभन्दा कम अर्थात् ९८ (१.०९ प्रतिशत) छन् सिमेन्टको जोडाइ भएको ईँटा तथा ढुंगाको जग भएका घरधुरी ३३२ (३.७० प्रतिशत) र ढलान पिल्लरसहितको जग भएको घरको संख्या ५६९ (६.३५ प्रतिशत) रहेको छ। यो विवरणलाई तलको स्तम्भचित्रमा देखाईएको छ।



## क) घर निर्माणका किसिमहरू

प्यूठान नगरपालिका भित्र रहेका घरको स्वरूपलाई हेर्दा सबैभन्दा बढि माटोको जोडाई भएको घर रहेको पाईयो जसले कुल घरहरू मध्ये ८८.२३ प्रतिशत ओगटेको देखिन्छ भने कुल घरहरू मध्ये काठ तथा फल्याक भएको घरहरूको संख्या सबैभन्दा कम ९८ अर्थात १.०९ प्रतिशत त्यसैगरी सिमेन्टको जोडाइ भएको ३.७० प्रतिशत भएको पाईएको छ। यसरी घरको जग र बाहिरी गारोको आधारमा हेर्ने हो भने यो नगरपालिका धेरै घरहरु भूकम्प को जोखिममा रहेको बुझ्न सकिन्छ। तसर्थ नेपाल विश्वमै भूकम्पिय जोखिम अत्यधिक भएको क्षेत्रमा पर्नेहुँदा भूकम्प प्रतिरोधी घर निर्माणमा व्यापक प्रचार प्रसार र चेतना अभिवृद्धि गरी नीति निर्माण गर्नुपर्ने देखिन्छ।

## ख) भवन संवेदनशीलता

शहरहरमा भइरहेको जनसंख्या वृद्धि र शहरी विस्तारले विकासोन्मुख राष्ट्रहरूमा भूकम्पीय जोखिमको संवेदनशलितामा वृद्धि गरेको छ। निश्चित स्तरको जमिन कम्पन गहनता सिर्जना भएको अवस्थामा तोकिएको स्तरको संरचनागत क्षतिलाई कुनै वस्तुले धान्न सक्ने सम्भावनालाई उक्त वस्तुका पहुँच र उपलब्धताको आधारमा संवेदनशीलताका रूपमा परिभाषित गरिएको छ। भवन, अत्यावश्यक सुविधाहरू, लाइफलाइन आदिको संवेदनशीलता विश्लेषण गर्न सकिन्छ र संवेदनशीलता मूल्याङ्कन गर्न लागिएको वस्तुमा आधारित रहेर विभिन्न विधि प्रयोग गर्न सकिन्छ।


## ग) नगरपालिकाको भवनहरूको विवरण

तालिका नं. २२ : नगरपालिकाको भवनहरूको विवरण

| क्र.सं. | साविक गाविसका हालका भवनहरू | | | | |
|---|---|---|---|---|---|
| | साविक गाविसको नाम | भवनको प्रकृति वटा | | | नगरपालिकाको वडा नं. |
| | | गोटा | कच्ची | पक्की | |
| १ | मरन्ठाना १ देखि ४ सम्म | १ | | १ | १ |
| २ | दाखाक्वाडी | | १ | निर्माणाधिन | ३ |
| ३ | विजयनगर | १ | १ | | ४ |
| ४ | विजुवार र खलंगा | | | | ५ |
| ५ | विजुवार | | १ | निर्माणाधिन | ६ |
| ६ | धर्मावती | १ | | | ७ |
| ७ | माझकोट | | १ | | ८ |
| ८ | जुम्रीकाँढा | | १ | | ९ |

*श्रोतः स्थानीय तह पुनर्संरचना प्राविधिक सहयोग समिति, प्यूठान २०७३*

## ३.१७ बसाई सराईको अवस्था




नक्सा नं १३ : प्यूठान नगरपालिकाको बसोबास क्षेत्र

कुनै पनि स्थानमा जनसंख्या परिवर्तन हुने कारणहरू मध्ये बसाइसराई एक प्रमुख कारण मानिन्छ। पहाडि जिल्लाहरूमा बसाई सराईको इतिहास दशकौ अगाडिदेखि प्रारम्भ भएको मान्न सकिन्छ। विभिन्न अवसर र रोजगारीको खोजीमा देश भित्र वा देश बाहिर एक स्थानबाट अर्को स्थानमा स्थायी वा अस्थायी रूपमा बसाई सरेर जाने प्रवृत्ति क्रमश बढ्दै गएको पाइन्छ।। यसरी बसाईसराइ गर्नुका विभिन्न कारणहरू छन्। ती मध्ये आर्थिक, सामाजिक, शैक्षिक, व्यवसायिक र रोजगार रहेका छन्। नगरपालिकामा विकास व्यवस्थापनका लागि चुनौती दिने मुल कारकतत्व समेत बसाइसराई नै बन्न पुगेको देखिन्छ।

बेरोजगारीको समस्या नगरपालिकाको विकराल समस्याको रुपमा रहेको परिप्रेक्ष्यमा काम गर्ने उमेरका युवाहरू विदेसिने क्रम समेत नगरपालिकामा बढ्न थालेको छ। खुला सिमानाको उपयोग गर्दै निर्वाधरुपले भारत आवतजावत गर्न सकिने हुँदा निश्चित रुपमा गणना गर्न नसकिएका भारतमा जाने युवाहरूको संख्या निकै ठुलो रहने गरेको छ। उपर्युक्त सन्दर्भलाई विश्लेषण गर्दा नगरपालिकाको लागि बसोबासको व्यवस्थित र दीर्घकालिन योजना बनाउनु आवश्यक देखिन्छ।

## ३.१८ व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण

नागरिकले आफ्नो व्यक्तिगत अधिकार उपयोग गर्न कानूनी प्रक्रिया पुरा गर्नु पर्ने हुन्छ। नागरिकता, राहदानी वा अन्य परिचयपत्र लिन, रोजगारी वा उद्यम गर्न, विदेश जान निश्चित कानूनी प्रक्रिया पुरा गर्नु पर्ने हुन्छ। जस पश्चात सरकारले प्रमाणपत्र उपलब्ध गराउँछ। जन्म, मृत्यु, बसाई, सराई विवाह र सम्बन्ध विच्छेदजस्ता व्यक्तिगत घटना दर्ता गर्नु पर्ने हुन्छ। संविधानले नागरिकलाई विभिन्न अधिकारको प्रत्याभूत गरेको छ। त्यसको प्रस्थान विन्दु भनेकै व्यक्तिगत घटना दर्ता हो। राष्ट्रिय तथ्याङ्क बनाउने यसको विश्वव्यापी मान्यता हो। कहाँ कति जन्मे, कतिको मृत्यु भयो कतिले बसाईसराई गरे, कतिको सम्बन्ध विच्छेद भयो भन्ने कुराको जानकारी राज्यले पाउनु पर्छ। यसको आधारमा सरकारले नीति बनाउने हुँदा व्यक्तिगत घटना दर्ताको लागी जनचेतना अभिवृद्धि गर्नु पर्ने देखिन्छ।

**तालिका नं. २३ :** व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण

| सि.नं. | साविकका गा.वि.स. | जन्म दर्ता | | | मृत्यु दर्ता | | | विवाह दर्ता | बसाई सरी आएको | | | सम्बन्ध विच्छेद |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | | दर्ता संख्या | आएको संख्या | गएको संख्या | |
| १ | जुम्रीकाँडा | १६७ | १३० | २९७ | ६ | १० | १६ | ३० | १० | ० | ५९ | ० |
| २ | माझकोट | ९६ | १०२ | १९८ | १० | १७ | २७ | ३५ | ० | ० | ० | ० |
| ३ | प्यूठान नगरपालिका | २६३ | २३२ | ४९५ | १६ | २७ | ४३ | ५८१ | ० | ० | ५९ | ० |
| | जम्मा | ५२६ | ४६४ | ९९० | ३२ | ५४ | ८६ | ६४६ | १० | ० | ११८ | ० |

*श्रोत : प्यूठान नगरपालिकाको कार्यालय, २०७३*

नगरपालिकामा व्यक्तिगत घटना दर्ताको अवस्थालाई देखाइएको छ। नगरमा २०७२ सालभरी मा ९९० जनाले जन्म दर्ता गराएका छन् भने ८६ जनाको मृत्यु दर्ता भएको देखिन्छ। त्यसैगरी विवाह दर्ताको स्थिति हेर्दा नगरपालिकामा ८६ जनाको विवाह दर्ता भएको देखिन्छ। सो अवधिमा नगरपालिकामा सम्बन्ध विच्छेदको घटना दर्ता एउटा पनि भएको देखिदैन। त्यसैगरी १० परिवारको बसाई सराई दर्ता भएको देखिन्छ।

## ३.१९ मतदाता सम्बन्धी विवरण

यस नगरपालिकामा २०७३ फाल्गुन ९ गते सम्म १८ वर्ष पुरा भएका मतदाता संख्या २२,७८८ रहेका छन्। नगरपालिकामा मतदाता संख्या पुरुषको तुलनामा महिला संख्या १८६८ जनाले बढि रहेका छ। जहाँ पुरुषको संख्या १०,४५९ र महिलाको संख्या १२,३२७ रहेको छ। त्यसैगरी नगरमा १ जना तेस्रो लिङ्गी पनि मतदाता रहेको छ। नगरपालिकाको १० वडाहरुमा २४ ओटा निर्वाचन केन्द्र रहेका छन्। जसको विवरण तलको तालिकामा उल्लेख गरिएको छ।


**तालिका नं. २४ :** मतदाता संख्या

| क्र.सं. | मतदान केन्द्र | मतदाता संख्या | | | | वडा न |
|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | तेस्रो लिङ्ग | जम्मा | |
| १ | कन्याकुमारी मन्दिर, क्वाडी | १९३ | २३१ | | ४२४ | १ |
| २ | भुवनेश्वरी प्रावि | ४६८ | ५३९ | | १००७ | १ |
| ३ | माण्डवी मा.वि | ३१४ | ३९४ | | ७०८ | १ |
| ४ | गाविस भवन वडहरपाटा | ७८९ | ९३१ | | १७२० | २ |
| ५ | जानकी मा.वि.चितिखोला | ४४४ | ५४७ | | ९९१ | २ |
| ६ | जनक प्रावि मान्द्रेचौर | २४० | ३०१ | | ५४१ | ३ |
| ७ | मुक्ति मा.वि. रातामाटा | ४०८ | ४७५ | १ | ८८४ | ३ |
| ८ | शारदा आ.वि. सापडाँडा | २६३ | ३५० | | ६१३ | ३ |
| ९ | सरस्वती प्रा.वि. | १६१ | २४२ | | ४०३ | ३ |
| १० | कालिका बोर्डि स्कुल | ६८४ | ७९९ | | १४८३ | ४ |
| ११ | ढाडमडरा नेरा. प्रावि | २७३ | ३२७ | | ६०० | ४ |
| १२ | सरस्वती प्रा.वि. | २२० | २५२ | | ४७२ | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३ | गाविस भवन ढुडेठाटी | ३३२ | ३२९ | | ६६१ | ५ |
| १४ | शिद्ध आ.वि. जुम्रीकाँडा | ३२८ | ४०१ | | ७२९ | ५ |
| १५ | सरस्वती प्रा.वि आवाड | ४७७ | ५४६ | | १०२३ | ५ |
| १६ | धरमावती मा.वि. लाम्छानेडनेटा | ९०६ | ९९४ | | १९०० | ६ |
| १७ | स्वर्गद्धारी क्याम्पस पुण्यखोला | ८८४ | १०५९ | | १९४३ | ७ |
| १८ | धर्मभक्त प्र. मा.वि., मानागाउँ | ११९ | २४९ | | ३६८ | ८ |
| १९ | बालज्योती आ.वि. गेजवाड | १३३२ | १४४३ | | २७७५ | ८ |
| २० | पुरानो बुद्धदेवी गा.वि. भवन | ३९७ | ४८३ | | ८८० | ९ |
| २१ | बाल विद्या मा.वि. मजुवा | ४४५ | ५०२ | | ९४७ | ९ |
| २२ | जनकल्याण प्रा.वि., नेपाने | ३३५ | ४१३ | | ७४८ | १० |
| २३ | पातिहाल्ना प्रा.वि. | ११८ | १३४ | | २५२ | १० |
| २४ | बागेश्वरी सहकारी भवन खरिवोट, मरन्ठाना | ३२९ | ३८६ | | ७१५ | १० |
| | **जम्मा** | १०४५९ | १२३२७ | १ | २२७८८ | |

*स्रोत: निर्वाचन आयोग, काठमाडौं, नेपाल*

# खण्ड ४ : भू-उपयोग




**नक्सा नं १४ :** प्यूठान नगरपालिकाको भू-उपयोग


## ४.१ नगरपालिकाका भू-उपयोगको विवरण

तालिका नं. २५ : भू-उपयोग विश्लेषण

| विवरण | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
|---|---|---|
| झाडी | १३.०३ | १०.१० |
| खेतीयोग्य जमिन | ५१.५७ | ३९.९९ |
| वनजंगल | ५४.७८ | ४२.४८ |
| चरि चरन | ६.४२ | ४.९८ |
| बालुवा (नदि किनार) | २.३८ | १.८५ |
| खोला, नदी, पोखरी, आदि | ०.७८ | ०.६० |
| कुल क्षेत्रफल | १२८.९६ | १००.०० |

*स्रोत : प्यूठान नगरपालिकाको कार्यालय, २०७४*

प्यूठान नगरपालिकाको विधमान भू-उपयोग हेर्दा नगरपालिकाको ४२.४८ प्रतिशत (५४.७८ वर्ग कि.मि.) वनले ओगटेको छ भने ३९.९९ प्रतिशत (५१.५७ वर्ग कि. मि.) जग्गा हाल खन-जोत हुने उपयुक्त जमिनको रूपमा रहेको छ। खेतीयोग्य जमिनमध्ये अधिकांश जमिन मौसमी वर्षामा निर्भर रहेको छ। नगरपालिकामा बगिरहेका विभिन्न खोलानालाको किनारमा अवस्थित यस नगरपालिकाको खेतीयोग्य जमिनको उर्वराशक्ति उच्च रहेको छ। त्यस्तै चरन क्षेत्रले करिव ४.९८ प्रतिशत (६.४२ वर्ग कि. मि.) जग्गा ओगटेको पाइन्छ। प्यूठान नगरपालिकामा ताल क्षेत्रले करिव ०.६ प्रतिशत (०.७८ वर्ग कि. मि.) जमिन ओगटेको छ। नगरपालिकामा माटोको बनावट, खेतीयोग्य जमिन, संरक्षित क्षेत्र, बस्तीयोग्य क्षेत्र आदिको विस्तृत अध्ययनको आधारमा नगरपालिकाबासीहरूको आर्थिक हैसीयत वृद्धि गर्न र वातावरणमा प्रतिकुल असर पर्न नदिन के-कस्ता उत्पादन प्रणाली तथा नितीहरू अवलम्बन गर्न सकिन्छ। यस विषयमा विस्तृत अध्ययन गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ। भू-उपयोगको विस्तृत विवरण माथिको तालिकामा उल्लेख गरिएको छ।



### ४.१.१ सार्वजनिक जग्गाको विवरण

मालपोत ऐन, २०३४ ले सरकारी स्वामित्वमा रहेको जग्गालाई सरकारी र सार्वजनिक प्रयोजनमा रहेको जग्गालाई सार्वजनिक जग्गा भनी परिभाषित गरेको छ ।

राज्यको स्वामित्वमा रहेको जग्गाको संरक्षण गर्ने दायित्व राज्यले तत्सम्बन्धी जिम्मेवारी दिइएका निकायहरू जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय तथा स्थानीय निकाय (नगरपालिका तथा गाउँपालिका ) को क्षेत्राधिकार तोकेको पाइन्छ। जिल्लाको सम्पूर्ण सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण यी उल्लेखित संस्था तथा निकायहरूबाट मात्र सम्भव नभई त्यस क्षेत्रका सचेत नागरिक, उपभोक्ता, नागरिक समाजका प्रतिनिधिहरू, गैरसरकारी संस्था एवम् निजी क्षेत्रका प्रतिनिधि समेतको सक्रिय सहयोग भएमा मात्र भएमा मात्र यस्ता सरकारी, सार्वजनिक जग्गाको संरक्षण तथा सवर्द्धनमा सहयोग पुग्न जान्छ। प्यूठान नगरपालिकामा रहेका खोला, जंगल, खोल्साखोल्सी, बुट्यान, गौचर, बाटो, भिरपाखा, चौरकुलो आदि सरकारी तथा सार्वजनिक प्रयोजनमा रहेका जग्गाको विवरण साविकका गाविसअनुसार दिइएको छ। जसको विस्तृत विवरण तलको तालिकामा दिईएको छ ।

**तालिका नं. २६ :** सार्वजनिक तथा सरकारी जग्गाको विवरण

| साविकका गाविस | सरकारी (रोपनीमा) | सार्वजनिक (रोपनीमा) | जम्मा (रोपनीमा) |
|---|---|---|---|
| **विजुवार** | १०६८०-११-१-२ | ४५५-३-०-२ | १११३५-१४-२-० |
| **धर्मावती** | ७८८४-१३-२-३ | ५१३-१३-०-१ | ८३९८-१०-३-० |
| **जुम्रीकाँडा** | २२७८८-११-२-१ | ३२१-९-२-१ | २३११०-५-०-२ |
| **मरन्ठाना** | ६७७१-६-२-३ | १६९९-१३-२-१ | ८४७१-४-१-० |
| **दाखाक्वाडी** | ३२९२५-३-३-३ | ७७९-०-०-२ | ३३७०४-४-०-१ |
| **माझकोट** | १३७०४-१२-१-२ | २९२४-१३-३-२ | १६६२९-१०-१-० |
| **विजयनगर** | १९८९९-४-३-३ | ३८७-१३-१-२ | २०२८७-२-१-१ |
| **खैरा** | २०९१२-१५-०-१ | ४६४-६-१-३ | २१३७७-५-२-० |
| **जम्मा** | **१४३११४-८-२-०** | **७५४६-८-३-२** | **१४३११४-८-२-०** |

(नोट: माथिको तालिकामा प्यूठान नगरपालिकाको सार्वजनिक तथा सरकारी जग्गाको विवरण उल्लेख गरिएको छ। सो विवरण वि.सं २०६५ साल अनुसार भएकोले साविकका गा.वि.स माझकोट (१-९) र जुम्रीकाँडा (१-९) बाहेक अरु गा.वि.स हरुका केही वडाहरु नयाँ संरचनाअनुसार अरु नै गाउँपालिका/नगरपालिकामा विभाजन भएका छन्।)

*स्रोत: मालपोत कार्यालय, प्यूठान २०६५*

## ४.२ बस्ती विकासको स्वरूप

प्यूठान नगरपालिकामा क्रमश वस्तीहरुको विकास बढ्दो रहेको छ। नगरपालिकाको केन्द्रतिर बाटो बजार ससाना घरेलु उद्योग देखिएता पनि समग्रमा नगरपालिकाको सबै वडाहरुमा सेवा तथा सुविधा पुगिसकेको छैन । नगरपालिकामा विकासका धेरै आयामहरुमा अभ्यास गर्न बाँकी देखिन्छ । प्यूठान नगरपालिकाको सबै वडाहरुमा सडक सञ्जालको राम्रो विकास भएको देखिँदैन । सहज स्वास्थ्य सुविधा, संचार जस्ता सुविधाहरूको पहुँच पुगेको देखिँदैन। कृषि एवं वनजन्य औद्योगिक कच्चा पदार्थको उपलब्धता,

भएको हुँदा साना घरेलु उद्योगधन्दाको साथै जडीबुटी प्रशोधन सम्बन्धी उद्योग विकास र विस्तारको सम्भावना रहेको छ । अन्य क्षेत्रहरुमा व्यवस्थित बस्ती विकासको संरचना नदेखिएकोले ती स्थानमा व्यवस्थित नगरपालिका योजना बनाएर बाटो, खानेपानी र अन्य सामाजिक र भौतिक पूर्वाधारको समयमै विकास गर्नुपर्ने देखिन्छ। नगरपालिकाबासीहरुलाई घरदैलोमा सेवा प्रवाह गर्ने ध्येयका साथ वडा समिति कार्यालयहरु, सम्बन्धित वडा मै स्थापना गरी सेवा प्रवाह भैरहेका छन् । यसका अतिरिक्त प्यूठान नगरपालिकाले नगरपालिका विकासका लागि योजना तयार गर्ने दौरानमा वडा भेला, लगायत वडा कार्यालय, सरकारी निकायहरु, राजनैतिक पार्टीहरु, गैरसरकारी संस्थाहरु, सामुदायिक संस्थाहरु, टोल विकास संस्थाहरु, बुद्धिजिवीहरु, समाजका प्रतिष्ठित व्यक्तित्वहरु, व्यवसायिक संस्थाहरु, संचारकर्मीहरु तथा योजना तर्जुमा टोली (Planning) आदिलाई समावेश गरी बढी भन्दा बढी छलफल गरी प्रत्येक टोलका मुख्य तथा सहायक सडकहरूमा सोलार बत्ति जडान, टोल टोलमा सार्वजनिक खानेपानी र खानेपानीको परियोजना तथा पूर्वाधार आदि विकास निर्माणका योजनाहरु तयार गर्नुपर्ने देखिन्छ ।

## ४.३ क्रमिक विकास भैरहेको बस्तीहरूको वर्तमान स्वरूप

प्यूठान नगरपालिका जलवायुको आधारमा बसोबासको लागि उपयुक्त स्थानको रुपमा रहेको छ । ग्रामीण क्षेत्रको सडक सञ्जाल विकासको क्रममा रहेको र शिक्षा, स्वास्थ्य जस्ता सुविधाहरू समेत सुलभ बन्दै गरेको सन्दर्भमा नगरपालिकाका केन्द्र वरपरमात्र नभई ग्रामीण क्षेत्रमा समेत बस्ती एवं बस्ती श्रृंखलाहरूको विकास भइरहेको छ। हुलाक, टेलीफोन, स्वास्थ्य चौकी र विद्यालयको पहुँचका साथसाथै आन्तरिक सुगम यातायातो सुविधा हुनाले पनि ग्रामीण बस्ती विकासका लागि योगदान पुऱ्याइरहेको पाइन्छ। यसका साथै नगरपालिकाले आफ्ना आन्तरिक यातायात मार्गहरू बनाई सार्वजनिक क्षेत्रहरूमा बजार व्यवस्थापन गर्ने काम भइरहेको भएता पनि स-साना व्यापारिक केन्द्रका रुपमा बस्तीहरूको विकास भइरहेको छ।

नेपाल सरकारले बजारोन्मुख बस्तीहरूमा बजारको विकासको लागि केही आवश्यक छाना/सेड तथा भण्डारणको व्यवस्था गरिदिएमा ग्रामीण कृषि अर्थतन्त्रलाई बजार अर्थतन्त्रमा परिणत गर्न सहयोग पुग्ने देखिन्छ। यसका अतिरिक्त एकातर्फ यी बस्तीहरूको छेउछाउको जमिनको समेत अप्रत्याशितरुपले मूल्य बृद्धि भइरहेको पाइन्छ भने अर्कोतर्फ भोलिका दिनहरूमा यस्तो बस्तीको लागि आवश्यक पर्ने खेलमैदान, पार्क जस्ता सार्वजनिक क्षेत्रहरूको व्यवस्थापन गर्न आवश्यक जग्गाको योजना अहिलेदेखि नै बनाउनु आवश्यक छ।

नगरपालिका क्षेत्रहरुको व्यवस्थित तवरले विकास गर्न प्रत्येक घडेरीमा आवत जावत गर्न मोटर वाटो, खुल्ला क्षेत्रका प्रावधान, चारपाटे आकार मिलेका घडेरीहरु लगायत भौतिक तथा पूर्वाधारको निर्माण सहितको व्यवस्थित वस्तीको विकास गर्न जग्गा एकीकरण वा सेवा सुविधा जस्ता कार्यक्रमहरु संचालन गर्नु पर्दछ । यसरी जग्गा विकास कार्यक्रम संचालन गर्दा शहरी विस्तार क्षेत्र प्रस्ताव गरिएका क्षेत्रहरुलाई टेवा पुऱ्याउने हिसावले प्राथमिकता दिनु पर्दछ ।

नगरपालिकाको कुल ८,९६४ परिवारहरू मध्ये, घरको जग आधारमा माटोको जोडाइ भएको इट्टा ढुंगाले बनेको घरधुरी ८८.२३ प्रतिशत रहेको छ, बाहिरी गाह्रो माटोको जोडाइ भएको इँटा/ढुङ्गा भएका घरधुरी ८६.३९ प्रतिशत र जस्ता/टिन/च्यादर छाना भएका घरधुरी ३६.३९ प्रतिशत छन्। आवास घर निर्माणमा प्यूठान नगरपालिकाको स्थिति राम्रो रहेको छ तथापि माटो ढुगांको प्रयोग धेरै भएको छ। नगरपालिकामा कुल ५९४ (६.६३ प्रतिशत) परिवारहरू मात्र घर भाडा लिई बसेका छन् भने ८२५२ (९२.०६ प्रतिशत) परिवारको आफ्नै घर रहेको छ। नगरपालिका भित्र ५२ (०.५८ प्रतिशत) घरहरू विभिन्न संस्थाहरूले उपयोग गरेका छन्। शहरोन्मुख बस्ती विकासको सन्दर्भमा नगरपालिका साथै सम्बन्धित विषयगत कार्यालयहरू र हाल विभिन्न नामबाट गठन भइरहेका नगरपालिका एवं बजार व्यवस्थापन समितिहरूले पनि बेलैमा सार्वजनिक जग्गाको व्यवस्थापनमा आवश्यक सेवा सुविधा प्रदान गर्ने तर्फ ध्यान दिनु आवश्यक देखिन्छ।

## ४.४ बस्ती विकासमा देखिएका चुनौतीहरू

ग्रामिण बस्तीहरूको योजनाबद्ध विकासमा देखिएका चुनौतीहरू निम्नानुसार छन् :

- बस्तीहरूको विकासका लागि योजनाबद्ध प्रयास हुन सकेको छैन। बस्तीहरूमा सुविधा वर्गिकरण (Zoning) को आधारबाट आवास क्षेत्र, औद्योगिक क्षेत्र, सार्वजनिक खुला क्षेत्र, हरित क्षेत्र, अस्पताल विद्यालय तथा कार्यालय क्षेत्र आदि गरी शहरी क्षेत्र लगायत शहरोन्मुख एवं ग्रामीण क्षेत्रहरूको किटान गर्न सकिएको छैन। यस सम्बन्धमा बस्तीहरूको गुरुयोजना पहिले नै बनाई आवासिय क्षेत्र, व्यवसायिक क्षेत्र, औद्योगिक क्षेत्र, पार्क, उद्यान र खेल मैदान जस्ता सार्वजनिक क्षेत्र तथा कार्यालय एवं संघसंस्थाहरूको लागि क्षेत्र पहिले नै निर्धारण गर्नु जरुरी देखिएको छ।
- बस्तीहरूको प्राकृतिक वातावरणमा सुधारका लागि सार्वजनिक एवं निजी रुपमा बृक्षारोपण गर्न योजनाबद्ध प्रयास हुन सकेको छैन।
- पानीका मुहानहरुलाई संरक्षण गर्न ठोस कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ।
- सार्वजनिक निर्माण कार्यहरूमा सम्बन्धित निकाय एवं कार्यालयहरू बिच समन्वय हुन नसकि पुर्वाधारहरूको दिगो निर्माण हुन सकेको छैन। यस सम्बन्धमा स्थानीय निकाय तथा नागरिक समाजसँग समन्वय हुनु सकेको छैन।

## ४.५ भू-क्षय सम्भावित क्षेत्र

प्यूठान नगरपालिकामा धरातलीय उचाईको विविधताले गर्दा समतल उपत्यकादेखि हिँउदमा यदाकदा हिँउ पर्ने उच्च पहाडी भु-भाग समेत रहका छन् । तल्लो क्षेत्रहरू नगरपालिकाकै प्रमुख उत्पादन क्षेत्रहरू पनि यस प्यूठान नगरपालिकामा पर्दछन् । माटो पाँगो एवंम दोमट भएको हुँदा उत्पादन राम्रो हुन्छ । उच्च पहाडी क्षेत्रमा कडा खालको बलौटे र चुनढुङ्गा मिसिएको माटो भएकाले यस क्षेत्रमा भु-क्षय पहिरो जाने संभावना कम हुन्छ भने मध्य भागमा पत्रे चट्टानमा रातो माटो मिसिएको माटो बढी भएको हुँदा भु-क्षय र पहिरोको दृष्टिले बढी संवेदशील मानिन्छ ।



भौगोलिक हिसाबले कमजोर भूभाग र मध्यम खालको जलाधारीय अवस्थाले गर्दा यस प्यूठान नगरपालिकामा पनि वर्षेनी भुक्षय, बाढी, पहिरो, नदी कटान हुने गरेको छ । कहिलेकाहीँ त स्थानीय जनताको ज्यान समेत लिने गरेको दुखदायी घटनाहरू नगरपालिकावासीले भोग्नु परेको छ । भुक्षयको राष्ट्रिय आँकडा (प्रति वर्ष २४ करोड घन मिटर मलिलो माटो भुक्षय भई गईरहेको छ) यसलाई आधार मानेर हेर्दा यस प्यूठान जिल्लाको १३६५ वर्ग कि.मी. क्षेत्रफलबाट २२,२५,८३१ घन मि. मलिलो माटो भुक्षय, बाढी, पहिरोको माध्यमबाट यहाँको खोलानाला हुँदै खेर गईरहेको छ । यसले कृषिमा प्रतिकुल असर परिरहेको छ ।

यसरी वातावरणीय असन्तुलनका कारण हुने प्राकृतिक प्रकोपका कारण ठूलो जनधनको क्षती समेत हुने गरेको छ । यस तितो यथार्थलाई मनन् गरी भुक्षय र पहिरोको समस्याहरू र यसको कारण पहिल्याएर समाधानको लागि एक निकायलाई मात्र जिम्मेवार नठानी सम्बद्ध सबै निकायहरूले समन्वय र साझेदारी गरेर भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रमलाई प्राथमिकताको साथ अगाडी बढाउनु आजको टड्कारो आवश्यकता देखिएको छ ।

## ४.६ नगरपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण

तालिका नं. २७ : नगरपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण

| क स | संभावित प्रकोप | विधमान अवस्था | समय |
|---|---|---|---|
| १ | भुकम्प | भूकम्पिय जोखिमका दृष्टिले नेपाल विश्वको ११ औं स्थानमा रहेको र नगरपालिकामा भुकम्प प्रतिरोधात्मक भवन कमै मात्रामा भएको, भवन आचार संहिता पूर्ण रूपमा लागु नभएको | जुनसुकै समयमा |
| २ | बाढी | नगरमा विशेषत: साना ठुला नदि/खोलाहरू बग्ने गरेको र वर्षायाममा नदी तथा खोलाहरूले आसपासका भुभागहरू बर्षेनी कटान गरि क्षति पुऱ्याईरहेको छ। बर्षेनी धेरै संख्यामा परिवारहरू प्रभावित भैरहेका छन् । | जेष्ठ–असोज |
| ३ | आगलागी | नगरको धेरै जसो भु–भागमा घनावस्ती रहेका (सुकुम्वासी, वाढी विस्थापित) लगाएतका अति विपन्न समुदायका घरहरू सचेतना अभाव, अग्नी नियन्त्रण यन्त्रको अभाव, चुल्होमा आगो सल्काउँदा मट्टीतेलको प्रयोग गर्नु र सलाई लाईटरजस्ता आगो बाल्ने वस्तुहरू बच्चाले खेलाउँदा आगलागीका घटना बढी हुने गरेको। | चैत्र–जेष्ठ |
| ४ | महामारी | प्रकोपका रूपमा झाडापखाला लगायतका पानी जन्य रोग बढ्ने गरेको, स्रोत साधन अभाव र जनचेतना कमी, अनुकूल क्षमताको अभाव। | विपद् पछि, अन्य समयमा |
| ५ | वर्डफ्लु, अन्य फ्लु | अव्यवस्थित कुखुरा पालन, स्वाइन फ्लु, आदि | जुनसुकै समयामा |
| ६ | जंगली जनावर आतंक | नगरको वनजंगल वरिपरि बसोबास भएको क्षेत्रहरू | जुनसुकै समयमा |
| ८ | मौसमी सुख्खा | पानी नपरेमा नहरको सिचाईं नपुगेका भागहरू | असार –भदौ |
| ८ | किट आतंक | जलवायु परिवर्तन, बढी विषादि प्रयोगका कारण लाभकारी चरा, किरा लोप | खेती मौसम |
| ९ | चट्याङ, असिना | बढी जसो बर्षायाम र पानी परेको समयमा | जुनसुकै समयमा |

*स्रोत: जिल्ला समन्वय समिति, प्यूठान २०७४*

# खण्ड ५ : आर्थिक क्षेत्र तथा रोजगार स्थिति

## ५.१ नगरपालिका अर्थतन्त्रको संरचनात्मक स्वरूप

नगरपालिकाको अर्थतन्त्र मुख्यतयाः व्यापार, व्यवसाय, नोकरी, कृषि, वन, कुखुरापालन, बाखापालन, थोक, खुद्रा बजार, होटल, रेस्टुरेन्ट, पर्यटन तथा सेवाजस्ता क्षेत्रमा भएको देखिन्छ। उपयुक्त हावापानी, माटोको बनोट भएको यस नगरपालिका कृषिको लागि उपयुक्त उर्वर माटो भएको पहाडी क्षेत्र भएको हुँदा नगरपालिकामा अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषि व्यवसायमा संलग्न रहेका छन्। नगरपालिकाको सबै वडाहरूमा सडक सञ्जालका विस्तारका कारण नगरपालिकाको सबै वडाहरूमा पहुँच सहज बनाएको छ । मील, फर्निचर उद्योग, ऋसर उद्योग, कुखुरा पालन, पशु पालन आदि यस नगरपालिकामा रहेका केही साना तथा घरेलु उद्योग व्यवसायहरू हुन् । यस नगरपालिकाका मानिसहरु उल्लेखनियरुपमा औद्योगिक विकास तर्फ लागिरहेका देखिन्छन् । यस नगरपालिकाको वैकल्पिक आर्थिक आधार वैदेशिक रोजगार रहेको देखिन्छ ।

प्राकृतिक सौन्दर्यको धनी, जैविक विविधता एवं साँस्कृतिक विविधताले भरीपूर्ण रहेका कारण नेपालको आकर्षक गन्तव्यहरू मध्ये प्यूठान जिल्ला र विशेषतः प्यूठान नगरपालिका महत्वपूर्ण स्थान रहेको छ । विभिन्न किसिमका जातजातिको विभिन्न किसिमका संस्कृति, रहनसहन तथा चाडपर्वलगायत उल्लेख्य संख्यामा रहेका धार्मिक, पौराणिक महत्वका स्थलहरू नगरपालिकाको प्रमुख पर्यटकीय आकर्षणको रूपमा रहेका छन् ।

यस नगरपालिकामा आधुनिक कृषि तथा पशुपालनलाई बढि जोड दिनुको साथै विभिन्न सेतो चन्दन अमला, चुत्रो, सुगन्धवाल, सजिवन, दालचिनी, राजवृक्ष, हर्रो, बर्रो, कुरिलो जस्ता विभिन्न अमूल्य जडीबुटीहरू पाईने भएको हुँदा प्राकृतिक स्रोत र उपलब्ध कच्चा पदार्थको उपयोग गरी साना उद्योगमा लगानी गरी पर्यटकीय स्थान लाई व्यवस्थित बनाई पर्यटक भित्र्याउन सकेको खण्डमा नगरपालिकाको अर्थतन्त्र मजबुद हुने सुनिश्चित देखिन्छ ।

## ५.२ आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

तालिका नं. २८ : आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

| कुल जनसंख्या | आर्थिकरूपले सक्रिय पूरुष | आर्थिकरूपले सक्रिय महिला | आर्थिकरूपले सक्रिय जम्मा जनसंख्या |
|---|---|---|---|
| ३८,४४९ | ७,४८९ (३७.६४) | १२,४०७ (६२.३६) | १९,८९६ (५१.७५) |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं २०६८*

माथिको तालिकामा प्यूठान नगरपालिकामा रहेका १५ वर्षदेखि ५९ वर्षसम्मका आर्थिकरूपले सक्रिय जनसंख्याको विवरण देखाइएको छ। जसमा सक्रिय पुरुषको संख्या ७,४८९ (३७.६४ प्रतिशत), सक्रिय महिलाको संख्या १२,४०७ (६२.३६ प्रतिशत) देखिन्छ। आर्थिक रूपले सक्रिय जनसंख्यामा लैगिंक भिन्नता २४.७२ प्रतिशत देखिन्छ भने नगरपालिकाको कुल जनसंख्याको ५१.७५ प्रतिशत जनसंख्या आर्थिकरूपले सक्रिय छन् भने आर्थिक रूपमा निस्कृय जनसंख्या ४८.२५ प्रतिशत छन्।

## ५.३ आश्रित जनसंख्याको विवरण

**तालिका नं. २९ :** आश्रित जनसंख्याको विवरण

| जनगणना वर्ष | आश्रित बालबालिका (०-१४) | | आश्रित बृद्ध (६० वा सोभन्दा माथि) | | जम्मा आश्रित | |
|---|---|---|---|---|---|---|
| | **जम्मा** | **प्रतिशत** | **जम्मा** | **प्रतिशत** | **जम्मा** | **प्रतिशत** |
| २०६८ | १५,४२३ | ८३.१३ | ३,१३० | १६.८७ | १८,५५३ | ४८.२५ |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

माथिको तालिकामा प्यूठान नगरपलिकामा रहेको कुल जनसंख्या ३८,४४९ मा आश्रित जनसंख्या ०-१४ वर्ष उमेर समूहका आश्रित बालबालिका र ६० वर्ष वा सोभन्दा माथिका आश्रित बृद्धबृद्धाहरूको संख्या र प्रतिशतलाई देखाइएको छ। जसमा आश्रित बालबालिकाको संख्या १५,४२३ (८३.१३ प्रतिशत), आश्रित बृद्धबृद्धाहरूको संख्या ३,१३० (१६.८७ प्रतिशत) देखिन्छ । कुल जनसंख्यामध्ये जम्मा आश्रित जनसंख्या १८,५५३ (४८.२५ प्रतिशत) देखिन्छ ।

माथिको तालिकामा सक्रिय जनसंख्या र आश्रित जनसंख्या हेर्दा प्यूठान नगरपालिका विकासको लागि आवश्यक सक्रिय जनसंख्याको उपलब्धता छ जसलाई राज्यले उपलब्ध स्रोत र साधनको साथै यी सक्रिय मानव संसाधनको सही उपयोग गरी विकासमा अगाडि बढ्नु पर्ने देखिन्छ ।

## ५.४ कृषि



देशमा भौगोलिक विविधताले उपलब्ध गराएको अवसर, कृषकहरुको लामो समय देखिको विशिष्ट अनुभव र आधुनिक कृषि प्रविधिको सदुपयोगबाट दिगो आर्थिक वृद्धि तथा खाद्य सूरक्षा कायम गर्न सकिने सम्भावना रहेको औल्याँइएको छ । तथापि कृषि उर्वर भूमिको अवैज्ञानिक प्रयोग,

प्राकृतिक प्रकोपहरुको भूमिमा पर्ने असरहरु, कृषि श्रम र सिप हुनेहरुमा कृषि योग्य भूमिको पहुँच नहुनु र पहुँच हुनेहरुले भूमिको प्रयोग गर्न नसक्नु, कृषि क्षेत्रको विकासका लागि आवस्यक भौतिक पूर्वाधारको व्यवस्था हुन नसक्नु नेपालमा कृषि क्षेत्रका मुख्य समस्या र चुनौती रहेको राष्ट्रिय कृषि नीति २०६१ को पृष्ठभूमि मै स्पष्ट उल्लेख गरिएको छ। यो समग्र राष्ट्रको कृषि क्षेत्रको आम समस्या भएकोले यस नगरपालिकाको हकमा समेत लागु हुन्छ। नेपालमा कृषि क्षेत्र देशको प्रमुख रोजगार प्रदायक तथा कूल गार्हस्थ उत्पादनमा प्रमुख हिस्सेदार भै देशको अर्थतन्त्रको मेरुदण्डको रूपमा रहेको छ। ग्रामीण जनताहरूको जीवनस्तरमा प्रत्यक्ष सरोकार राख्ने कृषि क्षेत्रको आधारभूत कृषि तथ्याङ्कलाई ग्रामीण विकासको सूचकको रूपमा लिन सकिन्छ। खाद्यान्न तथा नगदे बालीहरू फलफूल, पशुपंक्षी, मत्स्य सिंचाई साथै कृषि उत्पादन र क्षेत्रफल सम्बन्धी विविध सूचनाहरू कृषि तथ्याङ्कको क्षेत्रभित्र पर्ने भएतापनि नेपालमा सरकारी स्तरबाट राष्ट्रिय तथा स्थानीयस्तरमा कृषि सम्बन्धी सूचना तथा तथ्याङ्कको प्रमुख स्रोतको रूपमा कृषि विकास मन्त्रालय तथा सहकारी तथा गरिवी निवारण मन्त्रालय र केन्द्रीय तथ्याङ्क विभाग रहेका छन्। स्थानीय उत्पादनको बृद्धि र विकास गर्न बजारीकरणतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ।

आर्थिक सर्वेक्षण २०७३/७४ अनुसार नेपालको कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २९.३७ प्रतिशत रहेको छ। नेपालमा करिब ६३ प्रतिशत जनसंख्या रोजगारी तथा जीविकाको लागी कृषिमा निर्भर रहेका छन्। वर्षेनी युवा जनशक्ति पलायनमा बढोत्तरी, अव्यवस्थित शहरीकरण, जग्गाको खण्डिकरण, घडेरीकरण, जग्गा बाँझो राख्ने प्रवृत्ति, समग्र कृषि क्षेत्रका चुनौतीहरु हुन्। कृषि क्षेत्रको विकासका लागि आवश्यक सिँचाई, सडक, विजुली, संचार, उद्योग र बजार व्यवसाय तथा उन्नत प्रविधिहरुमा पर्याप्त लगानी आर्कषण गर्न नसक्नु कृषि क्षेत्रको मूलभूत समस्या हो भने कृषि पेशालाई प्रतिस्पर्धा, नाफामूलक, सम्मानजनक र व्यवसायिक रुपमा स्थापित गर्नु पनि चुनौतिको रुपमा रहेको छ।

नगरपालिकाका ३९.९९ प्रतिशत भूभाग कृषिको लागि उपयुक्त क्षेत्र रहेको छ। सामान्यतः कृषि प्रणालीमा मुख्य अन्न बालीहरू धान, मकै, गहुँ आदि हुन्। यस्तै दलहन बालीमा रहर, मास, मसुरो, केराउ, चना उत्पादन हुने गर्दछ। तेलहन बालीमा तोरी, अर्सी, तिल उत्पादन गरिन्छ भने तरकारी खेती आलु, प्याज, काउली, भिन्डी, लसुन लगायत प्रमुख खाद्य तथा नगदे बाली हुन् र यिनको उत्पादकत्व पनि बढी छ। नगरपालिकामा सबैभन्दा धेरै क्षेत्रमा खाद्यान्न र फलफूल बाली लगाइने गरेको छ भने तुलनात्मक रूपले न्यून क्षेत्रमा दलहन र मसला बाली लगाइने गरेको छ। प्यूठान नगरपालिकाले कृषि क्षेत्रको तर्फबाट पनि आफ्नो आर्थिक वृद्धिदर कायम नै राखेको छ।

### (क) हिउँदे बाली

नगरपालिकामा उत्पादन गरिने प्रमुख हिउँदे बालीहरूमा कोदो, फापर, जौ, आलु, भटमास, तोरी, आलु, मसला बाली आदि रहेका छन्।

### (ख) वर्षे बाली

नगरपालिकाका प्रमुख वर्षे बालीहरूमा धान, मकै, कोदो, फापर, दलहन, भटमास, मास, मुग, आलु, कागती, ओखर, केरा, मसला बाली, अदुवा आदि छन्।

### ५.४.१ कृषिजन्य बाली सम्बन्धी विवरण

नेपाल एक कृषि प्रधान देश हो । भौगोलिक असमानताले विभिन्न स्थानहरूमा लगाउने बाली तथा उत्पादन फरक फरक हुनुको साथै लगाउने समय पनि भिन्न रहेको छ । प्यूठान नगरपालिकामा पनि अधिकांश मानिसहरू कृषिमा संलग्न रहेका छन् । यस नगरपालिकामा लगाईने वाली विवरण लाई बुझ्न तल समग्र प्यूठान जिल्लाको कृषिजन्य वालीको विवरण प्रस्तुत गरिएको छ जसले प्यूठान जिल्लामा रहेका नगरपालिका तथा नगरपालिकाहरूको कृषिजन्य वालीको प्रतिनिधित्व गर्दछ ।

**तालिका नं. ३० :** कृषिजन्य बाली सम्बन्धी विवरण

| क्र.सं | वाली | प्रचलित जातहरू |
|---|---|---|
| **खाद्यान्न वाली** | | |
| १ | धान | राधा-७, राधा-९ र सावित्री |
| २ | गहुँ | W.K...१२०४,गौतम, भृकुटी र विजय |
| ३ | मकै | मनकामना-१, मनकामना-३, अरुण-२, सर्लाही-सेतो र हाईब्रीड गौरव |
| ४ | कोदो | स्थानीय |
| ५ | जौं | स्थानीय |
| ६ | फापर | स्थानीय |
| **दलहन वाली** | | |
| १ | मसुरो | शिसिर, सिन्दुर, खजुरा १ |
| २ | चना | स्थानीय (अग्रेली) |
| ३ | भट्मास/सिमी | स्थानीय |
| ४ | मास | कालो मास |
| ५ | केराउ | सिक्मि स्थानीय ,आर्केल |
| ६ | बोडी | स्थानीय केन्टुरी वन्डर |
| **तेलहन वाली** | | |
| १ | बदाम | स्थानीय, जनक, |
| २ | तोरी /सर्स्यु | स्थानीय, सुर्खेत स्थानीय |

*स्रोत : जिल्ला कृषि विकास कार्यालय, प्यूठान २०७३*

### ५.४.२ कृषक समूहको विवरण

कृषक समुहको विवरण ले कुनै पनि गाउँपालिका/नगरपालिका कृषि क्षेत्रमा रहेको संलग्नता र कृषि क्रियाकलापको अवस्थाको जानकारी गराउनुको साथै अगामी दिनहरूमा के कस्ता कार्यक्रमहरू ल्याउन आवश्यक छ भन्ने कुरा लाई देखाउँछ । यस प्यूठान नगरपालिकामा कृषक समुहको विवरण यस प्रकार रहेको छ ।

**तालिका नं. ३१ :** कृषक समूहको विवरण

| कृषक समूहको विवरण (प्यूठान नगरपालिका) | | | | |
|---|---|---|---|---|
| क्र.सं. | समूह | समूह संख्या | जम्मा सदस्य संख्या | जम्मा हितकोष रकम |
| १ | महिला समूह | १६ | ३२६ | ४,४३,९०० |
| २ | मिश्रित समूह | ३४ | ६८९ | ७५,५३० |
| ३ | पुरुष समूह | १ | ३१ | छैन |
| जम्मा | | ५१ | १०४६ | ५,१९,४३० |

*स्रोत : जिल्ला कृषि विकास कार्यालय, प्यूठान २०७३*

यस नगरपालिकामा आ.व. २०७१/०७२ मा ५१ वटा कृषक समूहहरू मध्ये महिला कृषक समूहहरू १६ र पुरुष कृषक समूहरूको संख्या १ रहेका छन् । लैंगिक हिसाबले महिला कृषि समूहको संख्या १६ ले बढी देखिन्छ भने नगरपालिकामा मिश्रीत कृषक समूहहरूको संख्या ३४ देखिन्छन् । यही आर्थिक वर्षसम्ममा महिला समूहहरूको हितकोष रकम रु. ४ लाख ४३ हजार ९ सय, मिश्रीत कृषक समूहहरूको हितकोष रकम रु.७५ हजार ५ सय ३० संकलन गरी केही रकम कृषि प्रयोजनको लागि प्रयोग गरिएको छ । यस नगरपालिकामा रहेका कृषक समूहको विस्तृत विवरण तल उल्लेख गरिएको छ ।

**तालिका नं. ३२ :** कृषक समूहको नामावली विवरण

| १. महिला कृषक समुहको विवरण (प्यूठान नगरपालिका) | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | समुहको नाम | ठेगाना (साविकका गा.वि.स/न.पा) | बालीबस्तु | जम्मा सदस्य संख्या | जम्मा हितकोष रकम |
| १ | मैनाली एकीकृत कृषक समुह | प्यूठान न.पा.१० | | ३० | |
| २ | शैक्षिक कृषक महिला समुह | प्यूठान न.पा.१४ | | १४ | ५०००० |
| ३ | साहसी महिला कृषक समुह | प्यूठान न.पा. ४ | | २१ | २१०० |
| ४ | शिवशक्ति गुणस्तर विउ उत्पादन कृषक समुह | प्यूठान न.पा. ४ | बिउ | ९ | १२०० |
| ५ | भुसा महिला कृषक समुह | प्यूठान न.पा. १७ | | २५ | |
| ६ | नव परिवर्तन कृषक समुह | जुम्रीकाँडा २ ठुले गाउँ | | १३ | |
| ७ | प्रगाति कृषक समुह | जुम्रीकाँडा १ | | १५ | |
| ८ | लालीगुँरास कृषक समुह | जुम्रीकाँडाा ५ | | १५ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | ध्रुवतारा कृषक समुह | जुम्रीकाँडाा ७ | | १४ | |
| १० | नमुना कृषि तथा खाद्य सुरक्षा कृषक समुह | प्यूठान न.पा. ८ | | २५ | |
| ११ | सहयोगी महिला कृषक समुह | प्यूठान न.पा. ११ खैरा | | २५ | ३७५००० |
| १२ | लालुपाते कृषक समुह | प्यूठान न.पा. १४ | | १२ | |
| १३ | लालीगुँरास कृपि तथा खाद्य सुरक्षा कृषक समुह | प्यूठान न.पा.१० | | २५ | |
| १४ | कन्या कुमारी महिला कृषक समुह | प्यूठान न.पा.१० | | २९ | ८६०० |
| १५ | बरारुख महिला कृषक समुह | प्यूठान न.पा.११ | | ३४ | ६६०० |
| १६ | लालीगुँरास कृषक समुह | प्यूठान न.पा.१३ विजयनगर | | २० | ४०० |
| | **जम्मा** | | | **३२६** | **४,४३,९००** |
| **२. मिश्रित समुहको नामावली प्यूठान नगरपालिका** | | | | | |
| **क्र.सं.** | समुहको नाम | ठेगाना (साविकका गा.वि.स/न.पा) | बालीबस्तु | जम्मा सदस्य संख्या | जम्मा हितकोष रकम |
| १ | मिलिजुली कृषक समुह | प्यु.न.पा. ९ | | २३ | ३५००० |
| २ | ठुलोचौतार कृषि विकास नवबस्तु कृषक समुह | प्यु.न.पा. १२ | | १७ | १५८० |
| ३ | प्रकृति कृषक समुह | प्यु.न.पा. ८ | | २० | |
| ४ | छेपाली फलफुल उत्पादन कृषक समुह | प्यु.न.पा. १७ | फलफुल | २० | |
| ५ | बेलुवा तरकारी तथा विउ उत्पादन कृषक समुह | प्य.न.पा.१०,११ दाख्वाडी | तरकारी बिउ | १५ | ७५० |
| ६ | नयाँवस्ती बेमौसमी तरकारी तथा फलफुल | प्यु.न.पा.६ टारी | तरकारी फलफुल उत्पादन कृषक समुह | १४ | ५२० |
| ७ | प्रगतिशील कृषि समूह | प्यु.न.पा. १५ | | १६ | ८०० |
| ८ | माझघरटोल कृषक समूह | प्यु.न.पा. १५ | | ११ | १२५० |
| ९ | श्रृजनशील लघु उद्यमी कृषक समूह | प्यु.न.पा. १३ | | १५ | २७०० |
| १० | स्वर्गद्धारी मिलिजुली कृषक समूह | प्यु.न.पा. १३ | | २१ | २१०० |
| ११ | प्रगतिशील कृषि समूह | प्यु.न.पा. ४ | | २७ | १२०० |
| १२ | भुमेश्वरी कृषक समूह | प्यु.न.पा. १७ | | २४ | २२८० |
| १३ | मिलिजुली खादाटोल बहुउद्देश्यीय कृषक समूह | प्यु.न.पा. १७ | | २५ | १२५० |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | बुढापाटा कृषक समूह | प्यु.न.पा. ८ | | २५ | २०००० |
| १५ | हरियाली कृषक समूह | प्यु.न.पा. १३ | | २५ | |
| १६ | भित्रिकोट कृषि समूह | प्यु.न.पा. ७ | | २५ | |
| १७ | जनज्योति कृषि समूह | प्यु.न.पा. १७ | | २९ | |
| १८ | जनसेवा महिला कृषक समूह | प्यु.न.पा. ६ ईन्द्रडाँडा | | ४३ | ४१०० |
| १९ | बराह कृषक समूह | प्यु.न.पा. ११ सालघारी | | १९ | |
| २० | ढाडमुडग्रिा बगैंचा कृषि तथा खाद्य सुरक्षा कृषक समूह | प्यु.न.पा. ७ | | २६ | |
| २१ | लघु कृषि तथा खाद्य सुरक्षा कृषक समूह | प्यु.न.पा. १४ | | २५ | |
| २२ | मौषमी तथा बेमौषमी ताजा तरकारी उत्पादन कृषक समूह | प्यु.न.पा. १४ | तरकारी | १८ | |
| २३ | उन्नत कृषि समूह | प्यु.न.पा. ११ | | २९ | |
| २४ | स्वर्गद्धारी आई.पी.एम कृषक समूह | प्यु.न.पा. १३ | आई.पी.एम. | २० | |
| २५ | झिमरुक तथ खाद्य सुरक्षा कृषक समूह | प्यु.न.पा. ११ | | २५ | |
| २६ | मौषमी तथा बेमौषमी ताजा तरकारी उत्पादन कृषक समूह | प्यु.न.पा. १२ | तरकारी | १८ | |
| २७ | दुवनाथ ताजा तरकारी उत्पादन कृषक समूह | प्यु.न.पा. १४ | तरकारी | १० | |
| २८ | ग्रिन बासे हरियाली कृषि तथा पशुपालन कृषि समूह | प्यु.न.पा. ६ | | १२ | |
| २९ | जनउत्थान कृषक समूह | प्यु.न.पा. १६ | | २० | |
| ३० | नव ज्योति कृषक समूह | प्यु.न.पा. १७ | | २४ | |
| ३१ | राधाकृष्ण कृषि तथा खाद्य सुरक्षा पाठशाला | प्यु.न.पा. १५ | | २३ | |
| ३२ | युनिक कृषक समूह | प्यु.न.पा. ८ | | १३ | २००० |
| ३३ | लालीगुँरास कृषक समूह | प्यु.न.पा. १७ | | १२ | |
| | **जम्मा** | | | **६८९** | **७५,५३०** |

**पुरुष कृषक समूहको विवरण (प्यूठान नगरपालिका)**

| क्र.सं. | समूहको नाम | ठेगाना (साविकका गा.वि.स/न.पा) | बालीबस्तु | जम्मा सदस्य संख्या | जम्मा हितकोष रकम |
|---|---|---|---|---|---|
| १ | कमिरे बिउ बिजन कृषक समूह | प्यु.न.पा. १२ | बिउबिजन | ३१ | छैन |

*स्रोत : जिल्ला कृषि विकास कार्यालय, प्यूठान २०७३*

### ५.४.३ कृषि बालीमा लाग्ने रोग

नगरपालिकाको कृषि उत्पादनमा धान, गहुँ, मकै, दलहन, तेलहन, तरकारी, फलफूल आदी नै मुख्य रूपमा रहेको छ। सामान्यतया धानमा ब्लास्ट, खैरो थोप्ले, फेद कुहिने रोगहरू देखा परेको छ भने गहुँमा कालो पोके र सिन्दुरेजस्ता रोगहरू देखिन्छन्। यसैगरी मकैमा डाँठ वा धोगा कुहिने र तरकारी आलु, सागपात आदिमा लेटव्लाइट, मोजाइक, ओइलाउने, खोस्टे, अल्टरनेरिया, कवरट, ड्याम्पिङ्ग अफ, जरा कुहिनेजस्ता रोगहरू मुख्य रूपमा देखा पर्दछन्। फलफूलमा विशेषगरी कोत्रे, सेतो धुले रोग, भोजक पात गुजुमुज्ज हुने, जरा कुहिने, ओइलाउने आदी रोगहरूको प्रकोपबाट कृषकहरू समस्यामा परेका छन्। मुख्य बालीहरूमा लाग्ने शत्रु जीव र रोगहरूको विस्तृत विवरण तलको तालिकामा राखिएको छ।

**तालिका नं. ३३ :** बालीमा लाग्ने रोग विवरण

| क.स | बालीको नाम | देखिएको प्रमुख रोग हरू | मुख्यमुख्य किराहरू |
|---|---|---|---|
| १ | धान | ब्लाष्ट, खैरोथोप्ले, फेदकुहिने आदी। | पतेरो, गवारो, फड्के, पातबेरुवा |
| २ | गहुँ | सिन्दुरे, कालोपोके | लाही, खुर्मे, फट्याँग्रा, फेदकटुवा |
| ३ | मकै | कालोपोके, पातको धर्सेरोग, डाँठ र फद कुहिने, ध्वासे आदी। | लाही, फट्याग्रा, खुम्रै, फेदकटुवा, गवारो आदी। |

*स्रोत : जिल्ला कृषि विकास कार्यालय, प्यूठान २०७३*

### ५.४.४ कृषि सेवा केन्द्र तथा उपकेन्द्रहरूको विवरण

कृषि प्रबिधि बिस्तारको उद्देश्यलाई सहयोग गर्दै कृषकको कृषि प्राविधिक सम्मको पहुँचलाई सरल बनाउन प्यूठान नगरपालिकामा निम्नानुसारका कृषि सेवाकेन्द्रहरू स्थापना गरिएका छन्।

**तालिका नं. ३४ :** कृषि सेवा केन्द्र तथा उपकेन्द्रहरूको विवरण

| क्र.सं. | जिल्ला कृ.षि.सेवा केन्द्र तथा उपकेन्द्रहरूको नाम | केन्द्र अर्न्तगत समेटिएका गा.वि.स हरू | कार्यरत कृषि प्राविघिक कार्यकर्ताको संख्या |
|---|---|---|---|
| १ | जिल्ला कृषि विकास कार्यालय | प्यूठानका सबै गा.वि.स. | |
| २ | कृषि सेवा केन्द्र बिजुवार | धर्मावती, बिजुवार, मरान्ठाना, माझकोट, जुम्रीकाँडा,विजयनगर, दाखाम्क्वाडी,खैरा, र रम्दी। | ३ जना |

*स्रोत : जिल्ला कृषि विकास कार्यालय, प्यूठान २०७३*

### ५.४.५ बाली पात्रो

नेपालको भौगोलिक विविधताको कारण विभिन्न क्षेत्रहरूमा लगाईने बालीहरू र लगाउने समय फरक फरक पाईन्छ। यस्तै एउटै ठाउँको माथिल्लो मध्य र तल्लो भागमा पनि बाली लगाउने र वालीको भिन्नता पाईन्छ। यस प्यूठान नगरपालिकाको बालीको समयअनुसार बाली पात्रोको विवरण तल तालिकामा देखाईएको छ।

तालिका नं. ३५ : बाली पात्रो

| क्षेत्र | वाली | लगाउने समय | | बाली लिने समय | |
|---|---|---|---|---|---|
| | | खेत | पाखो | खेत | पाखो |
| उच्च भाग | मकै | | फागुन-बैशाख | | भदौ-असोज |
| | गहुँ | | आश्विन-मंसिर | | चैत-बैशाख |
| | कोदो | | जेष्ठ-असार | | कार्तिक-माघ |
| | वर्षे आलु | | फागुन-चैत | | जेठ-श्रावण |
| | सिमी | | बैशाख-असार | | भदौ-कार्तिक |
| | भटमास | | जेष्ठ-असार | | आश्विन-मंसिर |
| मध्य भाग | धान | बैशाख-श्रावण | | आश्विन मंसिर | |
| | गहुँ | कार्तिक -मंसिर | आश्विन-मंसिर | चैत-बैशाख | चैत-बैशाख |
| | मकै | फागुन-चैत | फागुन-चैत | असार-श्रावण | श्रावण-भदौ |
| | आलु | कार्तिक -मंसिर | कार्तिक -मंसिर | फागुन -चैत | फागुन -चैत |
| | कोदो | | जेष्ठ-असार | | कातिक-मंसिर |
| | तोरी | असोज -कार्तिक | असोज -कार्तिक | मंसिर-चैत | फागुन -चैत |
| | भटमास | जेठ-असार | जेठ-असार | कातिक-मंसिर | मंसिर-चैत |
| तल्लो वेसी | धान | बैशाख-श्रावण | | आश्विन-मंसिर | |
| | गहुँ | कार्तिक -मंसिर | आश्विन-मंसिर | चैत-बैशाख | चैत-बैशाख |
| | मकै | | चैत-बैशाख | | श्रावण-भदौ |
| | आलु | कार्तिक -मंसिर | असोज -मंसिर | फागुन -चैत | पुस-माघ |
| | तोरी | असोज -कार्तिक | असोज -कार्तिक | मंसिर-चैत | फागुन -चैत |

*स्रोत : जिल्ला कृषि विकास कार्यालय, प्यूठान २०७३*

### ५.४.६ कृषि बजारीकरण

परम्परागत कृषि बजारीकरणमा उत्पादकहरूले असंगठीत रूपमा आफ्नो उपजको आफैं बजारीकरण गर्ने चलन थियो तर पछिल्ला दिनमा विविध खाले बजार श्रृंखला पार गर्दै कृषि उपजहरूको बजारीकरण प्रचलन विकास हुन थालेको छ। नगरपालिका निर्माणका प्रारम्भिक दिनदेखि यहाँका कृषिजन्य वस्तु बजारीकरणका ढाँचाहरू विभिन्न खालका अभ्यासमा आएका छन्। यद्यपि आजसम्म पनि व्यवस्थित कृषि बजार निर्माण भई नसके पनि बन्ने र बनाउने दिशामा भएका प्रयत्नहरूले कृषि बजारको क्रमिक विकासमा टेवा पुऱ्याएका छन्। हालसम्म बजारीकरण ढाँचामा विभिन्न कृषि बजारीकरणका मोडलहरू विकास र अभ्यास भएको देखिन्छ। कृषि उपज बजारीकरणका ढाँचाहरूले एकले अर्कोलाई विस्थापन गरेका छैनन्, तर एकले अर्काको विकास गर्न परिस्थिति निर्माण गरेका छन्। नगरपालिकामा विभिन्न हाटबजारहरूबाट कृषि लगायत अन्य वस्तुहरूको (तरकारी, आलु, फलफूल तथा माछा) बजारीकरण हुने गरेको देखिन्छ।

**तालिका नं. ३६ :** बजारको नाम र प्रकृति (थोक, हाट, संकलन केन्द्र)

| क्र.सं. | संकलन केन्द्रको नाम | ठेगाना | कमाण्ड साविकका गा.वि.स/न.पा. | कारोवार मे.टन. | आय हजारमा | मुख्य बजारहरू |
|---|---|---|---|---|---|---|
| १ | श्री हरिओम कृषि उपज संकलन केन्द्र | विजुवार १, प्यूठान | विजुवार, धर्मावती,माभ्फकोट, मरन्ठाना । | १५० | ५५०० | |
| २ | श्री विजय लक्ष्मी कृषि उपज संकलन केन्द्र | विजयनगर ३ जुम्री,प्यूठान | विजुवार, विजयनगर, दाखाक्वाडी, जुम्रीकाँडा | ८ | ३५० | विजयनगर, विजुवार, दाखाक्वाडी । |
| ३ | शितलपाटी हाट बजार केन्द्र | खलंगा प्यूठान | खलंगा, मरन्ठाना | ६ | २३० | |
| | **जम्मा** | | | **१६४** | **६१००** | |

*स्रोत : जिल्ला कृषि विकास कार्यालय, प्यूठान २०७३*

### ५.४.७ कृषि पकेट क्षेत्रको बिवरण

प्यूठान नगरपालिकामा कृषि पेशा अगाल्ने परिवारको संख्या उच्च रहेको छ । कृषि पेशामा संलग्न श्रम शक्ति उच्च रहेको यस नगरपालिकामा कृषि व्यवसायलाई प्रोत्साहन गर्ने उद्देश्यले नगरपालिकामा विभिन्न क्षेत्रलाई कृषि पकेट क्षेत्रको रूपमा विकास गरी नगदे, तरकारी, फलफुल, खाद्यान्न, मौरी पालन, उखुजस्ता कृषि उत्पादनको वृद्धि गर्न सक्ने प्रसस्त संम्भावना देखिन्छ। यस नगरपालिकामा रहेका पकेट क्षेत्रको विवरण निम्नअनुसार रहेको छ ।

**तालिका नं. ३७ :** कृषि पकेट क्षेत्रको विवरण

| क्र.सं. | बालीको नाम | पकेट क्षेत्र संख्या | पकेट क्षेत्र अन्तर्रगतका साविकका गा.वि.स. हरू |
|---|---|---|---|
| १ | खाद्यान्न बाली | ४ | विजुवार , खैरा, धर्मावती, मरन्ठाना |
| २ | खाद्यान्न विउ वृद्धि | ४ | विजुवार , खैरा, धर्मावती, मरन्ठाना |
| ४ | ताजा तरकारी | ७ | बिजुवार, धर्मावती, माभ्फकोट, मरन्ठाना, दाखाक्वाडी, विजयनगर, जुम्रीकाँडा |

*स्रोत : जिल्ला कृषि विकास कार्यालय, प्यूठान २०७३*

### ५.४.८ जग्गाको उर्वराशक्ति

नगरपालिकाको ३९.९९ प्रतिशत क्षेत्रफल खेती योग्य जमिनले ओगटेकोले कृषि उत्पादनको लागि उर्वर भूमि प्रशस्त रहेको छ । विगतमा प्यूठान नगरपालिकामा रहेको उर्वरा क्षेत्रलाई वैज्ञानिक कृषि प्रणालीमा आधारित भई पूर्ण सदुपयोग गर्न सकिएको छैन । नगरपालिकाको बेसी तथा भिरालो भूभागमा खाद्यान्न बाली, नगदे बाली तथा फलफूल र तरकारीको लागि उर्वर भूमि पाइन्छ भने वन क्षेत्रले ढाकेको क्षेत्रहरूमा डाँलेघाँस र खरघाँसको लागि उर्वरता रहेको पाइन्छ । नगरपालिका उपलब्ध खेतियोग्य जमिन र सिँचाईको उपयोग गरी कृषिमा राम्रो सम्भावना रहेको छ । नगरपालिकाको खेति योग्य जमिनको विवरण तल दिईएको छ ।

तालिका नं. ३८ : खेतियोग्य जमिनको विवरण

| क.सं. | साविकको गा.वि.स.को नाम | जमिनको जम्मा क्षे. (हे.मा) | खेति गरिएको जमिन हे. | | खेति योग्य जमिन हे. |
|---|---|---|---|---|---|
| | | | खेत | पाखो | जम्मा |
| १ | विजयनगर | ११३६ | ७९ | २४६ | ३७५ |
| २ | दाखाक्वाडी | २५५७ | १५५ | ३५१ | ५०६ |
| ३ | खलंगा | १८३३ | ९५ | ४०१ | ४९६ |
| ४ | मरन्ठाना | १७५८ | २४१ | ३९८ | ६३९ |
| ५ | धर्मावती | ११०२ | १५१ | २४३ | ३९४ |
| ६ | विजुवार | १४०९ | ३१७ | ३४१ | ६८ |
| ७ | माझकोट | १४१७ | ४८ | २५४ | ३०२ |
| ८ | जुम्रीकाँडा | १९६४ | ९३ | २४१ | ३४ |
| | **जम्मा** | **१३१७६** | **११७९** | **२४७५** | **२८१४** |

*स्रोत : जिल्ला कृषि विकास कार्यालय, प्यूठान २०७४*

### ५.४.९ एग्रोभेट सम्बन्धि विवरण

नगरपालिका भरी पशुपंक्षी पालनमा आएको व्यवसायिकताको लहरसँगै भेटेरिनरी औषधीको व्यवसाय पनि निकै फस्टाउँदै गएको पाइन्छ। नगरमा १७ वटा भेटेरिनरी औषधी पसलहरू संचालित छन्। यसको विस्तृत विवरण तल तालिकामा दिईएको छ।

तालिका नं. ३९ : एग्रोभेट सम्बन्धि विवरण

| क्र.सं. | एग्रोभेटको नाम | ठेगाना | बिक्रेताको नाम |
|---|---|---|---|
| १ | सत्यवती एग्रोभेट सेन्टर | वडा नं ४ | नरेन्द्र भण्डारी |
| २ | झिमरुक एग्रोभेट सेन्टर | वडा नं १ | रुद्रमणि आचार्य |
| ३ | पौरखी एग्रोभेट सेन्टर | वडा नं ८ | सानुमाया खनाल |
| ४ | कल्पना एग्रोभेट सेन्टर | वडा नं १० | बासुदेव गिरी |
| ५ | पोखरेल एग्रोभेट सेन्टर | वडा नं २ | गोविन्दराज पोखरेल |
| ६ | स्मृति एग्रोभेट सेन्टर | वडा नं ८ | टंक बा. थापा |
| ७ | सुनगाभा एग्रोभेट सेन्टर | वडा नं ७ | घनश्याम पोखल |
| ८ | जनसेवा एग्रोभेट तथा रसायिनिक मल डिपो | वडा नं २ | किशोर ब. विष्ट |
| ९ | चिनारी एग्रोभेट सेन्टर | वडा नं ९ | राम ब. वि.क. |
| १० | न्यु आरती एग्रोभेट सेन्टर | वडा नं ३ | तिल ब. धर्ती |
| ११ | विजयनगर एग्रोभेट सेन्टर | वडा नं १० | माधव प्रसाद पराजुली |
| १२ | राजन एण्ड साजन एग्रोभेट सेन्टर | वडा नं १० | नुम ब.के.सी. |
| १३ | जनसेवा एग्रोभेट सेन्टर | वडा नं ८ | चित ब. के.सी. |
| १४ | कालिका एग्रोभेट सेन्टर | वडा नं ४ | वासुदेव न्यौपाने |
| १५ | वाग्दुला एग्रोभेट सेन्टर | वडा नं ८ | मधुसुदन पण्डित |
| १६ | प्यूठान एग्रोभेट सेन्टर | वडा नं ८ | विष्णु न्यौपाने |
| १७ | किसान एग्रोभेट सेन्टर | वडा नं ४ | |

*स्रोत : जिल्ला कृषि विकास कार्यालय, प्यूठान २०७३*

### ५.४.१० कृषि सहकारी संस्थाहरुको विवरण

तालिका नं. ४० : कृषि सहकारी संस्थाहरूको विवरण

| क्र. सं. | सहकारी संघ संस्थाको नाम | ठेगाना | सदस्य संख्या | | | सञ्चालक संख्या जम्मा | हालको अवस्था |
|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | | |
| बचत तथा ऋण सहकारी संस्था | | | | | | | |
| १ | विजय लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि. | प्यु.न.पा.-१३ विजयनगर | ५५२ | ० | ५५२ | ९ | सकृय |
| २ | सिद्धार्थ सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. | प्यु.न.पा.-१२ दाखाक्वाडी | १४३ | २५९ | ४०२ | ११ | सकृय |
| ३ | धर्मावती बचत तथा ऋण सहकारी संस्था लि. | प्यु.न.पा.१४ | १८ | ८२ | १०० | ७ | सकृय |
| ४ | सगरमाथा महिला बचत तथा ऋण सहकारी लि. | माझकोट -७ लम्छयाङ | ३०३ | ० | ३०३ | ११ | सकृय |
| ५ | बाहाजोरी बचत तथा ऋण सहकारी संस्था लि. | प्यु.न.पा -६ | १४४ | १९१ | ३४५ | ९ | सकृय |
| ६ | जुम्री बचत तथा ऋण सहकारी संस्था लि. | जुम्रीकाँडा-५ | ७६ | ७३ | १४९ | ९ | सकृय |
| ७ | शिवधुरी बचत तथा ऋण सहकारी संस्था लि. | माझकोट -४ | ८ | २० | २८ | ७ | सकृय |
| ८ | कालिका बचत तथा ऋण सहकारी संस्था लि. | प्यु.न.पा. -४ | ३३ | ७९ | ११२ | ११ | सकृय |
| कृषि सहकारी संस्था | | | | | | | |
| १ | विजयनगर म. साना किसान कृषि सहकारी संस्था लि. | प्यु.न.पा.-१३ | ४९८ | ० | ४९८ | ९ | सकृय |
| २ | विजुवार म. साना किसान कृषि सहकारी संस्था लि. | प्यु.न.पा.-८ विजुवार | १०१ | ० | १०१ | ७ | सकृय |
| ३ | सुनौलो कृषि सहकारी संस्था लि. | प्यु.न.पा.-११ | २३ | ११ | ३४ | ९ | सकृय |
| ४ | भित्रिकोट कृषि सहकारी संस्था लि. | प्यु.न.पा. -६ टारी | ८१ | ३१ | ११२ | ७ | सकृय |
| ५ | सहयात्री कृषि सहकारी संस्था लि. | प्यु.न.पा.-६ टारी | २४ | १६ | ४० | ११ | सकृय |
| ६ | बृहत साना किसान सहकारी संस्था लि. | प्यु.न.पा.-१४ | २९ | ० | २९ | ९ | सकृय |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | दिर्घायु कृषि सहकारी संस्था लि. | प्यु.न.पा.-१६ | ८ | २२ | ३० | | सकृय |
| ८ | मौसम महिला कृषि सहकारी संस्था लि. | प्यु.न.पा.-१० | ३५ | ० | ३५ | | सकृय |
| ९ | मैनाली एकीकृत सहकारी संस्था लि. | प्यु.न.पा. १० दाखाक्वाडी | २५ | ० | २५ | | सकृय |
| **बहुउद्देश्यीय सहकारी संस्था** | | | | | | | |
| १ | संगम महिला बहुउद्देश्य सहकारी संस्था लि. | प्यु.न.पा.८ पुण्यखोला | २९३ | १०० | ३९३ | ११ | सकृय |
| २ | वागेश्वरी महिला बहुउद्देश्य सहकारी संस्था लि. | प्यु.न.पा.१७ मरन्ठाना | | | | | सकृय |
| **उपभोक्ता सहकारी संस्था** | | | | | | | |
| १ | जनप्रिय उपभोक्ता सहकारी संस्था लि. | प्यु.न.पा.१६ मरन्ठाना | | | | ९ | |
| **मौरीपालन सहकारी संस्था** | | | | | | | |
| १ | तिखाचुली मौरीपालन सहकारी संस्था लि. | प्यु.न.पा.१५ | १५ | १० | २५ | | सकृय |
| २ | सुर्यनगर मौरीपालन सहकारी संस्था लि. | प्यु.न.पा.१४ | १२ | १३ | २५ | | सकृय |
| ३ | गाउँले मौरीपालन सहकारी संस्था लि. | प्यु.न.पा.१५ | १७ | ८ | २५ | ११ | सकृय |

*स्रोत : जिल्ला कृषि विकास कार्यालय, प्यूठान २०७३*

## ५.५ सिंचाइ

नगरपालिका सतह एवं भूमिगत जल सिंचाईको स्रोत रहेको छ। कृषिको लागि उर्वर माटो भएको र नगरपालिकामा ठूलो संख्यामा जनता कृषिमा निर्भर रहेको हुँदा प्राकृतिक स्रोतको उपयोग गरी सबै खेतियोग्य जमिनमा सिचाई सुविधा पुर्याउन सके रोजगारीका अवसर बढ्नुका साथै कृषि उत्पादनमा पनि प्रशस्त बृद्धि हुने देखिन्छ। नगरपालिकाका केहि भागहरूमा भूमीगत रूपमा रहेको जलस्रोतलाई उपयोग गर्न र लगानी र प्रतिफलको हिसावले तत्काल सतह सिचाईमा जान नसकिने ठाउँहरूमा जमिनमुनीको पानीलाई प्रयोग गरी सिंचित गर्नु उपयुक्त देखिन्छ।

प्यूठान नगरपालिका रहेको यस जिल्लाको कुल खेति योग्य जमिन ४२,८१४ हे. मध्ये ३,६३८ हे. जमिनमा सिंचाई सुविधा छ भने कुल खेति गरिएको जमिन २२,१७५ हे.को तुलनामा १६.४ प्रतिशत जमिनमा बाह्र महिना सिंचाई हुन्छ भने यस प्यूठान नगरपालिकाको सिँचाई स्थितिलाई बु´न तल सिँचाको विवरण दिईएको छ ।

**तालिका नं. ४१ :** प्यूठान नगरपालिकामा सिंचाई स्थिति

| क.सं. | सिँचाई योजनाको नाम | सिँचित हुने क्षेत्र | सिाचित क्षेत्रफल (हे.) |
|---|---|---|---|
| १ | समुद्र फाँट सिँचाई योजना | वडा नं १० | ३५ |
| २ | घारकुलो ठुलो कुलो सिँचाई योजना | वडा नं ७ र ८ | ३० |
| ३ | रानी कुलो सिँ.योजना | वडा नं १० | १९० |
| ४ | घारकुलो ठुलो कुलो सिँचाई योजना | वडा नं १ | ५५ |
| ५ | रानी कुलो सिँ.योजना | वडा नं ३ र ८ | ५२ |
| ६ | गोर्खे कुलो सिँ.योजना | वडा नं ४ र ७ | ९१ |
| ७ | क्याडे कुलो सिँ.योजना | वडा नं २ र ७ | १०० |
| ८ | धर्मावती सिँ. योजना | वडा नं ७ | ७२.५ |
| ९ | नौ कुलो सिँ. योजना | वडा नं ३ | ७४ |
| १० | वडहरा कुलो सिँ.योजना | वडा नं ४ | १३ |
| ११ | जरवोट सिँ. योजना | मरन्ठाना | १० |
| १२ | मो्टर्ने कुलो सिँ. योजना | वडा नं ४ | २५ |
| १३ | नेवचा सिँ. योजना | वडा नं १ | २५ |
| १४ | घारकुलो कुलो सिँचाई योजना | वडा नं ३ | ३० |
| १५ | तारा खोला सिँ. योजना | वडा नं ५ | ७ |
| १६ | धाईरे सेरा पाडाबांग सिँ. योजना | वडा नं ८ | २५ |
| १५ | दहकुलो सिँ.योजना | वडा नं १० | ३९ |
|  | जम्मा |  | ४९१ |

*स्रोत : जिल्ला कृषि विकास कार्यालय, प्यूठान २०७३*

मथिको तालिकामा हेर्दा प्यूठान नगरपालिकामा सिँचाई अवस्था राम्रो देखिन्छ। यस नगरपालिकामा कुल ४९१ हे. जमिन मा सिँचाईको सुविधा रहेको देखिन्छ। यसको उपयोग गरी कृषि क्षेत्रलाई व्यवश्थित बनाई नगरपालिकाको अर्थतन्त्र लाई बलियो बनाउन सकिन्छ।

## ५.६ पशुपालन



नगरपालिकामा विशेषगरी गाई, भैँसी, बाखा, बुँगुर नै यहाँका मुख्य घरपालुवा जनावर हुन । यसबाट नगरपालिकाबासीहरूको जीविकोपार्जनमा उल्लेख्य सुधार भैरहेको छ । पशुजन्य उत्पादनहरू जस्तै, दुध, दही, घिउ तथा मासुका लागि कुखुरा, बंगुर, खसी, बोकाहरूको बिक्रीबाट आम्दानी बढेको देखिन्छ । यहाँ डेरी उद्योग, व्यापारिक फार्म, गाइ, भैसी, कुखुरा फार्महरू लगायतका कृषिजन्य उद्योगहरू रहेका छन । त्यस्तै गरि भेटेनरी सेवा पनि नगरपालिकामा उपलब्ध रहेको छ । नगरपालिकामा पशुपालन अधिक मात्रामा हुने गरेको देखिन्छ । पशुपालन व्यवसायलाई सहज बनाउन विभिन्न पशु सेवा केन्द्रहरू पनि नगरपालिकमा सञ्चालित रहेका छने जसको विवरण तल दिईएको छ ।

**तालिका नं. ४२ :** पशु सेवा केन्द्र तथा उपकेन्द्रहरु

| क्र.सं. | सेवा केन्द्र तथा उपकेन्द्रको नाम | केन्द्र अर्न्तगत समेटिएका गा.वि.स.हरू | नगरमा कार्यरत प्राविधिकको संख्या |
|---|---|---|---|
| १ | पशु सेवा केन्द्र विजुवार | विजुवार, माफकोट, धर्मावती | २ |
| २ | पशु सेवा केन्द्र मरन्ठाना | मरन्ठाना, | १ |
| ३ | पशु सेवा उपकेन्द्र | दाखाक्वाडी | - |
| ४ | पशु सेवा उपकेन्द्र | मरन्ठाना | - |
| | जम्मा | | ३ |

*स्रोत : नगर कार्यपालिकाको कार्यालय, २०७३*

माथिको तालिकामा नगरपालिकामा पशु सेवा केन्द्र तथा उपकेन्द्रको नामावली तथा कार्यक्षेत्र देखाईएको छ जसले प्यूठान नगरपालिकामा कार्यरत रही आ-आफ्नो क्षेत्रमा सेवा पुऱ्याइ रहेका छन् ।

### ५.६.१ पशु नश्ल

नगरपालिकामा पालन गरिने मुख्य पशुपंक्षीहरूमा गाई, भैंसी, बाखा, भेंडा आदि रहेका छन् । सामान्यतया व्यवसायिक पशुपालनको विकाससँगै वर्णशंकर तथा उन्नत जातका पशुहरू पाल्ने गरेको पाइन्छ । गाई भैंसीमा कृत्रिम गर्भाधान सेवा उपलब्ध हुनु तथा बाखा र बंगुरतर्फ उन्नत जातका भालेहरूसँग प्रजनन् गराउने परिपाटी बसेको हुँदा यी जातका जनावरहरूमा वर्णशंकरको संख्या बढ्दो छ । तथापि बँधुवा पशुपालन पद्धतिको कमी, कमजोर पशु स्वास्थ्य व्यवस्थापन, कुपोषण तथा पशुपालन सम्बन्धी प्राविधिक ज्ञान तथा चेतनाको अभावको कारण वर्ण शंकरबाट उत्पादनमा खासै उत्साह थपिएको अवस्था छैन । त्यसैगरी ठूलो संख्यामा रहेका कम उत्पादक जनावरहरूले अपेक्षाकृत बढी उत्पादक जनावरहरूको आहारा खाई दिने हुँदा सबै न्यून उत्पादक जनावरहरूलाई हटाएर उन्नत जातको जनावर किनेर पाल्दा उचित हुन्छ । तसर्थ नश्ल सुधारमार्फत् नयाँ जन्मिएका जनावरका बच्चाहरू भविष्यको राम्रो माउमा विकसित गर्ने कुरा मध्यनजर गरी थप कार्यक्रमहरू संचालन गर्नु आवश्यक छ ।

सारांशमा, विगतका वर्षहरूमा नगरपालिकाको पशुपालन क्षेत्रले राम्रो फड्को मारेको छ जसले गर्दा पशुपंक्षीजन्य उत्पादनमा परिमाणात्मक विकास सम्भव भएको छ । तर हालको परिमाणात्मक विकासको गति सुस्त छ । पशुपालन क्षेत्रमा क्रमिक रूपमा व्यवसायिकता थपिएको छ तरपशुपंक्षीजन्य उत्पादन प्रशोधनका लागि उद्योग स्थापना खासै हुन सकेको पाईंदैन । त्यसैगरी पशुपालनतर्फ गुणात्मक विकासको खाँचो सर्वत्र महसुस गरिएको छ । पशुपालनसँग आवद्ध श्रमिक तथा महिला वर्गहरूको उत्पादकत्व अति न्यून हुनु, युवा वर्गहरू विदेश पलायन हुनु र सो अनुरूप पशुपालनमा यान्त्रिकिकरण हुन नसक्नु, पशु पालन क्षेत्रमा पूँजी लगानीको आकार धेरै सानो हुनु तथा जनमानसमा पशुपालनको कृषि अर्थतन्त्रमा योगदानको बारेमा अज्ञानता आदि कारणले गर्दा पशुपालन क्षेत्रबाट आशातीत उपलब्धि हासिल हुन सकिरहेको छैन ।

### ५.६.२ पशुपंक्षीमा लाग्ने रोगहरू

कृषकहरूको मुख्य आम्दानीको स्रोतको रूपमा रहेको पशुपंक्षीहरूको पालन यस नगरपालिकामा निकै बढी मात्रामा रहेको देखिन्छ । पशुमा लाग्ने रोगहरू पशुपालन व्यवसायको समस्याको रूपमा रहेको देखिन्छ । पशुपालनको विशेष शिक्षाको कमीले यो व्यवसायलाई पछाडी पारिरहेको छ तर परम्परागत पशुपालन भन्दा केहि सुधार भएको छ । नगरपालिकामा देखिने पशु रोगहरूमा रेविज, खोरेत, पिपिआर, स्वाइन फिवर, भ्यागुते, चरचरे, नाम्ले, माटे, थुनेलो, प्रजनन् सम्बन्धि र जुका पर्दछन्। नगरपालिकाको वन जंगलसँग जोडिएका वडाहरूमा एन्टी रेजिव खोप लगाउनुपर्ने देखिन्छ भने खोरेत पिपिआर स्वाइन फिवरजस्ता अत्यन्त संक्रामक रोगको प्रकोप पनि यस नगरपालिकामा त्यत्तिकै रहेको पाइन्छ। यसका कारणहरूलाई हेर्दा, पशुको अवञ्छित आवत जावत तथा आयात, दयनिय व्यवस्थापन, खोप लगाउनुपर्छ भन्ने चेतनाको कमी, आदि मान्न सकिन्छ। यि रोगको नियन्त्रणका लागि जिल्ला पशु सेवा कार्यालयबाट निरन्तर प्रयास भैरहेको देखिन्छ।

जिवाणुबाट हुने रोगहरूमध्ये भ्यागुत्ते, चरचरे विरुद्ध यस नगरपालिकाको किसानहरूले खोप लगाउने गरेको पाइन्छ। तापनि यी रोगहरू फाटफुट रूपमा देखिने गरेका छन्। नगरपालिकामा स्वाइन फिवर, खोरेत, रेविज विरुद्धको खोपकार्य समेत नगरपालिकाको विभिन्न वडाहरूमा समेत संचालन गर्न सकेमा धेरै हदसम्म रोग नियन्त्रण कार्य सफल हुने देखिन्छ। सामान्यतया पशुपंक्षीमा ठूलो महामारी फैलिएको पाइँदैन । तथापी यहाँका पशुपंक्षीहरूमा खोरेत, भ्यागुते, चरचरे, नाम्लेजुका, रेवीजजस्ता रोगहरूको प्रकोप रहेको छ भने पंक्षीहरूमा मुलत रानीखेत, गम्बोरा, सिआरडी र बर्डफ्लू मुख्य रूपमा लाग्ने गरेको छ ।

**तालिका नं. ४३ :** पशुमा देखिएको रोगहरूको विवरण

| S.N | Disease | Animals | | | | Other |
|---|---|---|---|---|---|---|
| 1 | Liver Fluke | Cattle | Buffalo | Goats | | |
| 2 | HS@BQ | Cattle | Buffalo | Goats | | |
| 3 | Pramphistomom | Cattle | Buffalo | Goats | | |
| 4 | Nerves Sign | Cattle | Buffalo | Goats | | |
| 5 | Respiratory Sign | Cattle | Buffalo | Goats | | |
| 6 | Cocciodiosis | | | | Fowl | |
| 7 | Skin Lesions | | | | Fowl | |
| 8 | Wound/Abscess | Cattle | Buffalo | Goats | | |
| 9 | Red Urine | Cattle | Buffalo | Goats | | |
| 10 | Abortion | Cattle | Buffalo | Goats | | |
| 11 | Warble Infestation | Cattle | Buffalo | Goats | | |
| 12 | Diarrhoea | Cattle | Buffalo | Goats | | |
| 13 | Infertility | Cattle | Buffalo | Goats | | |
| 14 | Mastitis | Cattle | Buffalo | Goats | | |
| 15 | Distocia | Cattle | Buffalo | Goats | | |
| 16 | Prolapse | Cattle | Buffalo | Goats | | |
| 17 | Retained Placenta | Cattle | Buffalo | Goats | | |
| 18 | Mange | Cattle | Buffalo | Goats | | |
| 19 | Rabis | Cattle | Buffalo | Goats | | Dog |
| 20 | Tick/Lice(External Parasite) | Cattle | Buffalo | Goats | Fowl | |
| 21 | Intestinal Helmenthis | | | | Fowl | |
| 22 | Orf | | | Goats | | |
| 23 | Parasitic Gastroenteritis | Cattle | Buffalo | Goats | | Pig |
| 24 | Anoestrous | Cattle | Buffalo | Goats | | |
| 25 | Indigestion/Anorexia | Cattle | Buffalo | Goats | | |
| 26 | Tympany/Bloats | Cattle | Buffalo | Goats | | |
| 27 | Magout wound | Cattle | Buffalo | Goats | | |
| 28 | Cough | Cattle | Buffalo | Goats | | |
| 29 | Pnoumonia | Cattle | Buffalo | Goats | | |
| 30 | Gumbarrow | | | | Fowl | |
| 31 | Cyst | Cattle | Buffalo | Goats | | |
| 32 | FMD | | | Goats | | |
| 33 | PPR | | | Goats | | |
| 34 | Ranikhet | | | | Fowl | |
| 35 | CRD | | | | Fowl | |

*स्रोत : जिल्ला पार्श्वव चित्र २०७१*

### ५.६.३ पशुपंक्षी फार्महरूको विवरण

प्यूठान जिल्ला ब्रोईलरको मासु उत्पादनमा आत्मनिर्भर रहेको र यसले जिउँदो बोइलर अन्य क्षेत्रमा बिक्री वितरण गर्दै आईरहेको छ । हुन त फुल उत्पादन तर्फ यस जिल्लामा अझै ठुला प्रयासहरू थाल्नु आवश्यक देखिन्छ । कुखुरा तथा अण्डा व्यवसायी किसान संघको अनुसार जिल्ला भरी उल्लेख्य कुखुरा फार्महरू संचालनमा रहेका छन् भने प्यूठान नगरपालिकामा ब्रोईलर र लेयर्स गरी जम्मा १० कुखुरा फर्म रहेको देखिन्छ । यसको विवरण तल तालिकाका देखाईएको छ ।

**तालिका नं. ४४** : पशुपन्छी फर्मको विवरण

| वोईलर कूखुरा | | | |
|---|---|---|---|
| क्र.सं. | फर्मको नाम र ठेगाना | सञ्चालकको नाम | प्रमुख उत्पादन |
| १ | कुखुरा फर्म विजयनगर | दिपक विष्ट | मासु |
| २ | कुखुरा फर्म विजुवार ४ | गोपाल के.सी. | मासु |
| ३ | कुखुरा फर्म विजुवार ९ | निर्मला पोखेल | मासु |
| ४ | कुखुरा फर्म विजुवार ४ | चोप ब.कार्की | मासु |
| ५ | कुखुरा फर्म विजुवार ३ | सुक ब. नेपाली | मासु |
| ६ | कुखुरा फर्म विजुवार ४ | गिर ब. अधिकारी | मासु |
| ७ | कुखुरा फर्म खलंगा ७ | राम लाल श्रेष्ठ | मासु |
| ८ | कुखुरा फर्म खलंगा ७ | हरि ब. विष्ट | मासु |
| लेयर्स कुखुरा | | | |
| १ | कुखुरा फर्म विजुवार ४ | शरद पौडेल | अण्डा तथा मासु |
| २ | कुखुरा फर्म विजुवार ४ | रविन्द्र अधिकारी | अण्डा तथा मासु |

*स्रोत : जिल्ला पार्श्वव चित्र २०७१*

### (क) गाई/भैंसी/बाखा फार्महरूको विवरण

यस नगरपालिकामा गाई भैंसी धेरै लगानीका फार्महरू छैनन् । नगरपालिकामा बाखा पालनमा आकर्षण रहेको देखिन्छ । त्यसै गरी फार्महरूको यान्त्रिकरण तर्फ पनि प्रगति अति नै न्यून रहेको पाईन्छ । कृषकहरूले आफ्नो दैनिक जीवनको लागि केही गाई, भैंसी, बाखा पालन गरे तापनि यसले व्यवसायिकता भने पाउन सकेको छैन । त्यस कारण, समग्रमा भन्नु पर्दा नगरपालिकामा दुग्ध तर्फ व्यवसायिक उत्पादनले विस्तारित रुप लिएको छैन । नगरपालिकामा एउटा मात्र नमूना गाईपालन समुह दाखाक्वाडीमा रहेको छ । व्यवसायिक फर्म बाहेक नगरपालिकामा भएको पशुहरूको विवरण निम्न अनुसार रहेको छ ।

**तालिका नं. ४५ :** नगरमा भएका पशुको विवरण

| क्र.सं. | गा.वि.स. | गाई | | | भैंसी | | | बाखा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थानीय | वर्णशकंर | उन्नत | स्थानीय | वर्णशकंर | उन्नत | स्थानीय | वर्णशकंर | उन्नत |
| १ | माझकोट | | | | | | | २४५ | | |
| २ | मरान्ठाना | | | | | | १ | ९० | | |
| ३ | खलंगा | | | १ | | | | ३० | | |
| ४ | धर्मावती | | | १ | | | | | | |
| ५ | विजुवार | | | १ | | | | ३० | | |
| ६ | जुम्रीकाँडा | | | | | | | ३० | | |
| ७ | विजयनगर | | | १ | | | | ८० | | |
| ८ | दाखाक्वाडी | | | १ | | | | | | |
| ९ | खैरा | | | १ | | | | | | |
| | जम्मा | ० | ० | ६ | ० | ० | १ | ५०५ | | |

*स्रोत : जिल्ला पशु सेवा कार्यालय, प्यूठान २०७३*

**(नोट: माथिको तालिकामा साविकको प्यूठान नगरपालिकाका केही वडाहरु (१-३, ५ र १८) नयाँ संरचना अनुसार अरु नै गाउँपालिका/नगरपालिकामा विभाजन भएका छन् ।)**

माथिको तालिकामा प्यूठान नगरपालिका रहेका गाई, भैंसी तथा बाखा पालन सम्बन्धी विवरण देखाईएको छ । जसमा नगरमा कुल ५०५ स्थानीय बाखा, ६ उन्नत गाई, १ भैंसी रहेको छ । आँकडालाई हेर्दा पशुपालन लाई अझ व्यवस्थित र व्यवसायिकरण गर्नुपर्ने आवश्यक देखिन्छ ।

### ५.६.४ नगरपालिकामा दुग्ध बजारीकरण

प्यूठान नगरपालिकामा पशुपालन एक प्रमुख पेशाको रूपमा विकास भएको छैन । केहि कृषकले आफ्नो आफ्नो आवश्यकता परिपुर्ति लागि गाई भैंसी पालन गरेता पनि दुग्ध बजारिकरण भने फस्टाएको देखिँदैन उत्पादित केही दुध स्थानीय बजारमा पसलले सानो परिमाणमा प्रयोगमा ल्याएतापनि अन्य घरमा नै विभिन्न किसिमले प्रयोग गरेको पाइन्छ। नगरपालिकाको निजी स्तरका लघु दुग्ध उद्योगहरूको स्थापना भई नगरपालिकाका ग्रामीण दुधको केही भागले सबल बजार सञ्जाल पाउन सफल भएको छैन । नगर विकासको लागि पशुपालन व्यवसायमा संभावना रहेता पनि यसलाई सफल बनाउन सकेको देखिँदैन यसर्थ नगरपालिकामा रहेको संभाव्यतालाई वास्तविकतामा बदल्न कदम चाल्नु पर्ने देखिन्छ ।

### ५.६.५ मासु बजारीकरण

यस नगरपालिकाले कुखुराको मासु उत्पादनमा आफूलाई आत्मनिर्भर बनाउँदै लगेतापनि अन्य मासुका प्रकारमा थप व्यवसायिक बन्दै जानुपर्ने देखिन्छ। यस नगरपालिकामा बाख्राको मुख्य स्रोत पहाडी क्षेत्रहरू भएकोले कृषि सडक, बिजुली, खानेपानी तथा बजार र सम्बन्धित अन्य सुविधाहरूको अभावले गर्दा बाख्रा पालनबाट मासुको व्यवसायीकरण तर्फ अपेक्षित योगदान सम्भव हुन सकि रहेको छैन। मासुको बढ्दो माग, उपभोक्ताको बढ्दो क्रयशक्ति, फस्टाउँदो पर्यटन व्यवसाय, नगरपालिकामा संचालित परियोजनाहरूका कारण मासु व्यवसायमा सुधार आउने अवस्था भने पक्का छ यसको आधार नै व्यवसायिकता हो; कृषकले वैज्ञानिक पद्धतिका खोर बनाउनेदेखिन यसको प्रजनन, अहारा, स्वास्थ्य तथा बजार व्यवस्थापन तर्फ कृषकहरू सजग रहेको पाईन्छ। अब उप्रान्त मासु उत्पादनको लागि फ्याटनिङ्ग कार्यक्रम संचालन गर्ने सोच राखेको छ। यसको समग्र असरले गर्दा पशु वधशाला तथा मासु जाँच ऐन (२०५५) कार्यान्वयन हुन समेत प्रशस्त आधारशिला तयार हुनेछन्। नगरपालिकाको मासु बजारीकरणको विस्तृत जानकारी तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ४६ : मासु विक्रेताको विवरण

| क्र.सं. | बजारको नाम | बध गर्ने पशुपन्छीको किसिम र संख्या आ.व.२०७०/०७१ | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | राँगो/भैंसी (हप्ता) | | | कुखुरा (दैनिक) | | |
| | | मासु पसल | बध संख्या | मासु खपत के.जी. | मासु पसल | बध संख्या | मासु खपत के.जी. |
| १ | विजुवार | १ | ४ | १२०० | ४ | ७० | १४० |
| २ | दाखाक्वाडी | - | - | - | २ | १५ | ३० |
| ३ | मरन्ठाना | १ | १ | २०० | २ | ३० | ६० |
| | जम्मा | २ | ५ | १,४०० | ८ | ११५ | २३० |

*स्रोत : जिल्ला पशु सेवा कार्यालय, प्यूठान २०७३*

नगरपालिका भरी संचालित मासु पसलहरूको संख्या १० रहेको छ। दैनिक राँगो/भैसीको हप्तामा १४०० के.जी. बिक्री हुनुका साथै २३० के.जी.कुखुराको मासु दैनिक खपत भएको देखिन्छ। नगरपालिकामा मासु उत्पादनको स्थिति हेर्दा मासु उत्पादन गर्ने स्रोतहरूमा कुखुरा, राँगो/भैंसी रहेका छन्।

### ५.६.६ पशुपंक्षी पालन तथा विकासका गैर सरकारी साझेदारहरु

विकासका बाहकहरू सरकारी निकाय, निजी क्षेत्र तथा नागरिक समाज रहेको तथ्य पशुपंक्षी पालनको समग्र विकासमा पनि चरितार्थ हुन्छ। जिल्ला पशु कार्यालय, प्यूठानले जिल्लामा कार्यरत केहि सरकारी तथा विभिन्न गैर सरकारी संस्थाहरूसँग आपसी समन्वय, सहकार्य तथा सहयात्रीको भूमिका निर्वाह गर्दै आएको छ। यस कार्यालयसँग हातेमालो गरेर पशुपंक्षी पालन व्यवसायलाई सवलीकरण गर्ने विभिन्न संस्थाहरू यस प्यूठान नगरपालिकामा कार्यरत छन् जसमध्ये केही महत्वपूर्ण संस्थाहरूको विवरण निम्नलिखित तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ४७ :** पशुपंक्षी पालनतर्फ सहकार्य गर्ने विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरू

| क्र.सं. | कार्यक्रमको नाम | सहयोगी गैसस /दातृ संस्थाको नाम | कार्यक्रम लागु भएका गाविसहरू | कार्यक्रमको उदेश्य र क्षेत्र | कार्यक्रमको समयावधी | कार्यक्रमको जम्मा बजेट |
|---|---|---|---|---|---|---|
| १ | कृषि तथा खाद्य सुरक्षा ययोजना | आइडिय डव्लु वी | वर्जिवाङ र विजयनगर | | २०७० श्रवाण देखि शूरु | १२३५००० |
| २ | कवुलियती वन तथा पशु विकास कार्यक्रम | कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष | विजुवार,मरन्ठाना वादीकोट,ढुंगेगढी, रस्पुरकोट,पकला, वरौला, वादीकोट आदि | पहाडी भेकमा गरीबीको रेखामुनी रहेका कृषकहरूलाई समुहमा संगठित गरी हैसियत विग्रेको ससाना क्षेत्रहरू कवूलियती बनको रूपमा उपलब्ध गराई सोही माध्यमबाट वन क्षेत्रको संवर्धन र व्यवस्थापन तथा पशु विकास र चरन विकास गरी कृषक परीवारको आयश्रोतमा वृद्धी ल्याई वातावरणीय व्यवस्थामा समेत सुधार ल्याउने | २०७० श्रावण देखि सुरु | |

*स्रोत : जिल्ला पशु सेवा कार्यालय, प्यूठान २०७१*

## ५.७ उद्योग

जिल्ला सदरमुकाम खलंगा र विजुवार यस क्षेत्रको प्रमुख व्यापारिक केन्द्र हो । विजुवार यस प्यूठान नगरपालिकामा पर्दछ । यसका अतिरिक्त सम्पूर्ण जिल्लामा हेर्दा बाग्दुला, चकचके, देविस्थान, मच्छी, ठुलाबेसी, चेरनेटा, दरवान, जुम्री आदी बजार केन्द्र तथा व्यापारिक केन्द्र हुन् ।

यस नगरपालिकामा ठुला उद्योगहरू नभएता पनि कृषि तथा वा पैदावारमा आधारित साना उद्योगहरू करिब ६५ वटा सञ्चालनमा रहेका छन् । जडीबुटीमा आधारित चिउरीको साबुन बनाउने उद्योगहरूले व्यवसायिक उत्पादन सुरुवात गरेका छन् । परम्परागत उद्योगमा बाघमुखे चुलेसीजस्ता फलामका उत्पादनहरू बाहिरि जिल्लामा समेत प्रख्यात रहेका छन् । यस बाहेक मह, बेसार, अदुवा, भटमासजस्ता कृषिजन्य घरेलु उत्पादनमा पनि त्रमश व्यवसायिक हुँदै जान थालेको छ । श्रीखण्ड, रुद्राक्ष, दालचिनी, चिउरीजस्ता वन पैदावारको पनि व्यवसायिक खेति सुरु भएको छ ।

क) नगरपालिकामा उद्योगको लागि संभावित क्षेत्रहरू : विजुवार, धर्मावती, मरन्ठाना

ख) प्रमुख औद्योगिक क्रियाकलापहरू : साबुन, फर्निचर, ग्रिल, सटर, टायल, अल्लो, कपडा, मौरीपालन आदी ।

## ५.८ व्यापार तथा उद्योगको विवरण

प्यूठान नगरपालिका स्थित विजुवार, खलंगा, मरन्ठाना, जुम्रीकाँडा, धर्मावती आदी नगरपालिकाको बजार केन्द्र हुन् । यस्ता बजारहरूबाट विशेषगरी खुद्रा व्यापार हुने गरेको छ। यसैगरी, प्यूठान नगरपालिका बाट थोक व्यापार समेत हुने गरेको छ । थोक व्यापार अन्तर्गत खाद्य मिलबाट उत्पादित चामल, पिठो, तेल अन्य पहाडी तथा तराई जिल्लासँग हुने गरेको छ भने अन्य थोक व्यापारमा विस्कुट, साबुन, चाउचाउ, चिया, चिनी आदिको हुने गरको छ। यसका अतिरिक्त तेस्रो मुलुकमा निर्मित इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरूका साथै फरेन गुड्सको नाममा विभिन्न तेस्रो मुलुकहरूबाट उत्पादन भई पैठारी गरिएका घरेलु उपयोगका सामानहरूको समेत उल्लेख्य मात्रामा थोक र खुद्राबिक्री यस नगरपालिका बाट हुने गरेको पाइन्छ।

ठूलो भूमिमा विस्तार भएको समथर जमिन, कृषि तथा वनजन्य कच्चा पदार्थहरूको उपलब्धता, परम्परागत तथा जातिगत सीप, कौशल, पर्यटकीय महत्वका स्थलहरूको उपलब्धता लगायतका विभिन्न कारणले नगरपालिकामा औद्योगिक विकासको राम्रो सम्भावना रहेको छ । प्यूठान नगरपालिका अधिकांश बासिन्दाहरू कृषि पेशामा आवद्ध भएका छन् । विशेषगरी ग्रामीण क्षेत्रका मानिसहरू उल्लेखनीय रूपमा औद्योगिक विकासतर्फ लागीसकेका छैनन् । तथापी, स्थानीय माग कार्यमा केही मझौला, साना तथा घरेलु उद्योग भने संचालित छन् । उखु, गन्ना मिल वा (कोलु), अगरबत्ति उद्योग, मैनबत्ति उद्योग, नमकिन उद्योग, साबुन तथा सर्फ, जैविक मल उत्पादन उद्योग, सिलाई कटाई उद्योग, ढाका र तान उद्योग, दुना टपरी उद्योग), समिल तथा फर्निचर उद्योग, कुखुरा फार्म, पशु फार्म आदि यस नगरपालिकामा रहेका केही औद्योगिक व्यवसायका उदाहरणहरू हुन् । त्यसैगरी साप्ताहिक रूपमा लाग्ने प्यूठान नगरपालिकामा विभिन्न हाट बजारमा स्थानीय उत्पादन तथा चौपायाको किनबेच हुने गर्दछ । यसले पनि नगरपालिकामा आर्थिक कारोबारको मात्रामा वृद्धि गराएको छ ।

प्यूठान नगरपालिकामा उपलब्ध प्राकृतिक कच्चा पदार्थ तथा विभिन्न स्रोत र साधनले प्यूठान नगरपालिकामा उद्योगको संभावना प्रचुर देखिन्छ तर लगानी, व्यवसायिकता तथा विभिन्न पुर्वाधारको असुविधाको कारण उद्योगमा अपेक्षित विकास हुन सकेको देखिँदैन । केही साना साना उद्योगहरू सञ्चालित भएता पनि प्यूठान नगरपालिका लगायत आसपासका क्षेत्रसम्म मात्र आवश्यकता परिपुर्ति गर्न सफल छन् । ती उद्योगहरूले राष्ट्रिय माग तथा अर्थतन्त्रको हिस्सा भने खासै ओगट्न सकेको देखिँदैन ।

प्यूठान नगरपालिकामा रहेको उद्योगले यस प्यूठान नगरपालिकालाई प्रतिनिधत्व गर्दछ । यसको विवरण तल देखाईएको छ ।

**तालिका नं. ४८ :** प्यूठान नगरपालिकामा रहेको उद्योगको विवरण

| क्र.सं. | उद्योगको प्रकृतिक र किसिम | संख्या | उपलब्ध रोजगारी | | |
|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा |
| १ | फनिचर /साना | २३ | २ | ६२ | ६४ |
| २ | ग्रील /साना | ९ | | १७ | १७ |
| ३ | सिलाई कटाई/साना | ७ | ११ | | ११ |
| ४ | कम्प्युटर प्रशिक्षण /साना | १२ | | १५ | १५ |
| ५ | छपाई सम्बन्धी /साना | ६ | १९ | १९ | |
| ६ | कुटानी, पिसानी, पेलानी/साना | १०० | | १६५ | १६५ |
| ७ | निर्माण सम्बन्धी काम/साना | १०० | | २८८ | २८८ |
| ८ | खाना नास्ता/साना | १३५ | १२४ | १३२ | २५६ |
| ९ | अन्य /साना | ३२ | ११ | ७४ | ८५ |
| | जम्मा | ४२४ | १४८ | ७७२ | ९२० |

*स्रोत : घरेलु तथा साना उद्योग विकास समिति, प्यूठान २०७३*

त्यसैगरी प्यूठान नगरपालिकामा रहेको मुख्य व्यापारिक क्षेत्रको विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ४९ :** मुख्य व्यपारिक क्षेत्र

| क्र.सं. | साविक गाविस वा नपाको नाम | मुख्य बजार | केन्द्रबाट दुरी (कि.मी.) | कैफियत |
|---|---|---|---|---|
| १ | मरन्ठाना | वाग्दुला | ० | |
| २ | दाखाक्वाडी र खैरा | विजुवार | ० | |
| ३ | दाखाक्वाडी | विजुवार | | |
| ४ | विजयनगर | विजुवार | | |
| ५ | विजुवार र खलंगा | विजुवार | | |
| ६ | विजुवार | विजुवार | | |
| ७ | धर्मावती | विजुवार | | |
| ८ | माझकोट | विजुवार | | |

*स्रोत: स्थानीयत तह पुनर्संरचना प्राविधिक सहयोग समिति, प्यूठान २०७४*

## ५.९ थोक तथा खुद्रा व्यापार

कृषि उपजहरू यस नगरपालिकाबाट निर्यात हुने गरेको छ । थोक व्यापार अन्तर्गत खाद्य मिलबाट उत्पादित चामल, पिठो, तेल, तरकारी, फलफुल, माछा, गेडागुडी तथा मसला अन्य गाउँपालिका/नगरपालिकासँग हुने गरेको छ भने अन्य थोक व्यापारमा विस्कुट, साबुन, चाउचाउ, चिया, चिनी आदिको हुने गरेको छ। यसका अतिरिक्त तेस्रो मुलुकमा निर्मित इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरूका साथै फरेन गुड्सको नाममा विभिन्न तेस्रो मुलुकहरूबाट उत्पादन भई पैठारी गरिएका घरेलु उपयोगका सामानहरूको समेत उल्लेख्य मात्रामा थोक र खुद्राबिक्री यस नगरपालिकाबाट हुने गरेको पाइन्छ।

### ५.९.१ निकासी पैठारी स्थिति

नगरपालिका बाट बाहिर निकासी हुने बस्तुहरूमा तयारी खाद्यान्न, तरकारी, फलफूल, दलहन, तेलहन, चाउचाउ, प्लास्टीक व्याग, पाइप, रेडीमेट कपडा, इन्धन, विस्कुट, साबुन, निर्माण सामाग्री, लत्ता कपडा र दैनिक उपभोग्य बस्तुहरू छन्। आयात गरिने बस्तुहरूमा घरायसी सामानहरू, चिनी, साबुन, इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरू, मोटर पार्टस, कपडा, मसलाहरू, मैदा, मिश्रि, फलफुल तथा तरकारी रहेका छन्।

### ५.९.२ ढुवानी तथा भण्डार व्यवस्था

नगरपालिका भित्र उत्पादित मालसामानहरू नगरपालिकाको एक ठाँउबाट अर्को ठाउँमा पुर्‍याउन ढुवानी साधनको रूपमा, ट्रक, ट्याक्टर, ठेला आदि रहेका छन्। नगरपालिकाको पक्की सडक नभएका क्षेत्रहरूमा ढुवानी गर्न समस्या भएको पाइन्छ। कतिपय ठाउँहरूमा विभिन्न खोलाहरूमा पुल नभएका कारण विशेषत वर्षातको समयमा आवागमनको समेत समस्या रहेको सन्दर्भमा मालसामान ढुवानी गर्ने समस्या झन टड्कारोरूपमा रहेको छ। नगरपालिकाको आन्तरिक ढुवानी प्रणालीलाई सुदृढ गर्न विभिन्न खोला तथा नदीहरूमा पुल निर्माण गर्नुपर्ने देखिन्छ ।

नगरपालिकामा कृषकहरूले खाद्यान्नको उचित दरभाउ पाएमा व्यापारीहरूलाई बिक्री गर्ने र व्यापारीहरूले त्यसरी खरिद गरेको खाद्यान्न आफ्नै गोदाममा राखी ठूला परिमाणमा बिक्री गर्दछन। नगरपालिकाको कृषकहरूको आलु, तरकारी तथा फलफुल सुरक्षित राख्न पर्याप्त मात्रामा शीत भण्डारको निर्माण गर्नुपर्ने देखिन्छ।

### ५.९.३ स्थानीय उत्पादनहरुले बाह्य उत्पादनसँग गर्नु परिरहेको प्रतिस्पर्धा

स्थानीय उद्योगहरूबाट उत्पादित बस्तुहरू चामल, तेल, दाल, पिठो, पोल्ट्री प्रोडक्ट, फलफुल तथा तरकारी सम्बन्धी उद्योगहरूले अन्य नगरपालिका तथा भारतीय सामाग्रीहरूसँग प्रतिस्पर्धा गर्नु परिरहेको छ। उद्यमशीलता, सिप विकास, बजारीकरण, सेवा कर्जा बजारको सुचनामा उद्यमीहरूको पहुँचको स्थिति, सिप विकास तालिम, उद्यमशिलता विकास तालिमका माध्यमबाट नगरपालिकामा रोजगारी बढाउने, उद्योग व्यवसायमा बृद्धि गर्ने उद्देश्य पूर्ति गर्न यस नगरपालिका लागि परेको छ । नगरपालिकामा उद्योग व्यवसाय गर्ने एवं सिपमुलक तालिम गरी स-साना व्यवसाय गर्ने व्यक्तिहरूलाई कर्जा बजारको सुचना भएको र नगरपालिकामा स्थापित वित्तीय संस्थाहरूबाट कर्जा लिनेहरूको संख्या पर्याप्त रहेको देखिन्छ।

### ५.९.४ स्थानीय कच्चा पदार्थको उपलब्धता र उपयोगको स्थिति

नगरपालिकामा कृषिजन्य कच्चा पदार्थहरूमा धान, गहुँ, मकै, काष्ठजन्य र निर्माणजन्य आदि प्रमुख छन्। यी कच्चा पदार्थहरूमा आधारित विभिन्न उद्योगहरू स्थापना भई कच्चा पदार्थको उच्चतम उपयोग भएको पाइन्छ। व्यापारको प्रकृतिअनुसार खाद्यान्न धान, गहुँ, काष्ठजन्य वस्तुहरू व्यापारीहरूले अन्य नगरपालिका हरूबाट आयात तथा निर्यात गर्ने गरेको पाइन्छ।

#### क) कृषि जन्य पदार्थ

नगरपालिकामा कृषि जन्य कच्चा पदार्थहरूमा धान, गहुँ, उखु, फलफुल आदि प्रमुख छन्। यी कच्चा पदार्थहरूमा आधारित खाद्य मिल, उद्योगहरू स्थापना भई कच्चा पदार्थको उपयोग भएको पाइन्छ भने बढी भएको खाद्यान्न धान, गहुँ, तोरी व्यापारीहरूले अन्य नगरपालिका तथा नगरपालिकामा निकासी गर्ने गरेको पाइन्छ।

#### ख) बनजन्य

;fn, c:gf, sdf{ af]6wf0/f], s';'d, vo/, sfnLsf7 *(Myrsine semiserrata)* don *(Pyrus Pasia)*, चिलाउने *(Schima wallichii)*, चुत्रो *(Berberis asiatica)*, साल *(Shorea robusta)*आदि रहेsf 5g\ . वन जंगलमा आधारित कच्चा मालमा साल, सिसौ, खयर र बाँस हो। साल, सिसौका काठहरू नगरपालिकाको साथै अन्य छिमेकी जिल्लाहरूबाट आयात गर्ने गरेको पाइन्छ। नगरपालिकामा रहेका अमुल्य जडीबुटी तथा विभिन्न प्राकुतिक कच्चा पदार्थको रूपमा उपयोग हुन सक्ने जडिबुटिहरूको प्रयोग व्यवसायिक तथा उद्योगको रूपमा भएको पाइँदैन तर कृषकहरूले आफ्नो घरायसी प्रयोगमा अत्याधिकरूपमा प्रयोग गरेको पाइन्छ।

### ५.९.५ प्रमुख स्थानीय उत्पादनको बजारीकरण

कृषिजन्य तथा उत्पादनमुलक उद्योग अन्तर्गत पर्ने खाद्य मिलबाट उत्पादन हुने बस्तु, दाल, चामल, तेल, पिठो, मसला, आदिले स्थानीय बजारको आवश्यकता पुर्ति गर्नुको साथै यिनले अन्य नगरपालिका तथा छिमेकी जिल्लाहरूको बजारको रूपमा सेवा समेत पुऱ्याइरहेका छन्। नगरपालिकाको बढ्दो शहरीकरणका कारण स्थानीय बजारको आवश्यकता पूर्ति गर्नका साथै अन्य छिमेकी नगरपालिका तथा गाउँपालिकाहरूको बजारमा समेत सेवा पुऱ्याएको देखिन्छ।

## ५.१० अन्य आर्थिक विकासका संम्भावनाहरू

✓ नगरपालिकामा आर्थिक विकास अन्तर्गत यातायात सेवा, सूचना प्रविधि, शैक्षिक प्रशिक्षण केन्द्र, वित्तीय सेवा, बैदेशिक रोजगार लगायत थप आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू

प्रशस्त रहेका छन्। समग्रमा यस नगरपालिकाको ग्रामीण क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या अझै उच्च रहेको छ।

- ✓ नगरपालिकामा रहेको खेतीयोग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे बाली, फलफूल, उखु, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन बृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकताअनुसार वृद्धि हुन सकेको छैन।
- ✓ जनचेतना, सीप तथा व्यवसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेको छ।
- ✓ नगरपालिकामा रहेको उर्वर भूमिमा वस्ती विकास तथा अन्य निर्माणले गर्दा खेतीयोग्य भूमिको उपलब्धतामा दिन प्रतिदिन कमी हुँदै गएको छ भने अर्को तर्फ माटोको उर्वराशक्ति क्रमशः क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ। जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नाको साथै पुराना परम्परागत कूलोहरूको मर्मत सुधार गरी माटोको उर्वराशक्ति बढाई वातावरणीय प्रदुषण कम गर्न सकेमा भावी पुस्ताको लागि एउटा वस्न लायक अनुकुल र सुरक्षित स्थानको जोहो गर्न सकिनेछ।
- ✓ नगरपालिकाको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपञ्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई व्यवसायिक रूपमा विस्तार गरी यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, कोल्ड स्टोर खोल्न, मासुजन्य उद्योग, आदि विकास गर्न सकिनेछ। जसबाट रोजगार श्रृजना गरी समग्र नगरपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ।
- ✓ यस नगरपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणीय मित्रवत प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारीको स्थिति श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ।
- ✓ नगरपालिकाले ओगटेका वन क्षेत्रहरूमा सालको वन, खयर, सियौ, पाइन, चिरका साथै उच्च स्थानहरूमा गुराँस, धुपी, निगालो, बेतवास, कटुस, चिलाउने, काफल, चौतारी, चिउरी लगायत व्यवसायिक महत्वका वनस्पति प्रजातियुक्त वन क्षेत्र हुनु, वन क्षेत्रको पुनरुत्पादन दर राम्रो हुनु आदि कारणले गर्दा वनको वैज्ञानिक व्यवस्थापन मार्फत् जीविकोपार्जनमा टेवा पुर्‍याउन

र राजश्वमा वृद्धि गर्न सकिने अवस्था रहेको छ । यसका अलावा जैविक विविधता संरक्षण प्रवर्द्धन, पर्यटनमार्फत् समेत आर्थिक विकासमा उपयोग गर्न सकिने अवस्था छ ।

- ✓ नगरपालिकाको सामुदायिक वन उपभोक्ता समूहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरू जस्तै अमला, चुत्रो, सुगन्ध, कोकिला, झ्याउ, सजिवन, सुगन्धवाल, खोटो, लहरेगुर्जो, राजवृक्ष, बर्रो, कुरिलो, दालचिनी, पावन, तेजपात, तितेपाती, गुराँस, बोझो, पाखनवेद, टिमुर, रिट्ठाजस्ता जडिबुटी जडिबुटीको खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारमुखी गर्न सकेमा सोक्षेत्रको आर्थिक उन्नती गर्न थप टेवा पुग्ने देखिन्छ।
- ✓ नगरपालिकाको नजिक विभिन्न धार्मिक तथा पर्यटकीय क्षेत्र भएको कारणले यहाँ पर्यटनको विशिष्ट सम्भावना रहेको छ । नगरपालिकाको आसपासमा पर्यटकीय होटेल व्यवसायहरूबाट प्रशस्त लाभ लिन सकिने संम्भावना रहेको छ ।
- ✓ नगरपालिकामा साथै देशमै बेरोजगरीको समस्या एक चुनौती रहेकोले यस नगरपालिका समेत त्यसबाट प्रमावित छ र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ। यस नगरपालिकाको युवाहरूलाई व्यवसायिक तथा सिपमुलक तालिम प्रदान गरी दक्ष जनशक्ति सिर्जना गर्न सकेमा नगरपालिकाको आर्थिक विकासमा यस क्षेत्रले ठुलो योगदान पुऱ्याउने सम्भावना देखिन्छ।

## ५.११ खानीको स्रोत र उपयोगको स्थिति

प्यूठान नगरको खानीसम्बन्धी सम्भाव्यता हेर्दा विजुवारको भौकामा पेट्रोलियम पदार्थको संम्भावना देखिएको छ । यसको विस्तृत अध्ययन गरेको हालसम्म पाइदैन तापनि चुरे पर्वतमालामा ठुलो मात्रामा चुनढुंगा उपलब्ध हुन सक्ने सम्भावना देखिएको छ । त्यसैले वातावरणीय र पर्यावरणीय अध्ययन गरेर उक्त क्षेत्रमा उत्खनन् सम्बन्धी काम हुन सक्ने सम्भावना देखिन्छ। नगरमा उपलब्ध हुने अन्य कच्चा पदार्थमा रोडा, ढुंगा, बालुवा आदि प्रसस्त मात्रामा पाइन्छ । नगरमा रहेको संम्भावना पहिल्याएर विभिन्न प्राकृतिक साधनको प्रशोधन गरी उद्योगको विकास तथा अर्थतन्त्र बलियो सम्भावना देखिन्छ ।

## ५.१२ नगरपालिकाको अर्थतन्त्रको विशिष्टिकरण

नगरपालिकाको अर्थतन्त्रमा वनपैदावार र प्राकृतिक सम्पदाको संरक्षण गरी सतह तथा भूमिगत सिंचाइमा आधारित दिगो कृषि प्रणालीलाई नै मेरुदण्डको रूपमा लिन सकिन्छ। साथै यो नगरपालिका व्यापारिक केन्द्र तथा पर्यटकिय क्षेत्रको रूपमा समेत विकसित हुन सक्छ । कृषि, पशु एवं वनजन्य कच्चा पदार्थको सुलभ उपलब्धता, नगरपालिकाको सबैजसो वडाहरूमा क्रमशः सडक, विजुली, पानी लगायत आधारभूत औद्योगिक पूर्वाधारको विकास तथा उद्योग स्थापनाका लागि पर्याप्त जमिन तथा प्यूठान जिल्लाको आकर्षणको केन्द्र यही प्यूठान नगरपालिका रहेको हुँदा नगरपालिकामा कृषि, पशु, वनलगायतको उद्योगका

साथै शैक्षिक र औषधीय पर्यटन (Medical tourism) समेतको विकासको संम्भावना रहेको छ । अर्थतन्त्रका यिनै विशिष्ट क्षेत्रहरूमा नगरपालिकाको विशिष्टता एवं प्राथमिकता केन्द्रित गर्नु उपयुक्त देखिन्छ।

## ५.१३ बैंकको विवरण

नगरपालिकामा उद्योग व्यापार लगानी गर्न वित्तीय संस्थाहरू मार्फत कर्जा लगानी हुने गरेको देखिन्छ । यस बाहेक नगरपालिकामा संचालित केही बैंकहरूले पनि कर्जा उपलब्ध गर्दै आएका छन् भने नगरपालिकाबासीसँग रहेको रकमलाई निक्षेपको रूपमा स्विकार गरी बचत पनि गर्दै आएका छन्। नगरपालिकामा संचालित बैंकहरूको तथा वित्तिय संस्थाहरूको विवरण निम्न बमोजिम रहेको छ ।

तालिका नं. ५० : बैंकहरूको विवरण

| बैंक तथा वित्तिय संस्थाहरू | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | साविक गाविस वा नगरपालिका | सहकारी संस्था | फाईनान्स | विकास बैंक | बैंक |
| १ | मरन्ठाना | १० | | | |
| २ | दाखाक्वाडी र खैरा | २ | | | |
| ३ | विजयनगर | ३ | | | |
| ४ | दाखाक्वाडी | ५ | | | |
| ५ | विजुवार र खलंगा | ९ | | ३ | ७ |
| ६ | विजुवार | १४ | | | |
| ७ | धर्मावती | २ | | | |
| ८ | माझकोट | ९ | | | |
| ९ | जुम्रीकाँडा | ३ | | | |
| | **जम्मा** | **५७** | **०** | **३** | **७** |

*श्रोत: जिल्ला समन्वय समिति, प्यूठान २०७३*

माथिको तालिकामा प्यूठान नगरपालिमा मा सेवा पुर्‍याउँदै आएका वित्तिय संस्था र बैंकहरूको विवरण देखाईएको छ । नगरपालिकामा सहकारी संस्था बढी देखिन्छ भने बैंकको पहुँच कम देखिन्छ । नगरमा ५७ सहकारी संस्था, ३ विकास बैंक र ७ बैंक रहेका छन् ।

## ५.१४ सहकारी संस्थाको विवरण

नगरपालिकाको आर्थिक तथा सामाजिक विकासमा यहाँका सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको छ । सहकारी संस्थाले स्थानीय स्तरको बचतलाई नगर बाहिर जानबाट रोकी स्थानीय क्षेत्रमा विभिन्न आय मूलक कार्यमा लगानी गरिरहेका छन् । सहकारी संस्था प्रति जनताको अपनत्व बढी र प्रशासनिक झन्झट कमी हुने हुँदा वित्तिय क्षेत्रमा यहाँका जनताको पहुँच समेत बढेको छ ।

तालिका नं. ५१ : सहकारी संस्थाको नामावली

| क्र.सं. | सहकारी संघ संस्थाको नाम | ठेगाना | सदस्य संख्या | | | सञ्चालक संख्या जम्मा | हलको अवस्था |
|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | | |
| बचत तथा ऋण सहकारी संस्था | | | | | | | |
| १ | विजय लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि. | प्यु.न.पा.-१३ विजयनगर | ५५२ | ० | ५५२ | ९ | सकृय |
| २ | सिद्धार्थ सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. | प्यु.न.पा.-१२ दाखाक्वाडी | १४३ | २५९ | ४०२ | ११ | सकृय |
| ३ | धर्मावती बचत तथा ऋण सहकारी संस्था लि. | प्यु.न.पा.१४ | १८ | ८२ | १०० | ७ | सकृय |
| ४ | सगरमाथा महिला बचत तथा ऋण सहकारी लि. | माझकोट -७ लम्छाया | ३०३ | ० | ३०३ | ११ | सकृय |
| ५ | बाहाजोरी बचत तथा ऋण सहकारी संस्था लि. | प्यु.न.पा -६ | १४४ | १९१ | ३४५ | ९ | सकृय |
| ६ | जुम्री बचत तथा ऋण सहकारी संस्था लि. | जुम्रीकाँडा-५ | ७६ | ७३ | १४९ | ९ | सकृय |
| ७ | शिवधुरी बचत तथा ऋण सहकारी संस्था लि. | माझकोट -४ | ८ | २० | २८ | ७ | सकृय |
| ८ | कालिका बचत तथा ऋण सहकारी संस्था लि. | प्यु.न.पा. -४ | ३३ | ७९ | ११२ | ११ | सकृय |
| कृषि सहकारी संस्था | | | | | | | |
| १ | विजयनगर म. साना किसान कृषि सहकारी संस्था लि. | प्यु.न.पा.-१३ | ४९८ | ० | ४९८ | ९ | सकृय |
| २ | विजुवार म. साना किसान कृषि सहकारी संस्था लि. | प्यु.न.पा.-८ विजुवार | १०१ | ० | १०१ | ७ | सकृय |
| ३ | सुनौलो कृषि सहकारी संस्था लि. | प्यु.न.पा.-११ | २३ | ११ | ३४ | ९ | सकृय |
| ४ | भित्रिकोट कृषि सहकारी संस्था लि. | प्यु.न.पा. -६ टारी | ८१ | ३१ | ११२ | ७ | सकृय |
| ६ | सहयात्री कृषि सहकारी संस्था लि. | प्यु.न.पा.-६ टारी | २४ | १६ | ४० | ११ | सकृय |
| ७ | बृहत साना किसान सहकारी संस्था लि. | प्यु.न.पा.-१४ | २९ | ० | २९ | ९ | सकृय |
| ८ | दिर्घायु कृषि सहकारी संस्था लि. | प्यु.न.पा.-१६ | ८ | २२ | ३० | | सकृय |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | मौसम महिला कृषि सहकारी संस्था लि. | प्यु.न.पा.-१० | ३५ | ० | ३५ | | सकृय |
| १० | मैनाली एकीकृत सहकारी संस्था लि. | प्यु.न.पा. १० दाखाक्वाडी | २५ | ० | २५ | | सकृय |
| **बहुउद्देश्यीय सहकारी संस्था** | | | | | | | |
| १ | संगम महिला बहुउद्देश्य सहकारी संस्था लि. | प्यु.न.पा.८ पुण्यखोला | २९३ | १०० | ३९३ | ११ | सकृय |
| २ | वागेश्वरी महिला बहुउद्देश्य सहकारी संस्था लि. | प्यु.न.पा.१७ मरन्ठाना | | | | | सकृय |
| ३ | उपभोक्ता सहकारी संस्था | | | | | | |
| ४ | जनप्रिय उपभोक्ता सहकारी संस्था लि. | प्यु.न.पा.१६ मरन्ठाना | | | | ९ | |
| **मौरीपालन सहकारी संस्था** | | | | | | | |
| १ | तिखाचुली मौरीपालन सहकारी संस्था लि. | प्यु.न.पा.१५ | १५ | १० | २५ | | सकृय |
| २ | सुर्यनगर मौरीपालन सहकारी संस्था लि. | प्यु.न.पा.१४ | १२ | १३ | २५ | | सकृय |
| ३ | गाउँले मौरीपालन सहकारी संस्था लि. | प्यु.न.पा.१५ | १७ | ८ | २५ | ११ | सकृय |

*श्रोत : राप्ती अञ्चलको सहकारी गतिविधि, २०७२/७३*

नगरपालिकामा उद्योग व्यापार क्षेत्रमा लगानी गर्ने उद्देश्यका साथ बचत तथा ऋण, कृषि, बहुद्देश्यीय, उपभोक्ता, दुग्ध, मौरीपालन आदि प्रकृतिका सहकारी संस्थाहरूबाट कर्जा लगानी हुने गरेको छ। साथै नियमित रूपमा सदस्यहरूबाट बचत सङ्कलन पनि गर्दै आएको देखिन्छ। जसमा बचत तथा ऋण सहकारी संस्था ८, बहुद्देश्यीय ४, कृषि १०, मौरीपालन ३ गरी जम्मा २५ वटा सहकारी संस्थाहरू संचालनमा रहेका छन् ।

## ५.१५ संघ संस्था तथा विभिन्न समुहहरू

यस नगरपालिकामा विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरूले समुदायमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आफ्ना कार्यक्रमहरू संचालन गरिरहेका छन् । यहाँ रहेका सरकारी संस्थाहरू क्रमश नगरपालिका कार्यालय, स्वास्थ्य चौकी, हूलाक, इलाका प्रहरी, नेपाल टेलिकम, नेपाल विद्युत प्राधिकरण, कृषि सेवा केन्द्र, पशु सेवा केन्द्र आदि रहेका छन् । यसैगरी गैरसरकारी संस्थाहरूमा महिला सशक्तिकरण (प्रगति समूह), प्रगतिशिल आमा समूह, आदिजस्ता कार्यक्रमहरू संचालनमा रहेका छन् । यसका अतिरिक्त नगरपालिकामा विभिन्न समूहहरू युवा क्लबहरू, नागरिक समाज, राजनितिक दलहरू रहेका छन् । यस नगरपालिकमा रहेका संस्थाहरूको विवरण निम्न प्रकारका छन् ।

तालिका नं. ५२ : संघ संस्थाहरूको विवरण


| | संस्थाको नाम | द.नं. | ठेगाना |
|---|---|---|---|
| १ | कालिका युवा क्लव विजुवार, प्यूठान | २ | प्यूठान न.पा. ४ |
| २ | जनज्योती सामुदायिक विकास क्लव | ५ | प्यूठान न.पा. ७ |

| | संस्थाको नाम | द.नं. | ठेगाना |
|---|---|---|---|
| ३ | सिद्धार्थ युवा क्लव, दाखाक्वाडी, प्यूठान | ७ | प्यूठान न.पा. २ |
| ४ | | | |
| ५ | जनविकास समाज नेपाल, विजुवार | १४ | प्यूठान न.पा. ७ |
| ६ | फुलवारी युवा क्लव खैरा | १६ | प्यूठान न.पा. १ |
| ७ | महिला जागरण सेवा परिषद विजुवार, प्यूठान | १७ | प्यूठान न.पा. ३ |
| ८ | सारीवाङ सिंचाई नहर योजना उपभोक्ता समिति | १८ | प्यूठान न.पा. ७ |
| ९ | समुदायमा आधारित पुनस्थापना केन्द्र,विजुवार प्यूठान । | १९ | प्यूठान न.पा. ७ |
| १० | रानी कुलो सिंचाई योजना उपभोक्ता संस्था मरन्ठाना । | १९ | प्यूठान न.पा. ९ |
| ११ | युवा विकास कार्यक्रम विजुवार-६ | २२ | प्यूठान न.पा. ७ |
| १२ | जनसेवा युवा क्लव, विजुवार | २६ | प्यूठान न.पा. ४ |
| १३ | वृद्धि पोखरी किसान, धर्मावती | २८ | प्यूठान न.पा. ८ |
| १४ | श्री बृद्धि सामुदायिक विकास केन्द्र, धर्मावती | २९ | प्यूठान न.पा. ८ |
| १५ | श्री गणेश सामुदायिक ग्रामिण विकास संस्था, विजयनगर | ३० | प्यूठान न.पा. २ |
| १६ | महिला जागरण केन्द्र, विजुवार । | ३२ | प्यूठान न.पा. ७ |
| १७ | गौमुखी ग्रामिण विका संस्था, मरन्ठाना । | ३३ | प्यूठान न.पा. ९ |
| १८ | श्री धर्मावती ताजा तरकारी उत्पादन समुह | ३४ | प्यूठान न.पा. ८ |
| १९ | श्री सुस्वास्थ्य गैर सरकारी स्वास्थ्य संस्था २०५३ | ३५ | प्यूठान न.पा. ४ |
| २० | नेपाल डायानेटिक्स सोसाइटी विजुवार, प्यूठान २०५४ | ३७ | प्यूठान न.पा. ७ |
| २१ | जन कल्याण नेपाल | ३८ | प्यूठान न.पा. ७ |
| २२ | भारतीय भूपु सैनिक संगठन विजयनगर १ प्यूठान | ४२ | प्यूठान न.पा. ३ |
| २३ | प्यूठान बहिरा संघ खैरा | ४७ | प्यूठान न.पा. १ |
| २४ | साहित्य परिषद् प्यूठान । | ४९ | मरन्ठाना प्यूठान |
| २५ | शिद्धार्थ सामुदायिक ग्रामीण विकाश केन्द्र | ५२ | प्यूठान न.पा. २ |
| २६ | दाखाक्वाडी स्वमे मोटरवाटो उपभोक्ता समिति | ६० | प्यूठान न.पा. २ |
| २७ | नागरिक नेतना तथा वातावरण विकाश संस्था | ६१ | प्यूठान न.पा. ७ |
| २८ | टिकुरी सक्रिय युवा समुह, विजुवार १ प्यूठान । | ६३ | प्यूठान न.पा. ७ |
| २९ | मिल उद्योग व्यवसायिक संघ विजुवार - १ | ६५ | प्यूठान न.पा. ७ |
| ३० | जनकल्याण युवाक्लव २०५७ धर्मावती १ वाग्दुला प्यूठान | ६७ | प्यूठान न.पा. ८ |
| ३१ | समन सुधा सामुदायिक विकास केन्द्र, धर्मावती ४ दम्ती | ६८ | प्यूठान न.पा. ८ |
| ३२ | भुमेश्वरी देवस्थान मन्दिर मरन्ठाना ८ प्यूठान । | ६९ | प्यूठान न.पा. १० |
| ३३ | सृजनशिल युवा समुह विजुवार ४ प्यूठान । | ७२ | प्यूठान न.पा. ७ |
| ३४ | जिल्ला कुमाल सुधार समिति विजयनगर ३ प्यूठान । | ७३ | प्यूठान न.पा. ३ |
| ३५ | जनप्रिय सामुदायिक विकास केन्द्र, मरन्ठाना । | ७४ | प्यूठान न.पा. ९ |
| ३६ | एम्वुलेन्स संचालन एवम् व्यवस्थापन समिति, प्यूठान । | ७८ | प्यूठान न.पा. ४ |
| ३७ | सुन चाँदी व्यवसायि संघ प्यूठान । | ८० | प्यूठान न.पा. ४ |
| ३८ | दुध पोखेल बन्धु विकास, खैरा | ८२ | प्यूठान न.पा. १ |
| ३९ | मानव अधिकार सेवा केन्द्र, विजुवार प्यूठान । | ८५ | प्यूठान न.पा. ४ |
| ४० | प्रतिमान निमा स्मृति प्रतिष्ठान, विजुवार प्यूठान । | ८७ | प्यूठान न.पा. ४ |

| | संस्थाको नाम | द.नं. | ठेगाना |
|---|---|---|---|
| ४१ | जनजागरण क्लव मरन्ठाना २ प्यूठान | ९७ | प्यूठान न.पा. १० |
| ४२ | वालवालिका एकल महिला तथा बृध्द अभिभावक सरोकार केन्द्र, खलंगा ५ प्यूठान । | १०५ | प्यूठान न.पा. ७ |
| ४३ | नवज्योति ग्रामिण दलित विकास केन्द्र, दाखाक्वाडी | १०६ | प्यूठान न.पा. १ |
| ४४ | विकासका लागि संयुक्त प्रयास धर्मावती १ प्यूठान | १०७ | प्यूठान न.पा. ८ |
| ४५ | पुण्यखोला सामुदायिक विकास केन्द्र | ११८ | प्यूठान न.पा. ७ |
| ४६ | त्रिशक्ति सामुदायिक ग्रामिण विकास केन्द्र | १२० | प्यूठान न.पा. १ |
| ४७ | दलित उत्थान सामुदायिक विकास केन्द्र | १२८ | प्यूठान न.पा. ७ |
| ४८ | नव एकता सामुदायिक ग्रामिण विकास संस्था | १३० | प्यूठान न.पा. ७ |
| ४९ | युवा साहित्य समाज, धर्मावती ९ | १३४ | प्यूठान न.पा. ८ |
| ५० | महिला विकास केन्द्र धर्मावती ४ | १३८ | प्यूठान न.पा. ८ |
| ५१ | ग्रामिण सामुदायिक संचार केन्द्र | १४० | प्यूठान न.पा. ७ |
| ५२ | दुर्गम क्षेत्र विकास समाज सारीवाङ | १४३ | प्यूठान न.पा. १० |
| ५३ | ट्याक्टर व्यवसायि समिति धर्मावती १ | १४४ | प्यूठान न.पा. ८ |
| ५४ | बृद्धि सामुदायिक विकास केन्द्र | १४८ | प्यूठान न.पा. ८ |
| ५५ | संकल्प सामुदायिक ग्रामिण विकास केन्द्र, विजुवार ७ | १५४ | प्यूठान न.पा. ४ |
| ५६ | दीगो कृषि आइ पि एम संस्था विजुवार | १५५ | प्यूठान न.पा. ४ |
| ५७ | कालिका मन्दिर संरक्षण तथा सुव्यवस्थापन | १५७ | प्यूठान न.पा. ४ |
| ५८ | नेपाल निवृत राष्ट्र सेवक संघ, विजुवार | १५९ | प्यूठान न.पा. ४ |
| ५९ | संगम सामुदायिक विकास केन्द्र, विजयनगर ४ | १६३ | प्यूठान न.पा. ७ |
| ६० | पायोनियर युथ डेभलमेन्ट सेन्टर, दाखाकवाडी | १६५ | प्यूठान न.पा. २ |
| ६१ | विजुवार विकास केन्द्र, विजुवार ६ | १६६ | विजुवार - प्यूठान । |
| ६२ | प्रभात सामुदायिक ग्रामिण विकास संस्था, विजुवार ७ | १७० | प्यूठान न.पा. ७ |
| ६३ | नवतारा ग्रामिण विकास संस्था, माझकोट -८ | १७१ | प्यूठान न.पा. ६ |
| ६४ | नागरिक विकास मिडिया सेन्टर, दाखाक्वाडी ९ | १७२ | प्यूठान न.पा. १ |
| ६५ | प्रगतिसिल सामुदायिक ग्रामिण विकास संस्था | १७७ | प्यूठान न.पा. ४ |
| ६६ | वयबृद्ध एवं अनाथ संरक्षण मञ्च विजुवार | १८२ | प्यूठान न.पा. ४ |
| ६७ | राप्ती गोरखनाथ युनेस्को संघ खैरा | १८४ | प्यूठान न.पा. १ |
| ६८ | शिव पञ्चायत पुन्यश्वर देवालय मन्दिर | १९३ | प्यूठान न.पा. ८ |
| ६९ | दिगो विकासका लागि कृषि नेपाल | १९४ | प्यूठान न.पा. ८ |
| ७० | श्री दुर्गा हिरेश्वर शिव पञ्चायत देवता मन्दिर | १९६ | प्यूठान न.पा. १ |
| ७१ | विकास पत्रकार समुह नेपाल | २०१ | प्यूठान न.पा. ८ |
| ७२ | होटल व्यवसायी समिति, प्यूठान । | २०४ | प्यूठान न.पा. ७ |
| ७३ | तरुण सरोकार केन्द्र | २०६ | प्यूठान न.पा. ६ |
| ७४ | अम्मरज्योती ग्रामिण दलित विकास केन्द्र | २०७ | प्यूठान न.पा. ३ |
| ७५ | समुदायको असर | २१३ | प्यूठान न.पा. ४ |
| ७६ | जुम्री वसपार्क व्यवस्थानि समिति | २१४ | प्यूठान न.पा. ३ |
| ७७ | प्रसुन विकास स्रोत केन्द्र | २२७ | प्यूठान न.पा. १ |
| ७८ | स्वाभिमान एकिकृत गा.वि.स. संस्था | २२८ | प्यूठान न.पा. ४ |

| | संस्थाको नाम | द.नं. | ठेगाना |
|---|---|---|---|
| ७९ | सचेतीकरण नेपाल | २३८ | प्यूठान न.पा. ४ |
| ८० | विपी संचार समाज | २४३ | प्यूठान न.पा. ६ |
| ८१ | स्वर्गद्धारी पशुपालक संघ | २४८ | प्यूठान न.पा. ४ |
| ८२ | भित्रीकोट पर्यटन तथा भौतिक विकास संस्था | २५५ | प्यूठान न.पा. ४ |
| ८३ | प्यूठान फोटो व्यवसायी संघ | २५७ | प्यूठान न.पा. ८ |
| ८४ | कुमाल सक्रिय युवा समाज | २५८ | प्यूठान न.पा. ३ |
| ८५ | जेष्ठ नागरिक जिल्ला संघ | २५९ | प्यूठान न.पा. ८ |
| ८६ | श्री माण्डवी ग्रामिण विकास संस्था | २६२ | प्यूठान न.पा. १ |
| ८७ | वाग्दुला गुफा गैरा पर्यटकिय पुर्वाधार विकास संस्था | २६३ | प्यूठान न.पा. ८ |
| ८८ | परासर गोत्रीय पण्डित परिवार प्यूठान | २७२ | प्यूठान न.पा. ७ |
| ८९ | स्व. माधवा स्मृति आय कोष विजुवार ६ प्यूठान | २७६ | प्यूठान न.पा. ७ |
| ९० | झिमरुक मजदुर व्यवस्थापन संघ | २८३ | प्यूठान न.पा. १ |
| ९१ | आमसन्चार विकास केन्द्र, नेपाल | २८४ | प्यू.नपा. ७ |
| ९२ | प्रेहल पुन कल्याणकारी समाज नेपाल | २८५ | प्यूठान न.पा. ६ |
| ९३ | नवज्योती सामुदायिक पुस्तकालय | २९६ | प्यूठान न.पा. ७ |
| ९४ | जीवन ज्योती विकास केन्द्र | २९९ | प्यूठान न.पा. ४ |
| ९५ | काष्ठ तथा फर्निचर व्यवसाय संघ | ३०० | प्यूठान न.पा. ४ |
| ९६ | भारद्धाज गोत्रीय पोखेल दाजुभाई कुल भुजा | ३०२ | प्यूठान न.पा. २ |
| ९७ | अलिवर्ड प्यूठान नेपाल | ३०६ | प्यूठान न.पा. ६ |
| ९८ | न्यू भिजन एकिशृत संस्था ल्ख्इ | ३०७ | प्यूठान न.पा. १ |
| ९९ | भित्रीकोट पर्यटन विकास केन्द्र | ३१४ | प्यूठान न.पा. ४ |
| १०० | फलफुल तथा तरकारी व्यवसायी संघ | ३१७ | प्यूठान न.पा. ४ |

# खण्ड ६ : भौतिक तथा सार्वजनिक पूर्वाधार




नक्सा नं १५ : प्यूठान नगरपालिकामा रहेको सडक सञ्जाल

## ६.१ यातायात

### (क) विद्यमान सडक सञ्जाल

तालिका नं. ५३ : विद्यमान सडक सञ्जाल

| क्र.सं. | सडक कि.मी. | | | |
|---|---|---|---|---|
| | साविक गाविस/नपाको नाम | पक्की सडक | ग्राभेल | कच्चि |
| १ | मरन्ठाना | - | - | ४२ |
| २ | दाखाक्वाडी र खैरा | - | ५ | २३ |
| ३ | दाखाक्वाडी | ३ | - | १७ |
| ४ | विजयनगर | १ | - | २२ |
| ५ | विजुवार र खलंगा | २ | ५ | २४ |
| ६ | विजुवार | ३ | - | २७ |
| ७ | धर्मावती | ३ | ५ | १८ |
| ८ | माझकोट | - | - | १७ |
| ९ | जुम्रीकाँढा | - | - | १६ |
| | जम्मा | १२ | १५ | २०६ |

*स्रोत : प्यूठान नगरपालिकाको कार्यालय, २०७३*

प्यूठान नगरपालिकाको बाटो-घाटोको स्थिति हेर्दा कालोपत्रे बाटो १२ कि.मि रहेको छ, त्यस्तै ग्राभेल सडक १५ कि.मि. रहेको छ भने कच्ची सडक २०६ कि.मि. रहेको छ। प्यूठान नगरपालिकामा सडकका सञ्जाल सबै वडाहरूमा पुगेको अवस्था रहेको देखिन्छ। नगरपालिकाको सबै वडाहरूमा पक्की सडकको विस्तार नभए पनि कच्ची सडकको विस्तार भईरहेको छ भने केही वडाहरूमा कच्ची सडक बाह्रै महिना यातायात संचालन हुन नसक्ने देखिन्छ तसर्थ सोक्षेत्रमा बाटोको स्तरोन्नती गर्नुपर्ने देखिन्छ।

आन्तरिक यातायातको भरपर्दो सुविधाले नगरपालिका बासीहरूलाई समयमै आवश्यक उपचार तथा औषधिको सेवा र बजारमा पहुँच पुर्‍याउन सकिएको छ। नगरपालिकामा यातायातका विभिन्न साधनहरूको उपयोग भएको देखिन्छ। नगरपालिकामा रिक्सा, टेक्टर, गाडा, साइकल, ट्याक्सी, मोटरसाइकलहरूको समेत उपयोग गरिएको देखिन्छ। नगरपालिकाको सडकमार्ग राम्रो भएका रुटहरूमा बस सेवा चालु रहेको छ।

**तालिका नं. ५४ :** नगरपालिका केन्द्रसम्म पुग्न लाग्ने अनुमानित समय

| वडा नं | नगरपालिका केन्द्र पुग्न लाग्ने समय |
|---|---|
| १ | धाइरचौरबाट २ घण्टा पैदल |
| २ | रिचीबाट २ घण्टा पैदल |
| ३ | सुंगुरखालबाट ३ घण्टा पैदल |
| ४ | ताह्री चौरबाट २ घण्टा पैदल |
| ५ | चाँडाबाट ४ घण्टा पैदल |
| ६ | ढुङ्गेथानबाट १ घण्टा पैदल |
| ७ | धरमपानीबाट १ घण्टा पैदल |
| ८ | तिखाचुलीबाट ३ घण्टा पैदल |
| ९ | च्याउकोटबाट १ घण्टा ३० मिनेट पैदल |
| १० | गहतेराबाट ३ घण्टा पैदल |

*स्रोत: नगर कार्यपालिकाको कार्यालय, २०७४*

## (ख) यातायात सेवा

नगरपालिकाका सुगम केन्द्र र आसपास सडक तथा यातायातको सुविधा भए पनि समग्र नगरपालिका मा धरैजसो कच्ची सडक भएका कारण वर्षातको समयमा यातायातको साधन आवतजावत गर्न जोखिमपुर्णको साथसाथै निकै असुविधा रहेको छ । खलंगा बाट भालुवाङ्ग, दाङ, नेपालगञ्ज, भिंग्री, बरौला, मच्छी, मर्कावाङ, सम्म बस सेवा आवगमन रहेको देखिन्छ। त्यस्तै काठमाडौं, महेन्द्रनगर, वीरगञ्जसम्म रात्री बस सेवा सञ्चालन भई रहेको छ । यस नगरपालिकामा रहेका बस स्टेशन तथा बसपार्कहरू निम्नअनुसार रहेका छन्.

**तालिका नं. ५५ :** बसपार्क तथा स्टेशनको विवरण

| बस पार्क वा बस स्टेसन | | | | |
|---|---|---|---|---|
| क्र.सं. | साविक गाविस/नपाको नाम | बसपार्कको नाम | क्षेत्रफल (वर्ग कि.मी.) | स्थान (प्रस्तावित गापा/नपाको वडा नं.) |
| १ | प्यूठा न न.पा ९ | प्यूठान बागदुला टिकुरी बसपार्क | ९६०४ | विजुवार |
| २ | प्यूठान न.पा १३ | जुम्री बसपार्क | ७११२ | विजयनगर |
| ३ | प्यूठान न.पा २ | खलंगा बसपार्क | | खलंगा |

*स्रोत : प्यूठान नगरपालिकाको कार्यालय, २०७३*

सडक यातायताको लागि आवश्यक विभिन्न पूर्वाधारहरू जस्तै सवारी सधान पार्किङ स्थल, बस स्टप, यात्रु प्रतिक्षालय, सडक बत्ती, पैदलयात्रीले सडक पार गर्ने जेब्रा क्रसिङ, सडक सङ्केत चिह्न, बसको अन्तिम बिसौनी सम्बन्धी सेवा सुविधाहरू व्यवस्थित रूपमा विकास गर्नु पर्ने देखिन्छ।

### ग) झोलुङ्गे पूल सम्बन्धी विवरण

झोलुङ्गे पूल विशेषत कम बजेट र छोटो समयमा बन्ने भएकाले यो पूल पहाड तिर धेरै भएको पाइन्छ। मानिसलाई एक ठाउँबाट अर्को ठाउँसम्म पुग्न धेरै पहाड, पखरा काट्नुपर्ने हुन्छ तथा खोला तर्नुपर्ने हुन्छ जसले गर्दा दैनिक दिनचर्या एकदमै असहज हुने गर्दछ। यो पूल एउटा पहाड देखि अर्को पहाडसम्म जोडिने र पूल बनेपछि खोला तरिरहने झन्झट हट्ने एवं आफ्नो गन्तव्यसम पुग्न सहज हुने भएकाले धेरै लोकप्रिय छ। त्यस्तै प्यूठान नगरपालिकामा पनि नगरबासीको दैनिक जिवन सहज हुनको लागी नगरमा ३ वटा झोलुङ्गे पूल निर्माण गरिएको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ५६ : झोलुङ्गे पूल सम्बन्धी विवरण

| क्र.सं. | झो.पु.को नाम | झो.पु.को ठेगाना |
|---|---|---|
| १ | माडी झो.पु. | प्यूठान नगरपालिका |
| २ | दाखा खैरा झो.पु. | प्यूठान नगरपालिका |
| ३ | कार्की डाँडा विजुवार | प्यूठान नगरपालिका- ४ |

*स्रोत: स्थानीय तह पुनर्संरचना प्राविधिक सहयोग समिति, प्यूठान २०७३*

## ६.२ संचार

सूचना र प्रविधिमा भएका नविनतम खोज तथा विकासको गाउँ, समुदाय, देश, अन्तरदेशलाई एउटा सीमाहिन विश्व समुदायको रुपमा रुपान्तरित गरिदिएको छ। दिनानुदिन संचार प्रविधिको प्रयोग विस्तारित भइरहेको छ । सन् १९९० सालको दशकमा सिमित जनसंख्याले प्रयोग गर्ने संचारका माध्यामहरु हाल आधारभूत आवश्यकतामा परिणत भएको छ। ११०.३ प्रतिशत टेलिफोनको घनत्व ४६.५ प्रतिशत इन्टरनेटका प्रयोगकर्ता, रेडियोको राष्ट्रिय प्रसारणमा पँहुच ८८ प्रतिशत रहेको तथ्यांकले संचार क्षेत्रको तीव्र विकास र विकासका अन्य क्षेत्रमा यसको प्रभाव दर्शाउँछ।

हाल पत्रपत्रिका, रेडियो र टि.भि.को प्रयोग बढ्दै गएको छ। प्यूठान नगरपालिकामा कान्तिपुर एफ.म., रेडियो नेपाल लगायत विभिन्न स्टेसनहरू जिल्ला तथा केन्द्रबाट सिधा प्रशारण भएको सुन्न सकिन्छ। नगरपालिकामा नेपाल टेलिकम र एनसेलको 3G Network सेवा उपलब्ध छ। नगरपालिकामा NCell, NTC आदि कम्पनीहरूले इन्टरनेट सेवा पुऱ्याउँदै आइरहेका छन् भने केहि केवल नेटवर्क तथा डिस होमजस्ता माध्यमबाट नगरपालिकाबासीले मनोरन्जनात्मक टि.भी कार्यक्रमहरू प्रसारण गरिरहेको छन्।

### ६.२.१ नगरपालिकामा रहेका एफ.एम. रेडियोहरू तथा टेलिभिजन

यस नगरपालिकामा विभिन्न सामुदायिक रेडियो प्यूठान स्थानीय एफ्.एम्. रहेको छ भने अन्तर्राष्ट्रिय स्तरका बीबीसी नेपाली सेवा तथा राष्ट्रिय स्तरका रेडियो नेपाल पनि प्रसारण हुने गरेको पाईन्छ। जुन सुविधाबाट यस नगरपालिकाको वासिन्दाले प्रत्यक्ष लाभ लिइरहेको पाइन्छ। नगरपालिकामा स्थानीय एफ.एम.हरू पनि रहेकाले अन्य एफ.एम.कै जति भूमिका रहेको छ। नगरपालिकामा सञ्चालित विभिन्न एफ.एम रेडियोहरूको विवरण तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ५७ :** एफ.एम. रेडियो सम्बन्धी विवरण

| क्र.सं. | एफ.एम. रेडियो | स्थान |
|---|---|---|
| १ | रेडियो लिस्ने आवाज ५०० मे.ह. | विजुवार, प्यूठान |
| २ | गौमुखी सामुदायिक रेडियो कृपालु ९९ मे.ह. | प्यूठान न.पा. ४ |

*श्रोत: नगर कार्यपालिकाको कार्यालय, २०७४*

## ६.२.२ टेलिफोन/मोबाइल

सञ्चार प्रणालीको विवेचना गर्दा यस नगरपालिकाको धेरै वडाहरूमा ल्याण्डलाइन, सिडिएमए, एडिएसएल, मोबाइल, आदि सेवा नेपाल टेलिकम, एनसेलजस्ता कम्पनीहरूले उपलब्ध गराएको देखिन्छ। ग्रामिण क्षेत्रहरूमा पातलो र छरिएको वस्ती भएकोले, केवल नेटवर्कबाट टेलिफोन सेवा पुऱ्याउन प्राविधिक कठिनाइको साथै, बढी खर्चिलो हुने देखिएकोले त्यस्ता स्थानहरूमा वायरलेस प्रणालीबाट सेवा पुऱ्याउनु पर्ने देखिन्छ।

## ६.२.३ हूलाक सेवा

नगरपालिकामा आधा शताब्दीदेखि सञ्चार क्षेत्रमा सेवा पुऱ्याइरहेको हूलाक सेवा हाल नगरपालिकाको विभिन्न वडाहरूमा कार्यरत छन्। हूलाक सेवा अन्तर्गत साधारण चिठीपत्रहरू, रजिष्ट्री पत्रहरू, बिमा पुलिन्दा, धनादेश सेवा र बचत सेवाहरू सञ्चालित छन् भने प्यूठान देखि काठमाण्डौ, ललितपुर, भक्तपुरसम्म द्रुत सेवा पनि उपलब्ध छ । यद्यपी हाल संचारको तीव्र विकासले हुलाक सेवाको प्रयोग सांघुरिएको छ ।

**तालिका नं. ५८ :** नगरपालिकामा उपलब्ध हूलाको सेवाको स्थिती

| क्रं. सं. | गा.वि.स.को नाम | हूलाकको किसिम र सेवा | | टेलिसेन्टर छ/छैन | बचत बैक छ, /छैन | धनादेश छ/छैन | रजिष्ट्रि/पुलिन्दा सेवा छ/छैन |
|---|---|---|---|---|---|---|---|
| | | ईलाका | अतिरिक्त | | | | |
| १ | मरन्ठाना | मजुवा ई.हु.का | - | छ | छैन | छ | सबै छ |
| २ | धर्मावती | - | बाग्दुला अ.हु.का | छैन | छैन | छैन | रजिष्ट्री मात्र |
| ३ | विजुवार | विजुवार ई.हु.का | - | छ | छैन | छैन | सबै छ |
| ४ | माझकोट | - | - | छैन | छैन | छैन | सबै छ |
| ५ | विजयनगर | | विजयनगर अ.हु.का | | | | रजिष्ट्री मात्र |
| ६ | जुमृकांढा | - | जुमृकांढा अ.हु.का | छैन | छैन | छैन | सबै छ |
| ७ | दाखाक्वाडी | दाखाक्वाडी ई.हु.का | - | छ | छैन | छैन | सबै छ |
| ८ | खैरा | - | खेरा अ.हु.का | छैन | छैन | छैन | रजिष्ट्री मात्र |

*स्रोत: जिल्ला हूलाक कार्यालय, प्यूठान २०७३*

### ६.२.४ पत्रपत्रिका

प्यूठान नगरपालिकामा दैनिक पत्रिका १, साप्ताहिक ४ र अन्य २ गरी जम्मा ८ ओटा पत्रपत्रिकाहरू नियमित रूपमा प्रकाशित भैरहेका छन्। यसका अतिरिक्त काठमाडौंबाट प्रकाशित हुने सबैजसो दैनिक अखबारहरू, साप्ताहिकहरू र मासिक पत्रिकाहरू (राष्ट्रिय समाचार समिति, गोरखापत्र, कान्तिपुर दैनिक, नागरिक दैनिक, नेपाल समाचार पत्र, राजधानी दैनिक, अन्नपूर्ण पोष्ट, नयाँ पत्रिका दैनिक आदि) समेत नगरपालिकाको विभिन्न वडाहरूमा पाइन्छ।

**तालिका नं. ५९ :** पत्रपत्रिकाहरूको विवरण

| दैनिक | साप्ताहिक | मासिक | वार्षिक | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| १ | ४ | २ | - | २ | ८ |

*स्रोतः जिल्ला समन्वय समिति, प्यूठान २०७३*

**तालिका नं. ६० :** नगरपालिकामा प्रकाशित पत्रपत्रिकाहरूको विवरण

| क्र.सं. | पत्रपत्रिका | स्थान | क्र.सं. | पत्रपत्रिका | स्थान |
|---|---|---|---|---|---|
| १ | प्यूठान समाचार राष्ट्रिय दैनिक | प्यूठान न.पा.२, प्यूठान | २ | प्यूठान जागरण राष्ट्रिय मासिक | प्यूठान न.पा.,प्यूठान |
| ३ | प्यूठान भिजन राष्ट्रिय मासिक | प्यूठान न.पा.,प्यूठान | ४ | लिस्ने जनसञ्चार राष्ट्रिय साप्ताहिक | जुम्री, प्यूठान |
| ५ | प्यूठान टाइम्स राष्ट्रिय साप्ताहिक | प्यूठान न.पा.,प्यूठान | ६ | हाम्रो एकता राष्ट्रिय साप्ताहिक | प्यूठान न.पा.,प्यूठान |
| ७ | स्वर्गद्वारी राष्ट्रिय साप्ताहिक | प्यूठान न.पा.,प्यूठान | ८ | माण्डवी राष्ट्रिय साप्ताहिक | बिजुवार, प्यूठान |

*स्रोतः जिल्ला समन्वय समिति, प्यूठान २०७३*

## ६.३ विद्युत

### ६.३.१ बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण


यस प्यूठान नगरपालिकाको सबै वडाहरूमा विद्युत मर्मत संभार, महसूल असुली तथा विद्युतीकरण योजनाको कार्यान्वयन नेपाल विद्युत प्राधिकरणले गर्दै आएको छ। राष्ट्रिय जनगणना २०६८ (सन् २०११) को नजिताअनुसार दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनमा विद्युत प्रमुख स्रोतको रूपमा रहेको देखिन्छ। यसको विस्तृत विवरण तल देखाईएको छ।

तालिका नं. ६१ : बत्ती बाल्न प्रयोग गरिने श्रोत

| वडा नं. | बिजुली | मट्टितेल | गोबरग्याँस | सोलार | अन्य | उल्लेख नगरिएको | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ७५९ | ७५ | ० | २ | २ | १ | ८३९ |
| २ | ८२२ | १५१ | १ | ० | ० | ३ | ९७७ |
| ३ | ७१२ | २२० | १ | ० | ४ | ० | ९३७ |
| ४ | १०६७ | २०५ | ५ | ० | ७ | २ | १,२८६ |
| ५ | १०० | ५५७ | १ | २९ | २१० | १ | ८९८ |
| ६ | ३२८ | ३६४ | ० | ० | ३ | २ | ६९७ |
| ७ | ६५७ | ७२ | ० | २ | २ | १० | ७४३ |
| ८ | ८८४ | २२२ | ३ | ० | ६ | १७ | १,१३२ |
| ९ | ३७८ | ३३४ | ० | २ | ४ | २ | ७२० |
| १० | ४५२ | २८० | ० | १ | ० | २ | ७३५ |
| जम्मा | ६,१५९ | २,४८० | ११ | ३६ | २३८ | ४० | ८,९६४ |
| प्रतिशत | ६८.७१ | २७.६७ | ०.१२ | ०.४० | २.६६ | ०.४५ | १००.०० |

*स्रोत : राष्ट्रिय जनगणना २०६८*

माथिको तालिकामा प्यूठान नगरपालिकाको विभिन्न वडाहरूमा बत्ती बाल्न प्रयोग गरिएको स्रोतको विवरण देखाईएको छ। जसमा बत्ती बाल्न विद्युत प्रयोग गर्नेको घरधुरी संख्या ६,१५९ (६८.७१ प्रतिशत) रहेको छ। त्यस्तै नगरपालिकाको कुल घरधुरीको २,४८० (२७.६७ प्रतिशत) ले मट्टितेल, ३६ (०.४० प्रतिशत) ले सोलार र ११ (०.१२ प्रतिशत) घरधुरीले गोबर ग्याँसको प्रयोग गरेको देखिन्छ। त्यस्तै वडागत रूपमा सबैभन्दा बढी विद्युत प्रयोग गर्नेमा वडा नं ४ (१०६७) घरधुरी रहेको देखिन्छ भने कम विद्युतको प्रयोग गर्ने वडा नं. ५ (१००) घरधुरी रहेको देखिन्छ उक्त वडामा मट्टितेलको बढी उपयोग भएको छ। जसको विस्तृत विवरण माथिको तालिकामा  र तल स्तम्भमा देखाइएको छ।



## पछिल्लो तथ्याङ्क अनुसार नगरपालिकामा विद्युत सेवको विवरण

**तालिका नं. ६२ :** विद्युत सेवको विवरण

| विद्युत सेवा (प्रतिशत) | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | साविक गाविस वा नपाको नाम | लघु जलविद्युतबाट | सोलारबाट | केन्द्रिय प्रसारणबाट | विद्युत सेवा प्राप्त गर्ने कुल प्रतिशत | कैफियत |
| १ | मरन्ठाना | - | - | ५७.०४५ | ५७.०४५ | |
| २ | दाखाक्वाडी र खैरा | - | - | ८२.२७६ | ८२.२७६ | |
| ३ | दाखाक्वाडी | - | - | ८६.९६० | ८६.९६० | |
| ४ | विजयनगर | - | - | ७५.९८७ | ७५.९८७ | |
| ५ | विजुवार र खलंगा | - | - | ८५.०३५ | ८५.०३५ | |
| ६ | विजुवार | - | - | ७८.०९२ | ७८.०९२ | |
| ७ | धर्मावती | - | - | | | |
| ८ | माझकोट | - | - | ९१.०८१ | ९१.०८१ | |
| ९ | जुम्रीकाँढा | - | - | ७८.७३२ | ७८.७३२ | |

*स्रोतः स्थानीय तह पुनर्संरचना प्राविधिक सहयोग समिति, प्यूठान २०७३*


## ६.३.२ खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण

**तालिका नं. ६३ :** खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण

| वडा नं. | काठ/ दाउरा | मटीतेल | एल.पी. ग्याँस | कुइठा/ ठोरहा | गोबरग्यास | बिजुली | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | ८२१ | १ | १० | ० | ६ | ० | ० | १ |
| २ | ८५१ | २ | ८३ | ४ | ३४ | ० | ० | ३ |
| ३ | ८४७ | ३ | ६० | ० | २६ | ० | ० | १ |
| ४ | ८२६ | ११ | ३४८ | १ | ८४ | ७ | ७ | २ |
| ५ | ८८७ | ६ | २ | २ | ० | ० | ० | १ |
| ६ | ६९० | ४ | १ | ० | ० | ० | ० | २ |
| ७ | ५५६ | ५ | १३९ | ० | ३३ | ० | ० | १० |
| ८ | ९९३ | ५ | ८१ | ० | ३६ | ० | ० | १७ |
| ९ | ६८८ | १ | १७ | ० | १२ | ० | ० | २ |
| १० | ६९९ | ३ | १७ | ० | १३ | ० | १ | २ |
| जम्मा | ७,८५८ | ४१ | ७५८ | ७ | २४४ | ७ | ८ | ४१ |
| प्रतिशत | ८७.६६ | ०.४६ | ८.४६ | ०.०८ | २.७२ | ०.०८ | ०.०९ | ०.४६ |

*स्रोत : राष्ट्रिय जनगणना २०६८*

वि.स. २०६८ को जनगणनाअनुसार प्यूठान नगरपालिकामा परिवारमा खाना पकाउन प्रयोग गरिने प्रमुख इन्धनको रूपमा काठ तथा दाउरा सबैभन्दा बढी ७,८५८ (८७.६६ प्रतिशत) रहेको छ। यसैगरी दोस्रोमा एल.पी. ग्याँस प्रयोग गर्ने घरधुरी संख्या ७५८ (८.४६ प्रतिशत), गोबर ग्याँस प्रयोग गर्ने घरधुरी संख्या २४४ (२.७२ प्रतिशत), मट्टीतेल प्रयोग गर्ने ४१ (०.४६ प्रतिशत) रहेको देखिन्छ भने कुइँठा /ठोहोरा प्रयोग गर्ने घरधुरी ७ (०.०८ प्रतिशत) रहेको देखिन्छ। वडागत रूपमा सबैभन्दा बढी काठ/दाउरा प्रयोग गर्ने वडा नं. ८ मा ९९३ घरधुरी संख्या रहेको देखिन्छ भने सबभन्दा कम वडा नं ७ मा ५५६ घरधुरी संख्या रहेको देखिन्छ। जसको विस्तृत विवरण माथिको तालिकामा उल्लेख गरिएको छ र तल स्तम्भमा प्रस्तुत गरिएको छ।




## ६.४ परिवारमा सुविधाको उपलब्धताको अवस्था

तालिका नं. ६४ : परिवारमा सुविधाको उपलब्धताको अवस्था

| वडा नं. | | रेडियो | टेलिभिजन | केवल नेट | कम्प्युटर | इन्टरनेट | टेलिफोन | मोबाइल फोन | मोटर | मोटरसाइकल | साइकल | अरु वहान | रेफ्रिजेरेटर | कुनै सुविधा नभएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सं. | ५१५ | ७४१ | ११७ | ९९ | २७ | ८२ | ८३६ | १० | ११७ | ७१२ | १२ | १०६ | ६३ | १०७९ |
| | % | ४७.७ | ६८.७ | १०.८ | ९.२ | २.५ | ७.६ | ७७.५ | ०.९ | १०.८ | ६६.० | १.१ | ९.८ | ५.८ | १००.० |
| २ | सं. | ३३० | ६०६ | २६० | १२६ | ३३ | २०४ | ७६५ | १४ | १५६ | ४४६ | ६ | २१५ | २१ | ८५५ |
| | % | ३८.६ | ७०.९ | ३०.४ | १४.७ | ३.९ | २३.९ | ८९.५ | १.६ | १८.२ | ५२.२ | ०.७ | २५.१ | २.५ | १००.० |
| ३ | सं. | ५०९ | ७९३ | २५४ | ९२ | ३४ | १७० | ७८७ | ३४ | १३७ | ५८१ | २ | १६५ | ६५ | १०६६ |
| | % | ४७.७ | ७४.४ | २३.८ | ८.६ | ३.२ | १५.९ | ७३.८ | ३.२ | १२.९ | ५४.५ | ०.२ | १५.५ | ६.१ | १००.० |
| ४ | सं. | १०५६ | १३९२ | ५४४ | २६४ | ९५ | ४६३ | १४४१ | ५५ | ३१७ | १०१२ | १६ | ४०७ | ४२ | १७३७ |
| | % | ६०.८ | ८०.१ | ३१.३ | १५.२ | ५.५ | २६.७ | ८३.० | ३.२ | १८.२ | ५८.३ | ०.९ | २३.४ | २.४ | १००.० |
| ५ | सं. | २११ | ३८२ | ७० | ४९ | २ | ५६ | ४३२ | १९ | ७० | ३७९ | ९ | ६८ | २० | ५१६ |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | % | ४०.९ | ७४.० | १३.६ | ९.५ | ०.४ | १०.९ | ८३.७ | ३.७ | १३.६ | ७३.४ | १.७ | १३.२ | ३.९ | १००.० |
| ६ | सं. | ७३० | १०३६ | १८२ | ७४ | १२ | ९६ | ११०९ | ११ | १४१ | ८१३ | १३ | १२० | ८७ | १४१७ |
| | % | ५१.५ | ७३.१ | १२.८ | ५.२ | ०.८ | ६.८ | ७८.३ | ०.८ | १०.० | ५७.४ | ०.९ | ८.५ | ६.१ | १००.० |
| ७ | सं. | २६४ | ४१० | ४२ | १७ | १ | २० | ५५५ | ७ | ४१ | ४७१ | ८ | ८ | ६३ | ७१४ |
| | % | ३७.० | ५७.४ | ५.९ | २.४ | ०.१ | २.८ | ७७.७ | १.० | ५.७ | ६६.० | १.१ | १.१ | ८.८ | १००.० |
| ८ | सं. | १६३ | २४३ | १०५ | १० | १ | १७ | २६६ | १ | २८ | २७६ | १ | १२ | २३ | ३५२ |
| | % | ४६.३ | ६९.० | २९.८ | २.८ | ०.३ | ४.८ | ७५.६ | ०.३ | ८.० | ७८.४ | ०.३ | ३.४ | ६.५ | १००.० |
| ९ | सं. | १३३ | ३०३ | ३ | १३ | २ | १ | २९२ | ० | २६ | ३३९ | ० | ० | १९ | ४२९ |
| | % | ३१.० | ७०.६ | ०.७ | ३.० | ०.५ | ०.२ | ६८.१ | ०.० | ६.१ | ७९.० | ०.० | ०.० | ४.४ | १००.० |
| जम्मा | सं. | ३९११ | ५९०६ | १५७७ | ७४४ | २०७ | ११०९ | ६४८३ | १५१ | १०३३ | ५०२९ | ६७ | ११०१ | ४०३ | ८१६५ |
| | % | ४७.९ | ७२.३ | १९.३ | ९.१ | २.५ | १३.६ | ७९.४ | १.८ | १२.७ | ६१.६ | ०.८ | १३.५ | ४.९ | १००.० |

*स्रोत : राष्ट्रिय जनगणना २०६८*

## ६.५ अन्य भौतिक पूर्वाधारहरु

नगरपालिकामा भएको अन्य पूर्वाधारहरु जस्तै सभाहल, फलफुल तथा तरकारी बिक्री केन्द्र लगायतको विवरणहरु तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ६५ :** अन्य भौतिक पूर्वाधारहरु

| क्र.सं. | संग्राहलय | सामुदायिक भवन वा सभाहल | हाटबजार वा फलफुल तथा तरकारी बिक्री केन्द्र | प्राविधिक शिक्षालय | सपिंगमल | वस पार्क/बस टर्मिनल |
|---|---|---|---|---|---|---|
| १ | - | १ | ३ | १ | - | २ |

*स्रोत: स्थानीयत तह पुनर्संरचना प्राविधिक सहयोग समिति, प्यूठान २०७३*

# खण्ड ७ : सामाजिक पूर्वाधार तथा सेवा

## ७.१ शिक्षा

कुनै पनि देशको सामाजिक तथा आर्थिक विकासमा शिक्षाले ठूलो भूमिका खेलेको हुन्छ । यसलाई मानव विकासको सूचकको रूपमा लिइन्छ । विकासको प्रमुख आधारशिला शिक्षा नै हो, शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाहरूको विकास हुन गई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रही आएको छ। सचेत, अनुशासित तथा उत्पादनशिल जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्रको नै सर्वोपरि भूमीका अनिवार्य रहन्छ। योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक शसक्त माध्यमको रूपमा नीतीगत रूपमा अबलम्बन गरिएको छ।

शिक्षा क्षेत्रको परिसूचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ। यसै सिलसिलामा यस प्यूठान नगरपालिकाको शैक्षिक स्थिती देखाउन यहाँको साक्षरताा स्थिति, शिक्षण संस्थाको विवरण, दरबन्दी शिक्षकहरूको विवरण, विद्यार्थीको भर्ना, तहगत तथा विषयगत शैक्षिक विवरण देखाउन  खोजिएको छ जसबाट प्यूठान नगरपालिकाको शैक्षिक अवस्थालाई बुझी आगामी दिनमा सुधार गर्न नीति तथा कार्यक्रम बनाउन सकिन्छ ।

## ७.२ साक्षरताको स्थिति


सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण आयामको रूपमा रहेको शिक्षा क्षेत्रमा प्यूठान नगरपालिका अन्य गाउँपालिका/नगरपालिकाका तुलनामा केही अगाडि रहेको देखिन्छ। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार यस नगरपालिकाको साक्षरता दर ७१.८५ प्रतिशत (नेपालको ६५.९४ प्रतिशत) रहेको छ। लैंगिक हिसाबले यो नगरपालिकामा पनि अन्यत्र झैं केही विभेद रहेको पाईन्छ। जस्तै: यस नगरपालिकाका पुरुषको साक्षरता दर ८३.१८ प्रतिशतको तुलनामा महिलाको साक्षरता दर ६३.५३ प्रतिशत मात्र रहेको छ। पुरुष र महिलाको साक्षरता दरमा लगभग १९.६५ प्रतिशतको फरक देखिन्छ। सबैभन्दा अग्रस्थानमा रहेको काठमाण्डौ जिल्लाको साक्षरता दर ८६.२५ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको रौतहट जिल्लाको साक्षरता दर ४१.६९ प्रतिशत रहेको छ। त्यसैगरी यस प्यूठान नगरपालिकाको साक्षरताको स्थितिको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ६६ : साक्षरता दर**

| वडा नं. | पढ्न र लेख्न सक्ने | | पढ्न मात्र सक्ने | | पढ्न र लेख्न नसक्ने | | उल्लेख नगरिएको | | जम्मा | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | |
| १ | १११० | १२३९ | ५ | ४ | १३३ | ६२६ | ० | ० | १,२४८ | १,८६९ | ३,११७ |
| २ | १२०० | १४३१ | ४८ | ७७ | १६२ | ६७२ | ० | ० | १,४१० | २,१८० | ३,५९० |
| ३ | १२२४ | १३४४ | १४ | २४ | १४९ | ६४० | ० | १ | १,३८७ | २,००९ | ३,३९६ |
| ४ | १७६३ | १६९८ | ३४ | ३४ | २०४ | ७०३ | ० | ० | २,००१ | २,४३५ | ४,४३६ |
| ५ | ९४६ | ८५९ | १० | ९ | ५२९ | ११७० | ० | ० | १,४८५ | २,०३८ | ३,५२३ |
| ६ | ९२२ | ८७३ | ११ | १४ | २१७ | ६३२ | ० | १ | १,१५० | १,५२० | २,६७० |
| ७ | ९८५ | १००९ | १९ | ७ | १३९ | ४६५ | ० | ० | १,१४३ | १,४८१ | २,६२४ |
| ८ | १६५७ | १६६७ | १३ | १६ | २३७ | ६७५ | ० | ० | १,९०७ | २,३५८ | ४,२६५ |
| ९ | ८६८ | ९९१ | ३२ | ४७ | १७८ | ५१७ | १ | १ | १,०७९ | १,५५६ | २,६३५ |
| १० | ९५२ | ९८४ | १२ | १४ | २०४ | ५९२ | ० | १ | १,१६८ | १,५९१ | २,७५९ |
| जम्मा | ११,६२७ | १२,०९५ | १९८ | २४६ | २,१५२ | ६,६९२ | १ | ४ | १३,९७८ | १९,०३७ | ३३,०१५ |
| प्रतिशत | ८३.१८ | ६३.५३ | १.४२ | १.२९ | १५.४० | ३५.१५ | ०.०१ | ०.०२ | १००.०० | १००.०० | |

*स्रोत : राष्ट्रिय जनगणना २०६८*

माथिको तालिकामा प्यूठान नगरपालिकाका साक्षरताको वडागत विवरण देखाईएको छ। यस नगरपालिकामा कुल जनसंख्याको साक्षरता स्थिति वर्णन गर्नुपर्दा सबै भन्दा बढि साक्षरता दर वडा नं. ४ मा ७८.०२ प्रतिशत रहेको छ जसमध्ये पुरुष साक्षरता दर ८८.११ प्रतिशत र महिला साक्षरता दर ६९.७३ प्रतिशत रहेको छ। त्यस्तै गरि सबै भन्दा कम साक्षरता दर वार्ड नं.५ मा रहेको छ जहाँको कुल साक्षरता दर ५१.२३ प्रतिशत रहेको छ। जसमध्ये पुरुष साक्षरता दर ६३.७३ प्रतिशत र महिला साक्षरता दर ४२.१५ प्रतिशत रहेको छ। यसलाई तल स्तम्भमा राखिएको छ।




## ७.२.१ शैक्षिक जनशक्तिको विवरण

**तालिका नं. ६७ :** शैक्षिक जनशक्तिको विवरण

| लिङ्ग | स्कूल नगएको | प्राथमिक तह | नि.मा.वि. तह | मा.वि. तह | एस.एल.सी. तह | प्रमाणपत्र तह | स्नातक तह | स्नातकोत्तर तह र सोभन्दा माथी | अन्य | अनौपचारिक शिक्षा | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | ८६१ | ५४६४ | २२८१ | ११७३ | ११३८ | ६२१ | २३६ | ८४ | ८ | ३६६ | ३१ | **१२,२६३** |
| महिला | ७०४ | ५८८८ | २४६१ | १०३६ | १०४७ | ५५१ | ८४ | १९ | ८ | ७८२ | ४१ | **१२,६२१** |
| **जम्मा** | **१,५६५** | **११,३५२** | **४,७४२** | **२,२०९** | **२,१८५** | **१,१७२** | **३२०** | **१०३** | **१६** | **१,१४८** | **७२** | **२४,८८४** |
| **प्रतिशत** | **६.२९** | **४५.६२** | **१९.०६** | **८.८८** | **८.७८** | **४.७१** | **१.२९** | **०.४१** | **०.०६** | **४.६१** | **०.२९** | **१००.००** |

*स्रोत : राष्ट्रिय जनगणना २०६८*

माथिको तालिकामा प्यूठान नगरपालिकामा विभिन्न शैक्षिक तह उर्त्तीण गरेका जनशक्ति देखाइएको छ। जसमा १,५६५ (६.२९ प्रतिशत) जना स्कुल नगएका, ११,३५२ (४५.६२ प्रतिशत) प्राथमिक तह, ४,७४२ (१९.०६ प्रतिशत) नि.मा.वि. तह, २,२०९ (८.८८ प्रतिशत) मा.वि. तह, २,१८५ (८.७८ प्रतिशत) एस.एल.सी. तह, १,१७२ (४.७१ प्रतिशत) प्रमाणपत्र तह, ३२० (१.२९ प्रतिशत) स्नातक तह, १०३ (०.४१ प्रतिशत) स्नातकोत्तर तह र सोभन्दा माथि अध्ययन गरेको देखिन्छ भने १,१४८ (४.६१ प्रतिशत) ले अनौपचारिक शिक्षा हांसिल गरेको देखिन्छ । जसको विस्तृत विवरण माथिको तालिकामा उल्लेख गरिएको छ साथसाथै तल स्तम्भ चार्टमा देखाईएको छ ।




## ७.२.२ विषयगत शैक्षिक जनशक्तिको विवरण

तालिका नं. ६८ : विषयगत शैक्षिक जनशक्तिको विवरण

| वडा नं. | मानविकी र कला | व्यापार र प्रशासन | शिक्षा | विज्ञान | स्वास्थ्य | इन्जिनीयरिङ र निर्माण | कानून | सामाजिक र व्यवहारिक विज्ञान | गणित र तथ्याङ्क | कृषि, वन र मत्स्य | कम्प्यूटिङ्ग | पत्रकारिता र सूचना | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८३ | १५ | ३६ | ४ | १ | ० | ३ | ३ | ० | ० | २ | ० | ० | ६ | १५३ |
| २ | ९२ | २६ | १९ | ५ | ६ | ६ | १ | ३ | ३ | ० | ० | ० | ० | ९ | १७० |
| ३ | ५५ | २२ | २९ | ५ | ० | ० | ० | १ | २ | ३ | ० | ० | ० | ७ | १२४ |
| ४ | १२६ | ९१ | ५९ | १३ | १२ | ६ | ५ | २६ | १३ | ३ | ० | ० | ३ | १२ | ३६९ |
| ५ | ५ | ३ | १० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | १ | २० |
| ६ | ९ | ५ | १८ | ५ | १ | ० | ० | १ | ० | ० | ० | १ | ० | २ | ४२ |
| ७ | ९४ | ४१ | २६ | १२ | ४ | ४ | ३ | १५ | ६ | ४ | २ | ० | ० | ७४ | २८५ |
| ८ | ९४ | २५ | ७४ | ९ | ४ | १ | ० | ५ | ५ | ७ | ० | ० | ० | २१ | २४५ |
| ९ | ३४ | १४ | २५ | ३ | २ | १ | ० | २ | ० | ० | ० | ० | ० | १० | ९१ |
| १० | ४२ | १२ | ३१ | २ | ० | १ | ० | ३ | ० | ० | ० | ० | ० | ५ | ९६ |
| जम्मा | ६३४ | २५४ | ३२७ | ५८ | ३० | १९ | १२ | ५९ | २९ | १७ | ५ | १ | ३ | १४७ | १५९५ |
| प्रतिशत | ३९.७५ | १५.९२ | २०.५० | ३.६४ | १.८८ | १.१९ | ०.७५ | ३.७० | १.८२ | १.०७ | ०.३१ | ०.०६ | ०.१९ | ९.२२ | १००.०० |

*स्रोत : राष्ट्रिय जनगणना २०६८*

राष्ट्रिय जनगणना २०६८ बाट प्राप्त तथ्याङ्कका आधारमा नगरपालिकामा विभिन्न संकायमा अध्ययन गरेका शैक्षिक जनशक्तिको विवरणलाई तालिकामा देखाइएको छ । जसअनुसार यस नगरपालिकामा सबैभन्दा बढी मानविकी र कला संकायमा पढ्नेको संख्या ६३४ (३९.७५ प्रतिशत) रहेको छ भने दोस्रोमा शिक्षा विषय लिएर पढ्नेको जनसंख्या ३२७ (२०.५० प्रतिशत), तेस्रो स्थानमा व्यापार तथा प्रशासन विषय लिएर पढ्नेको संख्या २५४ (१५.९२ प्रतिशत), विज्ञान विषय लिएर पढ्ने संख्या ५८ (३.६४ प्रतिशत), स्वास्थ्य, इन्जिनीयरिङ, विनिर्माण र निर्माण, कृषि, वन र मत्स्य, सामाजिक व्यवहारिक विज्ञान र गणितीय तथ्याङ् विषय लिएर पढ्नेको जनसंख्या अत्यन्तै कम रहेको देखिन्छ भने १४७ (९.२२ प्रतिशत) ले उल्लेख नगरेको देखिन्छ जसको विस्तृत विवरण माथि तालिकामा उल्लेख गरिएको छ र तल पाई चार्टमा प्रस्तुत गरिएको छ ।



### ७.२.३ उमेर समूहअनुसार जनसंख्याको र विद्यालय गइरहेको जनसंख्या विवरण

तालिका नं. ६९ : उमेर समूहअनुसार जनसंख्याको र विद्यालय गइरहेको जनसंख्या विवरण

| विवरण | उमेर समूह | कुल जनसंख्या | | | विद्यालय गइरहेको जनसंख्या | | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | |
| बालविकास (किन्डरगार्डन) जाने उमेर समूह | ३-४ वर्ष | N/A | N/A | N/A | N/A | N/A | N/A | N/A |
| आधारभूत तहमा जाने उमेर समूह (कक्षा १-८) | ५-१२ वर्ष | ३,३९५ | ३,३४९ | ६,७४४ | ३,३२२ | ३,२४४ | ६,५६६ | ९७.३६ |
| माध्यमिक तह जाने उमेर समूह (कक्षा ९-१०) | १३-१४ वर्ष | ९६ | ८३ | १७९ | ९१ | ७८ | १६९ | ९४.४१ |
| उच्च मा.वि. जाने उमेर समूह (१०+२) | १५-१७ वर्ष | ९ | १० | १९ | ७ | ९ | १६ | ८४.२१ |
| जम्मा | | ३,५०० | ३,४४२ | ६,९४२ | ३,४२० | ३,३३१ | ६,७५१ | |

*स्रोत : राष्ट्रिय जनगणना २०६८*

यस तालिकामा विद्यालय गइरहेको जनसंख्याको तुलनात्मक विवरण उल्लेख गरिएको छ। जसमा ३ देखि ४ वर्ष उमेर समुहका बालबालिका मध्ये कोही पनि स्कूल नगएको देखिन्छ। ५ देखि १२ वर्ष उमेर समुहको जनसंख्या मध्ये ९७.३६ प्रतिशत स्कुल गएको देखिन्छ भने २.६४ प्रतिशत स्कूल नगएको देखिन्छ त्यस्तै १३ देखि १४ वर्ष उमेर समुहको जनसंख्याको ९४.४१ प्रतिशत संख्या स्कुल गएको देखिन्छ भने ५.५९ प्रतिशत स्कुल नगएको देखिन्छ। यसलाई माथिको तालिकामा उल्लेख गरिएको छ।

*(नोट : नयाँ शिक्षा ऐन अनुसार कक्षा १ देखि ८ सम्मको तहलाई आधारभूत तह र कक्षा ९ देखि १२ सम्मलाई माध्यमिक तहमा घोषणा गरिएको छ। त्यस्तै कक्षा १ भन्दा मुनिको तहलाई बाल विकास भनेर नामाकरण गरिएको छ। )*

तालिका नं. ७० : उमेर समूहअनुसार जनसंख्याको र विद्यालय गईरहेको जनसंख्या

| विवरण | उमेर समूह | कुल जनसंख्या | | | विद्यालय गइरहेको जनसंख्या | | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | |
| वाल विकास-नर्सरी, (किन्डरगार्डन) जाने उमेर समूह | ३-४ वर्ष | N/A | N/A | N/A | N/A | N/A | N/A | N/A |
| आधारभूत तहमा जाने उमेर समूह (कक्षा १-८) | ५-१२ वर्ष | ३,३९५ | ३,३४९ | ६,७४४ | ३,३२२ | ३,२४४ | ६,५६६ | ९७.३६ |
| मा.वि. जाने उमेर समूह (कक्षा ९-१२) | १३-१७ वर्ष | १०५ | ९३ | १९८ | ९८ | ८७ | १८५ | ९३.४३ |
| जम्मा | | ३,५०० | ३,४४२ | ६,९४२ | ३,४२० | ३,३३१ | ६,७५१ | |

*स्रोत : जिल्ला शिक्षा कार्यालय, प्यूठान २०७४*

## ७.२.४ नगरपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण

### (क) शैक्षिक पूर्वाधार तथा सेवा

विकासको प्रमुख आधारशिला शिक्षा नै हो, शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाहरूको विकास हुन गई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रही आएको छ। सचेत, अनुशासित तथा उत्पानशिल जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्रको नै सर्वोपरि भूमीका अनिवार्य रहन्छ। नगरपालिकामा शिक्षा क्षेत्रमा धेरै प्रयास भएता पनि अपेक्षित उपलब्धि भने प्राप्त गर्न सकिएको छैन। तथापि योजनाबद्ध रूपमा शैक्षिक पूर्वाधार एवम् सेवा विस्तार गर्ने प्रयास हुँदै आएको छ। योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक शसक्त माध्यमको रूपमा नीतिगत रूपमा अबलम्बन गरिएको छ। शिक्षा क्षेत्रको परिसूचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ। यसै अनुरूप यस नगरपालिकामा आ.व. २०७२/७३ सम्म सञ्चालन भैरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण तलको तालिकामा देखाईएको छ ।

तालिका नं. ७१ : नगरपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण

| क्र.सं. | संचालित कक्षा | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| १ | नि.मा.वि.तह संचालन (१-८) | ४३ | ८ | ५१ |
| २ | मावि तह संचालन (१-१२) | ६ | ३ | ९ |
| ३ | सामूदायिक अध्ययन केन्द्र | - | - | |
| ४ | खुला विद्यालय | - | - | |
| ५ | विशेष शिक्षा स्रोत कक्षा | - | - | |
| ६ | FSP | - | - | |
| जम्मा | | ४९ | ११ | ६० |

*स्रोत: जिल्ला शिक्षा कार्यालय, प्यूठान २०७४*

मथिको तालिकामा प्यूठान नगरपलिकामा रहेका शिक्षण संस्थाहरूको विवरण देखाईएको छ जसअनुसार नगरपालिकामा पठनपाठनका लागि आ.व. २०७२/०७३ सम्म सञ्चालन भैरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरणअनुसार नगरपालिकामा आधारभूत तहमा ५१ र माध्यमिक तहमा ९ गरी जम्मा ६० वटा शिक्षण संस्थाहरू रहेका छन् । शहरी क्षेत्रमा निजी क्षेत्रको चापको तुलनामा ग्रामीण क्षेत्रमा संस्थागत विद्यालयको संलग्नता न्यून देखिन्छ त्यस्तै प्यूठान नगरपालिकामा पनि सामुदायिक शिक्षण संस्था बढी रहेको छ यद्यपि विभिन्न समस्याको बावजुत सामुदायिक तथा संस्थागत दुवै क्षेत्रले पनि उल्लेख्य योगदान पुऱ्याउँदै आएको देखिन्छ ।

**तालिका नं. ७२ :** साविकको गा.वि.स/नपा अनुसार शिक्षण संस्थाहरुको विवरण

| सि.नं. | साविक नपाको नाम | प्रा.वि. | नि.मा.वि. | मा.वि. | उ.मा.वि. | स्नातक | स्नातकोत्तर | कैफियत (निजी तथा सामुदायिक) |
|---|---|---|---|---|---|---|---|---|
| १ | मरन्ठाना १ देखी ६ सम्म | ७ | १ | १ | – | – | – | १ निजी |
| २ | दाखाक्वाडी र खैरा | ३ | १ | | १ | – | – | – |
| ३ | दाखाक्वाडी | ४ | १ | १ | – | – | – | १ निजी |
| ४ | विजयनगर | ६ | १ | | १ | – | – | – |
| ५ | विजुवार र खलंगा | ५ | १ | – | १ | – | – | २ निजी |
| ६ | विजुवार | २ | ४ | १ | १ | १ | १ | |
| ७ | धर्मावती | ४ | | १ | १ | १ | – | १ निजी |
| ८ | माझकोट | ४ | – | १ | – | – | – | १ निजी |
| ९ | जुम्रीकाँढा | ५ | १ | १ | | | | १ प्रा.वी |

*स्रोत: स्थानीय तह पुनर्संरचना प्राविधिक सहयोग समिति, प्यूठान २०७३*

## (ख) प्राविधिक शिक्षा

शिक्षा मानिसको जीवनको अमुल्य गहना हो । समय सँगै शिक्षाको क्षेत्र फराकिलो हुँदै गएको छ । विज्ञान प्रविधिको विकास सँगै सैद्धान्तिक शिक्षा भन्दा सीपयुक्त प्राविधिक शिक्षाको माग दिन प्रति दिन बढ्दै गएको छ । प्राविधिक शिक्षाको माग र आजको आवश्यकता अनुसार विकास हुन नसके पनि यस प्रति लगानी र आकर्षण बढ्दो रहेको छ । तर नेपालका सुगम केन्द्रहरूमा प्राविधिक शिक्षा केन्द्रीत रहेको हुँदा यसको पहुँच सबैमा पुग्न सकेको छैन । यस कटु सत्यतालाई आत्मसाथ गर्दै प्राविधिक शिक्षामा सबैको पहुँच र सहजता सिर्जना गर्नुपर्ने देखिन्छ ।  यसको फलस्वरूप नेपालको मुख्य समस्याको रूपमा रहेको बेरोजगारीको पर्खाल तोडी शैक्षिक तथा आर्थिक विकासको बाटोमा अगाडी जानुपर्ने देखिन्छ ।

यस प्यूठान नगरपालिकामा प्राविधिक शिक्षा दिने संस्थाकोरूपमा दुई वटा संस्था रहेका छन् । प्राविधिक तथा व्यवसाकि शिक्षा परिषद्बाट वि.सं. २०६८ सालमा एनेक्स कार्यक्रम सञ्चालन गर्न सम्बन्ध प्राप्त श्री जनता उ.मा.वि. बाग्दुलामा जुनियर कम्प्युटर टेक्निसियन तर्फका कक्षाहरू र शिक्षा विभागबाट २०७० सालमा अनुमति प्राप्त कृषि तर्फ बाली विज्ञानको कक्षा ९देखि प्राविधिक धार श्री भानुभक्त उ.मा.वि.बर्बोटमा संञ्चान भईरहेका छन् । प्यूठान नगरपालिकामा प्राबिधिक शिक्षाको आवश्यकता पुरा गर्ने कोसिस यी दुई विद्यालयले गर्दै आएका छन्  । प्राविधिक शिक्षा तर्फ अध्ययनरत विद्यार्थीहरूको संख्यात्मक विवरण यस प्रकार छ .

**तालिका नं. ७३ :** प्राविधिक शिक्षा अध्ययनरत विद्यार्थीको विवरण

| क्र.सं. | तह /वर्ष | सहभागी विद्यार्थी | | | दलित | | | जनजाति | | | फरक क्षमता भएका | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | जुनियर कम्प्युटर टेक्निसियन | १९ | २१ | ४० | १ | १ | २ | ० | ३ | ३ | १ | १ | २ |
| | जम्मा | | | | | | | | | | | | ४७ |

*स्रोत: जिल्ला शिक्षा कार्यालय, प्यूठान २०७४*

**तालिका नं. ७४ :** क्याम्पस तथा प्राविधिक शिक्षालय

| क्र.सं | क्याम्पसको नाम | सञ्चालित स्थान | अध्यापन हुने संकाय |
|---|---|---|---|
| १ | स्वर्गद्धारी क्याम्पस | विजुवार | शिक्षा , मानविकी |
| २ | प्युठान क्याम्पस | खलंगा | शिक्षा , मानविकी |

*स्रोत: जिल्ला शिक्षा कार्यालय, प्यूठान २०७४*

## ७.२.५ शिक्षण संस्थाहरूमा कार्यरत शिक्षक/शिक्षिकाहरूको विवरण


**तालिका नं. ७५ :** स्वीकृत शिक्षक दरवन्दीमा कार्यरत श्रेणीगत शिक्षक विवरण

| क्र.स. | शिक्षकको किसिम | दरवन्दीको किसिम | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | | | अस्थायी दरबन्दी | | | राहत | | |
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | प्र.शि | ६० | ६६ | १२६ | १२ | ५ | १७ | ३७ | ११ | ४८ |
| २ | नि.मा.शि. | ४ | ११ | १५ | ० | ४ | ४ | ५ | १३ | १८ |
| ३ | मा.शि. | १ | १७ | १८ | ० | ४ | ४ | ० | ४ | ४ |
| | जम्मा | ६५ | ९४ | १५९ | १२ | १३ | २५ | ४२ | २८ | ७० |
| कुल जम्मा | | | | | | | | | | २५४ |

*स्रोत: जिल्ला शिक्षा कार्यालय, प्यूठान २०७३*

माथिको तालिकामा स्वीकृत शिक्षक दरवन्दीमा कार्यरत श्रेणीगत शिक्षकहरू प्रावि, निमावि र माविको स्थायी, अस्थायी र राहत दरबन्दीको विवरण देखाइएको छ। जसमा स्थायी दरबन्दी अन्तरर्गत प्रा.शि. १२६ जना, नि.मा.शि. १५ जना, मा.शि. १८ जना गरी जम्मा १५९ शिक्षकहरू स्थायी दरबन्दीमा, प्रा.शि. १७ जना, नि.मा.शि. ४ जना, मा.शि.४ जना गरी जम्मा २५ शिक्षकहरू अस्थायी दरबन्दीमा र प्रा.शि. ४८ जना,

नि.मा.शि. १८ जना, मा.शि. ४ जना गरी जम्मा ७० शिक्षकहरू राहत दरबन्दीमा गरी जम्मा २५४ शिक्षक स्वीकृत दरबन्दीमा कार्यरत छन् तहगत रूपमा मा.शि महिला शिक्षक १ जना मात्र देखिन्छ यस्तै लैङ्गिक हिसाबमा हेर्दा स्थायी दरबन्दीमा पुरुषको संख्या १८.३० प्रतिशतले बढी देखिन्छ भने राहतमा महिलाको संख्या २० प्रतिशतले बढी देखिन्छ यसलाई तल स्तम्भ चित्रमा देखाईएको छ ।




### ७.२.६ शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू

- **विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु :** विद्यार्थीहरू प्राथमिक तह पुरा नगर्दै विद्यालय छाड्ने, विभिन्न किसिमका छात्रवृत्ति उपलब्ध गराइएको भएता पनि दलित, आदिवासीहरूको विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु शैक्षिक विकासको बाधकको रूपमा देखिएको छ ।

- **कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनु :** प्राथमिक तहको विद्यार्थीहरूको तथ्याङ्कलाई आधार मानेर हेर्दा कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनुले शैक्षिक गुणस्तर सुधारको आवश्यकतालाई इङ्गित गरेको छ ।

- **दलित, आदिवासी जनजाति भर्नादर न्यून हुनु :** विपन्न, दलित, आदिवासी जनजातीको भर्नादर न्यून हुनु नगरपालिकाको शैक्षिक विकासको चुनौतीको रूपमा रहेको छ ।

- **दलित, आदिवासी जनजाति विद्यालय छाड्ने दर :** नगरपालिकाको औषत विद्यालय छाड्ने दरमा वृद्धि हुनुको मुख्य कारण आदिवासी र दलितहरूको विद्यालय छाड्ने दरमा वृद्धि हुनु हो ।

- **विद्यालयहरू आर्थिक रूपले कमजोर हुनु :** नेपाल सरकारबाट प्राप्त सीमित अनुदान तथा विद्यालय व्यवस्थापन समितिहरूले समेत आवश्यक श्रोत जुटाउन नसकेको कारणले बहुसंख्यक विद्यालयहरूको आर्थिक स्थिति निकै कमजोर देखिन्छ । दुर्बल आर्थिक अवस्थाले गर्दा शैक्षिक सामाग्री जुटाउन तथा अन्य अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्न बाधा पुगेको देखिन्छ ।

- **अभिभावकहरू चनाखो नहुनु :** बालबालिकाहरूको शैक्षिक प्रगतिबारे अभिभावकहरूको चासो कम हुनु तथा विद्यालयद्वारा समेत बालबालिकाहरूको स्थितिबारे अभिभावकलाई जानकारी नदिइनुले पनि शैक्षिक गुणस्तरमा नकारात्मक प्रभाव पारेको देखिन्छ ।

- **शिक्षक दरबन्दी कम हुनु :** दरबन्दीअनुसार शिक्षकको कमी हुनु तथा केही समयका लागि कुनै शिक्षकको अनुपस्थिति हुँदा कक्षाहरू खाली रहने गरेको देखिन्छ । यसरी शिक्षकहरू तालिममा जाँदा, सुत्केरी बिदा वा सञ्चित बिदामा रहँदा विद्यालयले अल्पकालिन शिक्षकको व्यवस्था गर्न सक्ने प्रावधान रहेको छैन । एकातिर नेपाल सरकारबाट आवश्यक दरबन्दी उपलब्ध नहुनु अर्कोतर्फ स्थानीय निकाय एवम् व्यवस्थापन समितिले त्यसको आवश्यक व्यवस्था गर्न नसक्नु आदि कारणले गर्दा आवश्यक प्रतिफल प्राप्त गर्न सकिएको देखिँदैन ।

- **राजनीतिकरण हुनु :** विभिन्न राजनीतिक पार्टीहरूले शिक्षकहरूको संगठनहरू मार्फत शिक्षकहरूलाई आफ्नो पार्टीको स्वार्थ पूरा गर्न प्रयोग गरिरहेको देखिएको छ । राजनीतिक पार्टीहरूको दबावका कारण जिल्ला शिक्षा कार्यालयले त्यस्ता शिक्षकहरूमाथि अनुशासनको कारवाही समेत गर्न नसकेको पाइएको छ । यस बाहेक व्यवस्थापन समिति समेत शिक्षकहरूलाई आफ्नो दलगत स्वार्थ परिपूर्ति गर्ने साधनका रूपमा प्रयोग गर्दै आएको देखिएको छ ।

- **शिक्षकहरूमा प्रतिबद्धताको कमी :** शिक्षकहरूले शिक्षण पेशालाई आत्मसात गर्न नसक्नु तथा विद्यार्थीले प्राप्त गर्ने प्रतिफलको जिम्मेवारी लिन नसक्नु पनि शैक्षिक प्रगतिको बाधकको रूपमा देखा परेको छ । प्रायः पठन-पाठन समयमा नसिद्धिनु पनि मुख्य समस्याको रूपमा देखिएको छ ।

- **आधुनिक प्रविधिको प्रयोग नहुनु :** सूचना तथा प्रविधिको क्षेत्रमा आएका अत्याधुनिक परिवर्तन र सुविधाबाट बहुसंख्यक विद्यालयहरू बञ्चित हुनुले पनि शैक्षिक विकासमा बाधा पुगेको देखिन्छ । प्रायः धेरै विद्यार्थी र शिक्षकहरू कम्प्युटर र इन्टरनेटको प्रयोगको सुबिधाबाट बञ्चित रहेको छन् ।

## ७.३ स्वास्थ्य

नेपालको संविधानले प्रत्येक नेपाली नागरिकलाई राज्यबाट प्राप्त हुने आधारभूत स्वास्थ्य सेवा निशूल्क प्राप्त गर्ने तथा स्वास्थ्य सेवामा सबैको समान पहुँच रहने कुरालाई मौलिक हकको रुपमै प्रत्याभूत गरेको छ । यसरी यो आधारभूत सेवालाई मौलिक हककोरुपमा स्थापित गर्न चौधौ योजनामा निम्न बमोजिमका स्वास्थ्य कार्यक्रमहरुलाई प्रभावकारी बनाउने उद्देश्य लिइएको छ ।

- बाल स्वास्थ्य तथा पोषण ।
- परिवार स्वास्थ्य तथा सूरक्षित मातृत्व ।
- क्षयरोग नियन्त्रण ।
- यौनरोग तथा एच.आई.भी. र एड्स नियन्त्रण ।

- नसर्ने रोगको रोकथाम तथा उपचार ।
- कुष्ठरोग निवारण
- औलो, कालाजार निवारण
- अन्य कीटजन्य रोग नियन्त्रण एवं प्राकृतिक प्रकोप व्यवस्थापन
- मुख तथा मानसिक स्वास्थ्य
- आँखा सेवा, डिप स्टिक टेस्टमार्फत मृगौला जाँच ।
- विद्यालय स्वास्थ्य कार्यक्रममार्फत निशूल्क आँखा जाँच ।
- वातावरणीय स्वास्थ्य प्रवर्द्धन तथा सोको लागि समूह परिचालन ।
- मनोसामाजिक तथा मानसिक स्वास्थ्य ।
- प्रौढवस्था (Geriatric) को स्वास्थ्य प्रवर्द्धन ।
- जनशक्ति विकास तथा सेवा विस्तार ।
- थप स्वास्थ्य सेवाहरुको विस्तार ।
- रक्त सञ्चार सेवाको स्थापना तथा विस्तार ।
- स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार ।
- आयूर्वेद तथा पूरक चिकित्सा ।
- कम्तीमा ११ प्रकारका खोपको निशूल्क व्यवस्थामार्फत जिल्लास्तरमा पूर्ण खोप घोषणा कार्य गरी उपलब्धताका सुनिश्चितता ।
- विपन्नलाई नौ प्रकारका रोगमा निःशुल्क उपचार ।
- सबै नागरिकलाई मृगौलाको निःशुल्क डायलासिस सेवा विस्तार ।

नगरपालिकामा प्रमुख स्वास्थ्य केन्द्रको रूपमा १५ शैयाको एक जिल्ला अस्पताल रहेको छ । यस अस्पतालमा आधारभूत सेवा उपलब्ध रहेको छ । जिल्ला सामुदायिक स्वास्थ्य सेवा अन्तरर्गत विजुवार बजारमा एच.आई.भी./एड्स को लागि Voluntary Counseling and Testing (VCT) सेवा उपलब्ध रहेको छ । जिल्ला अस्पतालको अतिरिक्त एक आयुर्वेद अस्पताल पनि रहेको छ ।

यस नगरपालिका सुगम रहनुका साथै स्वास्थ्य, सरसफाइ तथा समुदायको स्वस्थकर बानी व्यवहार पनि अनुकुल देखिन्छ। राजनितिक रूपमा १० वडाहरूमा विभाजित यस नगरपालिकाका धेरैजसो जनताले आवश्यकताअनुसार स्वास्थ्य सुविधा लिन सकेका छैनन् । नगरका केन्द्र क्षेत्रका जनताहरूको पहुँच सहज देखिएता पनि बाँकी जनताको पहुँच केवल स्वास्थ्य चौकीसम्म रहेको छ जहाँ सबै स्वास्थ्य समस्याको समाधान संभव छैन । हेल्थपोष्ट हरूमा पर्याप्त स्वास्थ्यकर्मी र औषधीको उपलब्धता नहुँदा समस्या झेल्नुपर्ने बाध्यता छ ।

नगरपालिकामा विभिन्न वडाहरूमा स्वास्थ्य चौकी रहेका छन् तर आवश्यक भौतिक पूर्वाधार तथा दरबन्दीअनुसार स्वास्थ्यकर्मीहरू छैनन्। तथापी ग्रामीणस्तरमा उपचारात्मक स्वास्थ्य स्थिति कमजोर रहेको छ । यस नगरपालिकामा रहेको स्वास्थ्य चौकीहरूको विवरण निम्नअनुसार छ ।

**तालिका नं. ७६ :** नगरपालिकामा रहेका स्वास्थ्य संस्थाहरूको विवरण

| सि.नं. | साविक गाविसको/नपाको नाम | स्वास्थ्य केन्द्रको प्रकृति (स्वास्थ्य चौकी, प्रा.स्वा.के., आयुर्वेद, अस्पताल) | अस्पताल वा स्वास्थ्य संस्थाको शैया संख्या गोटा | प्रस्तावित गापा/नपाको वडा नं. |
|---|---|---|---|---|
| १ | मरन्ठाना १ देखी ६ सम्म | स्वास्थ्य चौकी | - | १ |
| २ | दाखाक्वाडी र खैरा | स्वास्थ्य चौकी | - | २ |
| ३ | दाखाक्वाडी | स्वास्थ्य चौकी | - | ३ |
| ४ | विजयनगर | स्वास्थ्य चौकी | - | ४ |
| ५ | विजुवार र खलंगा | जिल्ला अस्पताल | १५ शैया | ५ |
| ६ | विजुवार | - | - | ६ |
| ७ | धर्मावती | स्वास्थ्य चौकी | - | ७ |
| ८ | माझकोट | स्वास्थ्य चौकी | - | ८ |
| ९ | जुम्रीकाँडा | - | - | |

*स्रोत: जिल्ला स्वास्थ्य कार्यालय, २०७३*

माथिको विवरणमा नगरपालिकामा १५ शैया क्षमता भएको जिल्ला अस्पताल रहेको छ जसबाट आम नगरबासी मात्र नभएर प्यूठान जिल्लाभरीकै बासीन्दाहरुले स्वास्थ्य सेवा लिइरहेका छन् । त्यसैगरी नगरमा विभिन्न वडामा ६ वटा स्वास्थ्य चौकीहरूले नगरवासीलाई सेवा दिएका छन् ।

**तालिका नं. ७७ :** प्यूठान नगरपालिकामा देखिएका प्रमुख रोगहरूको विवरण

| जिल्लामा देखिएका प्रमुख १० रोगहरू | | | |
|---|---|---|---|
| क्र.सं. | रोगहरूको नाम | क्र.सं. | रोगहरूको नाम |
| १ | टाउको दुख्ने | ६ | तल्लो स्वास नलिको संक्रमण |
| २ | स्वास नलिको तिब्र संक्रमण | ७ | चोटपटक |
| ३ | ग्यास्ट्रिक | ८ | टाइफाइड |
| ४ | झाडा पखाला | ९ | पेट दुख्ने |
| ५ | तिब्र ज्वरो | १० | आउँ |

*स्रोत: जिल्ला स्वास्थ्य कार्यालय, प्यूठान २०७३*

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सर्भेक्षणअनुसार करिब आधाजति जनसंख्याले गैरसरकारी तथा निजी क्षेत्रबाट स्वास्थ्य सेवा लिएको देखिन्छ। आर्थिक स्थिति मजबुत भएका तथा पहूँचवाला व्यक्तिहरू मात्रले यस किसिमको सेवा उपभोग गर्न सफल भएको पाइन्छ। स्थानीय समुदायहरू, स्थानीय गैरसरकारी निकायहरूका प्रतिनिधीहरूको अभिव्यक्तिअनुसार यस नगरपालिकामा मातृ तथा शिशु मृत्युदर गम्भीर समस्याको रूपमा रहेको छ।

यस क्षेत्रमा आपतकालिन प्रसुती सेवा (Emergency Obstetric Care) को कमीको कारणले गर्दा उत्पन्न हुने परिस्थिति नै मातृमृत्यदर (Maternal Mortality) को सबैभन्दा प्रमुख कारण बनेको छ। समस्याको पहिचान गर्ने सन्दर्भमा ज्ञानको कमी, लक्षणहरूको (Symptoms) गम्भीरता सम्बन्धि बुझाइमा कमी, औषधी उपचार प्रणाली (Medical System) माथिको विश्वासमा कमी, स्वास्थ्य सेवाका लागि यात्रा गरिरहनुपर्ने दुरी सम्बन्धी कुराहरू, सेवाको लागत, परम्परागत विश्वास, गरिबी न्यून गर्ने सामाजिक, आर्थिक अवस्था जस्ता विविध प्रकारका तत्वहरूको कारणले गर्दा आपतकालीन सेवामा कमी आउने गरेको देखिएको छ।

नगरपालिकामा रहेको सामुदायिक अस्पतालमा विशेषज्ञ चिकित्सकहरूको (Medical Officers) संख्यामा कमी रहेको छ। दरबन्दीअनुसार डाक्टर लगायत स्वास्थ्यकर्मीहरू उपलब्ध हुन सकेको छैन। अस्पतालमा हालसम्म अवस्ट्रेटीसियन (Obstetrician) वा अनेस्थेसिओलोजिस्ट (Anaesthesiologist) छैनन् र पर्याप्त मात्रामा औषधीको आपुर्ति हुदैन।

नगरपालिकाको विभिन्न वडाहरूमा स्वास्थ्य चौकी रहेको देखिन्छ। स्वास्थ्य संस्थाहरूमा औषधीको कमी मुख्य समस्याको रूपमा रहेको देखिन्छ। दुर्गम वडाहरूमा बस्ने परिवारहरूले स्वास्थ्य सेवाका लागि धेरै समय खर्चिनु पर्ने बाध्यता छ भने वर्षातको समयमा अझ कठिनाई झेल्नु पर्ने अवस्था छ।

**तालिका नं. ७८ : स्वास्थ्य संस्थानबाट विभिन्न स्वास्थ्य सेवा पाउने व्यक्तिहरुको विवरण**

| Address | | BIJAYANAGAR | BIJUWAR | DAKHAKWADI | DHARMAWOTI | JUMRIKANDA | KHAIRA | MAJHAKOT | MARANTHANA |
|---|---|---|---|---|---|---|---|---|---|
| PHC/ORC | Planned | 36 | 36 | 36 | 36 | 36 | 36 | 48 | 36 |
| | Conducted | 34 | 28 | 28 | 33 | 31 | 36 | 19 | 36 |
| | % of Conducted | 94 | 78 | 78 | 92 | 86 | 100 | 40 | 100 |
| | People Served | 694 | 223 | 779 | 831 | 567 | 1328 | 140 | 474 |
| | Average no. of people served per month | 58 | 19 | 65 | 69 | 47 | 111 | 12 | 40 |
| EPI Clinics | Planned | 60 | 108 | 60 | 60 | 60 | 60 | 60 | 60 |
| | Conducted | 60 | 96 | 60 | 55 | 60 | 60 | 50 | 55 |
| | % of Conducted | 100 | 89 | 100 | 92 | 100 | 100 | 83 | 92 |
| | People Served | 1456 | 1505 | 664 | 1487 | 1117 | 626 | 586 | 777 |
| | Average no. of people served per month | 121 | 125 | 55 | 124 | 93 | 52 | 49 | 65 |
| FCHV | Number | 108 | 108 | 108 | 108 | 108 | 108 | 108 | 108 |
| | Reported | 107 | 80 | 105 | 108 | 97 | 107 | 99 | 105 |
| | % of Reported | 99 | 74 | 97 | 100 | 90 | 99 | 92 | 97 |
| | People Served | 4334 | 3001 | 1247 | 8301 | 3665 | 2565 | 755 | 2275 |
| | Average no. of people served per month | 361 | 250 | 104 | 692 | 305 | 214 | 63 | 190 |
| | Total client served | 7203 | 1279 | 2595 | 4638 | 3869 | 2900 | 2404 | 6256 |
| | Total new client served | 6375 | 15 | 2359 | 3780 | 3084 | 2837 | 2343 | 5382 |
| Average visit of clients for health care services* | | 1 | 85 | 1 | 1 | 1 | 1 | 1 | 1 |
| Total new senior citizen served | | 681 | 0 | 322 | 360 | 217 | 286 | 212 | 518 |
| % of Total new senior citizen served | | 11 | 0 | 14 | 10 | 7 | 10 | 9 | 10 |

*(नोट: माथिको तालिकामा साविकको गा.वि.स जुम्रीकाँडा र माझकोट बाहेकका अरु साविकको गा.वि.सहरुको केही वडाहरु पछिल्लो संशोधन अनुसार अरु नै गाउँपालिका वा नगरपालिकामा विभाजन भएका छन्।)*

*स्रोत: जिल्ला स्वास्थ्य कार्यालय,प्यूठान २०७३*

### ७.३.१ परिवार नियोजन सम्बन्धी विवरण

परिवार नियोजनबाट हुने फाइदाका बारेमा बिभिन्न संघ संस्थाहरु बाट गरिएको अध्ययन अनुसन्धानबाट आमा, बच्चा र नवजात शिशुको स्वास्थ्य सुधार गर्न उल्लेखनिय भूमिका खेल्ने कुरा प्रमाणित भएको छ। साथै यसले लैङ्गिक समानता, महिलाको शिक्षा र वृति विकास गर्नको लागि सहयोग पुऱ्याउँछ। त्यस कारण गुणस्तरीय परिवार नियोजन सेवा प्रदान गर्ने उद्देश्यले सन् १९९१ देखि प्रजनन स्वास्थ्य कार्यक्रम र परिवार नियोजन कार्यक्रम लाई विस्तार गरी अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, गाउँघर क्लिनिक र घुम्ती शिविरहरु महिला स्वास्थ्य स्वयंसेवीकाद्वारा सेवा पुऱ्याउँदै आएको छ। परिवार नियोजन सम्बन्धी अस्थायी विधिहरु प्रयोगकर्ताको संख्या तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. ७९ :** नगरपालिकामा परिवार नियोजन सम्बन्धी विवरण

| साविकका गा.वि.स. | | | | नयाँ प्रयोगकर्ता | | | | | | हालको प्रयोगकर्ता | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | डब्लु.आर.ए. | कन्डम वितरण | सि.वाइ.पि | पिल्स् | डिपो | आई.यु.सि.डी | इम्प्लान्ट | जम्मा | % जम्मा | पिल्स् | डिपो | आई.यु.सि.डी | इम्प्लान्ट | हालको स्थायी प्रयोग कर्ता | सि.पि.आर. |
| विजयनगर | १४२१ | १३०५० | ८७ | ४ | ११७ | ० | ११ | १३२ | ९.१३ | ४१ | २७५ | ० | ३० | - | ३०.४७ |
| जिल्ला अस्पताल | - | १९०५ | १३ | २ | १२० | ५ | ४४ | १७१ | - | ३८ | ९० | २६३ | ३०० | ४९२३ | - |
| दाखाक्वाडी | २२३२ | ७९२५ | ५३ | १ | ३३ | ० | ० | ३४ | १.५ | १८२ | १११ | ० | ० | - | १५.४९ |
| धर्मावती | १७०६ | १५००० | १०० | ० | ५८ | ० | ० | ५८ | ३.४ | ४५ | २२९ | ० | ० | - | २१.९२ |
| जुम्रीकाँडा | १४५३ | ८१०० | ५४ | ० | ५९ | ० | ० | ५९ | ४.१ | २५ | ९५ | ० | ० | - | ११.९८ |
| खैरा | १०३२ | २०१०० | १३४ | २ | ४५ | ० | ० | ४७ | ४.६ | ११३ | १७९ | ० | ० | - | ४१.२८ |
| माझाकोट | २१९१ | १०२०० | ६८ | ९ | ६९ | ० | २ | ८० | ३.७ | ७२ | १०४ | ० | ८ | - | ११.५० |
| मरन्ठाना | १४२१ | १३०५० | ८७ | ४ | ११७ | ० | ११ | १३२ | ९.१३ | ४१ | २७५ | ० | ३० | - | ३०.४७ |

*(नोटः माथिको तालिकामा साविकको गा.वि.स जुम्रीकाँडा र माझकोट बाहेकका अरु साविकको गा.वि.सहरुको केही वडाहरु पछिल्लो संशोधन अनुसार अरु नै गाउँपालिका वा नगरपालिकामा विभाजन भएका छन्।)*

*स्रोतः जिल्ला स्वास्थ्य कार्यालय,प्यूठान २०७३*

### ७.३.२ महिला स्वास्थ्य स्वयंसेविकाहरू

सन् १९९० देखि जनसंख्याको आधारमा महिला स्वास्थ्य स्वयंसेवीकाहरू छनौट गर्ने प्रावधानअनुसार यस प्यूठान नगरपालिकामा कुल ४४१ जना कार्यरत रहेका छन्। नेपाल सरकारको राष्ट्रिय स्वास्थ्य नीतिअनुसार सन् २००० को प्रारम्भमा नै छनौट भएका महिला स्वास्थ्य स्वंयसेविकाहरूले नगरपालिका तथा नगरपालिका स्वास्थ्य चौकीहरूमा उपचारात्मक, प्रबर्द्धनात्मक तथा प्रतिकारात्मक स्वास्थ्य सेवामा उल्लेखनीय काम गर्दै आएका छन्।

### ७.३.३ गाउँघर क्लिनीक र नियमित खोप

खोप तथा मासिक क्लिनिकहरू सञ्चालन गर्नको लागि हरेक नगरपालिकाले विभिन्न स्थानहरूको पहिचान गर्दछ। नगरपालिकाको विभिन्न स्थानमा गाउँघर क्लिनिक कार्यक्रम संचालन भएको पाइएको छ । यी स्थानहरूमा आश्विन महिना बाहेक क्लिनिकहरूलाई नियमित रूपमा सञ्चालन गरिएको देखिन्छ । यद्यपी तिनीहरूलाई खटाइएको कर्मचारीहरूको नियमित उपस्थिति भने कम पाइएको छ भने औषधीको आपुर्ति पनि उपलब्ध छैन। शारिरिक बृद्धिको लेखाजोखा जस्ता अन्य सेवाहरू स्वास्थ्य चौकीको तहमा मात्र उपलब्ध गराइन्छ। नगरपालिकामा नियमित खोप कार्यक्रम नियमित रूपमा नै चालु रहेको छ तथा यसले ढाक्ने लक्षित वर्ग पनि बढ्दो क्रममा पाइएको छ। ६ किसिमका विभिन्न प्राणघातक रोगहरूबाट बचाउनका लागि बच्चा जम्नेको १ वर्षभित्र ११ वटा खोप पुरा लगाइसक्नु पर्दछ।

### ७.३.४ एच. आई. भी./एड्सको अवस्था

सन् १९८८ मा पहिलो संक्रमण भेटिएपछि नेपालमा एच.आई.भीको प्रकोप विस्तारै बालबालिकामा पनि फैलिन थालेको छ। बालबालिका पनि यो समस्याबाट प्रत्यक्ष वा अप्रत्यक्षरूपमा प्रभावित हुदै गएका छन्। हाल नेपालमा एच.आई.भी संक्रमित बालबालिकाको संख्या उल्लेख्य रहेको छ। राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रकाअनुसार २०७१ को साउन महिनासम्म नेपालमा भेटिएका जम्मा २२,९९४ एच.आई.भी संक्रमण मध्ये १६१८ जना १५ वर्ष मुनिका बालबालिकामा एच.आई.भी संक्रमण भेटिएको छ। भारतलगायतका अन्य मुलुकमा कामको खोजीमा जाने अभ्यास, बढ्दो रूपमा भइरहेको देह व्यापार, चेलीबेटी बेचविखन, सुईद्वारा लागुपदार्थको प्रयोग, अशिक्षा र गरिबीजस्ता सामाजिक समस्याले एच.आई.भीको प्रकोप बढाउनमा भूमिका खेलिरहेका छन्। यस नगरपालिकामा HIV/AIDS को अवस्था तल तालिकामा दिईएको छ ।

**तालिका नं. ८० :** नगरपालिकामा एच.आई.भी./एड्सको विवरण

| HIV/AIDS को अवस्था | | | | |
|---|---|---|---|---|
| गा.वि.स.को नाम | एच.आ.भी.संक्रमितको संख्या | | मृत्यु | |
| | पुरुष | महिला | पुरुष | महिला |
| खलंगा | ० | ० | ० | ० |
| मरन्ठाना | ० | १ | ० | ० |
| विजयनगर | १ | १ | ० | ० |
| विजुवार | ४ | २ | २ | ० |
| खैरा | १ | १ | ० | ० |
| जुम्रीकाँडा | १ | १ | ० | ० |
| दाखाक्वाडी | २ | ० | १ | ० |
| धर्मावती | १ | ३ | ० | ० |
| माझकोट | ० | ० | ० | ० |

*(नोटः माथिको तालिकामा साविकको गा.वि.स जुम्रीकाँडा र माझकोट बाहेकका अरु साविकको गा.वि.सहरुको केही वडाहरु पछिल्लो संशोधन अनुसार अरु नै गाउँपालिका वा नगरपालिकामा विभाजन भएका छन् ।)*

*स्रोतःजिल्ला स्वास्थ्य कार्यालय,प्यूठान २०७१*

### ७.३.५ क्षय रोगको अवस्था

तालिका नं. ८१ : प्यूठान नगरपालिकामा क्षयरोगको विवरण

| क्षयरोगको अवस्था | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | गा.वि.स.को नाम | गा.वि.स.. मा उपचार गराईरहेका क्षयरोगीको संख्या (०६९/७०) | | | गा.वि.स.. मा उपचार गराईरहेका क्षयरोगीको संख्या (०७०/७१) दोस्रो चौमासिक सम्म | | |
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | खलंगा | ८ | ११ | १९ | २ | ४ | ६ |
| २ | मरन्ठाना | ३ | ८ | ११ | १ | ६ | ७ |
| ३ | खैरा | ५ | ७ | १२ | २ | २ | ४ |
| ४ | जुम्रीकाँडा | १ | ८ | ९ | २ | २ | ४ |
| ५ | दाखाक्वाडी | ४ | ५ | ९ | २ | २ | ४ |
| ६ | धर्मावती | ७ | ६ | १३ | २ | ३ | ५ |
| ७ | माझकोट | ३ | ६ | ९ | २ | १ | ३ |
| | जम्मा | ३१ | ५१ | ८२ | १३ | २० | ३३ |

*(नोट: माथिको तालिकामा साविकको गा.वि.स जुम्रीकाँडा र माझकोट बाहेकका अरु साविकको गा.वि.सहरुको केही वडाहरु पछिल्लो संशोधन अनुसार अरु नै गाउँपालिका वा नगरपालिकामा विभाजन भएका छन् ।)*

*स्रोत: जिल्ला स्वास्थ्य कार्यालय, प्यूठान २०७१*

### ७.३.६ सुरक्षित मातृत्वको अवस्थाको विवरण

बालबालिकालाई गर्भमा रहँदादेखि र जन्मेपछि स्याहार तथा रेखदेख गर्न सकिएन भने उनीहरू विभिन्न रोगबाट संक्रमित हुने जोखिम हुन्छ। गर्भमा रहँदा मूलतः आमाको उमेर, पोषण, आराम, मादक तथा सुर्तिजन्य पदार्थको सेवन लगायतका अवस्थाले बालबालिकाको स्वास्थ्य निर्भर रहन्छ। बालबालिका स्वस्थ जन्मनका लागि गर्भवती महिलाले कम्तीमा पनि चारपटक नियमित स्वास्थ्य जाँच गराउनुपर्दछ र आवश्यक खोप (टि.टि) तथा आइरन, भिटामिन चक्कीहरू नियमित सेवन गर्नुपर्दछ। कम उमेरमै गर्भवती हुँदा आमा र शिशु दुवैको स्वास्थ्यमा हानिनोक्सानी पुग्ने भएकाले सरकारले कानूनी रूपमा विवाह गर्ने न्यूनतम उमेर २० वर्ष तोकिएको छ। तर १७ प्रतिशत किशोरीहरू (१५ देखि १९ वर्ष उमेरका) गर्भवती भएका वा आमा भइसकेका हुन्छन् (नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण-२०११)।

सरकारले स्वास्थ्य सेवा विभागमार्फत सुरक्षित मातृत्व तथा नव शिशु स्वास्थ्यका लागि समुदायमा आधारित कार्यक्रम सञ्चालन गरिरहेको छ। यसले आमा र बालबालिकाको मृत्युदर घटाउन धेरै मद्दत पुऱ्याएको छ। तर पनि उक्त सेवाहरू कार्यक्रम केन्द्रित भएका कारण सबै लक्षित वर्गमा अझै पुग्न सकेको देखिँदैन।

ग्रामीण भेगहरूमा समयमा नै गर्भवती महिला स्वास्थ्य चौकी नपुग्दा र स्वास्थ्यकर्मी पर्याप्त नहुँदा कति शिशुहरू को मृत्यु हुने गरेको कुरा हामी सामु सर्वविदित् नै छ। यसको अवस्था बुझ्नको लागि तल यस नगरपालिकामा रहेका Birthing Center हरूको विवरण तल दिईएको छ। जसले सुरक्षित मातृ शिशुको लागि ठूलो भूमिका खेल्छ।

**तालिका नं. ८२ :** सूरक्षित मातृत्व सम्बन्धी विवरण

| साविकका गा.वि.स. | इ.एल.वि | पहिलो पटक कुनै पनि समयमा ANC चेकअप गरेको गर्भवती महिलाको संख्या | प्रोटोकल अनुसार पहिलो पटक ANC चेकअप गरेको गर्भवती महिलाको संख्या | चार पटक ANCजाँच गरेको गर्भवती महिलाको संख्या | चार पटक ANCजाँच गरेको गर्भवती महिलाको संख्या प्रतिशतमा | दक्ष सूँडेनीबाट प्रसूती गरेको संख्यामा | | | | सूँडेनीबाट प्रसूती गरेको संख्यामा | | | | स्वास्थ्य संस्थामा प्रसूती गरेको |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | स्वास्थ्य चौकी | घरमा | जम्मा | जम्मा % | स्वास्थ्य चौकी | घरमा | जम्मा | जम्मा % | |
| विजयनगर | ११२ | १३२ | १०२ | ८६ | ७७ | २० | ० | २० | १८ | ० | ० | ० | ० | २० |
| जिल्ला अस्पताल | - | ४७५ | ३०६ | १६१ | - | १३४२ | ० | १३४२ | - | ० | ० | ० | - | १३४२ |
| दाखाक्वाडी | १६९ | ७४ | ५१ | ४८ | २८ | ९ | ३ | १२ | ७ | ० | ० | ० | ० | ९ |
| धर्मावती | १२६ | १०४ | ८७ | ७० | ५६ | १८ | ० | १८ | १४ | ० | ० | ० | ० | १८ |
| जुम्रीकाँडा | १०५ | ४० | ६२ | ६० | ५७ | २३ | ० | २३ | २२ | ४ | ० | ४ | ४ | २७ |
| खैरा | ११२ | ८२ | ७२ | ४३ | ३८ | १८ | ० | १८ | १६ | ० | ० | ० | ० | १८ |
| माझाकोट | ८२ | ६१ | ३० | २२ | २७ | १६ | ० | १६ | २० | ० | ० | ० | ० | १६ |
| मरन्ठाना | १७४ | ११४ | ८९ | १०४ | ६० | ४३ | ० | ४३ | २५ | ० | ० | ० | ० | ४३ |

*(नोटः माथिको तालिकामा साविकको गा.वि.स जुम्रीकाँडा र माझकोट बाहेकका अरु साविकको गा.वि.सहरुको केही वडाहरु पछिल्लो संशोधन अनुसार अरु नै गाउँपालिका वा नगरपालिकामा विभाजन भएका छन् ।)*

*स्रोतः जिल्ला स्वास्थ्य कार्यालय,प्यूठान २०७३*

## ७.३.७ खोपको विवरण

बालबालिका भविष्यका निर्माता हुन्। तसर्थ यसको लागि यिनीहरू स्वस्थ र निरोगी हुनु आवश्यक छ। शिशु र बाल्ज अवस्थामा उनीहरूलाई बी.सी.जी. एक पटक, डि.पि.टी. तीन पटक, दादुरा एक पटक, पोलियो र भिटामिन तोकिएको मात्रामा दिनै पर्दछ। बालबालिकाहरूको लागि पाँचओटै खोपहरू नियमित पुरा मात्रामा दिनु पर्दछ। नेपाल सरकारले राष्ट्रिय खोप कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको छ। खोप कार्यक्रम कम खर्चिलो तथा मितव्ययी रूपमा गरिने स्वास्थ्य क्षेत्रको एउटा प्रभावकारी प्रयत्न हो। खोप कार्यक्रमले उल्लेख्य रूपमा बालमृत्युदर घटाउन र विभिन्न रोगलाई रोकथाम गर्न सहयोग पुऱ्याएको पाइन्छ। जसले गर्दा सहस्राब्दी विकास लक्ष्यको बालमृत्युदर घटाउने लक्ष्य (एम.जी.डी.-४) प्राप्त गर्न सहयोग पुगेको छ।

बालबालिकाले बाल्य अवस्थामा लगाएको खोपले बालबालिकाको स्वास्थ्य निर्धारण गर्दछ। बालक स्वस्थ रहन बाल्य अवस्थामा लगाउनुपर्ने खोपहरू सबै पुरा गर्नु पर्छ। खोप कार्यक्रम प्रभावकारी भएको खण्डमा बाल अवस्थमा जोखिम हुने रोगहरू बाट बच्नुको साथै बाल मृत्युदर पनि कम हुन्छ। यस प्यूठान नगरपालिकामा को बालबालिकामा लगाईएको खोपको विवरण निम्न अनुसार रहेको छ।

**तालिका नं. ८३ :** बालबालिकामा लगाईएको खोपको विवरण

| साविकका गा.वि.स. | १ वर्ष भन्दा मुनीको संख्या | इ.एल.वि | वि.सि.जि. | % वि.सि.जि. | डि.पि.टि.-हेप बि.-हिव –1 | % डि.पि.टि.-हेप बि.-हिव 1 | डि.पि.टि.-हेप बि.-हिव -3 | % डि.पि.टि.-हेप बि.-हिव - 3 | ओ.पि.भी.-3 | पि.सि.भि -3 | IPV (पोलियो) | एम.आर | टिडी 2 | टिडी 2+ | बिचमा खोप छोडनेको दर | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | बि.सि.जि Vs मिसल्स/रु बेला 1st | डि.पि.टि.-हेप बि.-हिव 1vs. डि.पि.टि.-हेप बि.-हिव -3 |
| **विजयनगर** | ८८ | ११२ | ९५ | १०८ | १२७ | १४४ | १२६ | १४३ | ८४ | ४० | ११० | १०१ | ३६ | ४४ | -६ | १ |
| **विजयनगर** | १२४ | २०२ | १६५ | १३३ | १९९ | १६० | १८० | १४५ | १७४ | ४० | १७२ | १६२ | १३१ | १११ | २ | १० |
| **दाखाक्वाडी** | १०८ | १६९ | ८७ | ८१ | ९६ | ८९ | ९६ | ८९ | ८१ | ३९ | ९० | ८६ | ३१ | ८२ | १ | ० |
| **धर्मावती** | ८७ | १२६ | १०४ | १२० | ११९ | १३७ | ११८ | १३६ | ९० | ४३ | १०९ | ९६ | २३ | ३७ | ८ | १ |
| **जुम्रीकाँडा** | १०४ | १०५ | १०६ | १०२ | १२६ | १२१ | १२५ | १२० | ६३ | ४५ | १२७ | ११७ | ४९ | ३७ | -१० | १ |
| **खैरा** | ८७ | ११२ | ८९ | १०२ | १०८ | १२४ | १०३ | ११८ | ७० | १९ | १०३ | ७९ | ३५ | ३० | ११ | ५ |
| **माझ्ाकोट** | ८२ | ८२ | ७० | ८५ | ८५ | १०४ | ८५ | १०४ | ६७ | १७ | १२३ | ६९ | २६ | २९ | १ | ० |
| **मरन्ठाना** | ११८ | १७४ | १०९ | ९२ | १२० | १०२ | ११७ | ९९ | ८५ | ४० | ११७ | ११६ | ४० | २९ | -६ | ३ |

*(नोट: माथिको तालिकामा साविकको गा.वि.स जुम्रीकाँडा र माझकोट बाहेकका अरु साविकको गा.वि.सहरुको केही वडाहरु पछिल्लो संशोधन अनुसार अरु नै गाउँपालिका वा नगरपालिकामा विभाजन भएका छन्।)*

*स्रोत:जिल्ला स्वास्थ्य कार्यालय,प्यूठान २०७३*

## ७.३.८ बाल्यकालमा हुने रोगका जोखिम

५ वर्षमुनिका बालबालिकालाई विभिन्न रोगले संक्रमण गर्ने उच्च संम्भावना रहन्छ। नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११ का अनुसार बाल्यकालमा हुने प्रमुख संक्रमण एवं मृत्युका कारणका रूपमा श्वासप्रश्वास सम्बन्धि रोग, निमोनिया, झाडापखाला, कडा जलबिनियोजन, मलेरिया, दादुरा र कुपोषण पर्दछन्। सरकारले ती रोगबाट बचाउन तथा रोगको रोकथाम गर्न, बाल्यकालमा हुने रोगहरूको समुदायमा आधारित एकिकृत व्यवस्थापन कार्यक्रम लागू गरेको छ। कार्यक्रमले यी रोगको एकिकृत व्यवस्थापन समुदायमै गर्दछ। विभिन्न समयमा झाडापखालाको महामारीले कति बालबालिकाहरूको ज्यान समेत गईरहेको हुन्छ। यसैगरी प्यूठान नगरपालिकामा रहेका बालबालिका हरूको झाडापखालाको अवस्थाको विवरण तल दिईएको छ।

## बालबालीकालाई देखा परेको रोगको विवरण

तालिका नं. ८४ : बालबालीकालाई देखा परेको रोगको विवरण

| Unit | BIJAYANAGAR | BIJUWAR | DAKHAKWADI | DHARMAWOTI | JUMRIKANDA | KHAIRA | MAJHAKOT | MARANTHANA |
|---|---|---|---|---|---|---|---|---|
| <5 Pop. | 392 | 618 | 493 | 406 | 518 | 366 | 372 | 585 |
| ELB | 112 | | 169 | 126 | 105 | 112 | 82 | 174 |
| Total pneumonia | 151 | 22 | 92 | 442 | 144 | 135 | 130 | 241 |
| % Total pneumonia | 24 | 10 | 29 | 36 | 34 | 28 | 36 | 44 |
| Total severe pneumonia | 2 | 0 | 2 | 0 | 0 | 0 | 0 | 0 |
| % Total severe pneumonia | 1 | 0 | 2 | 0 | 0 | 0 | 0 | 0 |
| Incidence of Pneumonia | 390 | 36 | 191 | 1089 | 278 | 369 | 349 | 412 |
| Proportion of severe Pneumonia | 0 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 |
| Total ARI | 619 | 226 | 317 | 1242 | 426 | 481 | 361 | 549 |
| ARI Incidence | 1579 | 366 | 643 | 3059 | 822 | 1314 | 970 | 938 |
| Total diarrhoea | 436 | 196 | 279 | 797 | 166 | 132 | 249 | 261 |
| Diarrhoea Incidence | 1112 | 317 | 566 | 1963 | 320 | 361 | 669 | 446 |
| Total Severe dehydration | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 2 |
| % of Severe dehydration | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0.8 |
| Treated with ORS and zinc | 436 | 187 | 279 | 797 | 149 | 132 | 249 | 261 |
| % of Diarrhoea cases treated with ORS & Zinc | 100 | 95 | 100 | 100 | 90 | 100 | 100 | 100 |
| Death case due to ARI | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| Death case due to diarrhoea | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| newborns who had CHX applied immediately after birth | 20 | 1264 | 8 | 18 | 27 | 18 | 16 | 43 |
| % of newborns who had CHX applied immediately after birth | 18 | | 5 | 14 | 26 | 16 | 20 | 25 |
| No. of PSBI Cases | 2 | 0 | 0 | 0 | 1 | 0 | 0 | 0 |
| % of PSBI among ELB | 1.8 | | 0.0 | 0.0 | 1.0 | 0.0 | 0.0 | 0.0 |
| No. of LBI cases | 0 | 0 | 2 | 12 | 21 | 0 | 17 | 16 |
| % of LBI among ELB | 0 | | 1 | 10 | 20 | 0 | 21 | 9 |
| No. of death <2 month children | 0 | 0 | 0 | 0 | 5 | 0 | 0 | 2 |
| gentamycin complete doze < 2 m | 2 | 0 | 0 | 0 | 0 | 0 | 0 | 1 |
| % of PSBI cases recieved completed dose of zentamycin | 100 | | | | 0 | | | |

*(नोटः माथिको तालिकामा साविकको गा.वि.स जुम्रीकाँडा र माझकोट बाहेकका अरु साविकको गा.वि.सहरुको केही वडाहरु पछिल्लो संशोधन अनुसार अरु नै गाउँपालिका वा नगरपालिकामा विभाजन भएका छन् ।)*

*स्रोत:जिल्ला स्वास्थ्य कार्यालय,प्यूठान २०७३*

तालिका नं. ८५ : नगरमा झाडापखालाको विवरण

| झाडापखालाको अवस्था | | | |
|---|---|---|---|
| क्र.सं. | गा.वि.स.को नाम | गा.वि.स. मा देखिएका झाडापखालाका रोगीहरूको संख्या ( ०६९/७०) | गा.वि.स. मा देखिएका झाडापखाला रोगीहरूको संख्या (२०७१ बैशाख सम्म) |
| १ | खलंगा | ३२८ | २०८ |
| २ | मरन्ठाना | २६८ | २०४ |
| ३ | खैरा | ३३० | २७७ |
| ४ | जुम्रीकाँडा | १८५ | ७९ |
| ५ | दाखाक्वाडी | १९८ | १९५ |
| ६ | धर्मावती | ८४९ | ५९८ |
| ७ | माझकोट | ४४४ | १८९ |
| | **जम्मा** | **२६०२** | **१७५०** |

*(नोट: माथिको तालिकामा साविकको गा.वि.स जुम्रीकाँडा र माझकोट बाहेकका अरु साविकको गा.वि.सहरुको केही वडाहरु पछिल्लो संशोधन अनुसार अरु नै गाउँपालिका वा नगरपालिकामा विभाजन भएका छन् ।)*

*स्रोत:जिल्ला स्वास्थ्य कार्यालय,प्यूठान २०७१*

मथिको तालिकामा हेर्दा प्यूठान नगरपालिकामा २०६९/०७० सालमा २,६०२ झाडापखालाका रोगीहरू देखिएको थियो भने २०७०/७१ सालमा घटेर १,७५० झाडा पखलाका रोगीहरू देखिन्छ। सरकार तथा विभिन्न निकायहरूले सञ्चालनमा ल्याएका कार्यक्रमहरूको उपलब्धि मान्न सकिन्छ। तर पनि यसलाई निर्मुल बनाउन निरन्तर ती कार्यक्रमहरूलाई प्रभावकारी ढङ्गले निरन्तरता दिनु पर्ने देखिन्छ।

### ७.३.९ शिशु तथा ५ वर्ष मुनिको बाल मृत्युदर

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०११ अनुसार शिशुमृत्यदर सन् १९९६ मा ७९ प्रतिहजार थियो भने सन २००१ मा क्रमश: घट्दै ६४ प्रतिहजारमा पुगेको छ। सन् २००६ को उक्त सर्वेक्षणअनुसार ४८ प्रतिहजार पुगेको थियो। त्यस्तै सन् २०११ को सर्वेमा शिशु मृत्युदर ४६ प्रतिहजारमा झरेता पनि अघिल्लो सर्वेसँग तुलना गर्दा झिनो मात्रै अन्तर देखिएको छ।

### ७.३.१० बालपोषण सम्वन्धी विवरण

कुनै पनि ठाउँको पोषणको अवस्था त्यस ठाउँका बालबालिकालाई हेरेर सजिलै अनुमान लगाउन सकिन्छ। पोषित बालबालिकालाई कुनै पनि ठाउँको सामाजिक र आर्थिक विकासको सूचकको रूपमा हेर्न सकिन्छ। सरकारले पनि पोषणलाई प्राथमिकता दिई ५ वर्ष मुनिका बालबालिकाहरूलाई नियमित रूपमा बालबृद्धि अनुमान गर्दै आएको छ। बालअधिकार सम्बन्धि महासंन्धी, १९८९ ले समेत बालबालिकालाई अवहेलना, बेवास्ता, हेलचेक्राइ, दुव्यर्वहार, हिंसा लगायतबाट जोगाई खाना र पोषणको अधिकार सुनिश्चित गर्नुपर्ने उल्लेख गरेको छ। नेपालको संविधान (२०७२) ले पनि खाद्य सम्प्रभुतालाई मौलिक हकका रूपमा राखेको छ।

स्वास्थ्य र पोषण मानव जीवनको पहिलो महत्वपूर्ण आवश्यकता भएको र स्वस्थ नागरिकबिना राष्ट्रका अन्य विकास क्रियाकलापहरू प्रभावकारी हुन नसक्ने भएको हुँदा जनस्वास्थ्यको अध्ययन योजना तर्जुमा प्रक्रियाको एक महत्वपूर्ण हिस्सा हुन आउँछ. प्यूठान नगरपालिकामा राष्ट्रिय नीति तथा कार्यक्रममा आधारित भई बाल स्वास्थ्य कार्यक्रम, परिवार स्वास्थ्य कार्यक्रम, व्यवस्थापन कार्यक्रम, प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण कार्यक्रम, रोग नियन्त्रण कार्यक्रम, स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार कार्यक्रम, महामारी तथा रोग नियन्त्रण कार्यक्रम तथा क्षमता विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन भइ आएका छन्। स्वास्थ्य तथा पोषणसम्बन्धी कार्य गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरू समेत कार्यरत रहेका छन्। कार्यक्रम सञ्चालनको सहयोगका लागि नगरमा स्वास्थ्य संञ्जाल विस्तार भएको छ.

बालबालिकाको पोषणलाई ध्यानमा राख्दै सरकारले विभिन्न पोषण कार्यक्रहरू संञ्चालन गर्दै आएको छ। जसले बालबालिकामा देखिने कुपोषण जस्ता समस्या लाई कम गर्दै गएको पाईन्छ। वर्तमान समयमा प्यूठान नगरपालिकाको पोषणको अवस्था निम्नअनुसार रहेको छ।

**तालिका नं. ८६ :** नगरपालिकामा रहेका बालबालिकाहरूको पोषण विवरण

| साविकका गा.वि.स. | <३ वर्ष | <५ वर्ष | ६ देखि ५९ महिलना सम्म | इ.एल.बी. | ०-११ महिना सम्मको नयाँ शिशुहरूको वृद्धि खनुगमन | % ०-११ महिना सम्मको नयां शिशुहरूको वृद्धि अनुगमन | १२ – २३ महिनाका नयाँ शिशुहरूको वृद्धि खनुगमन | % १२ – २३ महिनाका नयाँ शिशुहरूको वृद्धि खनुगमन | पुनः वृद्धि खनुगमन | औषत वृद्धि खनुगमन (नयाँ शिशुहरूको) | जम्मा वृद्धि खनुगमन(नयाँ शिशुहरूको) | % जँम्मा वृद्धि खनुगमन(नयाँ शिशुहरूको) | कुपोषित बालबालिका | कुपोषित बालबालिकाको नयाँ वृद्धि अनुगमनको अनुपात (प्रतिशतमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विजयनगर | १६९ | ३९२ | ३४८ | ११२ | २५१ | १४९ | १५३ | ९१ | ६८८ | २ | ४०४ | २३९ | २२ | ५ |
| विजुवार | २४८ | ६१८ | ५५६ | - | १८७ | ७५ | १२ | ५ | ४७७ | २ | १९९ | ८० | ८ | ४ |
| दाखाक्वाडी | २०९ | ४९३ | ४४० | १६९ | १२८ | ६१ | ९२ | ४४ | ६९१ | ३ | २२० | १०५ | ११ | ५ |
| धर्मावती | १७० | ४०६ | ३६२ | १२६ | १२ | ७ | ५० | २९ | २१६ | ३ | ६२ | ३६ | ० | ० |
| जुम्रीकाँडा | २०८ | ५१८ | ४६५ | १०५ | १७७ | ८५ | ६१ | २९ | ३५४ | १ | २३८ | ११४ | ५ | २ |
| खैरा | १६४ | ३६६ | ३२३ | ११२ | १०९ | ६६ | ५९ | ३६ | ३३० | २ | १६८ | १०२ | २ | १ |
| माझकोट | १५९ | ३७२ | ३३१ | ८२ | १६१ | १०१ | १२७ | ८० | ३२७ | १ | २८८ | १८१ | ० | ० |
| मरन्ठाना | २३५ | ५८५ | ५२६ | १७४ | १६२ | ६९ | ४६ | २० | ६०८ | ३ | २०८ | ८९ | ० | ० |

*(नोटः माथिको तालिकामा साविकको गा.वि.स जुम्रीकाँडा र माझकोट बाहेकका अरु साविकको गा.वि.सहरुको केही वडाहरु पछिल्लो संशोधन अनुसार अरु नै गाउँपालिका वा नगरपालिकामा विभाजन भएका छन्।)*

*स्रोतः जिल्ला स्वास्थ्य कार्यालय, प्यूठान २०७३*

माथिको विवरण हेर्दा प्यूठान नगरपालिकाको पोषणको अवस्था सकारात्मक नै रहेको छ। नगरपालिकामा ४८ जना बालबालीका कुपोषित भेटिएका छन्। त्यसैगरी उमेर समूह अनुसार बालबालीकाको पोषणको विवरण माथि तालिका उल्लेख गरिएको छ।

## ७.४ खेलकुद तथा मनोरञ्जन

राज्यको सामाजिक न्याय र समावेशीकिरणको नीति अन्तर्गत स्वस्थ्य, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकुद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने नीति रहेको छ। खेलकुद क्षेत्रमा स्वस्थ, प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी नगरपालिकाको चौतर्फी विकासलाई बल पुऱ्याउन सकिन्छ भन्ने मान्यताअनुसार यस नगरपालिकामा खेलकुदको विकास लागि प्रयासरत रकेको पाइन्छ। यसको लागि नगरपालिकाले विभिन्न खुला स्थानहरू छोडेको छ। ती स्थानहरूमा खेलकुदको लागि केहीमात्र पूर्वाधार भइरहेको देखिन्छ।

नगरपालिकाले पनि आफ्नो कार्यक्षेत्र भित्र गतिशिल रहने गरी केही समितिहरू गठन गरेका छन्। खेलकुदलाई रीष्ट्रिय एकता सुदृढ गर्ने एवं अन्तराष्ट्रिय क्षेत्रमा अभिवृद्धि गर्ने माध्यमको रूपमा बिकास गर्ने देशको नीतिअनुसार विभिन्न तहमा विभिन्न प्रतिस्पर्धाहरूको आयोजना गरी खेलकुदको विकासमा योगदान पुऱ्याइरहेका छन्। यसका अतिरिक्त नेपाल सरकारद्वारा गठन हुने जिल्ला खेलकुद विकास समितिबाट पनि कतिपय राष्ट्रिय दिवसहरूमा कतिपय खेलहरूको आयोजना गर्ने गरिएको छ। समग्रमा भन्नुपर्दा बालबालिका एवं युवा जनशक्तिको स्वास्थ्य शारिरीक विकासको लागि नभई नहुने खेलकुदको क्षेत्रमा अत्यन्त न्यून लगानी हुने गरेको देखिन्छ। विगतमा निर्मित खेलकुदसम्बन्धी पूर्वाधारहरूको मर्मत गर्न पनि निकै ठुलो लगानी गर्नुपर्ने आवश्यकता देखिएको छ। हालका दिनहरूमा आएर निजी क्षेत्रहरूबाट पनि क्रिकेट, व्याडमिन्टन जस्ता केही खेलहरूमा लगानी गर्ने र प्रोत्साहित गर्ने क्रम सुरु भएको छ। यस क्रमलाई केन्द्रीय र स्थानीय सरकारले सहकार्य र साझेदारी गरी विकसित गर्दै लैजानुपर्ने देखिन्छ।

नगरपालिकाको खेलकुद तथा मनोरन्जनलाई विकास गरी बालबालिका तथा युवापुस्तलाई खेलकुदमा आकर्षण गर्नका लागि विभिन्न योजनाहरू तयार गर्नुपर्ने देखिन्छ। नगरपालिकामा स्थानीय युवा क्लवको स्तरोन्नतिको लागि विभिन्न खेलकुद सामाग्रीको व्यवस्था गर्नुपर्ने, सामुदायिक रूपमा समन्वय गरी चिल्ड्रेनपार्कको व्यवस्था हुनपर्ने, खेलकुद प्याराफिट सहित खेलमैदान, वडा स्तरिय खेल मैदानमा आवश्यक चारैतिर पक्की नाली सहित माटो भरान, वडाका सबै क्लवहरूलाई खेलकुद सामाग्री उपलब्ध गराउने आदि जस्ता कार्यहरू खेलकुद विकासको लागि गर्नुपर्ने देखिन्छ। नगरपालिका रहेका बालबालिका तथा युवाहरूमा रहेको खेलकुदप्रतिको रुचि मध्यनजर गर्दै नगरपालिकामा रहेका संभावना पहिचान गरको खण्डमा राष्ट्रिय खेलकुदमा टेवा पुग्ने देखिन्छ.

**तालिका नं. ८७ :** खेलकुद मैदानको विवरण

| क्र.सं | खेलकुद मैदान | ठेगाना |
|---|---|---|
| १ | भोगटेश्वरी मा.वि | खैरा |
| २ | मुक्ति मा.वि. | रातामाटा, वडा नं ३ |
| ३ | स्वर्गद्वारी बहुमुखी क्याम्पस | वडा नं ७ |
| ४ | बाल विद्या मा.वि. | वडा नं ९ |
| ५ | झिमरुक खेल मैदान | वडा नं ४ (बन्दै) |
| ६ | जिल्ला खेलकुद विकास समितिको कवर्ड हल | वडा नं ७ |

*स्रोत: नगर कार्यपालिकाको कार्यालय, २०७४*

माथिको तालिकामा नगरपालिकामा विभिन्न विद्यालयको खेल मैदान र खेलकुद विकास समितिको कर्वड हल गरेर जम्मा ६ वटा खेलकुद मैदान रहेको छ। नगरपालिकाको खेलकुद तथा मनोरन्जनलाई विकास गरी नगरपालिकाबासीलाई खेलकुदमा आकर्षण गर्नका लागि विभिन्न योजनाहरू तयार पारेका छन्। ति योजनाहरूमा क्रिकेट मैदान स्थापना गर्नुपर्ने, स्थानीय युवा क्लवको स्तरोन्नतिको लागि विभिन्न खेलकुद सामाग्रीको व्यवस्था गर्नुपर्ने, खेलकुद पेराफिट सहित खेलमैदान, वडा स्तरिय खेल मैदानमा आवश्यक चारैतिर पक्की नाली सहित माटो भरान, वडाका सबै क्लवहरूलाई खेलकुद सामाग्री उपलब्ध गराउने, प्यारापिट सहितको राष्ट्रिय स्तरको खेल मैदानको रूपमा विकसित गर्नुपर्ने देखिन्छ। यस्तै मनोरञ्जनको लागि यस नगरपालिकामा केही पार्क तथा उद्यान र वाटिकाहरू रहेका छन् जसलाई तल तालिकामा देखाईएको छ।

**तालिका नं. ८८** : पार्क तथा उद्यानको विवरण

| पार्क तथा उद्यान | | | |
|---|---|---|---|
| **क्र.सं** | **पार्क तथा उद्यानको नाम** | **स्थान (प्रस्तावित गा.पा./न.पा.)** | **क्षेत्रफल (हे.)** |
| १ | अनौखोला ताल,प्यूठान | प्यूठान न.पा.७ | - |
| ३ | ठुलो मुल पिकनिक स्पोट | प्यूठान न.पा. ९ | - |

*स्रोत: नगर कार्यपालिकाको कार्यालय, २०७३*

## ७.५ सामाजिक सूरक्षा

### ७.५.१ शान्ति सूरक्षा

सूरक्षाको प्रत्याभुति देशको संविधानमा सुनिश्चित हुन्छ। संविधानमा उल्लेख भए अनुरूप राज्यले नागरिकलाई सुरक्षित आभास गराउन सक्नु पर्दछ। हरेक राष्ट्रका नगारिकहरूलाई नागरिक सुरक्षा प्रदान गर्नु राज्यको दायित्व हो। नागरिकले आफ्नो राज्यमा सुरक्षित महसुस हुन पाउनुपर्छ। यसलाई चुस्त बनाउन नागरिक समाजको पनि त्यतिकै महत्वपुर्ण भूमिका रहन्छ।

प्यूठान जिल्लामा शान्ति सुरक्षासँग सम्बन्धित निकायहरूमा नेपाली सेना तथा नेपाल प्रहरीका विभिन्न ईकाइहरू रहेका छन्। नेपाली सेना तर्फ सदरमुकाम खलंगामा गोरख बक्स गण रहेको छ। यो गण अन्तरर्गत गोठिवाङ गाविसको लामाचौरमा एक गुल्म रहेको छ। विजुवारमा शसस्त्र प्रहरी बल स्थापना भएको छ। यस्तै प्यूठान नगरपालिकाको शान्ति सुरक्षाको विवरणात्मक विश्लेषण तल दिईएको छ।

**तालिका नं. ८९** : प्रहरी कार्यालयको विवरण

| क्र. सं. | प्रहरी ईकाईहरू | ठेगाना |
|---|---|---|
| १ | इलाका प्र. का. | विजुवार |
| २ | अतिरिक्त प्रहरी पोष्ट | बाग्दुला |
| ३ | शसस्त्र प्रहरी बेस क्याम्प | प्यूठान न.पा. ४ |
| ४ | शैनिक तालिम केन्द्र | प्यूठान न.पा. ४ |
| ५ | दाखाक्वाडी प्रहरी बिट | दाखाक्वाडी |
| ६ | जुम्री प्रहरी बिट | जुम्रीकाँडा |
| ७ | मरन्ठाना प्रहरी चौकी | मरन्ठाना |

*स्रोत: नगर कार्यपालिकाको कार्यालय, २०७४*

प्यूठान नगरपालिकामा प्रहरी कार्यालय विजुवार, अतिरिक्त प्रहरी पोष्ट बाग्दुला, शसस्त्र प्रहरी प्यूठान न.पा. ४, शैनिक तालिम केन्द्र प्यूठान न.पा. ४ आदि जस्ता संस्थाहरुले मिली नगरको शान्ती सुरक्षा कायम गर्न हातेमालो गर्दै आएका छन् । नगरमा भएका अपराधिक तथा सामाजिक नियम बाहिरका कार्य चोरी डकैती लगायतका अन्य कार्यहरू यी सुरक्षा निकाय मार्फत समाधान हुने गरेको पाइन्छ । यस नगरपालिकामा वर्षभरिमा कुनै अप्रिय घटना घटेको दर्ता खासै गरिएको देखिएन । नगरमा सानातिना झैझगडा, कुटपिट, साँध, सिमानामा विवाद, चोरी डकैती, ठगी, घरेलु हिंसा घटनाहरू भएको स्थानीयबासीको भनाई छ ।

ईलाका प्रहरी कार्यालयको प्रत्यक्ष सुरक्षा जिम्मेवारी भित्र रहेको यस नगरपालिकामा विभिन्न सामाजिक समस्याहरूको उजुरी पर्ने गरेको छ । सुरक्षा चुनौतीको सामना गरी भविष्यमा हुन सक्ने घटनाको न्यूनीकरणका लागि प्रहरी कार्यालयसँग थप सवारी साधन हुनुपर्ने, महिला ब्यारेकको व्यवस्था हुनुपर्ने, महिला हिरासत अलग्गै बनाउनुपर्ने, प्रहरी कार्यालयहरूको ब्यारेक नयाँ निर्माण गर्नुपर्ने र पुराना ब्यारेक बेलाबेलामा मर्मत गर्नुपर्ने आवश्यकता रहेको छ ।

### ७.५.२ सामाजिक सूरक्षा भत्ता

नगरपालिकामा आ.व.२०७२/७३ सम्म सामाजिक सुरक्षा भत्ता पाउनेहरुको संख्या तालिकामा दर्शाइएको छ । भत्ता पाउनेहरुमा जेष्ठ नागरिक १०७० जना, दलित जेष्ठ नागरिक ७८४ जना, असाहाय १०४६ जना, एकल/विधवा महिला ६५१ जना, अपाङ्ग (पूर्ण र आंशिक) १७० जना र तथा ५ वर्ष मुनिका दलित बालबालिका ११७१ जना रहेका छन् ।

तालिका नं. ९० : नगरपालिकामा सामाजिक सूरक्षा भत्ता पाएका व्यक्तिहरुको विवरण

| साविकको गा.वि.स/नपा | जेष्ठ अन्य | दलित जेष्ठ | असाहाय | एकल/विधवा महिला | अपाङ्ग | | ५ वर्ष मुनिका दलित बालबालिका | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | पूर्ण | आंशिक | | |
| जुम्रीकाँडा | ११० | ५५ | ३१ | ६९ | ६ | ३३ | १०७ | ४११ |
| माझकोट | ७३ | १२ | ५६ | ४४ | ५ | ६ | ५५ | २५१ |
| प्यूठान नगरपालिका | ८८७ | ७१७ | ९५९ | ५३८ | ३३ | ८७ | १००९ | ४२३० |
| जम्मा | १०७० | ७८४ | १०४६ | ६५१ | ४४ | १२६ | ११७१ | ४८९२ |

*(नोट: माथिको तालिकामा साविकको प्यूठान नगरपालिकाका केही वडाहरु (१-३, ५ र १८) नयाँ संरचना अनुसार अरु नै गाउँपालिका/नगरपालिकामा विभाजन भएका छन् ।)*

*स्रोत: नगर कार्यपालिकाको कार्यालय, २०७४*

### ७.५.३ बृद्धबृद्धाहरूको अवस्था

जनगणना २०६८ को नतिजाअनुसार यस प्यूठान नगरपालिकामा , ७० वर्ष उमेर नाघेका २.८५ प्रतिशत (१,०९७ जना) बृद्धबृद्धाहरू रहेका छन्। शारिरीक जीर्णताका कारण परिवारजनहरूको समेत पर्याप्त हेरचाह नपुग्ने यो समुदायको सामाजिक अवस्था अत्यन्त कष्टप्रद रहेको छ। बृद्धहरूको मनोरञ्जनका लागि कुनै विशेष स्थल वा कार्यक्रमको निर्माण वा तयारी देखिदैंन । पश्चिमा संस्कृतिको प्रभावले हाम्रो संस्कृतीको मुल मर्म र बृद्धजन तथा नयाँ पुस्ताबीचको पारस्परिक सुमधुर सम्बन्धलाई असर पार्ने सम्भावना बढ्दै गएको छ। राज्यको तर्फबाट ७० वर्ष माथिका सबै जेष्ठ नागरिकहरूलाई दिइने भनिएको बृद्ध भत्ता समेत सबैले

पाउन सकेका छैनन्। यस नगरपालिकामा अर्ध बृद्धावस्थाकै हाराहारिमा रहेको ६०-६४ वर्षको ३.०९ प्रतिशत (१,१८९ जना), ६५-६९ वर्षका २.२० प्रतिशत (८४४ जना) र ७० भन्दा माथी गरी जम्मा ८.१४ प्रतिशत (३,१३० जना) र थप बृद्ध नागरिकहरूको लागि समेत राज्यले कुनै विशेष कार्यक्रम ल्याएको छैन। र यस स्थितिलाई कसरी सहज बनाउने र नगरपालिकामा जिवीत यी जेष्ठ नागरिकहरूको अमुल्य अनुभवबाट नयाँ पीढीले कसरी अनुभव र शिक्षा प्राप्त गर्ने भन्नेबारे अध्ययन र योजना बनाउनुपर्ने देखिन्छ।

## ७.६ महिला तथा बालबालिका

### ७.६.१ महिला सम्बन्धी विवरण

कुल जनसङ्ख्याको आधा हिस्सा भन्दा बढी ओगटेका महिलाहरु अझै पनि देश विकासको मुल प्रवाहमा उल्लेखनीयरुपमा आउन सकेका छैनन् । महिला सहभागिता,सशक्तिकरण तथा विभिन्न कार्यक्रमहरु पछिल्लो समयमा हुँदै आए पनि समान सहमागिता र लैङ्गिक समता भने कायम हुन सकेको देखिँदैन । यसको कारण समाजमा व्याप्त असमान शक्ति सम्बन्घ, पितृसत्तात्मक सोच तथा सामाजिक संरचना आदी रहेका छन् जसको फलस्वरुप महिलाहरु आर्थिक, सामाजिक, साँस्कृतिक, राजनैतिक, शैक्षिकरुपमा अझै पनि तुलनात्मकरुपमा पछाडी परेको देखिन्छ ।

विकासमा महिलाहरुको समानुपातिक र सक्रिय सहभागिता सुनिश्चत गर्न उनीहरुको आर्थिक र सामाजिक जीवनस्तर अभिवृद्धि गर्ने उद्देश्यका साथ अभियानका रुपमा आ.व.२०३८/०३९ देखि ५ जिल्लाबाट सुरु भएको महिला विकास कार्यक्रम हाल नेपालको ७५ जिल्लामा विस्तार भएको छ । महिला विकास कार्यक्रम महिला विकास र सशक्तिकरणको लागि एउटा महत्वपुर्ण प्रयास हो। ग्रामीण विपन्न महिलाहरुलाई समूह, समिति, संस्थामा संगठित गराई जनचेतना अभिवृद्धि, क्षमता विकास गरी सामाजिक तथा आर्थिकरुपमा सशक्त बनाउन,सामाजिक विभेद र लैङ्गिक हिंसा विरुद्ध जागरुकता बढाउन यस कार्यक्रमले प्रमुख भूमिका निर्वाह गर्दै आईरहेको छ ।

महिला हक, अधिकार र शसक्तिकरणका लागि विभिन्न गैर सरकारी संघ संस्था तथा सरकारी निकाय सम्महरुबाट कामहरू शसक्त रूपमा भईरहेको छ । अझ नेपालको संविधानमा २०७२ मा महिला सम्बन्धि हक समेत सुनिश्चित गरिएको छ। नेपालको संविधान २०७२ को भाग ३ को धारा ३८ ले देहाय बमोजिमको महिलाको हक सुनिश्चित गरेको छ ।

- ✓ प्रत्येक महिलालाई लैंगिक भेदभाव विना समान वंशीय हक हुनेछ ।
- ✓ प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ ।
- ✓ महिला विरुद्व धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।
- ✓ राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ ।
- ✓ महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।
- ✓ सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ ।

विशेषगरी गर्भवती महिलाहरुको निःशुल्क वा न्यूनतम् शुल्कमा स्वास्थ्य परिक्षण गर्न तथा महिलाहरुमा देखिने स्तन क्यान्सर र पाठेघर क्यान्सरको अग्रीम पहिचान र न्यूनिकरणका लागि विशेष पहल गर्नुपर्ने देखिन्छ। जिल्ला जनस्वास्थ्य कार्यालय एवं अन्य सम्बद्ध स्वास्थ्य संस्थाहरुसँग समन्वय गरी मातृशिशु स्वास्थ्य तथा क्षयरोग नियन्त्रणका क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीहरुका लागि स्थायित्व, वृत्तिविकास तथा पुनर्ताजगि जस्ता कार्यक्रम ल्याई महिलाहरुका लागि लघु उद्यम व्यवसाय तालिम प्रदान गरी उद्यम व्यवसाय मार्फत आर्थिक रुपमा सबल बनाउनु पर्ने देखिन्छ। आर्थिक, सामाजिक, शैक्षिक तथा साँस्कृतिक सशक्तिकरण गर्दै नगर विकासमा महिलाहरुको समान सहभागिता गराउन अझैपनि थप प्रोत्साहन गर्नुपर्ने देखिन्छ। सामाजिक क्षेत्रमा उदाहरणीय कार्य गर्ने आमा समूह, टोल विकास संस्था, महिला समन्वय समिति तथा महिला सम्बन्धी संघसंस्थालाई संस्थागत विकासका लागि विभिन्न कार्यक्रम संचालन गर्न प्रोत्साहन गर्नु पर्दछ। महिला तथा बालबालिकाका लागि सामुदायिक कार्यप्रक्रियालाई वडाहरुमा विस्तार गर्ने तथा सामाजिक परिचालन प्रवर्द्धन कार्यलाई निरन्तरता दिई लक्षित समूहतर्फ सबै समूह र वर्गको सहभागिता हुने कार्यक्रमहरु सञ्चालन गरि समावेशी अवधारणा अनुरुप स्थानीय शासन र विकासमा महिलाको संलग्नता वृद्धि गर्न विभिन्न क्षमता विकासका कार्यक्रमहरु ल्याउनुपर्ने देखिन्छ।

### ७.६.२ महिला विकास कार्यक्रम

ग्रामिण महिलाहरूको आर्थिक र सामाजिक विकास गर्ने उद्देश्य लिइ वि.सं २०३८ सालमा स्थानिय विकास मन्त्रालय (तत्कालिन पञ्चायत तथा स्थानिय विकास मन्त्रालय) मा महिला विकास शाखा खडा गरीयो। आर्थिक वर्ष ०३९/०४० मा पहिलो पटक धादिङ, तनहुँ, स्याङजा, नवलपरासी र सुर्खेत गरी पाँच वटा जिल्लामा महिला विकास शाखाको स्थपना गरी ग्रामिण महिलाका लागि उत्पादन कर्जा (Production Credit for Rural Woman (PCRW) कार्यक्रम सुरु भयो। यो कार्यक्रमको मुल नारा "पेवा बढाउने" राखिएको थियो भने प्रतिक चिन्ह (logo) महिलाले थैलीमा पैसा राख्दै गरेको थियो। यो कार्यक्रम ग्रामिण विपन्न महिला लक्षित थियो।

आर्थिक वर्ष ०३९/४० मा पाँच जिल्ला बाट महिला विकास शाखा स्थापना पश्चात क्रमश आर्थिक वर्ष ०४०/४१ मा सात जिल्ला, ०४१/४२ मा १३ जिल्ला, आर्थिक वर्ष ०४२/४३ मा सात जिल्ला गर्दै आर्थिक वर्ष ०५२/५३ सम्ममा ६७ जिल्ला र आर्थिक वर्ष ०५७/५८ मा ७५ वटै जिल्लामा महिला विकास शाखाहरू स्थापना गरीयो। यस अवधीमा केन्द्रको महिला विकास शाखाको स्तरोन्नती गरी महाशाखा बनाइयो र २०५६ सालमा उक्त महाशाखालाई स्थानिय विकास मन्त्रालयबाट महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गत राखियो। नेपाल सरकार (मन्त्री परीषद) को निर्णयबाट मिति २०५७/०३/२६ देखि महिला विकास महाशाखा महिला विकास विभागमा र २०६७/०६/१२ मा महिला तथा बालबालिका विभाग साथै मिति २०६०/१२/२६ को निणर्यबाट जिल्ला स्थित महिला विकास शाखालाई महिला विकास कार्यालयमा र २०६७/०६/१२ महिला तथा बालबालिका कार्यालयमा परीणत गरीयो।

### ७.६.३ महिला तथा बालिबालिका कार्यालय प्यूठानको संक्षिप्त परीचय

आर्थिक वर्ष ०४१/४२ मा भिंगृ गाविसको जलुकेमा कार्यालय स्थापना गरी महिला विकास कार्यक्रमको सरुवात गरीएकोमा हाल जिल्लाको ४९ वटै गाविसको २७४ वडामा क्षेत्र विस्तार गरीएको छ। आर्थिक वर्ष ०७०/७१ को तेश्रो चौमासिक अथवा २०७१ साल वैषाख २५ गते नेपाल सरकारको घोषणा बमोजिम जिल्लाको ४९ साविकका गाविस मध्ये सात गाविसहरू (खलंगा, मरण्ठाना,धर्मावती,विजुवार, विजयनगर, दाखाक्वाडी र खैरा) लाई एकिकरण गरी प्यूठान नगरपालिका भएकाले हाल ४२ गाविस ३७८ वडा, एक नगरपालिका भित्र १९ वडामा कायम भएको छ।

#### क) महिला तथा बालबालिका कार्यालय प्यूठान बाट सञ्चालित कार्यक्रमहरू

- महिला विकास कार्यक्रम जिल्ला स्तर ( गरीबी विरुद्ध महिला अभियान समेत )
- लैंगिक हिंसा निवारणका लागि महिला संस्थाहरूको एकिकृत विकास कार्यक्रम
- समाजकल्याण कार्यक्रम -जेष्ठ नागरिक कार्यक्रम समेत)
- जिल्ला जेष्ठ नागरिक कल्याण समिति मार्फत सञ्चालित जेष्ठ नागरिकको विवरण तयार गर्ने
- अपाङ्गता भएका व्यक्तिको परिचयपत्र सिफारिस समितिको बैठक तथा अभिलेख व्यवस्थापन
- अपाङ्गता भएका व्यक्तिहरूको लागि समुदायमा आधारित पुर्नस्थापना कार्यक्रम सञ्चालन
- बालकल्याण कार्यक्रम
- अपाङ्गता भएका व्यक्तिहरूको परिचय पत्र वितरण कार्यक्रम
- दातृ निकायबाट सञ्चालित कार्यक्रमहरू

#### ख) यूनिसेफ नेपाल

यूनिसेफ नेपालको सहयोगमा सन् २०११ मा पारज्ञघघ ागन कार्यक्रम सञ्चालन भएको र उक्त कार्यक्रम मार्फत ६ वटा गाविसहरूमा गाविस स्तरीय पारालिगल समिति गठन गरी समितिहरूलाई तालिमको व्यवस्था गरीएको र उक्त समितिले महिला तथा बालबालिकालाई हिंसामा पर्नबाट जोगाउने र हिंसामा परेका महिला तथा महिला तथा बालबालिकाको कानूनी पहुँच बृद्धीका लागि पैरज्ञघघ ागर्ने कार्य गरेको र सन् २०१३ मा उक्त पारालिगल कार्यक्रमलाई महिला विकास कार्यक्रममा एकिकरण गरीएको छ र एकिकरणमा जाँदा महिला विकास कार्यक्रम अन्तर्गत रहेका वडास्तरीय समिति मार्फत निगरानी समूह गठन र परीचालन गरी हिंसा ज्ञघघ ागर्न पैरज्ञघघ ागर्ने कार्य सञ्चालन भई रहेको छ।

#### ग) संयुक्त राष्ट्रसंघिय कोष (यू.एन.एफ.पी.ए )

यू.एन.एफ.पी.ए.को सहयोगमा महिला तथा बालबालिका कार्यालय प्यूठानले सन् २०११ देखि कार्यक्रम सञ्चालन गरीआएको छ। यस अन्तर्गत महिला सहकारी संस्थालाई लैंगिक हिंसा विरुद्धको तालिमहरू, कानूनी प्रावधानका विषयमा तालिम किशोर किशोरी विकास तालिम र बालविवाह ज्ञघघ ागर्नको लागि सचेतीकरण जस्ता क्रियाकलाप सञ्चालन भइरहेका छन्।

तालिका नं. ९१ : कर्मचारीको विवरण (२०७१ असार सम्म)

| क्र.सं. | पद | दरवन्दी संख्या | पदपूर्ति संख्या | रिक्त संख्या |
|---|---|---|---|---|
| १ | म.वि.अ. | १ | १ | - |
| २ | सुपरभाइजर | २ | ० | २ |
| ३ | मुख्य महिला कार्यकर्ता | ४ | ४ | - |
| ४ | सहलेखापाल | १ | १ | - |
| ५ | कार्यालय सहयोगी | २ | २ | - |

*श्रोत: जिल्ला पार्श्वचित्र, २०७१*

### ७.६.४ बालश्रमको अवस्था

बालबालिकालाई सामाजिक वा आर्थिक लाभका लागि श्रममा संलग्न गराउनु बालश्रम हो। नेपालमा कानूनले बालबालिकाको उमेरका आधारमा स्वीकार्य र अस्वीकार्य कामहरू तोकेको छ। १३ वर्ष उमेर नपुगेका बालबालिकाहरूलाई श्रमिकका रूपमा काममा लगाउन हुदैन भने १४ वर्षदेखि १५ वर्षसम्मकालाई खासखास क्षेत्रको हल्का र विशेष सुविधाका काममा लगाउन पाइन्छ। कुनै पनि बालबालिकालाई जोखिमपुर्ण काममा लगाउन पाइदैन। तथापी सुरक्षित वातावरणमा नयाँ-नयाँ कुरा सिक्ने, जान्ने, पढ्ने, बुझ्ने उमेरमा नेपालका धेरै बालबालिकाहरू बालश्रमिकका रूपमा काम गर्न बाध्य छन्। आफ्ना बालापनलाई कडा श्रमसँग साटिरहेका छन्। काम गर्नु पर्नाले शिक्षाबाट बञ्चित हुनुदेखि शोषण र दुर्व्यवहारबाट धेरै बालबालिका पिडित भएका छन्। नेपालमा बालश्रमका बारेमा विभिन्न विषयगत क्षेत्रहरूमा साना-ठुला अध्ययन भए तापनि आवधिक, एकिकृत, आधिकारिक तथ्याङ्क तथा जानकारीको भने अभाव छ। बालश्रममा नेपाली बालबालिकाको एक दु:खद यथार्थ हो ।

बालबालिकालाई श्रममा लगाइनु बालअधिकार विपरित कार्य हो। यसैगरी नेपालले राज्य पक्षका रूपमा अनुमोदन गरिसकेको संयुक्त राष्ट्रसंघका बाल अधिकार सम्बन्धि महासन्धि, १९८९, अन्तराष्ट्रिय श्रम संगठनको रोजगारीको न्यूनतम उमेर सम्बन्धी महासन्धी नं १३८ तथा निकृष्ट प्रकारको बालश्रम सम्बन्धी महासन्धी नं. १८२ तथा सिफारिश नं १९० ले पनि राज्यलाई बालश्रमविरुद्ध थप उत्तरदायित्व बहन गर्न प्रेरित गरेको छ।

### ७.६.५ जिल्ला बालकल्याण समिति (DCWB)

नेपालले बालकल्याण अधिकार महासन्धि सन् ( १९८९) लाई सन् १९९० मा अनुमोदन गरी बालबालिका संबन्धि ऐन २०४८ र नियमावली २०५१ लागू गरिसकेको छ । सोही ऐन अनुरूप राष्ट्रिय स्तरमा केन्द्रिय बालकल्याण समिती र ७५ वटै जिल्लामा जिल्ला बालकल्याण समिति गठन गरिएको छ । मुलुकमा बालबालिकाको हक हितको संरक्षण, उनीहरूको शारीरिक, मानसिक ,बौद्धिक र संवेगात्मक विकास गर्न समयानुकुल कानूनी व्यवस्था गर्ने उद्देश्यले नेपाल सरकारले निर्माण गरी लागू गरेको बालबालिका सम्बन्धी ऐन २०४८ को परीच्छेद (४) को कल्याणकारी व्यवस्था अन्तर्गत दफा ३ को उपदफा २ बमोजिम जिल्ला स्तरमा बालबालिका सम्बन्धी काम गर्ने सरकारी तथा गैर सरकारी संघ संस्थाहरूको सम्पर्क निकायको

रूपमा जिल्ला वालकल्याण समितिको गठन गरीएको हो भने यस समितिमा प्रमुख जिल्ला अधिकारी वा सो ले तोकेको व्यक्ति अध्यक्ष रहने व्यवस्था भएअनुसार हाल नागरिक समाजबाट अध्यक्ष चयन गरीएको अवस्था छ। उक्त समितिमा वि.सं २०६९ साल पौष १७ गते नयाँ अध्यक्ष चयन तथा केही सदस्यहरू थपघट गरी हाल १५ सदस्य रहेका छन्।

यस जिल्लामा बालबालिका सम्बन्धी कार्य गर्ने विभिन्न निकायहरूले स्थानिय गैर सरकारी संघ संस्थाहरू मार्फत विभिन्न कार्यक्रमहरू सञ्चालन गरेता पनि जिल्ला बालकल्याण समिति मार्फत कुनैपनि कार्यक्रम सञ्चालन भएको थिएन र सन् २०१० देखि यस समिति मार्फत बालबालिकाहरूको हित हुने बाल संरक्षण र विकास कार्यक्रम सञ्चालन भएको छ। जसअनुसार एक जना बाल अधिकार अधिकृतको नियुक्ति समेत केन्द्रिय बालकल्याण समितीबाट भइ कार्यक्रमको प्रभावकारी कार्यन्वयन हुँदै आएको छ।

बालबालिकाहरू विरुद्ध हुने सबै प्रकारका दुर्व्यवहार, उपेक्षा, शोषण, र हिंसाबाट उनीहरूलाई जोगाउनु सबैको कर्तव्य हो। बाल संरक्षण बाल अधिकारमा आधारित हुन्छ। अन्तँराष्ट्रिय तथा नेपाली कानूनहरूले बालबालिकाहरूलाई जोखिपुर्ण श्रम, बाल विवाह, घरेलु हिंसा, यौन शोषण, तथा बेचविखन ओसारपसार जस्ता हिंसा र दुर्व्यवहारबाट संरक्षणको अधिकार व्यवस्था गरेका छन्। तथापि कतिपय अवस्थामा सामाजिक कुप्रथाका कारण बालबालिका प्रतिको संवेदनहिनताको कारण कसैका निहित स्वार्थका कारण तथा परम्पराका नाममा बालबालिका विरुद्ध थुप्रै अपराधजन्य कार्यहरू पनि समाजमा निरन्तर भइरहेका छन्। अपहरण, हत्या लगायत बेचविखन तथा ओसारपोसार जस्ता घटनाहरूबाट पनि बालबालिका पिडित भइरहेका छन् नेपालको सन्दर्भमा बालबालिकाको संरक्षणको क्षेत्र व्यापक छ। बालबालिका संरक्षण सम्बन्धी सरोकारका विषय धेरै छन्। जसमध्ये केही प्रमुख सरोकारका विषयहरू देहायवमोजिम छन्।

- जन्मदर्ता
- बालश्रम
- बालयौन शोषण, व्यवसायिक यौन शोषण
- दुर्व्यवहार
- बाल विवाह
- घरेलु हिंसामा पिडित वा साक्षी
- ससस्त्र द्वन्द्व पिडित तथा द्वन्द्वमा संलग्न
- बेचविखन तथा ओसारपोसारमा परेका बालबालिका
- शारीरिक दण्ड सजाय
- विद्यालय शिक्षाबाट बञ्चित बालबालिका
- अपाङ्गता -शारीरिक मानसिक) भएका बालबालिका
- परित्यक्त बालबालिका
- लागू पदार्थ, मादक पदार्थ ओसार पसार तथा दुर्व्यसनमा संलग्न
- अभिभावक विहिन
- शरणार्थी बालबालिका
- प्राकृतिक प्रकोपबाट प्रभावित

- परम्परा विशेष -कमलरी झुमा, छाउपडी, कुमारी) आदि
- कानूनको विवादमा परेका बालबालिका
- बालगृहमा आश्रित बालबालिका
- एच.आई.भी/एड्स

### ७.६.६ नगरपालिकामा बालमैत्री स्थानिय शासन गतिविधि

प्यूठान जिल्लाको २१ औ परिषद्ले भिंगृ र खैरा गाविसलाई बालमैत्री गाविस बनाउने निणर्य गरीसकेको वर्तमान अवस्थामा खैरा प्यूठान नगरपालिकामा रहेकाले यसको जिम्मेवारी न.पा. मा सरेको छ । यो कार्यक्रम प्यूठान जिल्लामा सन् २०१३ देखि संचालनमा आएको छ । नेपाल सरकारको रणनिती अनुरूप यो कार्यक्रमलाई कार्यान्वयनमा ल्याईएको हो । जिल्लामा सबै राजनितिक दल, राष्ट्रसेवक कर्मचारी, नागरिक समाज गैर सरकारी तथा निजी क्षेत्र, सञ्चारकर्मी बाल बालिका तथा सरोकारवालाहरू बालमैत्री स्थानिय शासनका लागि वकालत गर्न तालिम दिनुपर्ने देखिन्छ ।

प्यूठान नगरपालिकालाई बालमैत्री नगरपालिकाको रूपमा विकसित गर्नका लागि सबै वडाहरूमा वडा बालक्लब गठन गरी बालमैत्री स्थानीय शासन पूर्ण रूपमा लागु गर्ने उद्देश्यले बालबालिका लक्षित कार्यक्रममा राखिएको छ । नगरपालिका क्षेत्रमा निकृष्ठ प्रकारको बाल श्रमको अन्त्य गर्न बालश्रम नराखेको कबुल गर्नेलाई मात्र नगरपालिका बाट सेवा प्रवाह गर्नुपर्ने व्यवस्था मिलाउने प्रावधान राख्नुका साथै १ वर्ष मुनिका बालबालिकाहरूलाई नियमित खोपको सुनिश्चित गरी पूर्ण खोपयुक्त नगरपालिकाको रूपमा पनि अगाडी बढाउने उद्देश्य राखिएको छ ।

### ७.६.७ बालक्लब

बालबालिकाहरू संगठित भई आफुसँग सरोकार राख्ने विषयमा छलफल गर्न, प्रतिनिधित्व गर्न र आफ्नै क्षमता विकास, सचेतना लगायत बाल अधिकारको संरक्षण प्रबर्द्धनमा विविध क्रियाकलाप गर्न नेपालमा बाल-समूह, बाल क्लव, बालअधिकार मञ्च आदिका रूपमा बालबालिकाहरू क्रियाशिल रहेका छन्। बालक्लब, बाल-सहभागिताको एक शसक्त माध्यम बनेको छ। जसलाई बालबालिकासँग सम्बन्धित थुप्रै नितीगत दस्तावेजहरूमा पनि उल्लेख गरिएको छ। बालबालिकाहरूलाई समूहमा आबद्ध गराउन र उनीहरूसँग सरोकार राख्ने विषयमा मत व्यक्तका गर्नका लागि विभिन्न स्तरका नीती तथा योजना निर्माणदेखि कार्यान्वयन र अनुगमनसम्म बालक्लबको प्रतिनिधित्वलाई मान्यता दिइएको छ।

व्यक्तिगतरूपमा नगरपालिकामा बालबालिकाको सहभागिता, सक्रियता र नेतृत्वमा गठन गरिएका बालक्लबहरूले बाल अधिकारसम्बन्धी चेतनामुलक कार्यहरू गरिरहेको छन्। बालक्लबहरूले संचालन गरेका कार्यक्रमहरूमा (१) जन्मदर्ता प्रचारात्मक अभियान, (२) विद्यालय भर्ना अभियान, (३) बालश्रम न्यूनीकरण कार्यक्रम, (४) बालसहभागिता अभिबृद्धि कार्यक्रम, (५) बालबालिकालाई प्रदान गरिने खोप प्रचार कार्यक्रम, (६) निशुल्क शिक्षा प्रचारात्मक र प्रबर्द्धनात्मक कार्यक्रम, (७) भयरहित वातावरणमा शिक्षा पाउने अधिकारबारे प्रचारप्रसार, (८) वातावरणीय सुधार कार्यक्रम, (९) अभिभावक चेतनाशिक्षा कार्यक्रम र (१०) बालविवाह उन्मुलन सम्बन्धी प्रचारात्मक कार्यक्रम प्रमुख रहेका छन्।

नगरमा भएका बालक्लबहरु विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ९२ :** बालक्लबको विवरण

| गाउँपालिका/नगरपालिका | अपाङ्ग | | दलित | | जनजाति | | अन्य | | कुल जम्मा | | | बाल क्लब संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | जम्मा | |
| प्यूठान नगरपालिका | १ | १ | २२९ | २५० | २२८ | २९१ | १३५१ | १५८३ | १८०९ | २१२५ | ३९३४ | १०२ |

*स्रोत: जिल्ला बाल कल्याण समिति, प्यूठान २०७४*

## ७.७ अपाङ्गताको विवरण

खासगरी व्यक्तिहरूमा अपाङ्गता हुने कारण आयोडिनयुक्त नुनको प्रयोगको कमी, ग्रामीण क्षेत्रमा मुख नधुने समस्याका कारण उत्पन्न (Trachoma) रोग, दुर्घटना, जन्मजात, प्राकृतिक प्रकोप, कुपोषण, स्वास्थ्य उपचार नपाएर, द्वन्द्व वा युद्ध वा विस्फोटक पदार्थको प्रयोग आदि देखिएका छन्। जसलाई घटाउन प्रतिरोधात्मक र उपचारात्मक दुवै कार्यहरू गरिनुपर्दछ। नेपालले अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाहरूको हक हित र अधिकारको संरक्षण एवं सम्बर्द्धन र विकास गर्न १९ वटा क्षेत्रलाई समेटी अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र अपाङ्गतासम्बन्धी कार्ययोजना, २०६३ तयार गरी कार्यान्वयनमा ल्याएको छ। त्यसै गरी २०६६ पुस १२ गते नेपालले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धी, २००६ लाई अनुमोदन गरेको छ।


२०६८ सालको जनगणनाअनुसार नेपालमा कुल जनसंख्याको १.९४ प्रतिशत (५,१२,३२१ जना) जनसंख्यामा कुनै न कुनै प्रकारको अपाङ्गता देखिएको छ। जसमध्ये शारिरीक अपाङ्गता ३६.३ प्रतिशत, दृष्टिबिहीन १८.५ प्रतिशत, मानसिक अपाङ्गता ६ प्रतिशत, बौद्धिक अपांगता २.९ प्रतिशत, बहु अपाङ्गतामा ७.५ प्रतिशत रहेको छ। यसैगरी यस प्यूठान नगरपालिकाको अपाङ्गताको अवस्थाको अध्ययन गरिएको छ जसको विस्तृत विवरण तल उल्लेख गरिएको छ।

**तालिका नं. ९३ :** अपाङ्गताको विवरण

| | शारिरीक अपाङ्गता | दृष्टी सम्बन्धी अपाङ्गता | श्रवण सम्बन्धी अपाङ्गता | श्रवण, दृष्टिविहीन | स्वरबोलाई सम्बन्धी | मानसिक अपाङ्गता | बौद्धिक अपाङ्गता | बहु अपाङ्गता | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | २५६ | २४ | ७८ | ६ | ६८ | ५० | २० | ३२ | ५३४ |
| महिला | २२३ | ४६ | ७१ | ४ | ५४ | ३२ | १४ | २८ | ४७२ |
| जम्मा | ४७९ | ७० | १४९ | १० | १२२ | ८२ | ३४ | ६० | १,००६ |
| प्रतिशत | ४७.६१ | ६.९६ | १४.८१ | ०.९९ | १२.१३ | ८.१५ | ३.३८ | ५.९६ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

राष्ट्रिय जनगणना २०६८ अनुसार यस प्यूठान नगरपालिकामा अपाङ्गताको अवस्थालाई हेर्दा अपाङ्गता भएको जनसंख्या २.६२ प्रतिशत (१,००६ जना) रहेको छ। जसमा शरिरिक अपाङ्गता भएका ४७९ (४७.६१ प्रतिशत), श्रवण, दृष्टिविहीन सम्बन्धी अपाङ्गता भएका १० (०.९९ प्रतिशत), श्रवण सम्बन्धी अपाङ्गता भएका १४९ जना (१४.८१ प्रतिशत), स्वर बोलाई सम्बन्धी समस्या भएका १२२ जना (१२.१३ प्रतिशत) देखिन्छन् भने दृष्टि सम्बन्धी अपाङ्गता भएका ७० जना (६.९६ प्रतिशत) र बौद्धिक अपाङ्गता भएका ३४ जना (३.३८ प्रतिशत) रहेको देखिन्छ । साथै मानसिक अपाङ्गता ८२ जना (८.१५ प्रतिशत) र बहु अपाङ्गता ६० (५.५६ प्रतिशत) रहेका छन् । यो विवरणलाई तल स्तम्भ चार्टमा प्रस्तुत गरिएको छ ।




माथिको तालिका र स्तम्भको अध्ययन गर्दा यस प्यूठान नगरपालिकामा पनि आवश्यक नीती तथा कार्यक्रमहरू ल्याउनु पर्ने देखिन्छ सरकारले अपाङ्गता परिचयपत्र वितरण निर्देशिकासमेत जारी गरी वितरण गरिरहेको छ। अपाङ्गता परिचयपत्र वितरण गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गताका आधारमा शारिरीक अपाङ्गता, दृष्टिविहीन र न्यून दृष्टियुक्त, स्वरबोलाई सम्बन्धी अपाङ्गता, सुस्त श्रवण र बहिरा, श्रवण दृष्टिविहिनता, मानसिक अपाङ्गता बौद्धिक अपाङ्गता, बहुअपाङ्गता गरी सात किसिमले र गाम्भीर्यताका आधारमा तह क (रातो रङको परिचयपत्र), तह ख -नीलो रङको परिचयपत्र), तह ग पहेलो रङको परिचयपत्र र तह घ (सेतो रङको परिचयपत्र) गरी चार तहमा विभक्त गरी परिचय पत्र वितरण गर्ने कार्य सुरु गरिएको छ। हालसम्म यो समुदायको सामाजिक आर्थिक अवस्थामा परिवर्तन ल्याउन केही सामान्य आयमुलक र सिपमुलक तालिमहरू सञ्चालन गरिएता पनि यिनीहरूको आत्मविश्वासलाई बढाउन र समुदायबाट हुने गरेको उपेक्षाबाट मुक्त राख्न स्थानीय स्रोत साधन र निकायहरूमा यो समुदायको पहूँच पुऱ्याउन विभिन्न कार्यक्रम ल्याउनु पर्ने देखिन्छ।

## ७.८ खानेपानी तथा सरसफाई

नगरपालिका स्वच्छ र सफा हुनुपर्छ । खानेपानी स्वच्छ जीवनको प्रमुख आधार हो । खानेपानी सुरक्षित नहुँदा विभिन्न दुषित तथा असुरक्षित पानी बाट लाग्ने रोगको जोखिम हुन्छ । खानेपानी सुरक्षित राख्न त्यस ठाउँको वातावरण पनि सफा र स्वच्छ रहनु पर्दछ । खानेपानीमा प्रयोग गरिएको स्रोतको आधारमा नगर तथा नगरपालिकाको स्वास्थ्य स्थिति निर्धारण गर्न सकिन्छ । सुरक्षित खानेपानीको प्रयोगबाट विभिन्न रोगको जोखिम न्यूनीकरण गर्न सकिन्छ । प्यूठान नगरपालिकाको खानेपानीको स्थिति बुझ्न तल नगरबासीहरूले खानेपानीमा प्रयोग गरेको स्रोतको विवरण देखाईएको छ ।


### ७.८.१ परिवारले प्रयोग गर्ने पिउने पानीको मुख्य श्रोतको विवरण

तालिका नं. ९४ : परिवारले प्रयोग गर्ने पानीको मुख्य श्रोत

| | धारा/ पाइप | ट्युबवेल/ हाते पम्प | ढाकिएको इनार/कुवा | खुला इनार/कुवा | मूल धारा | नदी/ खोला | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | ७२९२ | १४३ | ४३ | ३०० | ९२६ | १६५ | ५५ | ४० | ८,९६४ |
| प्रतिशत | ८१.३५ | १.६० | ०.४८ | ३.३५ | १०.३३ | १.८४ | ०.६१ | ०.४५ | १०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

प्यूठान नगरपालिकाको खानेपानीको प्रमुख स्रोत धारा भएकोले नगरका परिवारहरूले सबैभन्दा बढी ७,२९२ (८१.३५ प्रतिशत) धारा पाईपको प्रयोग गरेको पाइएको छ । त्यसैगरी नगरपालिकामा मूल धाराको प्रयोग गर्ने घरधुरी संख्या ९२६ (१०.३३ प्रतिशत), खुला ईनार/कुवाको प्रयोग गर्ने घरधुरी संख्या ३०० (३.३५ प्रतिशत), नदी तथा खोलाको प्रयोग गर्ने घरधुरी संख्या १६५ (१.८४ प्रतिशत) रहेको छ त्यस्तै ट्युबवेल/हाते पम्पको प्रयोग गर्नेको संख्या १४३ (१.६० प्रतिशत) छन् भने सबैभन्दा कम ढाकिएको ईनार/कुवाको प्रगोग गर्ने ४३ (०.४८ प्रतिशत) रहेको पाईयो । नगरपालिकामा खानेपानीको आपूर्तिको लागि विभिन्न श्रोतको प्रयोग गरेको देखिन्छ। जसको विस्तृत विवरण माथि तालिकामा उल्लेख गरिएको छ भने तल स्तम्भमार्फत स्पष्ट पारिएको छ ।




## ७.८.२ खानेपानीको विवरण

**तालिका नं. ९५ :** नगरपालिका प्रयोग भएको खानेपानीको स्रोतको वडागत विवरण

| वडा नं. | धारा/ पाइप | ट्युबवेल/ हाते पम्प | ढाकिएको इनार/कुवा | खुला इनार/कुवा | मूल धारा | नदी/ खोला | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ६०१ | १८ | ४ | १३० | ६४ | २० | १ | १ | ८३९ |
| २ | ७०१ | २७ | १५ | ४६ | १८५ | ० | ० | ३ | ९७७ |
| ३ | ८२३ | ८ | १ | ११ | ७६ | १७ | ० | १ | ९३७ |
| ४ | १०३६ | ८४ | ११ | २२ | १०७ | २३ | १ | २ | १,२८६ |
| ५ | ७५५ | १ | ८ | ११ | ५३ | २४ | ४६ | ० | ८९८ |
| ६ | ६४२ | २ | ० | २९ | २१ | १ | ० | २ | ६९७ |
| ७ | ५४९ | २ | २ | १४ | १०० | ६० | ६ | १० | ७४३ |
| ८ | १०३५ | १ | १ | १० | ५१ | १६ | १ | १७ | १,१३२ |
| ९ | ५२७ | ० | १ | २३ | १६७ | ० | ० | २ | ७२० |
| १० | ६२३ | ० | ० | ४ | १०२ | ४ | ० | २ | ७३५ |
| जम्मा | ७,२९२ | १४३ | ४३ | ३०० | ९२६ | १६५ | ५५ | ४० | ८,९६४ |
| प्रतिशत | ८१.३५ | १.६० | ०.४८ | ३.३५ | १०.३३ | १.८४ | ०.६१ | ०.४५ | १००.०० |

*स्रोतः राष्ट्रिय जनगणना २०६८*

राष्ट्रिय जनगणना २०६८ अनुसार यस नगरपालिकाको विभिन्न वडाहरूका घरधुरीहरूले प्रयोग गर्ने खानेपानीको विभिन्न श्रोतको विवरण तालिकामा देखाइएको छ। जसमा खानेपानीको मुख्य स्रोतको सबै वडाहरूमा सबैभन्दा बढी धारा तथा पाइपको ८,९९४ घरधुरी (८१.३५) प्रयोग गरेको देखिन्छ। दोस्रो ठूलो स्रोतको रूपमा मुल धाराको ९२६ घरधुरी (१०.३३ प्रतिशत ) प्रयोग गरेको देखिएको छ भने ढाकिएको ईनार प्रयोग गर्ने घरधुरी संख्या अत्यन्तै न्यून छ। सुरक्षित खानेपानीको स्रोतकोरुमा धारा तथा पाईपको स्रोतलाई मानिन्छ। तुलनात्मक रूपमा नगरपालिकको वडा नं. ६ मा सबैभन्दा बढी ९२.११ प्रतिशत घरधुरीले धारा तथा पाईपलाई मुख्य पानी को स्रोतको प्रयोग गरेका छन् भने वडा नं. १ मा ७१.६३ प्रतिशतले प्रयोग गरेका छन्। यसको विस्तृत विवरण माथिको तालिकामा उल्लेख गरिएको छ र तल स्तम्भमा प्रस्तुत गरिएको छ.



## क) पछिल्लो तथ्याङ्क अनुसार नगरपालिकाको खानेपानी प्रयोगको अवस्था

तालिका नं. ९६ : नगरमा खानेपानी प्रयोगको अवस्था

| क्र.सं. | साविक गाविस वा नपाको नाम र वडा नं. | खानेपानी पुहँचको अवस्था | खानेपानीको प्रकृति, |
|---|---|---|---|
| १ | मरन्ठाना | १०० | पाईप, कुवा, खोला) |
| २ | दाखाक्वाडी र खैरा | १०० | पाईप, कुवा, खोला) |
| ३ | दाखाक्वाडी | १०० | पाईप, कुवा, खोला) |
| ४ | विजयनगर | १०० | पाईप, कुवा, खोला) |
| ५ | विजुवार र खलंगा | १०० | पाईप, कुवा, खोला) |
| ६ | विजुवार | १०० | पाईप, कुवा, खोला) |
| ७ | धर्मावती | १०० | पाईप, कुवा, खोला) |
| ८ | माझकोट | १०० | पाईप, कुवा, खोला) |
| ९ | जुम्रीकाँढा | १०० | पाईप, कुवा, खोला) |

*स्रोत: स्थानीय तह पुनर्संरचना प्राविधिक सहयोग समिति, प्युठान २०७३*

## ख) नगरपालिकामा निर्माणाधीन र सम्पन्न खानेपानी आयोजनाको विवरण

तालिका नं. ९७ : नगरपालिकामा निर्माणधीन र सम्पन्न खानेपानी आयोजनाको विवरण

| क्र.सं. | परियोजनाको नाम | समेट्ने गा.वि.स. | परियोजना सम्मन्न हुने मिति | परियोजनाको जम्मा बजेट - हजारमा) | लगानी गर्ने संस्था वा निकाय | लाभान्वित घरपरिवार/ जनसंख्या |
|---|---|---|---|---|---|---|
| १ | खैरा खा.पा. तथा सरसफाई योजना | खैरा | २०७३ | ३२,४४३ | खानेपानी कार्यालय | १,९४२ |
| २ | खैरा सतमुनि खा.पा. तथा सरसफाई योजना | खैरा | २०७६ | | " | |
| ३ | पतल कटेरी खा.पा. योजना | बर्जिवाङ, विजयनगर | २०७६ | | " | |
| ४ | दाखाक्वाडी खा.पा. तथा सरसफाई योजना | दाखाक्वाडी | २०७६ | | " | |
| ५ | विसमुरे खा.पा. योजना | दाखाक्वाडी, विजयनगर | | | " | |
| ६ | मृहत विजुवार शहरी खा.पा. उपभोक्ता संस्था | विजुवार | | | | |
| ७ | नेवा खा.पा. | दाखाक्वाडी | | | | |
| ८ | वोक्सीन्मूल खा.पा. | | | | | |
| ९ | कोचरे खा.पा. | | | | | |

*स्रोत: नगर कार्यपालिकाको कार्यालय, २०७३*

माथिको तथ्याङ्कमा नगरपालिकामा निर्माणाधीन र सम्पन्न खानेपानी आयोजनाको विवरण देखाईएको छ। जसमा ८ वटा खानेपानी योजना निर्माणाधीन र १ खानेपानी योजना सम्पन्न भएको छ। सम्पन्न भएको खानेपानी कार्यालय मार्फत ३२,४४३ बजेटमा सञ्चालित खैर खानेपानी योजना तथा सरसफाई योजना मार्फत २००० भन्दा बढी घरपरिवार लाभान्वीत भएका छन्।


## ७.८.३ शौचालयको विवरण

तालिका नं. ९८ : शौचालयको प्रकार

| | फ्लस भएको (सार्वजनिक ढल) | फ्लस भएको (सेप्टिक ट्याङ्क) | साधारण | चर्पी नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| जम्मा | ७४ | ४७६६ | १७४९ | २३३४ | ४१ | ८,९६४ |
| प्रतिशत | ०.८३ | ५३.१७ | १९.५१ | २६.०४ | ०.४६ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

माथिको तालिकामा प्यूठान नगरपालिकाको घरपरिवारले प्रयोग गर्ने शौचालयको प्रकारलाई उल्लेख गरिएको छ। विवरणलाई हेर्दा घरमा शौचालय नभएको घरपरिवार संख्याको २६.०४ प्रतिशत अर्थात २,३३४ घरपरिवार शौचालय विहिन रहेको देखिन्छ भने धेरै फ्लस भएको (सेप्टि ट्याङ्की) आधुनिक शौचालय प्रयोग गर्नेको परिवार ४,७६६ (५३.१७ प्रतिशत) रहेको छ। त्यस्तै साधारण शौचालयको प्रयोग गर्नेको संख्या १,७४९ (१९.५१ प्रतिशत) र फ्लस भएको (सार्वजनिक ढल) शौचालयको प्रयोग गर्ने परिवारको संख्या ७४ (०.८३ प्रतिशत) देखिएको छ जुन सबै भन्दा कम हो। जसको विस्तृत विवरण माथि तालिकामा उल्लेख गरिएको छ भने तल स्तम्भ चार्टमा प्रस्तुत गरिएको छ।



### ७.८.४ वडागत शौचालयको संख्याको विवरण

तालिका नं. ९९ : वडागत शौचालय संख्याको विवरण

| वडा नं. | फ्लस भएको (सार्वजनिक ढल) | फ्लस भएको (सेप्टिक ट्याङ्क) | साधारण | चर्पी नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ५ | ४५९ | ८३ | २९१ | १ | ८३९ |
| २ | ३ | ४५६ | २७५ | २४० | ३ | ९७७ |
| ३ | ४ | ३४० | १०२ | ४९० | १ | ९३७ |
| ४ | २७ | ७७० | २१३ | २७४ | २ | १,२८६ |
| ५ | १३ | ५०६ | २०६ | १७२ | १ | ८९८ |
| ६ | ३ | ५३८ | ११ | १४३ | २ | ६९७ |
| ७ | ४ | ४२५ | ११७ | १८७ | १० | ७४३ |
| ८ | ९ | ५०६ | ५१२ | ८८ | १७ | १,१३२ |
| ९ | ५ | ३७६ | १२७ | २१० | २ | ७२० |
| १० | १ | ३९० | १०३ | २३९ | २ | ७३५ |
| जम्मा | ७४ | ४,७६६ | १,७४९ | २,३३४ | ४१ | ८,९६४ |
| प्रतिशत | ०.८२ | ५३.१६ | १९.५१ | २६.०३ | ०.४५ | १००.००० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

राष्ट्रिय जनगणना २०६८ अनुसार प्यूठान नगरपालिकाको प्रत्येक वडाका प्रत्येक घरधुरीमा भएको शौचालयको अवस्थालाई अध्ययन गर्दा क्रमश वडा न ३ मा सबैभन्दा बढी शौचालयको प्रयोग नगरेको पाईयो भने वडा नं. ३ र ४ मा फ्लस भएको (सेप्टि टेयाङ्की ) शौचालय प्रयोग भएको देखिन्छ भने बाँकी अहिलेको समयअनुसार सबै वडाहरूमा शौचालय प्रयोग नगर्नेको परिवार संख्या बढी रहेको देखिन्छ । जसको विस्तृत विवरण माथि तालिकामा उल्लेख गरिएको छ।

## ७.९ सर सफाईको अवस्था

देशका कतिपय भागहरुमा सामुदायिक स्वास्थ्यका हिसाबले हानिकारक खुला रुपमा दिसाब पिसाब गर्ने प्रवृति रहेको छ । यो मानव सभ्यता र व्यक्तिगत स्वास्थ्यका दृष्टिले समेत अवाञ्चित कार्य हो । तर हालका वर्षहरुमा सञ्चार माध्यमहरु क्षेत्रको सकारात्मक भूमिका, शिक्षाको विकास र विस्तारले आम जनसमुदायलाई खुला दिशा मुक्त क्षेत्र घोषणा गर्ने कार्य भईरहेको छ । यसै अभियान अन्तर्गत यस प्यूठान नगरपालिका पुर्ण दिशा मुक्त क्षेत्र घोषणा गरिएकाले जनस्वास्थ्यको दृष्टिकोणले सकारत्मक सुधार निश्चित छ । पछिल्लो तथ्याङ्क अनुसार नगरमा भएको सरसफाइको अवस्था तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. १००** : सरसफाईको विवरण

| क्र.सं. | साविक गाविस | शौचालय भएका घरधुरी (प्रतिशतमा) | अब कायम हुने ईकाईमा रहने सार्वजनिक शौचालय (वटा) |
|---|---|---|---|
| १ | मरन्ठाना | १०० | |
| २ | दाखाक्वाडी र खैरा | १०० | |
| ३ | दाखाक्वाडी | १०० | |
| ४ | विजयनगर | १०० | |
| ५ | विजुवार र खलंगा | १०० | |
| ६ | विजुवार | १०० | |
| ७ | धर्मावती | १०० | |
| ८ | माझकोट | १०० | |
| ९ | जुम्रीकाँडा | १०० | |

*स्रोतः स्थानीय तह पुनर्संरचना प्राविधिक सहयोग समिति, प्युठान २०७३*

देशका कतिपय भागहरुमा सामुदायिक स्वास्थ्यका हिसाबले हानिकारक खुला रुपमा दिसाब पिसाब गर्ने प्रवृति रहेको छ । यो मानव सभ्यता र व्यक्तिगत स्वास्थ्यका दृष्टिले समेत अवाञ्चित कार्य हो । तर हालका वर्षहरुमा सञ्चार माध्यमहरु क्षेत्रको सकारात्मक भूमिका, शिक्षाको विकास र विस्तारले आम जनसमुदायलाई खुला दिशा मुक्त क्षेत्र घोषणा गर्ने कार्य भईरहेको छ। यसै अभियान अन्तरगत यस प्यूठान नगरपालिका पुर्ण दिशा मुक्त क्षेत्र घोषणा गरिएकाले जनस्वास्थ्यको दृष्टिकोणले सकारत्मक सुधार निश्चित छ । त्यसैगरी तलको तालिकामा नगरपालिकका साविकका गा.वि.स तथा नपाहरुको दिशामुक्त क्षेत्र घोषणा भएको मिति उल्लेख गरिएको छ ।

**तालिका नं. १०१** : नगरपालिकाका विभिन्न वडाहरू खुला दिशामुत्त क्षेत्र विवरण

| क्र.सं. | साविकको गा.वि.स.को नाम | घोषणा भएको मिति |
|---|---|---|
| १ | खलंगा | २०६९/१०/२३ |
| २ | मरन्ठाना | २०६९/०५/२८ |
| ३ | खैरा | २०६९/०६/२० |
| ४ | जुम्रीकाँडा | २०६८/१२/१५ |
| ५ | दाखाक्वाडी | २०६९/०६/२८ |
| ६ | धर्मावती | २०६९/०२/२८ |
| ७ | माझकोट | २०६९/०२/२६ |
| ८ | विजयनगर | २०६९/०३/०३ |
| ९ | विजुवार | २०६९/०२/३० |

*(नोटः माथिको तालिकामा साविकको गा.वि.स जुम्रीकाँडा र माझकोट बाहेकका अरु साविकको गा.वि.सहरुको केही वडाहरु पछिल्लो संशोधन अनुसार अरु नै गाउँपालिका वा नगरपालिकामा विभाजन भएका छन् ।)*

*श्रोतः जिल्ला पार्श्वचित्र, प्युठान २०७१*

## ७.१० फोहोर मैला व्यवस्थापन

नगरपालिकालाई सधैं सफा राखि वातावरण मैत्री घर, टोल, बस्ती, समाज बनाउने हेतुले राष्ट्रिय सरसफाई अभियानलाई निरन्तरता प्रदान गर्दै आएको क्रममा वडा नागरिक मन्च, नागरिक सचेतना केन्द्र, टोल विकास संस्था, टोल सुधार समाज र विपद व्यवस्थापन समितिको अगुवाई र सहकार्यमा टोल तथा वडास्तरमा अभियानको रूपमा संचालन भएको पाइन्छ। शहरीकरणको धेरै प्रभाव नभएको प्यूठान नगरपालिकामा स्वच्छ हावापानीको र प्राकृतिक वातावरणको अनुभव गर्न सकिन्छ। तर पनि दैनिक जीवन बाट निस्किएको फोहोरलाई उचित व्यस्थापन गर्न सकिएको खण्डमा फोहोर मैलाको व्यवस्थापन हुन्छ। जसले नगर बासिन्दा लाई स्वस्थकर जीवन जिउन मद्दत गर्दछ।

तालिका नं. १०२ : फोहोरमैला प्रशोधन/ल्यांडफिल्ड साईट

| गाउँपालिका/नगरपालिका | वडा नं | क्षेत्रफल (बर्ग मी.) | कैफियत |
|---|---|---|---|
| प्यूठान नगरपालिका | ९ | १८०० | |

*स्रोत: स्थानिय तह पुनर्संरचना प्राविधिक सहयोग समिति, प्यूठान २०७३*

## ७.११ शव दाह स्थानको अवस्था र साम्भाव्यता

तालिका नं. १०३ : शव दाह स्थानको अवस्था र साम्भाव्यता

| क्र.सं. | साविक गाविस/नपाको नाम | स्थान (प्रस्तावित न.पा/गा.पाको वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | प्यूठान न.पा (१६, १७) सम्भाव्यता | मरन्ठाना (१६,१७) | |
| २ | प्यूठान न.पा (१७) सम्भाव्यता | वडा १७ | |

*स्रोत: स्थानिय तह पुनर्संरचना प्राविधिक सहयोग समिति, प्यूठान २०७३*

# खण्ड ८ : वन तथा वातावरण

## ८.१ प्राकृतिक वन तथा वनस्पती

प्यूठान नगरापालिका वन वातावरण र जैविक विविधताको दृष्टिकोणले सम्पन्न नगरपालिकाको श्रेणीमा पर्दछ। नगरपालिकामा जैविक विविधताको अवस्था तथा स्थिती पत्ता लगाउन नगरपालिकाको जैविक विविधता बारे लेखिएका लेख, रचनाहरूको अध्ययन गर्नुको साथै स्थलगत निरिक्षण अवलोकन एवं वन सम्बन्धी जानकारी राख्ने सम्बन्धीत क्षेत्रका ग्रामिण समुदायका स्थानीय बुढा-पाका, गोठालाहरूसंग जानकारी लिनका लागि तत्कालिन रेञ्ज पोष्ट स्तरमा टोली बनाई नगरपालिकामा जैविक विविधताको अवस्थाको अध्ययन एवं जानकारी लिईएको थियो । अध्ययन एवं प्राप्त जानकारीअनुसार यस नगरपालिकामा उष्ण (Tropical) देखि समशितोष्ण (Temperate Climate) मा हुने वन्यजस्तु तथा वनस्पतिहरू पाईएका छन् ।



यस प्यूठान नगरपालिकाको कुल क्षेत्रफल १२८.९६ वर्ग कि.मि. मध्ये ५४.७८ प्रतिशत वन क्षेत्रको रूपमा रहि आएको छ। जुन राष्ट्रिय वन र सामुदायिक वन क्षेत्रको रूपमा रहेको छ । प्यूठान नगरपालिकामा पाइने प्रमुख बनस्पतीका प्रजातिहरूमा साल, श्रीखण्ड, अस्ना, सल्ला प्रजाती, चिउरी, सिमल, चाँप, टुनी, खयर, ओखर, सतिसाल, अर्जुन, रातो सिरिस, भिमल, गिठा, लालिगुँरास, काउलो, अमला, सुगन्धकोकिला, दालचिनी, बर, सुगन्धवाल, पाषणबेद, टिमुर, चिराईतो, कुरिलो यसै गरी घिस्रने जन्तुहरूमा धामन, तिरीच, घोरगराईच, हरियो काना, सुगा सर्प, दुई मुखे, पानी सर्प, डोम जातका सर्प, गोहोरा, सुन गोहोरो, आदि पाइन्छन् । चराचुरुङ्गीहरूमा राज धनेश, मयूर, कालो तित्रा, सिम तित्रा, लुईंचे, खैरो धनेश, सुगा, कण्ठे सुगा, मदन सुगा/टुईके सुगा, जुँगे सुगा, कालो गिद्ध, डंगर गिद्ध, लामो ठुँडे गिद्ध, सिलसिले, कटुस टाउके, मौरी

चरी, जङ्गली लाटोकोसेरो, खैरो हाँस, सानो माटोकोरे, भुद्रङ, चिल, काँडे बाज, कण्ठे बाज, घुकुती ढुकुर, सानो बौडाई, ठूलो लहाँचे, छिर्के लहाँचे, कोईली, हुट्टी ट्याउँ, कालो ढाडे लाहाँचे, भद्रे, सानो जलेवा, सानो बकुला, लालसर, कालो भूँडीफोर, चिभे, तोप चरा, कोकले, जुरेली/बुलबुल, गाजले चरी, धोबी चरा, श्यामा, रानी चरी, छिरबिरे माटो कोरे, कालिज, निलकण्ठ, बट्टाई, कुथ्रुके, ठूलो चमेरो, भँगेरी बाज, थोप्ले लाटोकोसेरो, बकुला, मलेवा आदि प्रजातिका स्थानीय र आप्रवासी चराचुरुङ्गीहरू पाइन्छन्।

## ८.२ जैविक विविधता सम्वन्धी विवरण

प्यूठान नगरपालिकाको पर्यावरणीय सन्तुलनका लागि पारिस्थितिक जैविक प्रणालीलाई सन्तुलितरूपबाट कायम राख्न वन, बनस्पती तथा प्राणीहरू बिचको स्थापित सम्बन्धलाई दिगोरूपमा कायम राख्न सजगता अपनाउनुपर्ने देखिन्छ। दिगो विकासका निम्ती पूर्वाधार विकासको क्रममा हुने वनजंगल र पारिस्थितिक विनासलाई न्यूनीकरण गर्न नितान्त आवश्यक छ। वातावरणीय असन्तुलनले वनस्पती वा प्राणीहरूको क्रमिक ह्रास र विनास हुँदै अन्ततः लोप हुने अवस्था हुन सक्छ। विषम हावापानीमा विभिन्न जात जातिका प्राणी र बनस्पती रहेको यस नगरपालिकामा वन संरक्षण र सम्बर्द्धनको कार्यमा स्थानीय बासिन्दाहरूको सहभागिता अपरिहार्य हुन पुगेको छ। यिनै कुराहरूलाई मध्यनजर गरी २०४९ सालमा स्थानीय बासिन्दाहरूलाई आफ्नो दैनिक उपभोग्य वन पैदावारको उपलब्धता गराउने उद्देश्य राखी सामुदायिक वन दर्ता गर्ने कार्यको थालनी भएको पाइन्छ।

मानव जीवनको लागि जैविक विविधताको संरक्षण अपरिहार्य छ। दैनिक जिवनको लागि आवश्यक काठ, दाउरा, घाँसको लागि मात्र नभई पारिस्थितिक तथा जैविक प्रणालीको सन्तुलनको लागि समेत जैविक विविधताको महत्वलाई दृष्टिगत गरी हाल यस नगरपालिकामा सामुदायिक वन जस्ता अवधारणाहरूलाई व्यवहारमा लागु गरिएको छ। यसै सन्दर्भमा वन वरिपरी बढिरहेको जनसंख्या, चोरी निकासी र आगामी दिनहरूमा उक्त वन क्षेत्रले मागेको आधारमा आपुर्ति गर्न नसक्ने वन पैदावरको हैसियतलाई विचार गर्दा यस क्षेत्रको जैविक विविधता व्यवस्थापन कार्य चुनौतीपूर्ण बन्दै गएको छ। हाल सामुदायिक वनहरू वन संरक्षण, सम्बर्द्धन तथा सदुपयोगमा सहभागी भइरहेका छन्।

यस नगरपालिकामा उपोष्ण तथा समशितोष्ण प्रदेशीय जलवायु भएको कारण यस क्षेत्रमा पाइने प्रमुख बनस्पतीका प्रजातिहरूमा, साल, सिसौं, सिमल, जामुन, कदम, खयर, करम, पिठारी, छतिवन, वोहरी, खमारी, वोटधँगेरो, बकाईनो, इप्पील, टिक, वर, पीपल, बेल, अमला, निम, पलाँस, आँप, डुम्री, कटहर, लिची, नरिवल, सुपारी, वयर, काँशी अमला, कैंदल, राजवृक्ष, अशोक, चेरी, समी, मसला, वडहर, अम्बा, केरा, कागती, भोगटे, सरिफा, दारिम, तित्री, फडिर, असारे, साज, सादन, कुम्भी, हर्रो-बर्रो, हल्लुडे, सिरीस, तारी, कुसुम, क्यामुना, दबदबे, टुनी, सान्दन, कर्मा, मालती, पाचपाते, सतिसाल, हल्लुडे, वनसुन्तला, कुम्भी, नेवारो, अशोक, सपेटा । यसै गरी घिस्रने जन्तुहरूमा गनग्वाली, हरहरे, सिरिसे, धामन, हरेउ, ढोडिया, सुनगोहोरो, छेपारो, भित्ती, सर्प, गड्यौला, जुका, अन्य किटपतङ्ग आदि र चराचुरुङ्गीहरूमा कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रूपी, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कन्याङकुरुङ, भद्राई, सारस आदि प्रजातिका स्थानीय र आप्रवासी चराचुरुङ्गीहरू पाइन्छन्।

नगरपालिकाको हावापानीले जीवजन्तु र वनस्पतीहरूलाई संरक्षित गर्न सकिने खालका वासस्थान उपलब्ध गराइएको भएतापनि यहाँको वनक्षेत्र अतिक्रमण र वन फडाँनीको चपेटामा पर्न गएको छ। जैविक विविधता अन्तर्गत पर्ने स्थानीय कला संस्कृतिहरूको विविधतालाई जगेर्ना गर्दै धार्मिक, ऐतिहासिक, सांस्कृतिक र पर्यटकिय दृष्टिकोणले महत्वपुर्ण ठानिएका विभिन्न स्थानहरूको संरक्षण गर्नुपर्ने देखिन्छ।

यस क्षेत्रमा पाइने गैरकाष्ठ वन पैदावारले यहाँका स्थानीय वासिन्दाका कतिपय महत्वपूर्ण आवश्यकता परिपूर्ति गर्नुका साथै प्यूठान नगरपालिकाका ग्रामीण बस्तीहरूको जीवन स्तर उकास्न र खाद्य सुरक्षामा महत्वपूर्ण भूमिका खेलेका छन् । यस्ता पैदावारहरूले जैविक विविधताको संरक्षण गर्नुका साथै रोजगारी र आयआर्जनको आधार तथा साना उद्योगहरूलाई अवसर प्रदान गर्छन् यसको लागि सरकार तथा सम्बन्धित निकायले नीति बनाउनु पर्छ । यस योजना निर्माणको क्रममा विभिन्न सन्दर्भ सामाग्रीहरूको अध्ययन तथा स्थलगत अध्ययनबाट प्राप्त नगरपालिकामा उपलब्ध गैरकाष्ठ वनपैदावारको सूची निम्नानुसार तालिकामा उल्लेखित छन् :

**तालिका नं. १०४ :** प्यूठान नगरपालिकामा उपलब्ध गैरकाष्ठ वन पैदावारहरूको सूची

| वैज्ञानिक नाम | स्थानीय नाम | ठेगाना |
|---|---|---|
| *Asparagus racemosus* | कुरिलो | खलंगा, मरन्ठाना, विजयनगर |
| *Zanthoxylum armatum* | टिमुर | खलंगा, मरन्ठाना, विजयनगर |
| *Artisemia vulgaris* | तितेपाती | जुम्रीकाँडा, |
| *Acorus calamus* | बोजो | जुम्रीकाँडा, |
| *Swertia chirayita* | चिराइतो | जुम्रीकाँडा, |
| *Giardinia diversifolia* | अल्लो | मरन्ठाना, माझकोट |
| | स्वेत चन्दन, श्रीखण्ड | दाखाक्वाडी, बिजुवार |
| *Sapindus mukorossi* | रिठा | मरन्ठाना, बिजुवार, विजयनगर, धर्मावती |
| *Eleocarpus sphaericus* | रुदाक्ष | दाखाक्वाडी, बिजुवार, विजयनगर |
| | रायबृक्ष | विजुवार, मरन्ठाना |
| *Thysanolaena maxima* | अमृसो | मरन्ठाना |
| *Phyllanthus emplica* | अमला | बिजुवार |
| | दालचिनी | वडा नं ९ र १० मरन्ठाना |
| | चिउरी | सबै वडाहरुमा |

*श्रोत: जिल्ला वन कार्यालय, प्यूठान २०७३*

## ८.३ नगरपालिकामा पाईने वन्यजन्तु

### (क) वन्यजन्तु

प्यूठान नगरपालिका रहेको प्यूठान जिल्लामा विभिन्न प्रकारका स्तनधारी वन्यजन्तुहरू पाइन्छन् । यस नगरपालिकामा पाइने प्रमुख वन्यजन्तुहरूमा बाघ, भालु, चितुवा, चित्तल, दुम्सी, बँदेल, खिरखिरे, सालक, बनढाडे, मृग, घोरल, लङ्गुर, बादर, बनमुसा, स्याल, बन बिरालो, रतुवा, खरायो, मलसाप्रो, ढेडु आदि छन्।

### (ख) चराचुरुङ्गी

यस नगरपालिकामा पाईने चराचुरुङ्गीहरूमा कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रूपी, चखेवा, पिरौटा, भुँडिफोर, चिवे, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कच्याङकुरुङ, भद्राई, लामपुच्छ्रे, राजक छेग्रा, सारस आदि प्रमुख छन्।

### (ग) घिस्रने जिवजन्तुहरू

यस नगरपालिकामा विशेष गरी घस्रने जीवजन्तु अन्तर्रगत धामन, तिरीच, घोरगराईच, हरियो काना, सुगा सर्प, दुई मुखे, पानी सर्प, डोम जातका सर्प, गोहोरा, सुन गोहोरो, टोक्ने रुख भ्यागुता पाईएका छन् । यी सरिसृपहरू मध्ये तिरीज, सुगा सर्प, सुनगोहोरो, यस नगरपालिकाको बाहिरी सिवालिक पर्वत्को *(Outer siwalik hills)* को खोलानाला अन्तर्गत पर्ने वन जंगलहरूमा पाईन्छन् ।

### (घ) जलचर तथा उभयचर जीवहरू

सेधरी, डिंरा, चरंगी, रावा, डरही, कूरसा, रोहहू, सौरी, सिंगी, मंगूरा, मैलवा, डोंगी, खेसटी, टेंग्रा, वामे, वक्काइन, ढोरी, हराट, परनी जातका माछाहरू, डल्फीन, ठोटेरा, गँगटा, भ्यागुता, विभिन्न प्रजातीका घुँघी आदि ।

### (ङ) कीरा फट्याङ्ग्राहरू

मौरी, खागो, पुत्को, कठेउरी, गोब्रेकीरा, जुका, बिच्छी, खजुरो, झुसिलो, बारुलो, उडुस, अरिंगाल, शङ्खेकीरा, बच्छ्युँ, माकुरा, बअरिमोठे, डाँस, पतेरो, साङ्लो, लामखुट्टे सयौं प्रकारका किरा फट्याङ्गाहरू आदि ।

## ८.४ वनजंगल

प्यूठान नगरपालिका समुन्द्री सतहबाट ५४१ मिटरदेखि २४२६ मिटर उचाइसम्म फैलिएको छ । यो नगरपालिकामा प्रशस्त मात्रामा वन क्षेत्र हुनुको साथै वन क्षेत्रभित्र जैविक विविधता पनि प्रशस्त रहेको छ । वन क्षेत्रभित्र थुप्रै नदी खोला, झरना सिमसार क्षेत्र र घाँसे मैदानहरू समेत रहेका छन् । नगरपालिका

बाहिरका अन्य नगरपालिका/गाउँपालिका तथा जिल्लाहरूमा करिव करिव लोप अवस्थामा पुगेको प्राकृतिक रूपमा सिसौ र खयर जस्ता महत्वपूर्ण प्रजाति पाईने नदी तटीय वन यस नगरपालिकामा प्रशस्तै मात्रामा रहेको छ । यो विशिष्ट वातावरणीय अवस्थासँग यहाँ बग्ने नदी नालाको अभिन्न सम्बन्ध रहेको छ ।

वन क्षेत्रमा भौगोलिक विविधता भएको कारण यहाँ पाइने वनको किसिम र प्रजातिमा पनि विविधता पाईन्छ । उपोष्ण र सम-शितोष्ण प्रदेशीय भएको यस नगरपालिकाको वन क्षेत्रमा थुप्रै प्रजातिका मिश्रित वन पाईन्छ । हावापानी, भौगोलिक अवस्थिति तथा प्रजातिको आधारमा यस नगरपालिकामा विभिन्न किसिमका वनहरू जस्तै खयर सिसौं, चिरपाईन (खोटे सल्लो), मिश्रित वन र झाडी बुट्यान रहेका छन् ।

## ८.४.१ सामुदायिक वन

स्थानीय बासिन्दालाई वन संरक्षण र उपयोगमा सहभागि बनाउने नेपाल सरकारको नीतिअनुसार यस  नगरपालिकामा जिल्ला वन कार्यालय मार्फत सामुदायिक वन उपभोक्ता समूह गठन गरी वन हस्तान्तरण गर्ने काम पनि भइरहेको छ। वन ऐन, २०४९ तथा वन नियमावली, २०५१ ले व्यवस्था गरे बमोजिम सामुदायिक वनको संरक्षण, सम्बर्द्धन तथा व्यवस्थापनको सम्पूर्ण जवाफदेही सम्बन्धित वन उपभोक्ता समूहलाई नै हुन्छन् । यो कार्यक्रम शुरुमा लागू हुँदा यसको उद्देश्य नाङ्गा डाँडा पाखाहरूमा हरियाली बढाउने र सर्वसाधारण जनतालाई, काठ, दाउरा र डालेघाँस लगायत वन पैदावारको आधारभुत आवश्यकता परिपुर्ति गर्ने रहेको थियो, तर अहिले यस कार्यक्रमको मुख्य उद्देश्यमा विपन्न परिवारहरूको गरिवी निवारण, जीविकोपार्जन, जैविका विविधताको संरक्षण, दिगो वन व्यवस्थापन, सुशासन, समावेसीकरण, लैङ्गिक समानता, विशेष गरि महिला, दलित तथा जनजातिको सहभागिता जस्ता नयाँ नयाँ सवालहरू समेत समावेश भएकोले यस कार्यक्रमले गरिवी न्युनिकरणमा समेत सहयोग पुऱ्याउन सक्ने विश्वास गरिएको छ । जिल्ला वन कार्यालयको प्राविधिक सहयोगमा समूहको स्वीकृत विधान तथा वन कार्ययोजना बमोजिम उपभोक्ता समूहको क्रियाकलापहरू संचालन तथा सामुदायिक वनको संरक्षण, सम्वर्द्धन, व्यवस्थापन तथा वन पैदावारको सदुपयोग हुने गरेको छ ।

यस प्यूठान नगरपालिकामा आ.व. २०७१/७२ सम्ममा २० सामुदायिक वनहरूलाई वन उपभोक्ता समूहमा हस्तान्तण गरिएको छ । विगतको समयमा थोरै जनसंख्याको तुलनामा प्रशस्त वन क्षेत्र भएकोले पनि वन संरक्षणभन्दा उपयोगमा मात्र जोड दिएको पाइन्छ तर गएको केही वर्षदेखि वन क्षेत्र वरिपरिका जनतामा नयाँ जागरण देखिएको छ। बढ्दो अतिक्रमण, लुकिचोरी हुने कटानी, चरिचरन, आगलागी आदि कारण र भैरहेको वन विनासले वनको अवस्था अत्यन्त संवेदनशील भएको छ। त्यसैले गर्दा वन क्षेत्रका बस्तीहरूमा वन संरक्षण समिति तथा वन उपभोक्ता समितिहरू गठन गरी वन संरक्षणका लागि स्थानीय प्रयास शुरु हुन थालेको छ। एकातिर वनको महाभारत क्षेत्र नजिक बस्ने बासिन्दाहरूमा वन संरक्षणको प्रयास शुरु हुँदैछ भने अर्कोतर्फ वनक्षेत्रबाट टाढाका गाउँलेहरूको लागि सर्वसुलभ तरिकाबाट वन उपयोग व्यवस्थित

हुन नसक्दा वनबाट काठदाउरा लुकिछिपी चोरी निकासी हुने क्रम पनि यथावत छ। विगतका वर्षहरूको तुलनामा जनताको सहभागिताको परिणाम स्वरूप वनको महाभारत क्षेत्र लगायत सघन अवस्थामा रहेका कतिपय वनक्षेत्रहरू पुनः प्राकृतिक अवस्थामा रूपान्तरित हुन पुगेका छन्। सामुदायिक वनहरूमा विद्यमान संरक्षण र आफ्नो सामुदायिक वन प्रतिको लगावको परिणाम स्वरूप उजाड र मरुभूमीकरणतर्फ उन्मुख हुँदै खोला र खहरेहरूले ग्रसित भएका वनक्षेत्रहरू आज प्राकृतिक रूपमा संरक्षित भएका छन्। सामुदायिक वनका उपभोक्ताहरूसँग प्राविधिक ज्ञान र वनको उत्पादकत्व बढाउन आवश्यक पर्ने प्रविधिको अभाव खड्किएको छ। तसर्थ वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन सामुदायिक वनहरूलाई स्रोत, साधन र प्रविधियुक्त जनशक्तिको उपलब्ध हुनु जरुरी छ। उपभोक्ताहरूमा रहेका परम्परागत वन संरक्षण विधिहरूका अतिरिक्त नयाँ विधि र कार्यशैलीहरूको विकास गराउन जरुरी देखिन्छ। दक्षता अभिवृद्धिका निमित्त सामुदायिक वन उपभोक्ताहरूलाई तालिम, गोष्ठी, सेमिनार र अवलोकन भ्रमणका अवसरहरू प्रदान गर्नुपर्ने देखिन्छ।

बौद्धिक सम्पदा अधिकार (Patent right) का विषयमा र WTO सम्बन्धी अवधारणाहरूका विषयमा समुदायलाई आवश्यक जानकारी गराउनु र अनुशिक्षण दिनुपर्ने देखिन्छ। नगरपालिका र सामुदायिक वन उपभोक्ता समूहहरूको सहभागितामा सामुदायिक वनभित्र गैरकाष्ठ वनपैदावारको उत्पादनलाई प्रोत्साहित गर्न विभिन्न तालिम, गोष्ठी र अध्ययन भ्रमणहरू गरिदै आएका छन्। यसले स्थानीय स्तरबाट वन व्यवस्थापनका सम्पूर्ण पक्षहरूलाई अघि बढाउन र वनक्षेत्रको उत्पादन बढाउन थप मद्दत मिल्ने देखिन्छ। सामुदायिक वनहरूको सुदृढीकरणका निमित्त जिल्ला वन कार्यालयको जनशक्ति मात्रले सम्भव नदेखिएकाले उक्त कार्यका निमित्त वनसँग आवद्ध विभिन्न गैससहरूलाई नगरपालिकामा परिचालन गर्नुपर्ने देखिन्छ।

माथि उल्लेखित तथ्यहरूको आधारमा हालसम्म नगरपालिकाले काठ दाउराको बिक्री वितरणबाट आय गरेको देखिएता पनि वनको परम्परागत उत्पादनमा ह्रास र परम्परागत प्राकृतिक स्रोतको दोहनले गर्दा भावी दिनहरूमा सुख्खा, ढलापडाको संकलनको स्थिति यही रहला भन्न सकिन्न। सामुदायिक वनहरूको क्रमिक हस्तान्तरण र वन संरक्षणका प्रभावकारी उपायहरूको अवलम्बनले प्राकृतिक पुनरुत्पादन क्रमशः बढ्दै जाने देखिन्छ। वनहरूबाट काठ र दाउराको परम्परागत उत्पादन लिने प्रवृत्तिमा परिवर्तन गर्दै जनतालाई गैरकाष्ठ पैदावारको उत्पादनतर्फ उन्मुख गराउनुपर्ने र वन्यजन्तुहरूको व्यवसायिक पालन लगायतका गतिविधिहरूबाट आय स्रोतहरूमा बृद्धि गर्न जनसहभागितामा विशेष जोड दिनुपर्ने देखिन्छ।

वन विकास गुरुयोजना, २०४६ ले प्राथमिकतामा राखेको सामुदायिक वन विकास कार्यक्रममा यो नगरपालिकाले अग्रणी भूमिका खेलेको छ। नगरपालिकामा वनहरूको संख्या धेरै भएपनि ती सबैलाई उपभोक्तालाई हस्तान्तरण गरिसकिएको छैन । वन विकास गुरुयोजना, २०४६ ले प्राथमिकतामा राखेको सामुदायिक वन विकास कार्यक्रममा यो नगरपालिका ले अग्रणी भूमिका खेलेको छ ।

तालिका नं. १०५ : सामुदायिक वन व्यवस्थापनको विवरण

| क्र स. | सा.व को नाम | ठेगाना | क्षे.फ हे. | कायम क्षेत्रफल घरधुरी | | जनसंख्या (जना) | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | महिला | पुरुष | जम्मा |
| विजुवार ईलाका वन कार्यालय | | | | | | | | |
| १ | गुरुङ्ग गाउँ | माझकोट १,२ बिजुवार १,३ | १३१.९९ | १३१.९९ | ९१ | २२४ | २४७ | ४७१ |
| २ | ढाडेमेला | माझकोट ७ | ९७.३८ | ९७.३८ | ७५ | १८६ | २२९ | ४१५ |
| ३ | देउराली | माझकोट ८ | ९५ | ९६.१५ | १८० | २८४ | २९१ | ५७५ |
| ४ | पातिहाल्ने कालीपोखरी | माझकोट ६ | १० | १०।२७ | ६४ | १७२ | १८२ | ३५४ |
| ५ | देउनीखर्क | माझकोट ६ | १० | १३.२४ | २४ | ७८ | ७५ | १५३ |
| ६ | बाघेखोला | जुम्रिकांडा ९ | ९६.९३ | ९६.९३ | ७८ | २०१ | २१३ | ४१४ |
| ७ | भंगेरी | माझकोट ९ | ४८ | ४८ | ४८ | ५८ | ६२ | १२० |
| ८ | बांसपानी गउखोला | माझकोट ८ | १२ | १२ | ५२ | ११७ | १२६ | २४३ |
| ९ | सालघारी | जुम्रिकांडा ५ | ७४.८५ | ७४.८५ | ९९ | २७२ | २८३ | ५५५ |
| १० | मनखर्क काफलगैरा | माझकोट ९ | १०.२ | ११.७३ | ५९ | १६७ | १७३ | ३४० |
| ११ | रिजिङ्ग घोप्टेभिर | माझकोट ५ | ६.५ | ६.५ | ४० | १०२ | १०९ | २११ |
| १२ | जौलीपोखरी भेरीखोर महिला | माझकोट ५ | ३.५ | ३.५ | २१ | ७१ | ७८ | १४९ |
| १३ | तिखाचुली | माझकोट ३ | १८.६६ | १८.६६ | ४४ | ११८ | १२४ | २४२ |
| १४ | कट्के महिला | माझकोट २ | ३ | ३ | ५२ | १२३ | ११८ | २४१ |
| १५ | ठूलीचौर | माझकोट ६ | ५ | ५ | ६४ | १७३ | १८४ | ३५७ |
| १६ | दुम्पानी | माझकोट २ | ३३.९७ | ३३.९७ | ६८ | १६५ | १७५ | ३४० |
| १७ | जाईखोली | माझकोट ४ | ५३.७१ | ५३.७१ | ९७ | २७८ | २६९ | ५४७ |
| १८ | मसिना | जुम्रिकाँडा ३ | ८७.४९९ | ८७४९९ | ६७ | ११७ | १२५ | २४२ |
| १९ | देवस्थल | जुम्रिकाँडा ५ | ३१.७ | ३१.७ | १०४ | २९६ | २९५ | ५९१ |
| २० | कन्या कुमारी | प्यूठान न.पा. १०, ११, | ० | २०१.६४ | २५० | ६९५ | ७०७ | १४०२ |
| | | कुल जम्मा | ८२९.८८ | १०३७.७१९ | १५७७ | ३८९७ | ४०६५ | ७९६२ |

*स्रोत: जिल्ला वन कार्यालय, प्यूठान २०७२*

प्यूठान नगरपालिकामा आ.व.२०७१/०७२ सम्ममा जम्मा २० वटा सामुदायिक वनहरू उपभोक्तालाई हस्तान्तरण गरिएको छ। हस्तान्तरित सामुदायिक वनले यस नगरपालिकामा १०३७.७१ हे. क्षेत्रफल ओगटेको छ भने १५७७ घरधुरी अर्थात् ७९६२ जनसंख्या लाभान्वित भएका छन्।

### पछिल्लो तथ्याङ्क अनुसार नगरपालिकामा भएका सामुदायिक तथा कबुलियति वनको विवरण

**तालिका नं. १०६ :** पछिल्लो तथ्याङ्क अनुसार नगरपालिकामा भएका सामुदायिक तथा कबुलियति वनको विवरण

| बन क्षेत्र (निजी वन बाहेक) | | | क्षेत्रफल (बर्ग कि.मी.) | कैफियत |
|---|---|---|---|---|
| क्र.सं. | सामुदायिक/कबुलियति वनको नाम | | | |
| १ | राजखर्क सा.व. समेत ५ वटा सा.व. | ९.५३४ | ९.५३४ | |
| २ | भिरपाटी समेत ७ वटा सा.व. | ५.७९९ | ५.७९९ | |
| ३ | वसन्तवहार समेत ३ वटा सा.व. | ४.४४ | ४.४४ | |
| ४ | सापडाँडा समेत १० वटा सा.व | ४.५६६ | ४.५६६ | |
| ५ | कालीका सा.व. समेत ५ वटा सा.व. र ७ वटा क.व. | २.०६७५ | २.०६७५ | |
| ६ | टिकुरी सा.व. समेत ७ वटा सा.व. र ३ वटा क.व. | ३.०५ | ३.०५ | |
| ७ | धर्मावति सा.व. समेत १० वटा सा.व. | ४.३९ | ४.३९ | |
| ८ | गुरुंगगाउँ सा.व. समेत १६ वटा सा.व. र ४ वटा क.व. | ५.६६ | ५.६६ | |
| ९ | वाघेखोला सा.व. समेत ४ वटा सा.व | १.७१ | १.७१ | |

*स्रोत: स्थानीय तह पुनर्संरचना प्राविधिक सहयोग समिति, प्यूठान २०७३*

### ८.४.२ धार्मिक वन

धार्मिक संघ/संस्थाको वरिपरि रहेको वन जंगल क्षेत्रहरू धार्मिक क्षेत्रको महत्व र सौन्दर्य बढाउने उद्देश्यले त्यस्ता धार्मिक वनको रूपमा हस्तान्तरण गरिन्छ। नगरपालिकाको विभिन्न भागहरूमा रहेका धार्मिक स्थल धार्मिक वनको सम्भावना बोकेका क्षेत्रहरू भएतापनि त्यसको उचित संरक्षण र प्रर्वद्धन हुन नसकेको देखिन्छ ।

### ८.४.३ सरकारद्वारा व्यवस्थित वन

नगरपालिकाको कुल वन क्षेत्र मध्ये नगरपालिकामा सामुदायिक वन र धार्मिक वनको रूपमा हस्तान्तरित बाहेक बाँकी रहेको वन क्षेत्र सरकारद्वारा व्यवस्थित वनको रूपमा रहेको छ ।

## ८.५ निजी आवादीमा रहेका रुख विरुवाहरूको अवस्था

हाल यस  नगरपालिकाको  वन उपभोक्ताको निजी आवादीमा वृक्षारोपण गरिएका रुख साल, श्रीखण्ड, अस्ना, सल्ला प्रजाती, चिउरी, सिमल, चाँप, टुनी, खयर, ओखर, सतिसाल, अर्जुन, रातो सिरिस, भिमल, गिठा, लालि गुरांस, काउलो, अमला, सुगन्धकोकिला, दालचिनी, बर, सुगन्धवाल, पाषणबेद, टिमुर, चिराईतो, कुरिलो आदि यस जिल्लामा पाईने  बनस्पतिहरू हुन ।

## ८.६ वन पैदावरको माग र आपूर्ति

अत्यधिक बसाई सराईले गर्दा प्यूठान जिल्लाको जनसंख्याको वृद्धि नेपालको औसत वृद्धि भन्दा बढी छ। प्यूठान जिल्लामा रहेको प्यूठान नगरपालिका बाट उत्पादन भएका वन पैदावारको बिक्री वितरण उपभोगको स्थितिलाई हेर्दा यहाँको उत्पादन यस नगरपालिकाको आपूर्तिलाई पुऱ्याई जिल्लाभित्रकै अन्य नगरपालिका तथा ग्रामिण क्षेत्र तथा अन्य जिल्लामा पनि जाने गरेको छ।

नगरपालिकामा वन पैदावार आपूर्ति समितिको संचालन नभएबाट स्थानीय जनताका काठ दाउरा सम्बन्धि माग पुरा हुन नसकी जनगुनासो आई रहेको सन्दर्भमा आ.व. ०६६/०६७ देखि नगरपालिकामा वन पैदावार आपूर्ति समितिको संचालन गर्ने सोच लिईएको भएता पनि खासै काम हुन सकेको थिएन। तर आ.व. २०६८/०६९ देखि स्थानीय उपभोक्ताहरूको माग र आवश्यकतालाई ध्यानमा राखी जिल्ला वन पैदावार आपूर्ति समितिलाई पुनः संचालनमा ल्याई काठ दाउरा बिक्री वितरण गर्ने कार्यको थालनी गरिएको छ। यसको लागि आपूर्ति समितिले सामुदायिक वन उपभोक्ता समूहसँग समेत काठ दाउरा खरिद गरि स्थानीय जनताहरूलाई बिक्री वितरण गर्ने व्यवस्था मिलाएको छ।

यस नगरपालिकामा काठ/दाउरा खपत मुख्य वन पैदावारमा आधारित उद्योगहरूमा हुने गर्दछ। यस अलावा यहाँको बढ्दो जनसंख्या र बसाई सराई तथा शहरीकरणले आवश्यक पर्ने काठ/दाउरा तथा विकास निर्माणमा काठको माग बढ्दै गएको छ। वनजंगलको नजिकका परिवारले बढी काठ/दाउरा खपत गर्दछन् भने वनबाट टाढा रहने परिवारले धेरै कम परिमाणमा काठ/दाउरा खपत गर्ने गरेको पाईन्छ।

## ८.७ जडिबुटी सम्बन्धी विवरण

प्यूठान जिल्लालाई श्रीखण्ड (सेतो चन्दन) को जिल्ला भनेर पनि चिनिन्छ। सेतो चन्दनको जिल्ला भनेर चिनिने भएता पनि यो प्रजाती यहाको स्थानिय प्रजाति भने होईन। करिव ४० वर्ष पहिले प्यूठान नगरपालिका अवस्थित साविकको दाखाक्वाडी गा.वि.स.का स्व.माथवर सिह खत्रीले दक्षिण भारतवाट २ गोटा विरुवा ल्याई आफ्नो निजी आवादीमा वृक्षारोपण गरेको स्थानिय वासिन्दाहरूको भनाई रहेको छ।

यस नगरपालिकाको वन क्षेत्रमा पाइने जडिबुटीहरूमा रिट्ठा, टिमुर, सतावरी, बो ी कुरिलो, दाल्चिनि, पावन, तेजपात, गुँरास, चिउरी, हर्रो, बर्रो, राजवृक्ष, सजिवन, चिराँईतो लहरेगुर्जो, सुगन्धवाल, चुत्रो अमला , रुदिलो, तितेपाती आदि जडिबुटीहरू संकलन तथा बिक्री हुने प्रसस्त संम्भावना रहेको देखिन्छ।

## ८.८ वन पैदावरमा आधारित उद्योगहरूको विवरण

प्यूठान नगरपालिकाको वन पैदावारमा आधारित उद्योगहरूको अध्ययन गर्दा फर्निचर, मौरीघार, जडिबुटी, रेशा प्रशोधन, अल्लो कपडा, बाँस हस्तकलाजस्ता वन पैदावारमा आधारित सानातिना उद्योगहरू पनि संचालन हुँदै आईरहेका छन्। २०३९ सालमा घरेलु तथा साना उद्योग कार्यालय स्थापना भए पछि जित फर्निचर उद्योग, मरन्ठाना-७ यस नगरपालिकाको वन पैदावारमा आधारीत दर्ता भएको पहिलो उद्योग हो अरु उद्योगहरूको विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. १०७ : उद्योगहरूको विवरण

| क्र.सं. | उद्योगको नाम | ठेगाना | उद्योगको प्रकृति |
|---|---|---|---|
| १ | श्री जित फर्निचर उद्योग | मरन्ठाना-७ | निजी |
| २ | श्री पशुपति फर्निचर उद्योग | विजुवार-६ | निजी |
| ३ | श्री शिव फर्निचर उद्योग | धर्मावती-१ | निजी |
| ४ | श्री स्वर्गद्धारी फर्निचर उद्योग | खलंगा -८ | निजी |
| ५ | श्री तुलसी फर्निचर उद्योग | खलंगा -८ | निजी |
| ६ | श्री हरियाली फर्निचर उद्योग | धर्मावती-१ | निजी |
| ७ | श्री विनायक भेनियर उद्योग | विजुवार-६ | निजी |
| ८ | श्री जी.एम. फर्निचर उद्योग | खलंगा-८ | निजी |
| ९ | श्री स्वर्गद्धारी भेनियर उद्योग | खलंगा -८ | निजी |
| १० | श्री स्वर्गद्धारी जडीबुटी संकलन केन्द्र | विजयनगर-४ | निजी |
| ११ | श्री प्यूठानी सयपत्री जडीबुटी संकलन तथा वितरण केन्द्र | विजयनगर-३ | निजी |
| १२ | श्री झिमरुक जडीबुटी खरिद विक्रि केन्द्र | विजुवार-७ | निजी |
| १३ | श्री साधना जडीबुटी संकलन केन्द्र | विजुवार-१ | निजी |
| १४ | श्री आधुनिक मौरीघार उद्योग | मरन्ठाना-९ | निजी |
| १५ | श्री राधाकृष्ण फर्निचर उद्योग | खलंगा-८ | निजी |
| १६ | श्री ओम फर्निचर उद्योग | विजुवार-६ | निजी |

*स्रोत: जिल्ला वन कार्यालय, प्यूठान २०७४*

## ८.९ वन संरक्षणका लागि चाल्नु पर्ने कदम

राष्ट्रिय, सामुदायिक र संरक्षित वनहरूलाई सघनीकरण गर्दै तिनीहरू भित्र गैरकाष्ठ पैदावार र बहुमुल्य जडिबुटीहरूको उत्पादन गर्नु नितान्त आवश्यक छ। राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारको विश्लेषण गरी गैरकाष्ठ पैदावारमा आधारित जडिबुटी प्रशोधन उद्योगको स्थापना तथा सञ्चालनतर्फ सरकारी तथा गैरसरकारी संघसंस्थाहरूको संलग्नता हुनु नितान्त आवश्यक देखिन्छ। नगरपालिकामा जनसंख्याको चाप बढ्दै गएको र उन्नत जातका पशुहरूको तुलनामा स्थानीय अनुत्पादक पशुहरूको संख्या पनि उच्च रहेको

देखिन्छ। यी अनुत्पादक पशुहरूको अनियन्त्रित चरिचरनको कारण राष्ट्रिय र संरक्षित वन क्षेत्रहरू प्रभावित भएका छन् प्राकृतिक रूपबाट पुनरुत्पादन हुने गरेको पोथ्रा पोथ्रीहरू अनियन्त्रित चरिचरनले विनाश भइरहेका छन्। प्राकृतिक स्रोत र साधनहरूको दिगो उपयोगबाट नै मानव समाजको समुन्नत भविष्यको परिकल्पना गर्न सकिन्छ। जनताको सहभागिता र संलग्नतामा वन संरक्षणलाई सामुदायिक वन कार्यक्रम, कबुलियती वन कार्यक्रम र कृषि वन कार्यक्रम सञ्चालन गरी गरिब, असहाय, अपाङ्ग र महिला समुदायलाई हस्तान्तरण गर्नुपर्ने देखिन्छ। वनको हैसियतमा सुधार ल्याउन सामुदायिक वन उपभोक्ता समूहहरूबाट हुन सक्ने सकारात्मक कार्यक्रमहरूलाई पहिचान गरी सहभागितात्मक सामुदायिक वन विकास कार्यक्रम अघि बढाउनु अत्यावश्यक देखिन्छ। वन नीति २०७१ का अनुसार वन संरक्षणमा चाल्नुपर्ने कदमहरु निम्न बुँदाहरुमा उल्लेख गरिएको छ। वन नीति २०७१ का अनुसार वन संरक्षणमा चाल्नुपर्ने कदमहरु निम्न बुँदाहरुमा उल्लेख गरिएको छ।

- ✓ घरायसी तथा अन्य इन्धनको रुपमा प्रयोग हुने काठ वा वन पैदावारको विकल्पमा अन्य वैकल्पिक उर्जाको प्रयोगलाई प्रोत्साहन गर्ने।
- ✓ बहुपक्षिय सहभागितात्मक संयन्त्रको विकास गरी चोरी शिकारी, अवैध कटान, वन पैदावारको अवैध संकलन, अत्यधिक चरिचरन, मिचाहा प्रजाती र डढेलो नियन्त्रण गर्ने।
- ✓ पर्यापर्यटन प्रवर्द्धनको विकासका लागि राष्ट्रिय वनमा तोकिएका प्रजातिका वन्यजन्तु तथा विरुवाको संरक्षण, प्रजनन् र उपयोग गर्ने।
- ✓ दिगो वन व्यवस्थापनको नीति अवलम्वन गर्ने।
- ✓ जौविक विविधता, सिमसार क्षेत्रको संरक्षण र जलवायू परिवर्तनको विषयमा एकिकृत कार्यक्रम संचालन गर्ने।

# खण्ड ९ : विकास सूचकाङ्क र गरिवीको स्थिति

## ९.१ मानव विकास सूचकको विवरण (HDI)

मानव विकास सूचकाङ्कले तीनवटा कुरालाई आधार बनाएको छ। जसमा आम्दानी, शिक्षा र सापेक्षित आयु छन् । यी तिनवटै परिसूचकलाई समावेश गरी मानव विकासको सूचक निर्धारण गरिएको छ। हरेक देश/ठाउँका जनताको स्वास्थ्य स्थिति, शैक्षिक अवस्था, तथा जीवन स्तरको अवस्था मापन गरी स्तर निर्धारण गर्ने प्रयोजनको लागि संयुक्त राष्ट्रसंघको विकास कार्यक्रम (UNDP) ले विकास गरेको शिक्षा, स्वास्थ्य तथा प्रतिव्यक्ति आयका सूचकहरूको संयुक्त सूचकाङ्क नै मानव विकास सूचकाङ्क हो। UNDP नेपालले हालै नेपालका सबै जिल्लाहरूको मानव विकास सूचकाङ्कको मान समेटिएको नेपाल मानव विकास प्रतिवेदन, २०१४ सार्वजनिक गरेको छ। यो प्रतिवेदनअनुसार प्यूठान जिल्लाको मानव विकास सूचकाङ्क ०.४१३ ( नेपालको ०.४९०) रहेको छ। अर्थात् प्यूठान जिल्लाको मानव विकास सूचकाङ्क नेपालको राष्ट्रिय औषत भन्दा कम देखिन्छ। मानव विकास सूचकाङ्कको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगट्न सफल काठमाण्डौं जिल्लाको मानव विकास सूचकाङ्क ०.६३२ रहेको छ भने दोस्रो स्थानमा ललितपुर मानव विकास सूचक ०.६०१ रहेको छ । पुच्छारमा रहेको बाजुरा जिल्लाको मानव विकास सूचकाङ्क ०.३६४ रहेको छ। मानव विकास सूचकाङ्कका अवयव सूचकहरू हेर्ने हो भने प्यूठान जिल्लाको हरेक व्यक्तिको अपेक्षित औषत आयु (life expectancy) ६४.३३ वर्ष र यसको सूचक ०.५५५, प्रौढ साक्षरता दर (adult literacy) ५८.०१ प्रतिशत र यसको सूचक ०.५८०, शिक्षा आर्जनमा खर्चेको औषत समय (mean years of schooling) २.९१ वर्ष र यसको सूचक ०.१९४ तथा प्रतिव्यक्ति आय (Per Capita Income) ८४२ अमेरिकी डलर र यसको सूचक ०.३७४ रहेको देखिन्छ।

**तालिका नं. १०८ :** मानव विकास सुचकको विवरण (HDI)

| क्षेत्र | स्वास्थ्य | | शिक्षा | | | | आम्दानी | | मानव विकास सुचक |
|---|---|---|---|---|---|---|---|---|---|
| | सापेक्षित आयु | | प्रौढ साक्षरता | | विद्यालय जाने मध्यम वर्ष | | प्रतिव्यक्ति आम्दानी (क्रय शक्ति) | | ज्यामितीय मध्यक |
| | मान | सुचक | मान | सुचक | मान | सुचक | मान | सुचक | |
| नेपाल | ६८.८० | ०.७३० | ५९.५७ | ०.५९६ | ३.९० | ०.२६० | ११६० | ०.४०९ | ०.४९० |
| प्यूठान | ६४.३३ | ०.६५५ | ५८.०१ | ०.५८० | २.९१ | ०.१९४ | ६८१ | ०.३२० | ०.४१३ |

*स्रोतः नेपाल मानव विकास प्रतिवेदन, २०१४*

## ९.२ मानव गरिवी सूचकाङ्क (Human Poverty Index)

अपेक्षित औषत आयु ४० वर्ष वा सो भन्दा कम भएको जनसंख्याको प्रतिशत, प्रौढ निरक्षरता, सुरक्षित खानेपानी नपुगेको जनसंख्याको प्रतिशत तथा कुपोषित ५ वर्ष भन्दा मुनिका बालबालिकाहरूको प्रतिशतजस्ता सूचकहरूको संयुक्त सूचकाङ्कको रूपमा विकास गरिने मानव गरिवी सूचकाङ्कको स्थिति हेर्दा प्यूठान जिल्ला मानव विकास सूचकाङ्कको स्थिति राम्रो अवस्थामा रहेको देखिन्छ। प्यूठान जिल्लाको मानव गरिवी सूचकाङ्क मान ३३.९३ (नेपालको ३१.१२) रहेको छ। यो सूचकाङ्कको मान जति कम भयो त्यति राम्रो मानिन्छ किनभने यो सूचकाङ्क नकारात्मक सूचकहरूको प्रयोग गरी निकालिन्छ। जस्तै: प्रौढ निरक्षरता दर। मानव गरिवी सूचकाङ्कको आधारमा सबैभन्दा माथिल्लो स्थानमा हुम्ला जिल्लाको मानव गरिवी सूचकाङ्क ४९.२६ रहेको छ भने पुच्छारमा रहेको कास्की जिल्लाको मानव गरिवी सूचकाङ्कक १६.५० रहेको छ। मानव गरिवी सूचकाङ्कका अवयव सूचकहरूमा प्यूठान जिल्लाको प्रौढ निरक्षरता दर (Adult illiteracy rate) ४१.९९ प्रतिशत, ४० वर्षसम्म पनि बाँच्न सक्ने अपेक्षा नगरिएको जनसंख्या (Percentage of people not expected to survive to age 40) ११.६१ प्रतिशत सुरक्षित खानेपानी नपुगेको जनसंख्या (Percentage without safe water) २०.८७ प्रतिशत तथा ५ वर्ष मुनिका कुपोषणबाट प्रभावित बालबालिकाको संख्या (Percentage of children under age five who are malnourished) ४८.४० प्रतिशत रहेको देखिन्छ।

*स्रोत : नेपाल मानव विकास प्रतिवेदन, २०१४, UNDP, NEPAL*

## ९.३ मानव विकास र गरिवी

प्यूठान जिल्ला न्यून समृद्धिस्तर भएका जिल्लाहरूको श्रेणीमा पर्दछ। ७५ जिल्लाहरू मध्ये यो जिल्ला ५३ औँ स्थानमा रहेको छ र गरिवीको दर ३२.१९ प्रतिशत रहेको छ । जिल्लामा गरिवीको रेखामुनी रहेको संख्या ७२,७९१ रहेको देखिन्छ । गरिवीको दरको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगट्न सफल कास्की जिल्लाको गरिवीको दर ४ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको बाजुरा जिल्लाको गरिवीको दर ६४.१ प्रतिशत रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. १०९ :** गरीबीको दरको विवरण

| गरिबीको स्थान | गरिबीको दर (प्रतिशत) | गरिबीको विषमता (प्रतिशत) | गरिबीको गहनता ( प्रतिशत) | गरीबहरूको संख्या |
|---|---|---|---|---|
| ५३ | ३२.१९(८.६८) | ७.८८(२.९) | २.७८(१.२३) | ७२७९१ |

*श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११*

## ९.४ गरिवी न्यूनीकरण

सहरी गरिवी न्यूनीकरणका लागि स्वरोजगार सृजना गर्ने, उद्यमशीलताको खोजी तथा प्रवर्द्धन गर्ने एवं विभिन्न सिपमूलक तथा क्षमता अभिवृद्धि हुने क्रियाकलापद्वारा विशेषत ग्रामीण प्रकृतिका वडाहरूमा रोजगारी सृजना गर्नेतर्फ कार्यक्रम केन्द्रित गरी नयाँ थप भएका वडाहरूमा विभिन्न शिपमूलक तालिम सञ्चालन गरी जीविकोपार्जनका कार्यक्रमलाई प्रोत्साहन गर्नु पर्ने देखिन्छ ।

## ९.५ समग्र विकास स्थिति

राष्ट्रिय जनगणना २०६८ अनुसार ३८,४४९ जनताको बसोबास भएको यस नगरपालिकामा खास गरी सामाजिक रूपले पछिपरेका र आर्थिक रूपले विपन्न अवस्थामा रहेका गरिवीको रेखामुनि परेका जनताको जीवनस्तरलाई कसरी माथि उठाउने र सामाजिक भेदभाव रहित एवं आर्थिक रूपले सम-समुन्नत नगरपालिकाको निर्माण कसरी गर्ने भन्ने चुनौतीलाई समयसापेक्ष रूपमा समाधान गर्न विगतदेखि वर्तमानसम्म गरिएका मानवीय प्रयासहरू र तिनबाट प्राप्त प्रतिफलको आधारमा जीवनस्तरमा भएको रूपान्तरणलाई नै अहिलेसम्मको मानवीय विकासको रूपमा लिन सकिन्छ। यसरी हेर्दा नगरपालिका बासीहरूको मानवविकास सुचकाङ्क, लैंगिक समता सुचकाङ्क, औसत आयु, औसत ग्राहस्थ उत्पादन, औसत साक्षरता दर र औसत आम्दानीजस्ता विभिन्न आयामहरूलाई दृष्टिगत गर्नु आवश्यक हुन जान्छ। संक्षेपमा नगरपालिकाको मानवीय विकासको स्थितिलाई हेर्दा जनताको यातायात सेवामा पहुँच अझै पनि बाह्रै महिना भरपर्दो गरी पुऱ्याउन सकिएको छैन। यसै गरी स्वास्थ्य सेवाको पहुँचमा खास गरी आदिवासी जनसमुदायको बसोबास र बाहुल्य रहेको भौगोलिक क्षेत्रमा थप सेवा प्रदान गर्नुपर्ने आवश्यकता विद्यमान छ। स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकी स्थापित भए बमोजिम आवश्यक दक्ष स्वास्थ्यकर्मीहरूको पर्याप्तता नहुँदा जनताको स्वास्थ्य सेवा पाउने स्थितिमा गुणात्मक परिवर्तन आएको देखिँदैन। केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्कअनुसार नगरपालिकामा खानेपानीको आपूर्तिको लागि विभिन्न श्रोतको प्रयोग गरेको देखिन्छ। जसमा धारा तथा पाइपका प्रयोग गर्ने घरधुरीको संख्या सबैभन्दा बढी ७,२९२ (८१.३५ प्रतिशत) प्रतिशत देखिन्छ भने दोस्रो ठूलो स्रोतको मुल धाराको प्रयोग गर्ने घरधुरी संख्या ९२६ (१०.३३ प्रतिशत) देखिन्छ। त्यस्तै, खुला इनार तथा कुवा प्रयोग गर्ने ३.३५ प्रतिशत देखिन्छ ।

सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण आयामको रूपमा रहेको शिक्षा क्षेत्रमा यो नगरपालिका प्यूठान जिल्लाका अन्य नगरपालिका हरूको तुलनामा केही अगाडि रहेको देखिन्छ। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार यस नगरपालिकाको साक्षरता दर ७१.८५ प्रतिशत (नेपालको ६५.९४ प्रतिशत) रहेको छ। लैंगिक हिसाबले यो नगरपालिका पनि अन्यत्र झैं केही विभेद रहेको पाईन्छ। जस्तैः यस नगरपालिकाको पुरुषको साक्षरता दर ८३.१८ प्रतिशतको तुलनामा महिलाको साक्षरता दर ६३.५३ प्रतिशत मात्र रहेको छ। पुरुष र महिलाको साक्षरता दरमा लगभग १९.६५ प्रतिशतको फरक देखिन्छ। सबैभन्दा अग्रस्थानमा रहेको काठमाण्डौ जिल्लाको साक्षरता दर ८६.२५ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको रौतहट जिल्लाको साक्षरता दर ४१.६९ प्रतिशत रहेको छ।

शिक्षा तर्फ र प्राथमिक शिक्षालाई सबै नगरपालिका बासीहरूको प्राथमिक अधिकारको रूपमा अझै पनि व्यवहारिक रूपमा स्थापित गर्न सकिएको छैन र अद्यावधिक स्कुल जाने उमेरका केही बालबालिकाहरूले स्कुल भर्ना भई पढ्न पाइरहेका छैनन् । पहिलो कुरा त स्थापित स्कुलहरूमा समेत कक्षाकोठाहरूको कमी हुनु र शिक्षक विद्यार्थी अनुपात बढी रहनु स्वयंमा विडम्बनापूर्ण स्थिति छ भने अर्का तिर माध्यमिक तह र उच्च शिक्षा पुरा गरेका युवाहरूको समेत रोजगारीको प्रत्याभुति हुन सकेको छैन । माध्यमिकस्तरको शिक्षालाई व्यवसायिक नबनाएसम्म हाल शिक्षामा देखिएको निराशाजनक स्थितिको अन्त्य हुने सम्भावना पनि देखिँदैन .

यस नगरपालिकाको जनसंख्या जसरी नेपालको जनसंख्या बढेको छ त्यही स्थितिले यहाँ पनि जनसंख्या बढिरहेको अवस्था देखिन्छ । जनसंख्या दोब्बर हुँदाको अवस्थामा जनतालाई गाँस, बास, शिक्षा र स्वास्थ्य सेवा साथै रोजगारीको व्यवस्था पनि दोब्बर गर्नुपर्ने देखिन्छ ।

**प्यूठान नगरपालिकामा समावेश हुने साविकका गाविस वा नगरपालिकाको अचल सम्पत्ति विवरण ( गाविस, नगरपालिका, कृषि, पशु, स्वास्थ्य, हुलाक, रेन्जपोष्ट आदि कार्यालयको एकमुष्ठ)**

| क.सं. | अचल सम्पत्ति | ईकाई (वटा, विगाहा, रोपनी, कठ्ठा आदि) | स्वामित्व रहेका साविक गा.वि.स वा न.पा | कैफियत |
|---|---|---|---|---|
| १ | भवन | १० वटा | सवै साविक गा.वि.स. | |
| २ | जग्गा | २१ रोपनी | सवै साविक गा.वि.स. | |
| ३ | गाडी | १ | प्यूठान न.पा. | |
| ४ | मोटरसाईकल | १ वटा | प्यूठान न.पा. | |
| ५ | कम्प्यूटर | ५सेट | प्यूठान न.पा. | |
| ६ | अन्य | | | |

गाविस वा नगरपालिकाका कर्मचारी सम्बन्धी विवरण (स्थानीय तर्फको स्वीकृत दरबन्दी)

| सि.नं. | नाम | पद | तह श्रेणी | कैफियत |
|---|---|---|---|---|
| १ | मरन्ठाना | ईन्जिनियर १, सव ईन्जिनियर १, ना.सु २, वडा सचिव ६, प्राविधिक सहायक २ जना , | | |
| २ | दाखाक्वाडी र खैरा | | | |
| ३ | दाखाक्वाडी | | | |
| ४ | विजयनगर | | | |
| ५ | विजुवार र खलंगा | | | |
| ६ | विजुवार | | | |
| ७ | धर्मावती | | | |
| ८ | माभ्कोट | | | |
| ९ | जुम्रीकाँढा | | | |

# प्यूठान नगरपालिका

५ नं. प्रदेश, प्यूठान नेपाल

नगर कार्यपालिकाका नगर सभाका सदस्यहरुको विवरण

| क्र.स. | नाम | पद | वडा नं |
|---|---|---|---|
| १ | अर्जुन कुमार कक्षपती | प्रमुख | |
| २ | शान्ता आचार्य | उपप्रमुख | |
| ३ | रमेश कुमार आचार्य | वडा अध्यक्ष | १ |
| ४ | खिम बहादुर विष्ट | वडा अध्यक्ष | २ |
| ५ | प्रेम बहादुर हमाल | वडा अध्यक्ष | ३ |
| ६ | लक्ष्मी प्रकाश राजभण्डारी | वडा अध्यक्ष | ४ |
| ७ | लछुमन भण्डारी | वडा अध्यक्ष | ५ |
| ८ | कमानसिंह पुन मगर | वडा अध्यक्ष | ६ |
| ९ | नेत्र बहादुर के.सी. | वडा अध्यक्ष | ७ |
| १० | लिलाप सिंह के.सी. | वडा अध्यक्ष | ८ |
| ११ | नेहेर सिंह के. सी. | वडा अध्यक्ष | ९ |
| १२ | पदम गिरी | वडा अध्यक्ष | १० |
| १३ | नारायणी कुमारी थापा | महिला सदस्य | १ |
| १४ | भगवती खड्का | महिला सदस्य | २ |
| १५ | कल्पना घर्ती मगर | महिला सदस्य | ३ |
| १६ | कमला नेपाली | महिला सदस्य | ४ |
| १७ | लाली ठेडी गमर | महिला सदस्य | ५ |
| १८ | मधा भण्डारी | महिला सदस्य | ६ |
| १९ | जुना थापा | महिला सदस्य | ७ |
| २० | पवित्रा जि सी | महिला सदस्य | ८ |
| २१ | चित्रकली नगरकोटी | महिला सदस्य | ९ |
| २२ | रेशमा गिरी | महिला सदस्य | १० |
| २३ | सुन्तली सार्की | दलित महिला सदस्य | १ |
| २४ | राधा विश्वकर्मा | दलित महिला सदस्य | २ |
| २५ | भाइरती कामी | दलित महिला सदस्य | ३ |
| २६ | खिमा वि क | दलित महिला सदस्य | ४ |
| २७ | भावना दमै | दलित महिला सदस्य | ५ |
| २८ | शान्ता वि.क. | दलित महिला सदस्य | ६ |
| २९ | विन्दु परियार | दलित महिला सदस्य | ७ |
| ३० | चामी सार्की | दलित महिला सदस्य | ८ |
| ३१ | ओमी सार्की | दलित महिला सदस्य | ९ |
| ३२ | लक्ष्मी दमिनी | दलित महिला सदस्य | १० |
| ३३ | मान बहादुर थापा | सदस्य | १ |
| ३४ | नारायण धामी | सदस्य | १ |
| ३५ | नर बहादुर पोखेल | सदस्य | २ |
| ३६ | दुर्ग बहादुर धामी | सदस्य | २ |

| | | | |
|---|---|---|---|
| ३७ | छन्द बहादुर कुमाल | सदस्य | ३ |
| ३८ | बुद्धीराम गुरुङ | सदस्य | ३ |
| ३९ | रेशम बहादुर कार्की | सदस्य | ४ |
| ४० | भेष वहादुर राना मगर | सदस्य | ४ |
| ४१ | यम लाल पार्थे | सदस्य | ५ |
| ४२ | चित्र बहादुर घर्ति मगर | सदस्य | ५ |
| ४३ | पुनाराम गुरुङ | सदस्य | ६ |
| ४४ | इश्वर बहादुर पुन | सदस्य | ६ |
| ४५ | नगेन्द्र प्रसाद पौडेल | सदस्य | ७ |
| ४६ | वावु राम नेपाली | सदस्य | ७ |
| ४७ | सिवा के.सि. | सदस्य | ८ |
| ४८ | टेकु गिरी | सदस्य | ८ |
| ४९ | राजेन्द्र के सी | सदस्य | ९ |
| ५० | निम वहादुर घर्ती मगर | सदस्य | ९ |
| ५१ | पितम के.सी | सदस्य | १० |
| ५२ | गोविन्द थापा | सदस्य | १० |